# परिच्छेद एक

# शोधपत्रको परिचय

## १.१ शोध शीर्षक

प्रस्तावित शोधपत्रको शीर्षक "सेन्थेरेम, साउदी रियल, मृत्यु, साहित्यकार उपन्यासहरुको अध्ययन" रहेको छ ।

## १.२ शोधको प्रयोजन

प्रस्तावित शोधप्रस्ताव त्रिभुवन विश्वविद्यालयको मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत महेन्द्ररत्न बहुमुखी क्याम्पस इलाम नेपाली विभागको स्नातकोत्तर तहको दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषय परिचय

नेपालको मेची अञ्चल पाँचथर जिल्ला नाङ्गिन गा.वि.स. वडा नं. २ अर्थात हाल फिदिम न.पा. १२ मा जन्मेका रामप्रकाश समथिङ नेपाली साहित्यको कथा, कविता, उपन्यास, संस्मरण, निवन्ध, खोज अनुसन्धान मूलक कृतिहरु लेखि प्रकाशित गर्ने बहुमुखी प्रतिभा हुन् । मोफसलमा रहेर आफूलाई साहित्यकार एवम् खोज अनुसन्धान कर्ता र सामाजिक अभियन्ताको रुपमा स्थापित गरी सकेका समथिङले २०७४ वैशाखमा आफ्नो जन्मदिन पारेर २२ ओटा उपन्यासहरु प्रकाशित गरी जम्मा ४६ कृति प्रकाशित गरी सकेका छन् । नेपाली उपन्यासलाई विश्व साहित्यको सामु प्रस्तुत गर्न खोज्ने एउटा जुझारु प्रतिभाको रुपमा रहेका छन् । सामाजिक उपन्यासहरुमा आर्थिक, विकृति र विसङ्गति का विविध पक्षलाई समेटेर उपन्यासको रचना गरेका छन् । ती पक्षहरु मध्ये सेन्थेरेम, साउदी रियल, मृत्यु र साहित्यकार चार उपन्यासको सामाजिक पक्षको अध्ययनमा शीर्षकमा प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.४ समस्या कथन

रामप्रकाश समथिङका कथाको कृतिपरक अध्ययन, जीवनी व्यक्तित्व उपन्यासको तत्वगत आधार र कृतित्वको समेत अध्ययन गरी शोधकार्य भई सकेता पनि उनका उपन्यासहरुमा सामाजिक पक्षको अध्ययन भएको पाइदैन । त्यसैले उनका २२ उपन्यास मध्ये ४ प्रतिनिधि उपन्यास सेन्थेरेम, साउदी रियल, मृत्यु, साहित्यकार सामाजिक अध्ययन पक्ष सम्बन्धी निम्न लिखित समस्याहरुमा केन्द्रित रहेर यो शोधपत्र तयार गरिएको छ ।

क) रामप्रकाश समथिङको औपन्यासिक यात्रा के कस्तो छ ?

ख) सामाजिक पक्षमा उनका उपन्यासहरुको के कस्ता छन ?

ग) सामाजिक विषयवस्तुका आधारमा रामप्रकाश समथिङका उल्लेखित चार उपन्यासहरु के कस्ता छन ?

## १.५ शोधको उद्देश्य

मुख्यत शोधकार्यको क्रममा देखिएका प्रश्नहरुको उत्तर वा समाधान खोज्नु नै शोधकार्यको मुख्य उद्देश्य रहेकाले प्रस्तुत शोधकार्यको समस्या व्यवस्थित एवम् वैज्ञानिक ढंगले व्याख्या विश्लेषण र समाधान के कसरी गर्ने कुरामा केन्द्रित रहेर अध्ययन गर्न निम्न लिखित उद्देश्यहरु रहेका छन् ।

क) गुरुङ रामप्रकाश समथिङको औपन्यासिक यात्राको अध्ययन गर्नु ।

ख) सामाजिक पक्षका आधारमा रामप्रकाश समथिङको उपन्यासको विश्लेषण गर्नु ।

ग) सामाजिक विषयवस्तुका आधारमा रामप्रकाश समथिङका उल्लेखित चार उपन्यासहरुको मुल्याङ्कन गर्न ।

## १.६ पूर्वकार्यको समिक्षा

रामप्रकाश समथिङले १० वर्षदेखिमात्र आफ्नो औपचारिक शिक्षा प्रारम्भ गरी स्नातक तहसम्मको अध्ययन गरेका समथिङले नेपाली साहित्यमा उच्च स्तरका साहित्यिक कृतिहरु प्रकाशित गरेका छन् । उनका उपन्यासका बारेमा छुट्टाछुट्टै रुपमा विस्तृत र व्यवस्थित अनुसन्धान भने भएको पाइँदैन । उपन्यासहरुले सामाजिक पक्षको अध्ययनको विस्तृत विश्लेषण मुल्यान्कन पनि भएको देखिदैन । यसै क्रममा समथिङका कृतिका बारेमा भएका चिनारी, भूमिका र कृति विश्लेषणका केही पूर्वकार्यहरुको चर्चा यहाँ गरिएको छ ।

- रेनुकृष्ण अधिकारीले गुरुङ रामप्रकाश समथिङको जीवनी व्यक्तित्वको नेपाली विभाग धरानको अप्रकाशित स्नातकोत्तर शोधपत्र (२०६८) मा समथिङ नेपाली विषय साहित्यिक र खोज अनुसन्धानमूलक कृतिहरुको संक्षिप्त परिचय दिई उनका जीवनमा देखिएका कुराहरुलाई अध्ययन विश्लेषण गरेकी छिन भने समथिङको सामाजिक उपन्यासको बारेमा केही भनेकी छैनन् ।
- सम्झना संग्रौलाले "साहित्यकार रामप्रकाश समथिङका सामाजिक उपन्यासहरु साहसी आमा, बेसाहारा, जिथ्याको अध्ययन अप्रकाशित शोधपत्र २०७४ मा प्रकाशित ३ कृतिहरुको समग्र अध्ययन पश्चात साहित्यकार समथिङलाई समाजमा भएका विकृति र विसङ्गति सामाजिक कुसंस्कारलाई सुधारका चाहना राख्ने समग्र ३ कृतिहरु मै सामाजिक सुधार गरी साहित्यकारका रुपमा प्रस्तुत गरेका छन् । पूर्वेली भण्डारी एकराज विष्फोटन

चौमासिक साहित्यिक पत्रिका (१ वर्ष ०३ अंक ०६, २०६६/०६७) मा समथिङको "मेरो मात्र भनेको त उनको पनि बूढी त उस्तै पो रहेछ" भन्ने कविताको विश्लेषण गरेका छन् । यसमा उनको समथिङ सामाजिक विषयवस्तुलाई लिएर कथा लेख्ने कार्य अगाडि बढाईरहेका छन् भनिएको छ । उपन्यासको बारेमा केही बोलिएको छैन ।

- गौरी तमु तमु संसार त्रैमासिक पत्रिका (वर्ष १६ अंक ६१, २०७३/०७४) मा मोफसलमा चम्किरहेका गुरुङ रामप्रकाश समथिङ एकै पटक २२ उपन्यास विमोचन गराइ गिनिजबुकमा रेकर्ड राख्न प्रयासरत रहेका छन् भनिएको छ । र उपन्यासको विषयवस्तुको उल्लेख गरिएको छैन ।
- गौरी तमु (पोखरा) ले वर्ष ०९ अंक २१ मङ्लबार १८ माघ २) ७३ यु.के.बाट प्रकाशित एभरेष्ट टाइम्समा कृति लेखेर विश्व कृतिमान राख्ने अभियानमा समथिङ भनिएता पनि उनले कस्ता खाले र के क्षेत्रमा उपन्यास लेखेत भन्ने कुरा उल्लेख भएको छैन ।
- जङ्ग तामाङ्गले सोमबार ०९ गते फाल्गुण २०७३ थाहा खबर पत्रिकामा ४६ वर्षमा ४६ किताब प्रकाशन गिनिजबुकमा नाम लेखाउने लक्ष्य भनेका छन् । कस्ता कृति भनेर उल्लेख गरिएको छैन ।

यसरी विभिन्न विद्वान तथा पत्रपत्रिकामा उनका समालोचकहरुले परिचयात्मक रुपमा सामान्य जानकारी गराए तापनि उनका उपन्यासहरुको सामाजिक पक्षको विस्तृत विश्लेषण मूल्याङ्कन नभएको र सामान्य विषय उठान गरेता पनि कसैले यस्ता उपन्यास छन् भनेर उल्लेख गरेको देखिदैन । त्यसैले यस शोधकार्यमा समथिङका समग्र २२ उपन्यासमध्ये चार सामाजिक उपन्यासहरु सेन्थेरेम, मृत्यु, साउदी रियल, साहित्यकार सामाजिक पक्षमा अध्ययन गर्न उपर्युक्त देखिन्छ ।

## १.७ शोधपत्रको औचित्य, महत्व र उपयोगिता

समथिङका औपन्यासिक कृतिहरुका विषयमा सामान्य जानकारी गराएता पनि के कस्ता उपन्यास रहेका छन् । यिनीहरुले कस्तो विषयवस्तु बोकेको छ र के सन्दर्भ दिन खोजेको छ समाजको कस्तो चित्रण छ भन्ने विषयमा कसैले पनि अध्ययन नगरेकाले यसको शोधकार्य गर्नु औचित्यपूर्ण छ । यी उपन्यासमा अध्ययन विश्लेषण गरिसके पछि आउने पिढीलाई उनको र उपन्यासको बारेमा बस्तुगत रुवम् प्रमाणित जानकारी उपलब्ध हुनेछ । प्रस्तुत शोधपत्रको अध्ययनबाट उनका प्रतिनिधि उपन्यासको औपन्यासिक कृतिका बारेमा जान्न इच्छुक व्यक्ति संघसंस्थाहरुको लागि सैद्धान्तिक एवम् व्यवहारिक रुपमा तथ्य प्रस्तुत गरिने भएकाले अनुसन्धानका क्षेत्रमा यसको महत्व रहने छ । उनका उपन्यासमा कस्तो विषयवस्तु प्रस्तुत भएको छ, उनी कस्ता उपन्यासकार छन साथै सामाजिक पक्षको चित्रण कुन रुपमा प्रस्तुत भएको छ भन्ने कुरा समेत जानकारी हुनेछ । उनका उपन्यास सामाजिक पक्षमा अध्ययनको आधारमा के कस्ता छन् भन्ने कुरा पनि प्रष्ट हुनेछ । यसरी नै नेपाली साहित्यको उपन्यास लेखनको इतिहास मूल्याङ्कन गर्ने क्रममा यस शोधपत्रले समथिङलाई उपन्यासकारका रुपमा स्थापित गर्न सहयोग

पुऱ्याउने छ । साथै भावी दिनमा यस शोधपत्रले प्रतिनिधि उपन्यासका चिनारी गराउन पनि सहयोग पुऱ्याउने छ। उपयुक्त विविध दृष्टिकोणले प्रस्तुत शोधकार्य औचित्यपूर्ण र उपयोगी रहेको छ।

## १.८ सामग्री सङ्कलन विधि

सामग्री सङ्कलनका स्रोतहरुमा प्राथमिक र द्वितीय दुवै सामग्री संकलन गर्ने स्रोतको प्रयोग गरिएको छ।

क) प्रकाशित कृतिलाई प्राथमिक स्रोतको रुपमा लिइएको छ । मृत्यु, साउदी रियल, सेन्थेरेम र साहित्यकार ।

ख) पुस्तकालयीय विधि, अन्य व्यक्तिबाट उनकाबारेमा प्राप्त सूचना, विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख, अर्न्तक्रियालाई द्वितीय स्रोतका रुपमा लिइएको छ।

## १.९ शोध विधि

ऐतिहासिक, वर्णात्मक र तुलनात्मक विधिको आवश्यकता अनुसार प्रयोग गरिएको छ।

क) ऐतिहासिक विधि : विषयको कालक्रमिक अध्ययन गर्ने विधिलाई ऐतिहासिक विधि भनिन्छ।

ख) वर्णनात्मक विधि : वर्तमान समस्यासँग सम्बन्धित सामग्री सङ्कलन, वर्णन, व्याख्या, विश्लेषण, अध्यापन र मुल्याङ्कन गरिने विधिलाई वर्णनात्मक अनुसन्धान पद्धति भनिन्छ।

ग) तुलनात्मक विधि : दुई वा दुई भन्दा बढी पक्ष (व्यक्ति, कृति, प्रकृति, धारा, काल, विधा, विषय आदि) विशेषका बीचमा तुलना गरी समानता र भिन्नता केलाएर निष्कर्ष निकाल्ने विधिलाई तुलनात्मक विधि अनुसन्धान विधि भनिन्छ।

## १.१० अध्ययनको सीमाङ्कन

उपन्यासकार रामप्रकाश समथिङका चार उपन्यासहरु सेन्थेरेम (२०७४), मृत्यु (२०७४), साउदी रियल (२०७४), साहित्यकार (२०७४) मात्र केन्द्रित भई उपन्यासहरुको सामाजिक पक्षको अध्ययन गरिएको छ।

## १.११ शोधपत्रको रुपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सु–संगठित र व्यवस्थित रुपमा तयार पार्न निम्न लिखित परिच्छेदहरुमा वर्गीकरण गरी अध्ययन प्रस्तुत गरिएको छ।

क) पहिलो परिच्छेद – शोध परिचय

ख) दोस्रो परिच्छेद – उपन्यासको सैद्धान्तिक पक्षको अध्ययन

ग) तेस्रो परिच्छेद – रामप्रकाश समथिङको संक्षिप्त औपन्यासिक परिचय

घ) चौथो परिच्छेद – रामप्रकाश समथिङका चार उपन्यासहरुको अध्ययन र मुल्याङ्कन ।

ङ) पाँचौ परिच्छेद – उपसंहार एवं निष्कर्ष

सन्दर्भग्रन्थ सूची

□□□

# परिच्छेद दुई

# उपन्यासको सैद्धान्तिक पक्षको अध्ययन

## २.१ उपन्यासको संक्षिप्त परिचय

"उप" उपसर्गवाची पद पूर्वमा हुने "न्यास" शव्दको संयोजनबाट निर्मित उपन्यास शब्दले समीपनमा विन्यास गरिने भन्ने अर्थ व्यक्त गर्दछ । उपन्यासले हाम्रो जीवनको सामिप्यता मात्र होइन, हामी मध्येका जीवनलाई हामीमध्यमै प्रस्तुत गरिदिन्छ । उप Γ निΓअस्Γअ अर्थात बोध गराउने अस् धातुमा 'नि' र 'उप' दुई ओटा उपसर्ग मिलेर निर्मित भएको "उपन्यास" शब्द नेपाली साहित्यको ललित गद्यकाव्यको आख्यानात्मक प्रविधिलाई समेत गर्नमा प्रवृत छ । आख्यान तत्व प्रवल भएको र जीवनका सत्यबिम्बलाई ग्रहणीय, मननीय र अनुकरणीय बनाएर प्रस्तुत गरिने रचना विधालाई उपन्यास नामाकरण गरियो (सुवेदी, दो.सं. २०६४) ।

साहित्यलाई समाजको दर्पण मान्ने हो भने त्यो कुरा उपन्यासले जति पूर्णता र समग्रताका साथ प्रमाणित गर्दछ, अरु कुनै साहित्यिक विधाले गर्दैनन् । महाकाव्य र नाटक उपन्यासको समकक्ष हुन्छन् तर ती बैधानिक बन्धनमा कसिएका हुन्छन उपन्यासलाई अभिव्यक्तिको पूर्ण स्वतन्त्रता हुन्छ । फलस्वरुप समाजको वास्तविक स्वरुप र चरित्रलाई पट्यार लाग्दो किसिमले कुनै अति रञ्जना विना स्वाभाविक रुपमा चित्रण गर्नु यस विधाको धर्म हो । यो कुरा विश्वका उत्तम कोटिका सफल उपन्यासकारले प्रमाणित गरेका छन् । उपन्यासको अर्को विशेषता के छ भने नाटकीय गुण र ठाउँमा वर्णन गरिने प्राकृतिक दृश्य भावुकतापूर्ण रागात्मक अभिव्यक्तिले गर्दा यसले एक्लै नाटक र महाकाव्य दुवै विधाको आनन्द प्रदान गर्दछ । त्यसैले मोरियन क्राफोर्डको उपन्यासलाई पाकेट थिएटर भनेका छन (उपाध्याय, २०६७ : १२९) ।

"उपन्यास" तत्सम शब्द हो । यसको निर्माण 'अस' धातुमा 'उप' Γ 'नि' उपसर्ग र 'धञ'(अ) प्रत्यय लागेर भएको छ । उप Γ नि Γ अस् Γ धञ(अ) उपन्यास हुन्छ । 'अस' धातुको अतए हुन्छ 'राख्नु' । उपन्यास शब्द अर्थ हुन्छ 'नजिक राख्नु' । यसो भएतापनि संस्कृत साहित्यमा उपन्यास शब्दको अर्थ यतिमै सिमित भने छैन । यसको प्रयोजनपरक अर्थ हुन्छ । अर्थको युक्तिपूर्ण प्रस्तुतिकरण पताका स्थानको चतुर्थ भेद, 'प्रतिमुख सन्धिको एउटा भेद', 'स्थापना', 'ज्ञापन', 'प्रसन्न गराउनु' आदि रहेको पाइन्छ । उपन्यास शब्दको प्रयोग 'आख्यान' वा 'आख्यायिका'का रुपमा पनि भएको भेटिन्छ । तर आज उपन्यास भनेर जुन स्वरुप र संरचनाको रचना भन्ने बुझिन्छ त्यो संस्कृत साहित्यको क्षेत्रमा प्रचलित उपन्यास शब्दले बहन गर्न सकेको देखिदैन । शब्द पुरानो भएपनि यसले अचेल पुरानो अर्थ छोडेर अंग्रेजी भाषा साहित्यमा प्रचलित "Novel" शब्दको अर्थ बहन गरेको छ । नेपाली भाषामा प्रचलित उपन्यास शब्द पनि अंग्रेजी भाषा साहित्यको "Novel" शब्दको समानार्थीका रुपमा प्रयोग हुँदै

आइरहेको पाइन्छ । 'उपन्यास' संस्कृतबाट आएको तत्सम शब्द हो । यो शब्द 'अस' धातुमा 'उप' र 'नि' उपसर्ग तथा 'धञ'(अ) प्रत्यय लागेर बनेको छ । व्युत्पत्ति अनुसार 'उपन्यास' शब्दबाट 'नजिक राख्नु' भन्ने अर्थ बोध हुन्छ भने यसलाई हिजो आज अंग्रेजी शब्द "Novel" ले दिने अर्थ दिन थालेको छ । यसले आजको सन्दर्भमा 'उपन्यास' शब्द अंग्रेजी "Novel" को नेपाली रुपान्तरण हो (बराल, एटम, २०५५ : १) ।

## २.२ उपन्यासको व्युत्पत्ति

जीवनको इतिवृतलाई संवहन गर्ने क्रममा पश्चिमी साहित्यको इतिहासलाई स्मरण गर्नुपर्ने हुन्छ । अंग्रेजी साहित्यमा आज प्रचलित नोबेल शब्द ल्याटिन भाषाको नोवोस अर्थात नोवलसबाट विकसित भएको मानिन्छ । यसै ल्याटिन भाषाबाट विकसित हुँदै फ्रान्समा पुगेको नोवेल्ला शब्द उपन्यासका अर्थमा प्रयोग हुन पुगेको छ । आज नोवेल शब्दको प्राविधिक अर्थ उपन्यास बनेको छ । समाचारपत्रलाई संकेत गर्न नोवेला शब्द प्रयोग हुन्थ्यो । आज उपन्यास शब्दले गद्यात्मक आख्यानको जीवन सापेक्ष प्रस्तुति हो । नोवेल शब्दको आधुनिक उत्पति हो भन्ने कुरा बोध गराउँछ (सुवेदी, २०६४ :४–५) ।

अंग्रेजी उपन्यास साहित्यका आधिकारिक अध्येता आर्यनबाटको पुस्तक उपन्यासको उदय प्रकाशनमा आए पनि यसले आधुनिक उपन्यास उदयलाई मात्र आधार मानेको देखिन्छ । पूर्वीय साहित्यको इतिहासलाई अध्ययन गर्दै जाने हो भने उपन्यासको आधुनिक स्वरुप आधुनिक आर्य भाषामा साहित्य सृर्जना हुन थालेपछि मात्र विकास हुन थालेको देखिन्छ । नेपाली भाषामा प्रचलित 'उपन्यास' शब्द तत्सम शब्द हो । संस्कृत साहित्यमा 'उपन्यास' शब्दको प्रयोजनपरक अर्थ यसरी गरिएको छ । "व्युत्पत्ति कृतो हि, अर्थ उपन्यास सङ्कीर्तित अर्थात कुशलता पूर्वक विशेष अर्थ प्रकट गर्ने प्रकृया विशेष नै उपन्यास हो (संग्रौला, २०७४ : २९) ।

### २.२.१ उपन्यासको परिभाषा

साहित्यका विधाहरु मध्ये उपन्यास एउटा विधा हो । उपन्यास शब्द नेपाली भाषाको मातृभाषा संस्कृतबाट ग्रहण गरेर पनि खासगरी यो विधा पाश्चात्य साहित्यको देन । त्यसैले आधुनिक विश्व साहित्यमा महत्वपूर्ण स्थान ओगटेको छ । यसमा रहेका वर्तमान समाजलाई नजिकबाट हेर्ने, विश्लेषण गर्ने र समाजको सर्वाङ्गीय चित्र अङ्कित गर्ने वैशिष्ट्यले गर्दा नै उपन्यास वर्तमानको लोकप्रिय साहित्य विधाका रुपमा आफ्नो स्थान सुरक्षित गर्न सफल भएको देखिन्छ । प्राचीन समयमा उपन्यासले कथा, कहानी, खिस्सा टिप्पणीमूलक समाचार जे–जस्ता अर्थ बहन गरेपनि आधुनिक साहित्यमा यसको छुट्टै अर्थ र महत्व रहेको छ । अठारौं शताब्दीका आधुनिक उपन्यासको प्रारम्भिक उपकरण देखि निर्मित जीवनको प्रतिनिधित्व गर्ने गद्य साहित्यिक रचना विशेषका रुपमा उपन्यास

परिचित हुन थालेको छ । उपन्यास लचिलो विधा भएकोले हालसम्म यसको विसम्मत परिभाषा कसैले गर्न सकेको छैन। यसले जीवन नाप्ने, मूल्य खोज्ने, समाज चिन्ने र त्यसलाई बदल्ने, मोड्ने पनि गर्दछ । केही उपन्यासहरुले त बैज्ञानिक र दार्शनिक सत्य भन्दा परको मानवीय तथ्यलाई पनि टिप्ने प्रयास गर्दछन् । उपन्यास विधालाई विद्वानहरुले विभिन्न तरिकाले परिभाषित गरेका छन् । यहाँ केही पूर्वीय र पाश्चात्य विद्वानहरुको परिभाषा निम्न लिखित रुपमा प्रस्तुत गरिन्छ ।

दयाराम श्रेष्ठ सम्भवका अनुसार "बहुविधागत संरचनात्मकद्वारा रहेका अङ्ग परस्परमा श्रृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको व्यापक परिधि भरीको समय र स्थानभित्र विस्तारित भएको कला सौन्दर्ययुक्त कलात्मक गद्यलाई उपन्यास भनिन्छ" (बराल र एटम्, २०६६ : ७) ।

"पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएका आख्यात्मक रचनालई उपन्यास भनिन्छ । मानव जीवनसँग सुसम्बद्ध भएर आउने पक्षलाई जतिसम्म समेट्न सकिन्छ, त्यतिसम्मको अनुवीक्षण गराउने रचनालाई उपन्यास भनिन्छ" (सुवेदी, २०६४ : १०) ।

कृष्णचन्द्रसिंह प्रधानको परिभाषा अनुसार "उपन्यास मानव जीवनकै सम्पूर्णताको अभिव्यक्ति हो" (बराल र एटम्, २०६६ : ७) ।

इन्द्रबहादुर राईका अनुसार "उपन्यास जीवन जगतप्रति नै एक विहङ्गम दृष्टि हो जसलाई बुझ्ने, केलाउने र चित्रण गर्ने अत्यन्त यथार्थिक हुन्छ । यथातथ्यको उद्घाट्न मात्र नभएको यो एक सम्पूर्ण मनुष्यको संसार हो" (सुवेदी, २०६४ : १२) ।

गोपाल रायको परिभाषा अनुसार "उपन्यासले कल्पनाका आधारमा खडा गरिदिन्छ कहिलेकाही त उपन्यासमा व्यक्ति सवल भ्रम प्राप्त गर्न पुग्दछौ" (सुवेदी, २०६४ : ११) ।

वारेनका अनुसार "उपन्यास कथानात्मक वर्णन हो जसमा कथानक हुन्छ"(उपाध्याय, २०६७ : १३०) ।

वेबस्टनका अनुसार "उपन्यास एक कल्पित विशाल कार्य तथा गद्य मय आख्यान हो जसमा एउटै कथानक अन्तर्गत यथार्थ जीवनको प्रतिनिधित्व गर्ने पात्रहरु एवम् तिनको क्रियाकलापको वर्णन रहन्छ"(उपाध्याय, २०६७ : १३२) ।

फिल्डिङका अनुसार "उपन्यास गद्यमा लेखिएको सुखान्त महाकाव्य हो" (उपाध्याय, २०६७ : १३२) ।

प्रेमचन्दको परिभाषा अनुसार "म उपन्यासलाई मानव चरित्रको चित्रण मात्र सम्झन्छु । मानव चरित्रमाथि प्रकाश पार्न अनि त्यसको रहस्यलाई लेख्नु नै उपन्यासको मूल उद्देश्य हो" (उपाध्याय, २०६७ : १३२) ।

क्याम्ब्रिज इन्साक्लोपिडियाको परिभाषा अनुसार “बृहत्त र बृहत्तर आख्यानात्मक रचनाको प्रस्तुति उपन्यास हो” (सुवेदी, २०६४ : ११) ।

न्यू इङ्लिस डिक्सनेरीको परिभाषा अनुसार “उपन्यास बृहत्त आकार भएको गद्याख्यान अथवा बृतान्त हो जस अन्तर्गत वास्तविक जीवनको प्रतिनिधित्व गर्ने पात्र, चरित्र र कार्यको कथानकका आधारमा चित्रण गरिएको हुन्छ । (सुवेदी, २०६४ : ११) ।

क्लारारिष्सको परिभाषा अनुसार “उपन्यास भनेको वास्तविक जीवन, चालचलन र आफ्नो समयको तस्विर हो” (सुवेदी, २०६७: १३२) ।

वासुदेव त्रिपाठीको परिभाषा अनुसार कुनै शाश्वत मानवीय मर्मको अविस्मरणीय कलात्मकताले नै उपन्यासलाई महान बनाउँदछ” (बराल, २०५६ : ८) ।

बालचन्द्र शर्माको परिभाषा अनुसार “उपन्यास धेरै अध्याय वा खण्डमा लेखिएको लामो साहित्यिक कथा हो” (उपाध्याय, २०६७ : १३२) ।

माथि उल्लेखित विभिन्न विद्वानहरुले दिएको परिभाषामा एकरुपता पाइदैन तर पनि यी परिभाषाहरुले उपन्यासलाई चिनाउन भने धेरै मद्दत गरेका छन् । उपन्यास विधा समय सापेक्ष रुपमा परिवर्तित र विकसित भइरहेकोले विद्वानहरु परिभाषाले यसका सम्पूर्ण पक्षलाई समेट्न सकेको देखिदैनन् । कुनै पनि विद्वानका परिभाषाहरु पूर्ण निर्विवाद बन्न सकेको छैन् । तर सबै विद्वानका परिभाषालाई मिलाएर पहिचान गराउन भने सकिन्छ । उपन्यास गद्य भाषामा लेखिएको काल्पनिक पात्रहरुको कार्य व्यापारद्वारा कथावस्तुलाई व्यवस्थित र श्रृङ्खलित रुपमा प्रस्तुत गरिएको ठुलो आयाममा विस्तृत आख्यान समेटिएको उपन्यास एक कल्पित विशाल कार्य तथा गद्यमय आख्यान हो, जसमा एउटै कथानक अन्तर्गत यथार्थ जीवनको प्रतिनिधित्व गर्ने पात्रहरु एवम् तिनको क्रियाकलापको वर्णन रहन्छ भन्ने निष्कर्ष विद्वानहरुले प्रस्तुत गरेका उल्लेखित परिभाषाहरुका आधारमा निकाल्न सकिन्छ ।

## २.२.२ उपन्यासको स्वरुप

उपन्यासले जीवन र जगत्को केही महत्वपूर्ण अर्थहरुलाई छोएको हुन्छ भन्ने यस्ता मर्महरुमा नै सिर्जनाको आस्था र इज्जत सुरक्षित पनि रहेको हुन्छ । केवल एकछिनको रमाइलो अवस्थामा मात्र होइन, घटना र जीवनका सूक्ष्म तत्वहरुको संयोजनमा नै उपन्यासको सम्पूर्ण स्वरुप अडेको हुन्छ । स्रष्टाको अनुभूतिको अजस स्रोत कथ्यमा प्रस्तुतिकरणका अनेकौं सम्भावनाहरु किसिमको छ । खास गरेर दोस्रो विश्वयुद्ध पछि उपन्यास नयाँ उपन्यास हुँदै “पराख्यान” वा “पराउपन्यासको रुपमा चर्चाको विषय बन्न पुगेको छ । सन् पचासको दशकतिरै कतिपयले उपन्यासको भविष्यबारे प्रश्न उठाएका हुन् (बराल, २०५६ : १) । जसले उपन्यासको स्वरुप निर्धारण गर्छन् । यस्ता केही पक्षहरुको परिचय तल प्रस्तुत गरिएको छ ।

### २.२.३ उपन्यासमा सत्य तथ्य र इतिहासको प्रस्तुति हुन्छ

तथ्यले सत्यले वा यथार्थलाई संकेत गर्दछ तर तथ्यमा फरक पनि छ । तथ्य एउटै हुन्छ तर सत्य भने दृष्टि अनुसार फर हुन सक्छ तथ्य प्रमाणमा र सत्य विश्वासमा अडेको हुन्छ । इतिहासले घटिसकेका घटनाको प्रस्तुति गर्दछ । घटेका भनेर विश्वास गर्ने घटनाको श्रृङ्खलित रुप नै इतिहासमा अङ्कन गरिएको हुन्छ । उपन्यास भनेको बनाएको कुरा हो । समयको गर्भमा घट्ने घटनाहरुको आयु अत्यन्त छोटो हुन्छ किनभने ती छिट्टै विनष्ट हुन्छन् तर बनाएको कुराहरु नविगारिएसम्म रहिरन्छन् । तथ्यको समाप्ति पछि पनि सत्य बाँचिरहन्छ, जसलाई दीर्घजीवी बनाउने र आफूमा सर्वरण गर्ने कार्य उपन्यासले गर्दछ । जस्तो सेतो बाघमा डामन शमशेरले जङ्गबहादुरको यथार्थ सुरक्षित राखेका छन् । वसन्तीमा कोतपर्वको माधवीमा उत्तर वैदिक कालको यथार्थ छ भने ध्रुवचन्द्र गौतमको कापीमा पञ्चायती शासनको क्रुरता, भय र अन्धकारको नमुना जीवित छ (बराल र एटम, २०६६ : ८) ।

### २.२.४ उपन्यासमा विविधता हुनु

उपन्यास निवन्धित गति उन्मुख, प्रवाह, स्वच्छन्द र विस्तारमय चरित्रको सङ्गठन हो । यसको आकारमा प्रशस्त विविधता पाइन्छ । उपन्यासको स्वरुप निर्धारण गर्न कठिनाई परेको मात्र होइन, मतभेदको विषय पनि भयो । यी विविधताका कारण उपन्यासको कोमलतम् स्वरुप नै हो तर निर्धारित नियममा नबाँधिनुको अर्थ उपन्यास नियम रहति हुन्छ भन्ने होइन । स्वरुपहिनता नै यसको स्वरुप हो । जसको तर्क व्यवहारिक होइन । कुनै पनि बृहत जीवनको रहस्योद्घाटनमा समग्र तया तल्लिन चित्रले जीवनको समग्रतालाई नै समाहित गरेको पाइन्छ । भिन्न भिन्न तत्वहरुको छुट्टाछुट्टै अस्तित्व र भूमिका रहे पनि एउटा यस्तो संयोजन वा अन्वय तिनीहरु अन्तर्निहित भएका हुन्छन् जसको सम्पूर्णता उपन्यासको आकार धारणा गर्दछ । यसरी कलाले कुनै नयाँ रुप लिनासाथ उपन्यासको आयाम बढ्ने मात्र होइन, यो एक किसिमको विधिमै प्रेषित हुन्छ । नयाँ परिप्रेक्ष र परिभाषा पाउनासाथ कला अर्के सिपमा सिंगारिएर प्रस्तुत हुन्छ । दुवै प्रयोग र प्रयोजन विविधतामा उपन्यासले धारण गर्ने स्वरुपको सम्भावित ढोका सधैं उघ्रेको हुन्छ । तिनीहरुलाई कुनै निश्चित शैलीद्वारा श्रृङ्खलाबद्ध गरी कुनै एउटा रुपमा ढालेर समग्रतामा चित्रण गर्नु नै उपन्यासको स्वरुप हो भनिन्छ ।

### २.२.५ उपन्यासमा समाजको प्रस्तुतिकरण हुन्छ

उपन्यास बृहत संसार अटाउने गद्य साहित्यिक विधा हो । यसले जीवनको कतिपय यथार्थलाई टिपेर तिनको सूक्ष्म निरीक्षण र विश्लेषण गर्दछ । मानवको प्रवल बैयक्तिक इच्छा आकाङ्क्षाहरु एकातिर हुन्छन् भने अर्कातिर राम्रा नराम्रा सामाजिक रीतिरिवाजका चुडाल्न नसक्ने बन्धन पनि रहेकै हुन्छन् । उपन्यासले समाजलाई के कति चित्रित गर्न सक्छ भने कुराचाँहि उपन्यासकारको रुचि र क्षमतामा निर्भर रहन्छ । मुख्य कथानकका साथै सहायक कथानक पनि धेरै आई उपन्यासको आकार बृहत भएमा समाजका विविध पक्षहरुको चित्रण हुने गर्दछ । उदाहरणका लागि बसाँइमा प्रयुक्त

धनबहादुरको कथानकले समाजका शोषित वर्गको पीडालाई उद्घाटन गरेको छ, भने मोटे कार्कीको कथाले आदर्श पक्ष तथा रिकुटेको कथाले स्वार्थी एवं धोकेबाज व्यक्तिको चरित्रलाई उद्घाटन गरेको छ (बराल र एटम, २०६६ : १२) ।

## २.२.६ उपन्यासमा जीवनको प्रक्षेपण हुन्छ

उपन्यासको मुख्य विषय हो जीवन । उपन्यासले जीवन मार्फत अतीतलाई वर्तमानमा ल्याउँछ र अतीतलाई भविष्यसम्म पनि धकेल्छ । व्यक्तिगत कुण्ठा र सङ्किणता अनि व्यापकता र सार्वजनिक बृतिसम्मका पनि पुऱ्याउँछ । उपन्यास मानवीय वृतिको सिमिततादेखि व्यापकसम्म र सङ्कीणदेखि उदारसम्मको व्यापकतालाई उद्घाटन गर्ने रचना विशेष हो । मान्छेका अन्तस्तललाई मात्र उदाङ्गो पार्ने उद्देश्यले पनि उपन्यास तयार हुन्छ । उपन्यासले जीवनको सार्वकालिनता र समाजको सर्वशीयतालाई आफ्नै अघितिर आयात गर्दछ । त्यस्तै उपन्यासले मानववृति र परिवेश एवम् चरित्र समेत समिकृत भएको जीवन प्रस्तुत गर्दछ (सुवेदी, २०६४ : १५) ।

## २.२.७ उपन्यास गद्यमा लेखिने आख्यानात्मक साहित्यिक विधा हो

आख्यानको अर्थ बनाएको कथा भने हुन्छ । द्वन्द्व वा लयको औपचारिक बन्धन नभएको भाषाको रुपलाई गद्य भनिन्छ । उपन्यास यथार्थसँग प्रत्यक्ष सम्बन्ध राख्ने साहित्यिक विधा हो । जीवनको विविधता र यससँग सम्बनीधत विषयवस्तुलाई प्रस्तुत गर्ने भएकाले उपन्यासको भाषा पनि स्वभाविक तथा यथार्थसम्वत हुनु अनिवार्य देखिन्छ । संसारका मानिसले विचारको आदान प्रदान गद्यमा नै गर्दछन् । यसले गर्दा उपन्यास पनि गद्यमा नै लेखिन्छ । हुन पनि आख्यानको लेखन संसार भरी गद्यमा नै हुने गर्दछ । आख्यानको अर्थ बनाइएको कथा भन्ने हुन्छ । अंग्रेजी साहित्यमा अहिले पनि कथा उपन्यासलाई आख्यान अन्तर्गत राखेर हेरिनाले उपन्यास आख्यान हो भन्ने स्पष्ट हुन्छ । कथ्यको भावपूर्ण प्रस्तुतिका साथै भाषाको विशिष्ट प्रयोग पनि साहित्यको विशेषता हो (बराल र एटम्, २०६६ : १८) ।

## २.२.८ उपन्यासमा आफ्नै समाजशास्त्र हुन्छ

साहित्य समाजको अनुकरण मात्र नभई पुनः सिर्जना पनि हो भन्ने एरिस्टोटलका भनाई उपन्यासको आफ्नै समाजशास्त्र हुन्छ भन्ने सन्दर्भमा निकै महत्वपूर्ण अनुभव हुन्छ । वर्तमान समाजको वर्णनमा केन्द्रित आधुनिक सामाजिक उपन्यास, सबैमा समाजमा घटेका घटना मात्र वार्णित हुन्छ भन्ने जरुरी छैन । उपन्यासकारहरुले आफ्नो प्रतिभाका बलले केही नवीनताको सिर्जना पनि गरिरहेको हुन्छ । समय चेतनाको स्वरुपको निर्माण हुन्छ, त्यो नै उपन्यासको समाजको आधार हो । त्यसैले उपन्यासमा समाजको प्रस्तुतिकरण मात्र हुदैन, यसको पनि आफ्नै समाजशास्त्र पनि हुन्छ । उपन्यास सामाजिक, आर्थिक, राजनितिक आदिका विषयवस्तुकै सेरोफेरोमा घुमेर मानिसका विभिन्न आन्तरिक तथा बाहृय जीवनको चित्रण गर्ने माध्यम हो (बराल र एटम, २०६६ : १८) ।

## २.३. उपन्यासको वर्गीकरण

उपन्यासको वर्गीकरण विभिन्न आधारमा गरिएको पाइन्छ । उपन्यास साहित्यको कान्छो विधा भएर पनि उपन्यासले छोटो समयमै अत्याधिक लोकप्रियता हासिल गरेको छ । समष्टि रुपमा उपन्यासको वर्गीकरण मुख्य प्रवाहका उपन्यास र सस्ती भनी वर्गीकरण गरेको पाइन्छ । मुख्य प्रवाहका उपन्यास भन्नाले सामान्य मनोरञ्जन पूर्तिका लागि लेखिएका र कलात्मकताका हिसाबले कुनै खास मूल्य नभएका उपन्यासलाई बुझ्नुपर्छ । सस्ता उपन्यासमा लहरी प्रेम र यौनको अतिरञ्जनात्मक चित्रण गरिएको हुन्छ । साधारणतया विषयवस्तु, कथानक, शैली, धारागत आधारमा उपन्यासलाई चार भागमा वर्गीकरण गरिएको छ । यिनीहरुलाई तल प्रस्तुत गरिएको छ ।

### २.३.१ विषयवस्तुका आधारमा उपन्यासको वर्गीकरण

#### क) ऐतिहासिक उपन्यास

इतिहाससँग सम्बद्ध घटना र पात्रहरुको छनौट गरी विगतमा घटेका महत्वपूर्ण घटनाको बारेमा जानकारी दिन तथा त्यस समयका शासक, प्रशासकहरुका चारित्रिक सबलता तथा दुर्वलताको विवेचना तथा विश्लेषण गर्ने कार्य हुन्छ (भण्डारी र अन्य, २०७१ : १७१) । नेपालीमा डायमन शमशेर राणाको बसन्ती, सेतो बाघ, सत्प्रयास आदि श्री कृष्ण श्रेष्ठको जङ्गबहादुर र भीमसेन थापा आदि तथा एस पी आशाको महासामन्त ऐतिहासिक उपन्यासका राम्रा उदाहरण हुन् ।

#### ख) सामाजिक उपन्यास

समाजमा रहेका विविध समस्यालाई उद्घाटन गर्ने उद्देश्यले लेखिएका उपन्यासलाई नै सामाजिक उपन्यास भनिन्छ । नेपालीमा अधिकाशं उपन्यासहरु जस्तै रुद्रराज पाण्डेको रुपमती रुपनारायण सिहंको भ्रम र लैनसिहँ वाङ्देनको मुलुकबाहिर, लीलबहादुर क्षेत्रीको बसाँई लीलाध्वज थापाको मन आदि सामाजिक उपन्यास हुन् (बराल र एटम, २०६६ : ५०) ।

समाजको विविध पक्षहरु र समस्याहरुलाई प्रस्तुत गरिएका सामाजिक उपन्यासमा समाज सुधार वा समस्या विशेषको समाधानका लागि पहल गर्नु यसको उद्देश्य हुन्छ (उपाध्याय, २०६७ : १५६) ।

#### ग) साहसिक उपन्यास

यस्ता उपन्यासहरुमा पात्रले मानवचरित्रका अति मानवीय नियति सामना गर्नुपर्ने जस्ता अवस्था साहसिक अभियानमूलक घटनाहरु उपन्यासमा प्रस्तुत भएका हुन्छन् (सुवेदी, २०६४ : २०) । यसमा लेखकीय कल्पना शक्तिको भूमिका निकै महत्वपूर्ण हुन्छ । नेपालीमा गिरिशबल्लभ जोशीको वीर चरित्र सदाशिव शर्माको मेहन्द्रप्रभा आदि यस्ता उपन्यास हुन् (बराल र एट्म, २०६६ : ४८) ।

**घ) मनोवैज्ञानिक उपन्यास**

अमूर्त तत्वहरुको अध्ययन र विश्लेषण गर्दै मूर्त वस्तु र कार्यान्मक रुप उद्घाटन गरी लेखिने उपन्यास नै मनोवैज्ञानिक उपन्यास हुन (सुवेदी, २०६४ : २४५) ।

फ्रायड भन्दा अगाडि पनि मनोवैज्ञानिक उपन्यास लेखिएका थिए तर आज प्रायड, एडलर र जुङ्गका सिद्धान्तले साहित्यलाई अत्याधिक प्रभावित गरेका छन् (बराल र एट्म २०६६ : ५०) र नेपालीका गोविन्द गोठालेको पल्लो घरको झ्याल र अर्पणा विजय मल्लको अनुराधा, विश्वेश्वर प्रसाद कोइरालाको नरेन्द्रदाई आदि यसका उदाहरण हुन् (भण्डारी र अन्य २०७१ : १७२) ।

**ङ) सांस्कृतिक उपन्यास**

कुनै समयको संस्कृति देखाउने उद्देश्यले लेखिएका उपन्यासलाई सांस्कृतिक उपन्यास भनिन्छ । यस्ता उपन्यासमा संस्कार परम्परा, रीतिरिवाज, रहनसहन आदिको विस्तृत व्याख्या गरिएको हुन्छ । पौराणिक, ऐतिहासिक वा आधुनिक समयको संस्कार चित्रणमा बढी जोड दिएको हुन्छ । मदनमणि दीक्षितको माधवी उत्तरवैदिक समाजको संस्कारको बृहत् चित्रण गर्ने राम्रो साँस्कृति उपन्यास हो । तारानाथ शर्माको नेपालदेखि अमेरिकासम्म र झझल्को पनि सांस्कृतिक उपन्यास हुन् । दौलतविक्रम विष्टको ज्योति ज्योति महाज्योति उपन्यासले शैव आराधना गर्नेहरुको र पशुपति वरिपरिको संस्कार चित्रणमा रुची देखाएको छ तर यो पूर्ण साँस्कृतिक उपन्यास भने होइन (बराल र एटम्, २०६६ : ४९) ।

**च) आञ्चालिक उपन्यास**

स्थानीय रङ्ग विवरणलाई महत्व दिदै उक्त स्थानको वरिपरि रहेर लेखिएको उपन्यास आञ्चालिक उपन्यास हुन्छ (बराल र एटम, २०५५ : ९) । यस्ता उपन्यासमा स्थानीय संस्कृति, परम्परा, भू बनोट, स्थानीय संस्कार, लवज आदिलाई विषयवस्तु बनाई स्थानीय स्तरको विशेषता झल्काउनु मुख्य उद्देश्य रहन्छ । शङ्कर कोइरालाको खैरिनीघाट अनि हिरण्य भोजपुरेको छिटेन, विनोदप्रसाद धितालको उज्यालो हुनु अघि, तारानाथ शर्माको ओझेल पर्दा, आञ्चलिक तर्फ उन्मुख उपन्यासका उदाहरण हुन् । (बराल र एटम्, २०६६ : ५१) ।

**छ) राजनीतिक उपन्यास**

राजनीतिक उपन्यासको विषयवस्तु सामाजिक, राजनीतिक र त्यसबाट उत्पन्न स्थिति हुन्छ । कुनै निश्चित राजनीतिक चरित्र, घटना, आन्दोलन, द्वन्द्व, घात प्रतिघात आदि विषयवस्तुको प्रस्तुति यस्तो उपन्यासमा हुन्छ (बराल र एटम, २०६६ : ५०) । विभिन्न सिद्धान्तको वादविवाद र लेखकलाई मनपर्ने अमुकवादको स्थापना पनि यस्तो उपन्यासमा हुन्छ । पहिलो थरीमा कलात्मक चित्रणको आशा गर्न सकिन्छ, दोस्रो थरीमा राजनितिक शास्त्रार्थको अपेक्षा हुन्छ (उपाध्याय २०६७

: १५६) । खड्गबहादुर सिंहको विद्रोह–भाग १ र २, लीलाध्वज थापाको शान्ति र पञ्चायत आदि राजनीतिक उपन्यास हुन् ।

**ज) वैचारिक उपन्यास**

कुनै गम्भरी दर्शन वा विचारधारा साहित्यलाई अत्याधिक प्रभाव पारेपछि यस्तो उपन्यास सिर्जना हुन थालेका हुन् । नेपालीमा हृदयचन्द्रसिंह प्रधानको एक चिहान, डि.पी. अधिकारीको आशमाया, पारिजातको शिरीषको फूल, सरुभक्तको पागलबस्ती आदि बैचारिक उपन्यास हुन् (बराल र एटम, २०६६ : ५१) ।

**झ) जासुसी उपन्यास**

जासुसी उपन्यास सम्बन्धी चोरी, डकैती, हत्या, हिंसा आदिलाई विषयवस्तु बनाई लेखिने उपन्यास नै जासुसी उपन्यास हुन् (बराल र एटम, २०५५ : १०) । जासुसी उपन्यासको सारवस्तुका रुपमा अपराधको अनुसन्धान र दोषीको चिनारी आएको हुन्छ । अपराध र अपराधीका बारेमा तथा तिनका अनुसन्धानको स्वरुपको बारेमा मान्छे अत्यन्त रुची राख्दछ र त्यही रुचीले नै रोमाञ्चक कार्यप्रति दृष्टि राख्दछ । यसमा जीवनको निश्चित निश्चित दृष्टिकोण नरहने हुँदा यसलाई गम्भरी साहित्य कोटीमा राखिदैन । उपन्यासकारले आफ्नो रहस्यमय कल्पना र स्वैकल्पनाको जोडाइबाट यथार्थको सिर्जना रोमाञ्चक उपन्यासको सिर्जना गर्दछ । दीर्घ बाहुको डा. डेमोन र मेजरको सर्प अनि एस.पी आशाको नक्कली औंठी आदि जासुसी उपन्यास हुन् (बराल र एटम्, २०६६ : ५२) ।

**ञ) विज्ञान उपन्यास**

दैनिक जीवनको संसारभन्दा विज्ञान र प्रविधिको संलग्नताका कारण भिन्न भएको संसारको परिवेशमा रचित उपन्यासलाई विज्ञान उपन्यास भनिन्छ । विज्ञानका अनेक चमत्कारिताको काल्पनिक उद्घाटन गर्ने यस्ता उपन्यासले नयाँ नयाँ र रोचक आविष्कारका सम्भावना देखाएका हुन्छन् । विकसित यान्त्रिक सभ्यताको प्रस्तुतिद्वारा तार्किक वातावरण र पात्रहरुको क्रियाकलाप स्थापना गर्ने यस्ता उपन्यास भविष्यका मार्गदर्शक  हुन्छन् । यिनमा वैज्ञानिक उन्नति र त्यसका सन्दर्भमा समाज र मानवको जीव्न व्याख्या पनि हुन्छ । नेपालीमा सरुभक्तको एउट अभिनवको आत्मकथा, मुक्ति उपाध्याय बरालको हिमाली आदि यस्तै उपन्यास हुन् (बराल र एटम्, २०६६ : ५१) ।

**ट) जीवनीमूलक उपन्यास**

कुनै पनि राष्ट्रिय वा अन्तर्रराष्ट्रिय ख्याति प्राप्त व्यक्तिको जीवनलाई प्रतिकात्मक विषय बनाएर रचना गरिएको जीवनीमूलक उपन्यासमा तथ्यका साथै औपन्यासिक कल्पनाको कला पनि रहेको हुन्छ । जीवनी कुनै व्यक्तिको जीवनका तथ्य र कार्यहरुको अन्वेषणात्मक वर्णन हो भने उपन्यासमा त्यस्तो जीवनीको प्रस्तुतिमा पनि कलात्मक अन्विति रहन्छ । नेपालीमा लैनसिंह बाङ्देलको रेम्ब्रान्ट महत्वपूर्ण जीवनीमूलक

उपन्यास हो । यसमा सत्रौ शताब्दीका महान कलाकार रेम्ब्रान्टको दुःखी जीवनलाई यथार्थपरक रुपमा प्रस्तुत गरिएको छ (बराल र एटम्, २०६६ : ५१) ।

**ठ) मिथकीय उपन्यास**

आदिम मानवका अन्तरमा लुकेछिपेका काल्पनिक भावना व्यक्त गर्ने पुराण दन्त्यकथा एवम् अन्य जनश्रुतिमा पाइने कथाहरु नै मिथक हुन् । यिनै मिथकको विषयवस्तुमा प्रस्तुत गरेर लेखिएका मिथकीय उपन्यासमा आजको यथार्थ सन्दर्भ पनि सिर्जना गरिएको हुन्छ । मिथकको पुन सिर्जनाबाट पनि जीवनका जटिलताहरु उद्घाटन गरिएका यस्ता उपन्यासमा पाठकको मनोस्थितिलाई आकर्षण गर्ने कला हुन्छ । विश्वेश्वर प्रसाद कोइरालाको सुम्निमा तथा मोदि आइन, मदनमणि दीक्षितको माधवी अनि राधेश्वर देवकोटाको दन्द्वको अवसान आदि उपन्यासहरु मिथकीय विषयवस्तुमा आधारित छन् (बराल र एटम्, २०६६ : ५२) ।

## २.३.२ कथानकको आधारमा उपन्यासको वर्गीकरण

उपन्यासमा निहित कथाका स्वरुपलाई आधार मानेर गरिने वर्गीकरण कथानकका आधारमा गरिने उपन्यासको वर्गीकरण हो । कथानकको योजना र प्रधानताका आधारमा उपन्यासलाई घटनाप्रधान उपन्यास, चरित्रप्रधान चित्रात्मक उपन्यास र नाटकीय उपन्यास गरी चार प्रकारमा वर्गीकरण गरिएको छ ।

**क) घटनाप्रधान उपन्यास**

एउटा घटनापछि अर्को क्रमवद्ध रुपमा घटनाक्रम थपिदै जाने, कथा र कथनमा मूर्त शैलीको अभिव्यक्ति हुने उपन्यास नै घटनाप्रधान उपन्यास हुन । घटनाप्रधान उपन्यासहरुमा घटनाको प्रमुख प्रभाव रहेको हुन्छ (सुवेदी, २०६४ : २०) ।

यस वर्गका उपन्यासको नायक खतरापूर्ण र उत्तेजक, साहसिक यात्रामा हिडछ र अन्त्यमा सुरक्षित रुपमा आइपुग्छ । यसमा चरित्रहरुबाट लिने काम लिइसकेपछि ती अनावश्यक भएमा पन्छाइन्छन् । यस्ता उपन्यास प्रारम्भिक अवस्थामा लेखिन्छन् (उपाध्याय, २०६७ : १५३) ।

**ख) चरित्रप्रधान उपन्यास**

घटनाहरुको सङ्गठन भन्दा चरित्रको स्थान महत्वपूर्ण भएका उपन्यास चरित्र प्रधान हुन्छ (बराल र एटम, २०६६ : ५२) । उपन्यासमा अन्य तत्वको दाँजोमा चरित्र वा पात्रलाई प्रधानता दिई लेखिने उपन्यास चरित्रप्रधान उपन्यास हो । यस कोटीका उपन्यासमा सम्पूर्ण कार्यव्यापार पात्रको आचरणसँग अनुगमन गर्ने खालको हुन्छ । पात्रको चञ्चलता, धैर्य, अदुरदर्शिता र विवेकपरायणता अनभिज्ञता र व्यवहार कुशलता जस्ता स्वभावगत त्रुटि र परम्परालाई व्यक्त गर्ने र त्यस्तो अवस्थामा

पात्रको आचरण कतिसम्म ढलपल गर्छ ? जसलाई जाँच गर्नका लागि घटनाहरु सृजित भएका हुन्छन् । पात्रमा रहने दृढत, आडम्बर, दुर्वलता, स्वभाविक त्रुटि उपन्यासका आदिदेखि अन्तसम्म यथावत रहने स्थिति पात्रको स्थितिशील चरित्रका रुपमा प्रकट भएको हुन्छ (सुवेदी, २०६४ : २१) ।

**ग) चित्रात्मक उपन्यास**

कतै घटनाले चरित्रलाई डोऱ्याउने र कतै चरित्रले घटनालाई आफ्नो नियन्त्रणमा लिने उपन्यास चित्रात्मक हुन्छ । यस्ता उपन्यासमा घटना र चरित्रलाई उतिकै महत्व प्राप्त हुने हुँदा मिश्रित उपन्यास पनि भनिन्छ । यस्ता उपन्यासको चरित्र घुम्दै हिड्ने स्वभावको हुन्छ र नायकको केन्द्रमा कथानक घुमेको हुन्छ । रुपनारायण सिंहको भ्रमर, शिवकुमार राईको डाकबङ्गला जस्ता उपन्यास चित्रात्मक हुन् (बराल र एटम, २०६६ : ५३) ।

**घ) नाटकीय उपन्यास**

नाटकीय उपन्यासमा चरित्र र घटनाका माध्यमबाट पात्रहरुको अभिनयात्मक ढङ्गबाट उपन्यासको विषयवस्तुलाई अघि बढाइएको हुन्छ । संवाद र अभिनयात्मक कला प्रभावकारी भूमिका रहने यसखाले उपन्यासमा नाटकीयताको उपस्थिति हुने गर्दछ (भण्डारी र अन्य, २०७१ : १७७) ।

## २.३.३ शैलीका आधारमा उपन्यासको वर्गीकरण

उपन्यास लेख्दा कुनै शैलीको प्रयोग गरी लेखिएको छ भनेर गरिने वर्गीकरण नै शैलीका आधारमा गरिने वर्गीकरण हो । प्रस्तुतिकरणको शैलीको आधारमा उपन्यासलाई पाँच प्रकारमा बाँड्न सकिन्छ । तिनीहरुलाई यहाँ प्रस्तुत गरिएको छ ।

**क) आत्माकथात्मक उपन्यास**

प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएका उपन्यासलाई आत्म कथात्मक उपन्यास भनिन्छ । आत्मकथात्मक उपन्यासमा नायक वा नायिकाले आत्मजीवनमा झै आफ्नो कथा स्वयम् प्रथम पुरुषमा भन्दै गएका हुन्छन् । कुनैमा प्रत्येक प्रमुख पात्रले आ–आफ्नो जीवनी आफैं वर्णन गर्दछन् । लेखक नाटकमा झै तटस्थ र अप्रत्यक्ष हुन जान्छ, तर यसमा संवादको न्युनता हुन्छ (उपाध्याय, २०३७ : १५२) । विजयमल्लको अनुराधा पारिजातको शिरीषको फूल र अर्न्तमुखी मदनमणि दीक्षितको माधवी ध्रुवचन्द्र गौतमको अलिखित पनि यस्तै उपन्यास हुन् (बराल र एटम्, २०६६ : ५४) ।

**ख) वर्णनात्मक उपन्यास**

उपन्यासकार स्वयम्ले घटना, पात्र, देशकाल, बातावरण आदिको वर्णन एवम् विश्लेषण गर्दछ भने त्यो उपन्यास वर्णनात्मक उपन्यास भनिन्छ (बराल र एटम्, २०६६ : ५३) । यस्ता उपन्यासमा लेखक

इतिहासमा गरिए झैं आफूले देखे सुनेका कुरा वर्णन गर्दै जान्छन् (उपाध्याय, २०६७ : १५२) । लैनसिंह बाङ्देलको मुलुक बाहिर इन्द्रबहादुर राईको आज रमिता छ आदि वर्णनात्मक उपन्यास हुन् ।

**ग) पत्रात्मक उपन्यास**

पात्रद्वारा कथानकको विकास गरी घटना कार्यव्यापार चरित्र आदिको निर्धारण गरी व्यक्तिगत भावनाको स्वतन्त्र अभिव्यक्ति दिइएको उपन्यासलाई पत्रात्मक उपन्यास भनिन्छ । उपन्यास लेखकका व्यक्तिगत भावनाले स्थान पाएको हुन्छ । स्वतन्त्र अभिव्यक्तिमा केन्द्रित रहने यस किसिमको उपन्यास लेखक नै मूल नायकका रुपमा उपस्थित हुन्छ (भण्डारी र अन्य, २०७१ : १७६) । असीत राईको पहिरो जाने पहाड यो पत्रात्मक उपन्यास हो (बराल र एटम्, २०६६ : ५४) ।

**घ) चेतनाप्रवाह शैलीका उपन्यास**

व्यक्तिको चेतनामा समयको प्रवाह निरन्तर भइरहेको हुन्छ । व्यक्तिको जीवनका भूत, वर्तमान र भविष्य उसको स्मृति तथा सम्झनाशक्तिका माध्यमबाट व्यक्त गर्न सकिन्छ । किनभने व्यक्तित्व भन्नु नै व्यक्तिको सम्झनाहरुको योग हो । यही सिद्धान्तमा आधारित भएर चेतनाप्रवाह शैलीका पात्रको असङ्गत कल्पना र चेतनाको सीधा प्रक्षेपणद्वारा उसको स्वभावको विश्लेषण गरिन्छ । आत्मालापद्वारा व्यक्तिको आन्तरिक जीवनको बाटो थाहा पाइन्छ । अर्जुन निरौलाको घाम डुबेपछि, मन्जुलको छेकुडोल्मा, ध्रुवचन्द्र गौतमको उपसंहार तथा चौथो अन्त्य, तेराखको सर्वज्ञा जस्ता उपन्यासमा चेतना प्रवाह शैलीको सटीक प्रयोग गरिएको छ (बराल र एटम्, २०६६ : ५४) ।

**ङ) डायरी उपन्यास**

दिनभरीका महत्वपूर्ण, उल्लेखनीय घटनाहरु सङ्गठित गरी प्रमुख पात्रका माध्यमबाट दैनिकी लेखनका रुपमा चित्रण गरेर तयार पारिएको उपन्यासलाई डायरी उपन्यास भनिन्छ । यही दैनिकीमा आधारित भएर लेखिएको उपन्यासलाई डायरी उपन्यास भनिन्छ । मूलत : एउटै पात्रकै डायरी लेखिने हुँदा पात्र सङ्ख्या कम हुन्छ । मनोवैज्ञानिक उपन्यासमा डायरी शैलीको प्रयोग खासगरी पात्रको भाव ग्रन्थिको विश्लेषण तथा मानसिक जटिलताको समाधान गर्नमा गरिन्छ । नेपालीमा यस्तो परम्परा त्यति स्थापित नभएतापनि पारिजातको अर्न्तमुखीमा यसको आंशिक प्रयोग छ (बराल र एटम्, २०६६ : ५४) ।

## २.३.४ धारागत आधारमा उपन्यासको वर्गीकरण

धारागत धारामा उपन्यासलाई विभिन्न प्रकारमा बाँड्न सकिन्छ । तिनीहरुलाई यहाँ प्रस्तुत गरिएको छ ।

**क) सामाजिक यथार्थवादी उपन्यास**

व्यक्तिगत वा सामाजिक जीवनमा भोग्नुपरेका र भोग्दै आएका समस्या र दर्दनाक अवस्था, परिस्थितिको चित्रण गरी लेखिएका उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यास भनिन्छ ।

समाज व्यक्ति वा जीवन जस्तो छ त्यस्तै रुपमा प्रकट गर्ने काम सामाजिक यथार्थवादी उपन्यासमा हुन्छ । वास्तविकतामा जोड दिँदै त्यसको चित्रण पाठक समक्ष सम्प्रेषण गर्ने प्रवृति तथा आत्मगतताका विरुद्ध बाहृय यथार्थ प्रकट गर्ने काम यस्ता उपन्यासमा हुन्छ । जीवनका सुख, दुःख, खराबी, अन्योल आदिलाई विषय बनाएर सामान्य चरित्र चित्रणमा जोड दिने यस्तो उपन्यासमा सामाजिक समस्याको खुल्ला प्रस्तुति हुन्छ । समाजको निर्माण र पतनको अवस्था इङ्गित गर्ने तर त्यसमा तटस्था बस्ने बानी यस्ता उपन्यासको हुन्छ । लैनसिंह बाङ्देलको खैरेनीघाट, दौलतविक्रम विष्टको एक पालुवा अनेक याम, आदि यस्ता उपन्यास हुन (बराल र एटम, २०६६ : ५५) ।

**ख) आदर्शवादी उपन्यास**

आदर्शवादी उपन्यासमा जीवनलाई शाश्वत एवम् अतुलनीय खुसी दिलाउनका लागि वास्तविकता देखि टाढा रहेर समाज एव्म त्यहाँ रहने अर्न्तसम्बन्धलाई काल्पनिक रुपमा विकास गर्न खोजीएको हुन्छ (बराल र एटम, २०६६ : ५५) ।

आदर्शवादी उपन्यासमा आदर्श समाजका लागि व्यक्तिगत, पारिवारिक र सामाजिक चेतनाको परिस्कार गर्ने भावनालाई प्रस्तुत गरिएको हुन्छ । नैतिकता अनुशासन आदर्श र शिष्टताका पक्षहरुलाई उपन्यासभित्र गम्भरी दायित्व स्वीकार्ने प्रचलन बनेर बसेका हुन्छन् । यस्ता उपन्यासमा आदर्शका रुढहरु व्यापक हुन्छन् । (सुवेदी, २०६४ : ६८) । नेपालीमा बेदनाथ आचार्यको दयाकी भावी, विष्णुचरण श्रेष्ठको सुमती आदर्शवादी उपन्यास हुन् ।

**ग) आदर्शोन्मुख यथार्थवादी उपन्यास**

उपन्यासमा यथार्थ विषयवस्तु भएतापनि उद्देश्यलाई आदर्शको रुपमा प्रस्तुत गरी लेखिने उपन्यासलाई आदर्शोन्मुख यथार्थवादी उपन्यास भनिन्छ  (बराल र एटम्, २०५५ : १६) । यथार्थवादी विषयवस्तु भएता पनि उद्देश्यका रुपमा आदर्शको प्रस्तुतिकरण हुने उपन्यास आदर्शोन्मुख यथार्थवादी हुन्छ (बराल र एटम्, २०५५ : ५६) । यस्ता उपन्यासमा सामाजिक परिवर्तनको चाहनाका साथै आदर्शात्मक मानवीय मूल्यका सम्भरणको चाहना पनि क्रियाशील हुन्छ (उपाध्याय, २०६७ : १३२) । रुद्रनाथ पाण्डेको रुपमती र प्रेम मोहनबहादुर मल्लको समयको हुरी आदि आदर्शोन्मुख यथार्थवादी उपन्यास हुन् ।

**घ) प्रगतिवादी उपन्यास**

समाजवादी, यथार्थवादी पनि भनिने प्रगतिवादी पनि भनिने प्रगतीवादी उपन्यास मार्क्सवादी सिद्धान्त अनुरुप रचना गरिएको हुन्छ । सामाजिक सङ्घर्षको मूल कारणका रुपमा पूँजीलाई प्रस्तुत गरी यसमा श्रमिक वर्गलाई नायकत्व प्रदान गरिएको हुन्छ । शोषक वर्गको हार र शोषित वर्गको जित भई साम्यवादको लक्ष्यतर्फ पनि यसमा यात्रा गरिएको वा निर्देशित गरिएको हुन्छ । भौतिकवादको पक्षधर भएको हुँदा यस्ता उपन्यासमा कुरीति धर्मका ढ्वाङ र जातिपाति जस्ता भेदभावको सशक्त विरोध हुन्छ । डी.पी.अधिकारीको आशमाया, खगेन्द्र सङ्ग्रौलाको चेतनाको पहिलो डाक, ऋषिराज बरालको सगरमाथा आदि प्रगतिवादी उपन्यास हुन् (बराल र एटम्, २०६६ : ५६) ।

**ङ) स्वच्छन्दतावादी उपन्यास**

यथार्थको बन्धन भाँची स्वच्छन्द वकालत गरेर लेखिने उपन्यास नै स्वच्छन्दतावादी हुन्छ । उन्मुख प्रेमका चित्रण, पात्रको विभिन्न ठाउँमा भ्रमण, प्रकृतिको मनोहर चित्रण तथा ईश्वरीय रहस्यको प्रस्तुतिमा यस्तो उपन्यासको रुची रहन्छ । भाषालाई पनि सौन्दर्यपरक आहलादका साथ यसले उपयोग गरेको हुन्छ । रुपनारायण सिंहको भ्रमर, शिवकुमार राईको डाकबङ्गला आदि यस्ता उपन्यास हुन् (बराल र एटम, २०६६ : ५६) ।

**च) आलोचनात्मक उपन्यास**

आलोचित भएर लेखिएका उपन्यास नै आलोचनात्मक यथार्थवादी उपन्यास हुन् (बराल र एटम, २०५५ : १८) । हृदयचन्द्रसिंह प्रधानको एक चिहान जगदीश घिमिरेको सावित्री आदिलाई मान्न सकिन्छ ।

यथार्थको चित्रण गर्दा त्यसमा आउने कुरीति, शोषण, अन्धविश्वास, विसङ्गति आदिको आलोचना गरिएको उपन्यास आलोचनात्मक यथार्थवादी हुन्छ (भण्डारी र अन्य, २०७१ : १७४) । नेपालीमा लेखिएका हृदयचन्द्रसिंह प्रधानको एक चिहान, जगदीश घिमिरेको सावित्री, पिटर जे कार्थकको प्रत्येक ठाउँ प्रत्येक मान्छे, दौलत विक्रम विष्टको भोक र भित्ताहरु, नारायण ढकालको प्रेत्कल्प आदि यस्ता उपन्यासहरु हुन् ।

**छ) विसंङ्गतिवादी उपन्यास**

मानवजीवनमा एक अर्कासँग व्यक्ति र वस्तुको कुनै न कुनै सम्बन्ध हुन्छ । व्यक्तिका जीवन गतिका विसङ्गत क्रिया कही कतैबाट तारदम्य हुन सक्छ । भय, विवस्ता, प्रसन्नता जस्ता स्थिति कही कतैबाट सङ्ग्रन्थित हुन पुग्दछन् । अस्तित्ववादको अस्मिता हो र यही अस्तित्व भित्रको व्यष्टीकरणहरुले सङ्गति विसङ्गतिवाद हो (सुवेदी, २०६४ : २९६) ।

मान्छे जन्मन र मर्न नै विसङ्गति हो । जीवन संवेदनाका पक्षहरु जस्तै प्रेम, घृणा, उत्साह, अवसाद, आकर्षण सन्त्रास, मैत्री, द्वेष, उपकार, दण्ड, सहभाग, ऐकान्तिक आदिका स्थितिलाई मूल्यहीनता भित्र पनि प्रदान गर्न प्रयास गरिन्छ ( सुवेदी, २०६४ :२९५) । यिनै विसङ्गगतिका कुरालाई स्वीकार गरेर लेखिएका उपन्यासहरु विसङ्गतिवादी हुन्छन् । इन्द्रबहादुर राईको आज रमिता छ, पारिजातको शिरिषको फूल, आदि यस्ता उपन्यास हुन् (बराल र एटम्, २०६६ : ५६) ।

**ज) मनोविश्लेषणवादी उपन्यास**

मानव मन अचेतन अवस्थामा रहेको दमित, कुण्ठा र हिनताग्रन्थिको विश्लेषण गरी लेखिने उपन्यास मनोविश्लेषणवादी उपन्यास हुन् । सिग्मण्ड फ्रायड र उनको साथी अल्फ्रेड एड्लर कार्लजी युङले मनोवैज्ञानिक सिद्धान्त प्रतिवादन गरेपछि मनोविश्लेषणात्मक उपन्यास लेखन शुरु भएको पाइन्छ (सुवेदी, २०६४ : २४५) । अचेतन मन नै अचेतन मनको सबै प्रक्रियालाई निर्धारण गर्ने र त्यसबाट निर्धारित भएका तत्वलाई रुपान्तरित गर्ने कारकका रुपमा देखिने गर्दछ (सुवेदी, २०६४ : २४८) । गोविन्द गोठालेको पल्लो घरको झ्याल, विजय मल्लको अनुराधा, लक्ष्मीप्रसाद देवकोटाको चम्पा, तारिणीप्रसाद कोइरालाको सर्पदंश आदि यस्ता उपन्यास हुन् (बराल र एटम्, २०६६ : ५६) ।

**झ) अस्तित्ववादी उपन्यास**

विसङ्गतीले भरीएको संसारमा मानिसले अनवरत अस्तित्वको खोजीमा सङ्घर्ष गरिरहेको हुन्छ । जीवनमा स्वतन्त्रताको वकालत गर्ने र आफ्नो निर्णयको परिणाम पनि आफै भोग्न तत्पर हुने प्रवृत्ति अस्तित्ववादी उपन्यासमा हुन्छ । नैतिकता परम्परागत मुल्य एवम् मान्यता नचाहिने कुरा हुन किनभने मानिसका साथमा रहने कुरा त एक्लोपन, दशचिन्ता, मृत्यु आदि हुन भन्ने मान्यता यसमा छ । सामाजिक बन्धनलाई भुलेर आफ्नो मूल्यको संरक्षण गर्नु मानिसको काम हो । पारिजातको शिरीषको फूल, विश्वेश्वर प्रसाद कोइरालाको तीन घुम्ती रोशन थापाको प्रस्थानान्तर आदि यस्ता उपन्यास हुन् (बराल र एटम्, २०६६ : ५७) ।

**ञ) प्रकृतिवादी उपन्यास**

मानिसलाई जैविक प्राणी वा पशुको रुपमा चित्रित गर्नु प्रकृतिवादी उपन्यासको मुल बैशिष्टय हो । यसमा आदर्शात्मक मानवीय मूल्य अस्वीकृत हुन्छ (उपाध्याय, २०६७ : १३४) । गोविन्द गोठालेको पल्लो घरको झ्याल तथा अपर्णा भवानी भिक्षुको पाइप नं. २ र ध्रुवचन्द्र गौतमको उपसंहार अर्थात चौथो अन्त्य यस्तै उपन्यास हुन् (बराल र एटम्, २०६६ : ५७) ।

**ट) अतियथार्थवादी उपन्यास**

लेखनको स्थापना गर्ने र लेखनको शुद्धता तत्क्षणको प्रस्तुतिमा रहन्छ भन्ने अति यथार्थवादी मान्यता हो । मानिसको मनस्थितिको सुक्ष्म विश्लेषण गरी मानवको विवेक भन्दा पनि सपना, तन्द्रा आदि

अर्धचेतनाको अवस्थालाई यस्ता उपन्यासमा महत्व दिइन्छ । वैयक्तिकता र चेतनाप्रवाहको प्रयोग गर्दै मार्क्सवादी विद्रोह र मनोविश्लेषणको प्रस्तुतिकरण गरिने हुँदा यस्ता उपन्यासमा रचना व्यवस्थाको विनिर्माण गर्ने प्रवृति रहन्छ । लैनसिंह वाङ्देलको लङ्गडाको साथी अर्जुन निरौलाको घाम डुवेपछि यस्ता उपन्यास हुन् ।

**ठ) नारीवादी उपन्यास**

पुरुषप्रधान समाजमा नारीहरुले भोग्नेपरेका सामाजिक, राजनीतिक, व्यावहारिक एवम् मानसिक भेदभाव त्यसबाट उत्पन्न हुने पीडा र तिनको मुक्ति चाहेर लेखिएको उपन्यासहरु नारीवादी हुन्छन् । यिनमा नारीका यौन लगायत अन्य स्वतन्त्रताको सङ्घोष गरिएको हुन्छ । हृदयचन्द्र सिंह प्रधानको स्वास्नी मान्छे, शोभा भट्टराईको अन्त्यहीन अन्त्य, भाषा भण्डारीको सम्झौता, पद्मावती सिंहको समानान्तर आकाश आदि यस्ता उपन्यास हुन् (बराल र एटम, २०६६ : ५८) ।

**ड) प्रयोगवादी उपन्यास**

नेपाली उपन्यासमा यस धाराको थालनी ध्रुवचन्द्र गौतमको वि.स.२०२४ सालमा प्रकाशित अन्त्यपछि बाट भएको मानिन्छ (बराल र एटम, २०५५ : २०) । उपन्यासको आफ्नो स्वरुप र संरचना हुन्छ । कथानक चरित्र र पर्यावरणको आफ्नो रुपको खोजीमा लाग्नाले नै उपन्यासको क्षेत्र विस्तृत हुन्छ । यस्ता अनेकौ पक्षहरुबाट प्रेरित उपन्यासहरु प्रयोगवादी हुन्छन् । प्रयोगका लागि नभएर कलात्मक उत्कर्षमा लागि यस्तो प्रयोग भयो भने त्यसको मूल्य उच्च हुन्छ । ध्रुवचन्द्र गौतमको डापी, बालुवामाथि ओकिउयामा, ग्वाइनको सुनाखरी दश लेखकको आकाश विभाजित आदि प्रयोगवादी उपन्यास हुन् (बराल र एटम्, २०६६ : ५७) ।

**ढ) मिथकीय उपन्यास**

परापूर्वकालमा मानवीय स्वभाव र कार्यहरुको वर्णन गरिएका मिथकका आधारमा रचित उपन्यास नै मिथकीय उपन्यास हुन् । नेपाली उपन्यासमा यस धाराको थालनी वि.सं.२०२७ सालमा विश्वेश्वरप्रसाद कोइरालाको सुम्निमाबाट शुरु भएको मानिन्छ (बराल र एटम, २०५५ : २१) । प्राचीन पुराण, धार्मिक ग्रन्थका कथावस्तु वा पात्रलाई उपन्यासमा प्रस्तुत गर्ने काम मिथकीय उपन्यासको विशेषता हो । यस धारामा लेखिएका उपन्यासमा विश्वेश्वरप्रसाद कोइरालाको हिट्लर र यहुदी, इन्दिरा प्रसाईको विश्वामित्र आदि पर्दछन् ।

## २.४ उपन्यास रचनाका आधारभूत तत्वहरु

आधुनिक समालोचनामा यिनलाई तत्व नभनेर उपकरणका रुपमा पनि व्याख्या गरेको पाइन्छ । उपन्यास निर्माणमा केही तत्वहरु अनिवार्य देखिन्छन् । तर ती तत्वहरु यति नै हुन भनेर किट्ने क्रममा

विद्वानहरुको मत एउटै हुन सकेको पाइँदैन तापनि अधिकांश उपकरणका बारेमा भने सहमति हुन सक्ने स्थिति पनि जन्मेको छ । यति वृहत संसारको व्यापक पक्षको प्रस्तुति एउटै जीवनमा नहुन सक्छ र बृहत जीवनका पक्षहरु यस संसारमा उर्दु भाषित भैरहेका हुन्छन् (२०६४ : १७) । उपन्यासको रचनामा विभिन्न तत्वहरुको समायोजन हुन्छ । जसको समुचित प्रयोग र अन्तमिश्रणमा नै उपन्यासले स्पष्ट स्वरुप प्राप्त गर्दछ । (बराल र एटम्, २०६६ : २०) । त्यसैगरी अधिकाँश विद्वानहरुको मतलाई समेट्ने गरी कथावस्तु, चरित्र, संवाद, देशकाल, वातावरण, भाषाशैली, जीवनदर्शन, दृष्टिविन्दु, शीर्षक यिनै उपन्यासका तत्वहरुका आधारमा यहाँ संक्षिप्त चर्चा गरिएको छ ।

## २.४.१ कथावस्तु

कथानक उपन्यासको कथावस्तु हो । अर्थात उपन्यासको कथावस्तुको रुपमा आउने विषय नै कथानक हो (सुवेदी, २०६४ : १७)। कथानकको भूमिका चरित्रप्रधान उपन्यासमा कम जस्तो लागेपनि घटनाप्रधान उपन्यासमा अत्याधिक रहन्छ ।

कथानक उपन्यासमा घट्ने घटनाहरुको योजनावद्ध ढाँचा हो । यसमा घटनाहरुको कार्य कारण सम्बन्धद्वारा र व्यवस्थित गरिएको हुन्छन् । कथानकमा चरित्र, विचार, बुद्धि, कल्पना जस्ता कुराहरु समाविष्ट हुन्छन् (बराल र एटम, २०६६ : २१) ।

उपन्यासको महत्व बाह्य घटना र चरित्र माथि निर्भर छैन नत सुखान्त वा दुःखान्त माथि नै, यो त उपर्युक्त पङ्ततिहरुमा भनिएझैं विषयवस्तुको गहनता एवम् गम्भरी प्रभावोत्पादता माथि नै आश्रित छ । मैथ्यु अर्नोल्डको पनि यस्तै विचार छ ।

कथावस्तु उपन्यासको कथ्यवस्तु हो अर्थात उपन्यासको कथावस्तुको रुपमा आउने विषय नै कथावस्तु हो । पुरा इतिहास, इतिहास र समाजका सँस्कृति, कला र विज्ञानका मान्छेका अन्तः संरचना र बाह्य प्रवृतिका पक्षहरुलाई आवश्यकता अनुसार प्रस्तुत गर्ने क्रियाबाट उपन्यासको निर्माण हुन्छ । यसकारण क्षीण हुन सक्छ तर बस्तुहीन हुन सक्दैन । कथालाई मेरुदण्ड मानेर जीवित मानेर जीवित रहने विधा भएकाले यसमा आख्यान पक्ष अनिवार्य रहन्छ । त्यसकारण कथाले जस्तै उपन्यासले पनि कथानक पक्षको अपेक्षा गर्दछ । कथानक श्रीण हुदै गएपछि कथानक पातलो हुदै जान्छ र कुनै विन्दुमा चुँडिइ नै हाल्ने अवस्थामा पनि पुग्दछ । यसरी कथानक तरल हुनाले उपन्यासको आख्यानात्मक जीवन सजीव रहन गाह्रो पर्दछ । निरन्तरता र क्रमबद्धता प्रस्तुत गर्ने काम पनि कथानक गर्दछ (सुवेदी, २०६४ : १८) ।

कथावस्तु वा कथानक उपन्यासको शरीर हो सुन्दर सुगठित शरीर भएको व्यक्तित्व प्रभावकारी र आकर्षण हुन्छ । त्यसको प्रथम दर्शन मै मानिस मोहाविष्ट हुन जान्छ र उसको कार्यकलाप र विचारको परिचय पाएपछि झन्झन प्रभावित हुन्छ । सहज र स्वभाविक अनि विश्वसनीय घटनाहरुको समावेश

गरी त्यसलाई विस्तृत पार्नुपर्छ, अन्यथा उपन्यास न उच्चकोटीको बन्छ न सफल नै हुन्छ । मानवको आन्तरिक र बाह्य संघर्ष, विघर्ष, सुखदुःख, आशा, निराशा सफलता र असफलतालाई इमान्दारीका साथ प्रस्तुत गर्न नसक्ने उपन्यासको सृजन र पठन समय र श्रमको दुरुपयोग मात्र हो । त्यसैले हड्सनले भनेका छन् "कुनै उपन्यास तव नै वस्तुत महान बन्छ त्यसले हाम्रो सामान्य मानव जीवनको सङ्घर्ष र भाग्यमा नित्य गम्भरीपूर्ण प्रभाव पार्न विषयहरुमा विस्तृत र गहिरो जग हालेको हुन्छ" (उपाध्याय, २०६७ : १३६) ।

## २.४.२ चरित्रचित्रण

उपन्यासको अर्को महत्वपूर्ण तत्व नै चरित्र हो । मानवजीवनको क्षेत्र उतार्ने तत्व नै चरित्र हो । चरित्रलाई कतै पात्र र कतै क्रियाकलाप र कार्यव्यापार आदिका नामबाट चिनाउने प्रयास गरिन्छ । सामाजिक संरचनाको चित्र पनि चरित्रले नै उतार्ने गर्दछ । इतिहास र समाज, प्रान्त र देशान्तर प्रवृति र पुस्ता जाति र सभ्यता परिस्थिति अनुसार चरित्र कै माध्यमबाट प्रकट हुने गर्दछन् । व्यक्तिको अन्तर र बाह्य दुवै संरचना चरित्रकै माध्यमबाट प्रकट हुने तत्व हुन् । आ–आफ्ना प्राकृतिक र भौगोलिक प्रभावबाट निर्मित हुन्छन् र तिनको क्रियात्मक अभिव्यक्ति नै चरित्र भएर देखापर्छ (सुवेदी, २०६४ : २३) ।

औपन्यासिक चरित्रले कुनै सामाजिक वर्ग, जाति, पेशा वा मनोवैज्ञानिक स्तरको प्रतिनिधित्व गरिरहेको हुन्छ । बढी भन्दा बढी विशिष्ट कुराको प्रतिनिधित्व गर्न सक्ने चरित्र नै उपन्यासका पाठकका लागि सम्झन लायक हुन्छ । बानी, बोली, हेराई, क्रियाकलाप आदिले एउटा नयाँ व्यक्तित्वको छाप पार्न सक्ने चरित्रले उपस्थिति उपन्यासमा अतिवन्दनीय मानिन्छ । उपन्यासमा प्राण भर्ने काम नै चरित्रचित्रणले गर्दछ । चरित्रचित्रणका माध्यमबाट नै आधुनिक उपन्यासको सिर्जना गर्दछन् । उपन्यास चरित्रहरुको चयन कथानकसँग सम्बद्ध रहेर गरिन्छ ।

उपन्यास प्रयुक्त पात्रको चरित्र पुरै युग र परिवेशको संवाहक भएर उपस्थित भएको हुन्छ । पात्रहरुको सङ्ख्यामा दृष्टिले उपन्यास बहुपात्रीय साहित्यिक विधा हो । उपन्यासमा पात्रले खेल्ने भूमिका अनुसार यिनलाई विभिन्न वर्गमा विभाजन गर्न सकिन्छ । प्रायः पात्रहरुलाई प्रमुख, सहायक र गौणपात्रमा विभाजन गरिएको छ । यस्तै गतिशील र स्थिर, यथार्थ र आदर्श अन्तर्मुखी र बहुर्मुखी, गोला र च्याप्टा तथा पारस्परिक र मौलिक पात्रमा विभाजन गरिएको पनि पाइन्छ । पात्र वा चरित्रलाई लिङ्ग, कार्य, प्रवृत्ति, आसन्नता, वैयक्तिक स्वभाव, परिवेश आदि आधारमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

**१. लिङ्गका आधारमा:** यस आधारमा मानवीय पात्रहरु स्त्री र पुरुष गरी दुई प्रकारका हुन्छन् । पात्रको बाह्य वर्णन तथा शरीर, नामाकरण र तिनका स्वाभाव एवम् प्रयुक्त क्रियापदबाट यो कुरा छुट्याउन सकिन्छ ।

**२. कार्यका आधारमा:** कार्यका आधारमा पात्रहरु प्रमुख, सहायक र गौण गरी तीन वर्गका छन् । यसरी वर्गीकरण गर्दा उपन्यासमा निर्वाह गरेको भूमिका तथा कार्यव्यापारलाई आधार बनाइन्छ । त्यसैले सबैभन्दा बढी काम गर्ने वा कार्यमूल्य भएको पात्र प्रमुख हुन्छ । सहायक पात्र ज्यादै थोरै कार्य मूल्य भएको गौण हुन्छ ।

**३. प्रवृतिका आधारमा:** प्रवृत्तिका आधारमा पात्र दुई प्रकारका हुन्छन्, अनुकूल र प्रतिकूल । सकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने पात्र प्रतिकुल अथवा असत्त हुन्छ ।

४) **स्वभावका आधारमा:** यस दृष्टिले पात्र गतिशील र गतिहिन गरी दुई वर्गका हुन्छन् । उपन्यासमा कुनै परिस्थिति अनुसार बदलिने पात्र गतिशिल हुन्छ, जो आफ्नो स्वभाव, सिद्धान्त र जीवनधारालाई परिवर्तन गरी सुहाँउदो बन्छ । परिस्थिति बदलिँदा पनि आधान्त उस्तै जीवन विताउने र विचलन नआउने स्वभावको पात्र गतिहिन हुन्छ ।

**५. जीवन चेतनाका आधारमा:** यस आधारमा पात्रहरु वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो निजी स्वभाव वा वैशिष्ट तथा वैयक्तिकताको प्रतिनिधितव गरी नवीन शैलीका सन्धान गर्ने पात्र वैयक्तिक हुन्छ ।

**६. आसन्नताका आधारमा:** उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथानकले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ । मञ्चीय पात्र वर्तमान विन्दुमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका छन् ।

**७. आवद्धताका आधारमा:** यस आधारमा उपन्यासका पात्रहरु बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि उपन्यासमा खासै हलचल उत्पन्न हुँदैन (बराल र एटम, २०६६ : २७–३०) ।

यसरी उपन्यासको कथावस्तुलाई अगाडि बढाउने काम गर्ने मानव वा मानवेत्तर प्राणीलाई चरित्र भनिन्छ । पात्रहरु सङ्क्षिप्त सरल र परिस्थिति अनुकूलको संवादका माध्यमबाट सशक्त रुपमा प्रस्तुत गरिनु पर्दछ । आचार, विचार र उच्चार यी तीन माध्यमबाट चरित्रको प्रकाशन हुन्छ । चरित्र चित्रणमा सहायक, प्रमुख र गौण गरी तीन खालका पात्रहरु उपस्थित रहेका हुन्छन् । प्रमुख पात्रको वरीपरि सहायक र गौण पात्रहरु आएका हुन्छन् । उपन्यासमा अगाडी बढाउन चरित्र नभई हुँदैन ।

### २.४.३ परिवेश

कुनै पनि कार्य सम्पन्न हुनका लागि घटना घटाइएको स्थल उपन्यासको कार्यपिठिका हो । त्यही कार्यपिठीका नै उपन्यासको परिवेश हो (सुवेदी, २०६४ : २५) । परिवेश उपन्यास संरचनाको क्रममा पात्र र कथानकमा लागि सिर्जना गरिने आधारभूमि वा वातावरण मात्र हो । परम्परागत भनाइमा यसलाई देश, काल, वातावरण पनि भन्ने गरिन्छ । परिवेश कथानक सितै जन्मिन्छ र कथानक सित यसको आन्द्रा जोडिएको हुन्छ । रोजेनहाइमका अनुसार आख्यानात्मकसित सम्बद्ध काल र स्थान विशेष परिवेश हो । उपन्यासकारहरुले उपन्यास कथावस्तु र चरित्रको संयोजन गर्दा खास समय, खास स्थान, खास परिस्थितिको निमार्ण गर्दछ (बराल, २०५६ : ५३–५४) ।

एउटा दक्ष उपन्यासकारले उपन्यासमा देशकाल, वातावरणको यति सजीव चित्र उतारेको हुन्छ कि पाठकले त्यसलाई सत्य नै ठान्न पुग्दछ । उपन्यासकारले देशकालको प्रस्तुतिको लागि चित्रात्मक शैलीको धेरै प्रयोग गर्दछ । भ्रमर र मुलुकबाहिर जस्ता अनेकौ उपन्यासमा चित्रात्मक शैलीको मिठास पाइन्छ । त्यसैले देशकालको साघुरोपन तथा चरित्रहरुको त्यसमा रहने भिजाइले गर्दा उपन्यासमा आञ्चलिकता उन्मुख स्थानीय रङ्गको अविर्भाव गराउँछ (बराल र एटम्, २०६६ : ३३) । परिवेश पनि आन्तरिक र बाह्य गरी दुई प्रकारका हुने गर्दछ । देशकाल अन्तर्गत समाजका रीतिस्थिति, धर्मसंस्कृति, भाषा, लवाइखवाइ आदि पर्दछन् । आञ्चलिक उपन्यासमा देशकालको महत्व बढी हुन गर्दछ । आञ्चलिक उपन्यासमा स्थानीय रीतिस्थिति, परम्परा, संस्कार, संस्कृतिके बढी चित्रण गर्दै स्थानीय बोलीचाली, उखानटुक्का, सामाजिक, नैतिक, मूल्यमान्यता आदिको परिवेश समेत प्रस्तुत गरिएको हुन्छ । वातावरणले उपन्यास अघि बढ्दा पाठकलाई पनि गर्न सक्छ यो मानसिक अवस्थासँग सम्बद्ध हुनेहुँदा भाव पनि भन्ने गरिन्छ । यसरी परिवेशले उपन्यासको तत्वमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

### २.४.४ संवाद/कथोपकथन

संवाद वा कथोपकथन भनेको पात्रहरुवीचको कुराकानी हो । संवादको प्रमुख कार्य औपन्यासिक चरित्रको चित्रण गर्नु र घटनाहरुलाई नाटकीकरण गरेर अगाडि लैजान हुन्छ । पात्रहरुको बीचमा स्थापित समस्या, अन्तद्वन्द्व र परिणति संवादले उपयुक्त ढंगमा प्रस्तुत गर्न सक्छ । कथानकमा रोचकता थप्नका लागि पनि उपन्यासकारले रससंवेद्य संवादको आयोजना गर्दछ । संवादले कथानकमा आउने घटना र कार्यव्यापारलाई सुसङ्गठित गर्दछ । उपयुक्त संवाद प्राकृतिक, समुचित र नाटकीय प्रभाव दिने खालको हुनुपर्छ । त्यस्तो मात्र पात्रको व्यक्तित्वलाई अक्षुण रुपमा प्रस्तुत गर्न सक्छ र परिस्थितिको उपयुक्ततामा पनि वृद्धि गर्दछ । संवाद पाठकका लागि सजिलो, स्वस्थ, हलचल मच्चाउने र रोचक हुनुपर्दछ । संक्षिप्तमा नै संवादको सार्थकता हो भने पात्रका स्तर अनुकूलको संवाद यथार्थको अनुकृति हो । उपन्यासमा प्रत्यक्ष र नाटकीय दुवै विधिबाट चरित्रचित्रण गरिनु उपयुक्त हुन्छ र यी दुईको समायोजनमा नै उपन्यासको उत्कृष्टता देखिन्छ । (बराल र एटम, २०६६ : ३३) ।

उपन्यासमा कथ्य र चरित्रको ससुचित प्रस्तुति कथोपकथनका माध्यमबाट व्यक्त हुन्छ । कथाको कथयिता हुनबाट लेखक स्वयम् विवत भइपछि पात्रहरु स्वयम् एकआपसमा संलाप गर्न लाग्दछन् । उनीहरुका संलापबाट वस्तु परिवेश र परिस्थिति अनावृत्त हुदै जान्छन् । पात्रका अन्तर र बाह्य दुवै जगतका जटिलताहरु कुण्ठा र वितृष्णा, आकर्षण र उत्साहका प्रसङ्गहरु उपन्यासमा पात्रहरुको संवादबाट व्यक्त हुँदै जान्छन् । पात्र अनुकूलको संवाद र आत्मसंलाप अन्तर्मुखी प्रवृत्तिका मूल्यहरु पनि कथोपकथन कै माध्यमबाट व्यक्त हुन्छन् । पात्रको स्वभाविकता अनुकूलको कथोपकथन, त्यसमा प्रयुक्त हुने भाषिक शिल्पसमेतको अवस्थालाई उपन्यासले आफ्नो उपकरणका रुपमा समेटेका हुन्छ । कथोपकथन नाटकीय तत्व पनि हो । यसले उपन्यासलाई नाटकीय निकटता प्रदान गर्दछ । नाटकमा अभिनयद्वारा व्यञ्जित हुन्छ (सुवेदी, २०६४ : २४) ।

पात्र पात्राहरुको बीचमा आफ्ना विचार भावना र हर्ष विषाद, उल्लास, विस्मय, करुणा, क्रोध आदि मनोरागलाई व्यक्त गर्नका लागि हुने पारस्परिक वार्तालाई संवाद वा कथोपकथन भनिन्छ । सुन्दर कलात्मक संवादले वर्णनलाई प्राञ्जल र उदात बनाउँछ । उपन्यासकारको लामो विवरण, व्याख्या र विश्लेषणको एकोहोरोपनलाई हटाई उराठिलो स्थिति सरलता र रोचकताको वातावरणमा पाठकलाई लगिदिन्छ (खतिवडा, २०७५ : २८–२९) ।

## २.४.५ भाषाशैली

भाषा र शैली दुई शब्दको योगबाट भाषाशैली समस्त शब्दको निर्माण भएको हो । उपन्यास भाषाका माध्यमबाट व्यक्त हुने साहित्यिक विधा हो । सम्पूर्ण शक्तिको प्रयोग गर्दै उपन्यास सिर्जना हुने गर्दछ । बिम्ब, अलङ्कार, प्रतीक, शैली, गति, लय, सबै कुरा भाषाशैलीलाई बनोट भित्र पर्दछन् । उपन्यासमा कथ्य र लेख्य दुवै भाषाको आवश्यकता अनुरुप हुने गर्दछ । अन्य साहित्यिक विधा भन्दा जीवनको विस्तृत आयामलाई समेट्ने हुँदा यसमा भाषाको सम्पूर्ण शक्तिको प्रयोग पनि गरिन्छ ।

भाषामा परम्परित नियमले बोकेको भन्दा भिन्नै अर्थ खोज्दै व्याकरणणिक, विचलन, विम्ब प्रतिक, लक्षण, व्यञ्जनबाट भाषिक सौन्दर्य खोजीनु आजका उपन्यासको भाषिक विशेषता हो । शैली भाषालाई प्रस्तुत गर्ने तौरतरिकासँग सम्बनीध कुरा हो । उपन्यास लेखनको क्रममा प्रयोग गरिने वर्णनात्मक, विश्लेषणात्मक, संस्मरणात्मक, पत्रात्मक आदि शैलीले सिप सौन्दर्यलाई बुझाउँछ । भाषाशैलीले उपन्यासलाई जीवन्त पार्ने गर्दछ । उपन्यासमा घटना, पात्र, परिवेश तथा उद्देश्य जे भएपनि त्यसलाई मूर्तता प्रदान गर्न साथै अभिव्यक्तिलाई सौन्दर्यमय, अर्थपूर्ण सरल एवम प्रभावत्पादक बनाउने काम भाषाले गर्दछ भने उपन्यासलाइई सीप सौन्दर्य र रुपको उत्कृष्टता शैलीले प्रदान गर्दछ । वर्णनात्मक शैली र लामा संवादमा उपन्यासको गति कम हुन्छ । वास्तवमा औपन्यासिक गति लेखकको पद्धतिमा निर्भर गर्दछ । ती पद्धति दृश्यात्मक र संक्षेप पद्धति हुन (संग्रौला, २०७४ : ६०–६१) ।

वर्णित विषय र पात्रको स्थितिलाई ध्यानमा राखेर भाषाका विविध रुपको प्रयोग छ । उपन्यासमा नेपाली समाज उच्च, मध्यम र निम्न गरी तीन वर्गमा विभाजित छ । उच्च वर्गले प्रयोग गर्ने भाषा गम्भरी औपचारिकि र स्तरीय हुन्छ । संस्कृत तत्सम शब्दका प्रयोगले बोझिलो हुने हुँदा यो भाषा सर्वसाधारणका लागि कठिन जस्तै हुन्छ । निम्न वर्गले बोल्ने भाषा अनौपचारिक हुने तद्भव शब्दले बढी प्रयोग हुने गर्छ । बोलचालकै भाषामा व्यक्त हुने हुँदा यो भाषा सबै स्तरका मानिसले सजिलै बुझ्न सक्छन् । मध्यमवर्गको प्रयोग गर्ने भाषा उच्च र निम्न दुवै वर्गको विशेषताबाट प्रभावित हुन्छ । (बराल र एटम, २०६६ : ४०) ।

कथावस्तुलाई रोचक र यथार्थिक बनाउन पात्रको स्तर अनुसारको भाषा प्रयोग गरेर उपन्यासकारले भाषालाई नयाँ शैलीमा प्रयोग गर्दछन् । यसरी उपन्यासमा नयाँ नयाँ शैलीको प्रयोग गरिन्छ । उपन्यासकारले आफ्ना भाव र विचारहरु पाठकसमक्ष पुर्‍याउन कथ्य र लेख्य दुवै भाषाको प्रयोग आवश्यकता अनुसार गरिएको पाइन्छ। शैली स्वयम् रुपहीन जस्तो लागेपनि वास्तवमा उपन्यासको रुप व्यक्तित्व सीप, सौन्दर्य र भाव वैशिष्ट्य यसकै रुपाकृत हुन भन्ने विचार रहेको छ (प्रधान, २०५२ : ९) ।

उपन्यास भाषाद्वारा मूर्त रुपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रुपमा शक्तिशाली बन्दछ । यथार्थलाई वरण गर्ने साहित्यिक विधा भएकाले यसमा गद्यभाषाको प्रयोग गरिनछ । उपन्यासमा कथ्य र लेख्य दुवै भाषाको प्रयोग आवश्यकता अनुरुप हुने गर्दछ । अन्य साहित्यिक विधा भन्दा जीवनको विस्तृत आयमलाई समेट्ने हुँदा यसमा भाषाको सर्म्पूण शक्तिको प्रयोग पनि गरिन्छ । काव्य श्रव्यप्रधान हुन्छ, नाटक दृश्यप्रधान हुन्छ भने उपनयास पनि गरिन्छ । काव्य श्रव्यप्रधान हुन्छ, नाटक दृश्य प्रधान हुन्छ भने उपन्यास पाठ्यप्रधान हुन्छ । कथ्य विषयलाई पाठकसमक्ष प्रभावकारी ढङ्गले सम्प्रेषण गर्ने सामग्री उपन्यासकारसँग भाषाबाहेक अरु केही हुँदैन । विविध घटना तथा दृश्य पात्र आदि नाटकमा जस्तो हामी उपन्यासमा सोझै देख्न सक्तैनौ किनभने उपन्यासमा ती चीजहरु भाषाको माध्यमद्वारा नै चित्रित हुन्छन् । साहित्यिक भाषामा सामान्य नियमहरुको अतिक्रमण गरी विशिष्टताको निर्माण गरिन्छ (बराल र एटम, २०५८ : ४२) । अभिव्यक्तिको ढाँचा तरिका वा उपन्यासको संरचना कसरी भएको छ त्यो नै शैली हो । उपन्यासमा भाषा र शैली एकअर्कासँग परिपूरक र अनिवार्य तथा महत्वपूर्ण तत्व हुन् ।

## २.४.६ दृष्टिविन्दु

प्रथम पुरुष दृष्टिविन्दुमा आफै कथा नभनी चरित्रमार्फत भनिने हुनाले उपन्यासमा नाटकीय व्यङग्योक्ति प्रयोग गर्न सजिलो हुन्छ । कथयिता चरित्रमा लुकेका लेखक र वास्तविक लेखकको विपरित अवधारणाबाट उपन्यासमा व्यङ्ग्योक्ति उत्पन्न हुन्छ । त्यसैले त्यस्तो कथयिता कहिलेकाही अविश्वसनीय पनि हुन्छ । तर यो अविश्वसनियता अज्ञानताका कारण नभएर पात्रभित्र लुकेर बसेको लेखकका कारण हुन्छ ।

कथयिता उपन्यासकै कुनै पात्र आमपाठक वा लेखकलाई सम्बोधन गरेर लेखिएको उपन्यासमा द्वितीय पुरुष दृष्टिविन्दु प्रयोग भएको हुन्छ । यसमा तँ, तिमी, तपाई आदि द्वितीय पुरुष सर्वनामको प्रयोग गरिन्छन् र एउटैलाई मात्र सम्बोधनमा विविधतामा भएको उपन्यास तुलनात्मक रुपमा जटिल हुन्छ । द्वितीय पुरुष दृष्टिविन्दु उपन्यासमा कथयिताले सम्बोधित व्यक्तिलाई निर्देशन पनि दिएको हुन्छ । पाठकहरु आफूलाई यथार्थ जीव्न भोगिरहेको अनुभव गर्दछन र खुल्ला हृदयका साथ परिवेशप्रति प्रतिक्रिया व्यक्त गर्दछन् (बराल र एटम्, २०६६ : ३५–३८) ।

उपन्यासमा कथयिताले कथावाचनका लागि उभिन वा वस्नलाई रोजेको ठाउँ नै दृष्टिविन्दु हो । यसबाटै कथयिताले कसरी घटना एवम् चरित्रहरुलाई वर्णन तथा उपस्थापन गर्छ भन्ने कुराको निर्धारण हुन्छ । यसले कसले कथा भनेको छ र कसरी कथा भनिएको छ भन्ने कुरालाई बुझाउँछ । कतै कथयिताले आफु नै औपन्यासिक कथानकमा पसेर बोल्ने अनुमति पाएको हुन्छ भने कतै सानो ढोकाबाट देखिएका कुराहरु र कतै सम्पूर्ण ओकल्ने छुट पाएको हुन्छ । यस आधारमा दृष्टिविन्दु बाह्य वा तृतीय पुरुष आन्तरिक वा प्रथम पुरुष र सम्बोधित वा द्वितीय पुरुष गरी तीन प्रकारका हुन्छन् । तृतीय पुरुष दृष्टिविन्दु भएको उपन्यासाम कथयिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ र उसले घटनास्थलभन्दा बाहिर रहेर अरुका बारेमा टिप्पणी गर्दछ । उपन्यासमा कथायिताको अधिकारका आधारमा यसलाई सर्वज्ञ र सीमित गरी दुई वर्गमा बाँड्न सकिन्छ ।

दृष्टिविन्दु पनि केन्द्रीय र परिधीय आधारामा दुई प्रकारको हुन्छ । केन्द्रिय दृष्टिविन्दुमा पात्रका रुपमा लेखक स्वयम् भोक्ताका रुपमा नियोजित हुन्छ । यदि प्रथम भोक्ताका रुपमा नियोजित छ भने प्रथम पुरुष केन्द्रिय दृष्टिविन्दु हो र लेखकबाट नियुक्त पात्र पनि प्रथम भोक्ताका रुपमा उपस्थित बन्दछ भने त्यो प्रथम पुरुष परिधिय दृष्टिविन्दु हो । त्यसरी नै यदि लेखकद्वारा तृतीय पुरुष पात्र नियोजित गरिएको छ भने तृतीय पुरुष दृष्टिविन्दु हो र लेखक मको सट्टामा तृतीय पात्र उपयोग गरेको छ भने तृतीय पुरुष परिधीय दृष्टिविन्दु हो (सुवेदी, २०६४ : २८) ।

### २.४.७ जीवनदर्शन/उद्देश्य

उपन्यासको मुख्य विषय हो जीवन । जीवन व्यक्तिगत र समाज दुवै परस्परमा आवद्ध सत्य हो र एक–दोस्रोको पूरक पनि । साहित्यमा यी दुवै प्रकारका जीवन व्यक्तिएका हुन्छन् र जीवनको यो आबद्ध सत्यलाई अभिन्न रुपमा वा पृथक पृथक स्वीकार गरिएको छ । विभिन्न मनको स्वरुप अनि त्यसका क्रियाकलापको विश्लेषण र अध्ययनबाट व्यक्ति–जीवनको चरित्र बुझ्ने प्रयास हुन थाल्यो । साथै जीवनको वैयक्तिक मूलय पनि स्वीकार गरियो तथा त्यसको विचित्र आन्तरिक मनःस्थिति अध्ययन गर्नु उत्तिकै महत्वपूर्ण कार्य मानियो । जीवनका यी दुवै पक्ष अत्यन्त विस्तृत र गहिरा छन् । ज्ञानको विशिष्टीकरणमा दुवैको स्वतन्त्र विकास भयो । सामाजिक जीवनको सबै पक्षको निरीक्षण गरेर त्यसलाई समग्रमा उपस्थित गर्न ठूला ठूला उपन्यास पनि लेखिएका छन् । जस्तै लियो टाल्सटायको युद्ध

र शान्ति, नेपालीमा दौलतविक्रम विष्टको एक पालुवा अनेकौ याम, भिक्षुको आगत अथवा मदनमणिको माधवी सामाजिक जीवनकै पृथक चित्र हुन् । अर्कोतिर सामुहिक जीवनका कुनै सानातिना समस्या अथवा व्यक्तिको कुनै विशेष मनोदशाको विश्लेषण गरेर पनि उपन्यास लेखिन्छ । विजय मल्लको अनुराधा मनोविश्लेषणक नेपाली उपन्यासको उदाहरण हो ।

उपन्यास एउटा कला हो । कलामा रागात्मकताको सम्बन्ध हुन्छ । वस्तुमा आरोपित रागात्मक सम्बन्धबाटै कथावस्तु बढी रोचक तथा संवेद्य हुन्छ । यसैद्वारा उपन्यासमा वर्णित जीवनसित पाठकहरु तादात्म्य स्थापित गर्छन् । उपन्यास जस्तो कलाकृति र अन्य समाजशास्त्रमा हुने भिन्नताको मुख्य कारण यही रागात्मक तत्व हो । जीवनको बयान इतिहासले पनि गर्छ । राजनीतिकले पनि र दर्शन, मनोविज्ञान, समाजशास्त्र जीवनकै व्याख्या–विश्लेषण प्रस्तुत गर्छन् तर जीवनसित सम्बनीधत भएर पनि तिनीहरु निष्क्रिय हुन्छन्, प्रतिक्रियाशुन्य र मात्र लेखाजोखाको हिसाब गर्छन् । त्यहाँ जीवनको स्पन्दन हुँदैन, गतिशीलता हुँदैन र मानवीय प्रकृतिको जीवन्त रुप अनूभूत गर्न सक्दैनौ । रागात्मकताको सस्पर्शले विद्युतशक्ति प्रवाहित भएझै जीवनमा सजीवताको लहर दौडन्छ र त्यसको प्रत्येक दुःख, सुख, नाश–निर्माण, हारजीत ले छोइन्छौं, चिमोटिन्छौं र रुन्छौं हास्छौं । यही जीवन ग्रहण गरेर उपन्यासले आफूभित्र एउटा समाज रच्छ, त्यसले रचना गरेका व्यक्ति हामीसँगै हामीसरह हिड्डुल गर्छन(प्रधान, २०५२ : ४–५–६) ।

उपन्यासमा खासगरी सामाजिक समस्या र वैयक्तिक जीवनका विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित र समस्याहरु यथातथ्य वर्णनमात्र नभएर तिनीहरुको जीवनप्रति उपन्यासकारले कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिरहेका हुन्छन् । स्रष्टा आफ्ना विचारलाई उपन्यासद्वारा पाठक जगतमा प्रक्षेपण गर्न चाहन्छ । त्यो प्रक्षेपित विचार मानव समाजका निमित्त रचनात्मक मार्गदर्शन बन्दछ । लेखक समाजको कुन कुन पक्षसँग बढी सम्वेदनशील छ, त्यही पक्ष नै स्रष्टाको बैचारिकि सम्पत्ति भएर प्रकट हुन्छ । विचार सम्प्रेषण गर्ने क्रममा उपनयास नै ओपदेशिक आचारशास्त्र भएर आयो भने कला नभएर सिद्धान्त बन्छ । साहित्य नभएर विचारको दस्तावेज बन्दछ । त्यसकारण कलात्मक मुल्य विन्यास गर्ने दृष्टिकोणले उपन्यासलाई अशास्त्रीय शास्त्र र अनुपदेशिक उपदेश एवम् अवैचारिक विचारको संवाहकका रुपमा प्रतिपादन गर्नु बाच्छनीय देखिन्छ । यसरी हेर्दा विषयलाई गहनता विस्तृति दिएर कुनै सामाजिक समस्या वा सैद्धान्तिक सत्यको प्रतिपादन गर्नु नै उपन्यासको उद्देश्य हुन्छ (बराल र एटम, २०६६ : ३८–३९) ।

अन्त्यमा कुनै खास जीवनदर्शनमा आधारित भई सिर्जना भएका बृहत आख्यानका माध्यमबाट पाठकलाई खास बौद्धिक ज्ञान प्रदान गर्नु उपन्यास लेखनको उद्देश्य हुन आउँछ । प्रत्येक उपन्यासका उद्देश्य बीच भिन्नता रहन सक्ने ठाउँ भनेको आख्यान सामग्रीको चयन र प्रस्तुतिका लागि अँगालिने जीवनदर्शन नै हो ।

### २.४.८ शीर्षक

शीर्षक कुनै पनि कृतिको शिर भाग वा टाउको हो, जसले कृतिको परिचय खुलाउँदछ । उपन्यासका सन्दर्भमा यसको विषयवस्तु, पात्र, परिवेश आदि मध्ये कुनै एकको आधारमा सन्दर्भमा शीर्षक चयन गर्न्छि । कुनै पनि साहित्यिक कृतिको शीर्षक अनिवार्य रुपमा रहेको हुन्छ । सामान्यतः शीर्षकबाटै कुनै कृति केसँग सम्बनीधत छ भन्ने कुरा पत्ता लाग्दछ । त्यसैले शीर्षकलाई पनि उपन्यासका तत्वका रुपमा लिइन्छ । शीर्षक एक शब्दको पदावलीदेखि वाक्यात्मक संरचना सम्मको हुन्छ । उपन्यासको शीर्षक अन्य आख्यात्मक विधा जस्तै कि पात्रको नामको आधारमा कि त परिवेशको नामा राखिएको हुन्छ ।

यसरी उपन्यासका तत्वहरु एक अर्कासँग सम्बनीधत भएर रहेका हुन्छन् । व्यक्ति वा समाजमा घटेका घटनाहरुलाई उपन्यासमा योजनावद्ध रुपले सङ्गठित गरी प्रस्तुत गर्ने तत्व कथानकसँग सम्बनीधत भएर आउने व्यक्ति चरित्र हो । यो मानवेत्तर र मानवीय जुनसुकै पनि हुनसक्छ । चरित्रिविना कथावस्तु अगाडि बढ्न सक्दैन । त्यस्तै घटना कुन स्थान समय र वातावरणमा घट्यो भन्ने कुराको जानकारी कार्यपिठिकाको रुपमा रहेको परिवेशले दिन्छ । अभिव्यक्तिको माध्यम र तरिकालाई भाषाशैली जनाउँछ ।

लेखकको केन्द्रिय विचारलाई यसको उद्देश्यले प्रतिनिधित्व गर्ने हुनाले यो तत्व विना पनि उपन्यासको संरचना सम्भव छैन । त्यसैगरी उपन्यासकारले कसको माध्यमबाट कथा भनिरहेको छ भन्ने कुरा दृष्टिविन्दुबाट छुटिन्छ । कथयिताको स्थान दृष्टिविन्दुबाट पत्ता लगाउन सकिन्छ भने धेरै शब्द प्रयोग गरेर भन्नु पर्ने कुराहरुलाई प्रतीकका माध्यमबाट एउटै शब्दमा प्रकट गर्ने काम पनि उपन्यासमा हुनसक्छ । यस प्रकार कथावस्तु, चरित्रचित्रण, परिवेश, भाषाशैली, सारवस्तु तथा उद्देश्य, दृष्टिविन्दु, शीर्षक उपन्यासका तत्वहरु हुन् । यी सबै तत्वहरुको आ–आफ्नै ठाउँमा उत्तिकै महत्व रहेको छ । यी कुनै एक तत्वको अभावमा उपन्यास पूर्ण हुन सक्दैन् । अतः यी सबै तत्वहरुको समुचित संयोजनबाट मात्र एक सफल उपन्यास बन्न सक्छ । विभिन्न तत्वहरुको पारस्परिक सम्बन्ध र उचित व्यवस्थापनबाट मात्र एक सुगठित उपन्यासको निर्माण हुन्छ (खतिवडा, २०७५ : ३३–३४) ।

## २.५ नेपाली उपन्यासको ऐतिहासिक विकासक्रम

विश्वसाहित्यमा उपन्यास विधाको इतिहास त्यति लामो छैन । उपन्यासको पृष्ठभूमिमा केवल पूर्वीय आख्यान साहित्य अर्थात बौद्धिक, औपनिसदिक, पौराणिक व्रततपोद्यापन र तिनका महिमा गानसँग सम्बद्ध रचनाग्रन्थहरुले उपन्यासको क्षेत्रको पुरा इतिहासमा महत्वपूर्ण काम गरेका छन् ।

हालसम्मको अनुसन्धानबाट नेपाली भाषाको जन्म भएको समयले हजार वर्ष बिताइसकेको प्रमाण सिद्ध भएको छ । एक हजार वर्षको समय पूर्वीय साहित्यका सन्दर्भमा आधुनिक आर्य भाषाहरुको

जन्म र मौलिक स्वभाव ग्रहण र तिनका साहित्यको आधुनिक स्वरुपको आरम्भ, विकास र सुदृणीकरणमा आवश्यक पर्ने समय खर्च भएको समय हो । यस क्रममा नेपाली साहित्यले सर्वप्रथम भाषा निर्माण, त्यसपछि भाषाबाट भाव र विचारको प्रस्तुतिकरण शब्दहरुको समुचित विन्यास समेतको क्रम क्रमशः विकसित हुदै गएको स्थिथि पनि नेपाली भाषाले आत्मसात गर्न थालेको छ । अरु अभिव्यक्तिको स्वरुपमा पनि प्रौढता पनि थपिदै गएको छ । विज्ञानका क्षेत्रमा प्रयोग हुने शब्द र तिनको विचार एवम् वस्तुग्रहण क्षमता, दर्शनका क्षेत्रमा प्रयत्न, शब्द र तिनको ललित विम्ब ग्रहण क्षमता अत्यन्त सुदृढ र सुसङ्गठित हुँदै जाने कुरामा नेपाली भाषा आज जुन क्षमता आर्जन गर्न सक्यो त्यसका पृष्ठभूमिमा हजार वर्षको योगदान लुकेको छ । प्रारम्भमा अभिलेख र दानपत्रका क्षेत्रमा प्रयुक्त यो भाषा पन्ध्रौं शताब्दी पछि ग्रन्थस्तरमा विकसित भयो । यस भाषाले देशका बासिन्दाहरुको मनोभावना व्यक्त गर्ने, मान्छेका अन्तस्करणलाई उद्घाटन गर्ने र विचारको आदानप्रदान गर्ने तर्फको प्रमाणिकरण विभिन्न जातजाति र तिनका स्थितिहरुलाई मुल्यान्तरण गर्ने र सरलतिर अभिमुख गराउने प्रयास पनि हुँदै रहयो । देशको प्रशासनिक व्यवस्थापन र तिनको सञ्चालन गर्ने जिम्मा लिएको नेपाली भाषा क्रमशः साहित्यको विधा र क्षेत्रतिर सवल र प्रतीकग्रहण क्षमतातिर अग्रसर हुँदै गयो (सुवेदी, २०६४ : ३४) ।

ग्रन्थस्तरका रचनाहरुमा विक्रम संम्वतको १४०० तिर ज्योतिष ग्रन्थको पुस्तक संस्कृतबाट नेपालीमा रुपान्तरण गर्ने काम भयो । गणित ज्योतिषको यस ग्रन्थलाई आजसम्म उपलब्ध ग्रन्थहरुको प्राचीन नमुनाका रुपमा लिने गरिन्छ । राजा गगनीबमको यात्रा (१५५०), अज्ञात लेखकको बाजपरीक्षा (१७००), वाणीविलास ज्योतिर्विको ज्वरोत्पत्ति चिकित्सा (१७७३) र प्रेमनिधि पन्तको प्रायश्चित प्रदीप (१७८०), दावादल शाहको औषधारसायन (१८००), अर्जीण मञ्जरीहरुको विविध रुपहरु पनि देखापरे । नेपाली भाषाको उद्भव र त्यसमा दैनिक व्यवहार क्षमता एवम् बौद्धिक कुशलता थपिदै आउने क्रममा प्रौढतातिर उन्मुख भएको स्थिति प्रकट हुँदै आएको छ ।

यसरी एक सहस्राब्दी गुजारी सकेको यस भाषालाई नेपालको विभिन्न क्षेत्र र खण्डमा विभक्त राज्य व्यवस्थाबाट प्रशासनिक र दैनिक कार्य सञ्चालनको भाषाको रुप प्राप्त गर्दै गएको यस भाषाले पृथ्वीनारायण शाहको नेपाल एकीकरणको अभियान र  देशका विभिन्न भाग सम्मको व्यवहार सञ्चालन गर्नलाई नेपाली भाषाले नै सञ्चारको जिम्मा लिएको छ । वि.स. १८३० पूर्वसम्मको समय भाषाको उढानको क्रममा खर्च भएको अवधि हो । लेखन र प्रवचनको प्रक्रिया आरम्भ भएको यो अवधि नेपाली भाषाका इतिहासमा महत्वपूर्ण प्राप्तिको अवधि रहेको छ । ऐतिहासिक सन्दर्भका दृष्टिले यो अवधि महत्वपूर्ण र उपलब्धिमूलक मानिन्छ  सुवेदी, २०६४ : ३५) ।

हालसम्मको समयक्रमलाई केलाउँदा नेपाली उपन्यासको विकासक्रममा तिनकाल देखापर्छन । तिनीहरुलाई यहाँ प्रस्तुत गरिएको छ ।

### २.५.१ प्राथमिक काल (१८२७–१९४५)

नेपाल अधिराज्यको एकीकरणको क्रममा पृथ्वीनारायण शाहले काठमाडौं विजय (वि.सं.१८२५) गरेको दुई वर्षपछि शक्तिबल्लभ अर्ज्यालको विराट पर्व (वि.सं. १८२७) अनुवाद गरेको देखिन्छ । यसले नेपाली साहित्यलाई आख्यानका क्षेत्रमा पदार्पण गरायो । संस्कृति भाषामा आफैले लेखेको हास्यकदम्ब नाटकलाई पनि उनले संवत १८५५ मा आख्यानात्मक रुप दिएर नेपालीमा अनुवाद गरे । त्यसपछि भानुदत्तले संवत १८३३ मा हितोपदेश मित्रलाभ नेपाली अनुवाद गरे । गद्याख्यानको शैलीमा सुधार गरी उनले आफ्नो रचनामा एपक एवम् बाग्धाराको प्रयोग समेत गरेका देखिन्छ । त्यसपछि महाभारतकै विविध प्रसङ्गबाट विषयवस्तु लिएर रामभद्र पाध्याले संवादात्मक शैली प्रयोग गरेर लेखेको लक्ष्मी धर्म संवाद (१८५१), लेखे । त्यसै क्रममा बेनामीको पिनासको विनाश (१८७२), दशकुमारचरित (१८७५), स्वस्थानी व्रतकथा (१८७८) प्रकाशित भए भने भवानी दत्तले अनुवाद गरेको मुद्राराक्षस (१८८२ पूर्व सुन्दरानन्द बाँडाको त्रिरत्न सौन्दर्यगाथा (१८९०) र अध्यात्मरामायण (१८९६) जस्ता कृतिहरु पनि देखा परे (बराल र एटम्, २०६६ : ७१) ।

१९०६ देखि १९०९ सम्म जङ्गबहादुरले गरेको बेलायत यात्रालाई विषयवस्तु बनाएर तयार गरिएको यात्रा वृतान्त १९३३ मा प्रकाशित भएको छ । समष्टिमा नेपाली भाषाले गुजारेको यो लगभग ९ सय वर्षको समयवधिलाई १८२६ पूर्वको अवधि जति पृष्ठभूमि चरण र १८२७ पछिको, १९४० पूर्वको समय चाँहि उपन्यास साहित्यको प्राथमिक कालका रुपमा लिने गरिन्छ । पृष्ठभूमिको चरण शक्तिबल्लभको विराटपूर्वले उपसंहार गरेको छ भने जङ्गबहादुर बेलायत यात्राले पनि प्राथमिक कालको उपसंहार गरेको छ ।

### २.५.२ माध्यमिक काल (१९४६–१९९०)

नेपाली उपन्यास परम्पराको प्राथमिक कालमा केही आख्यानात्मक नमुना बोकेका कृतिहरु देखिएपछि ती कृतिहरुमा औपन्यासिकताको निर्वाह भएको थिएन् । किनभने तिनीहरु कथा र उपन्यासको दोसाँधमा थिए । विभिन्न पृष्ठभूमि एवम् विदेशी प्रभाव फलस्वरुप संवद १९४६ मा वीरसिक्का प्रकाशित भएपछ नै आख्यान उपन्यासको स्वरुप निर्धारणको प्रयास थालनी गरी काल्पनिकताको सृष्टिमा रमाउन थालेको हो । हिन्दी बङ्गाली, अंग्रेजी, फारसी र उर्दु भाषामा लेखिएका रचनाहरुले नेपाली उपन्यासको विकासमा निकै प्रेरणा र बल प्रदान गरेका छन् । पृष्ठभूमिकालमा दशकुमार चरित्र (१८७५) र अध्यात्म रामायण (१८८६) बाट औपन्यासिक गर्भाधानको जुन सुरुवात भयो त्यसको उत्कर्ष रुप वीरसिक्कामा पाइन्छ । निर्माण कालीन उपन्यास परम्परामा जासुसी, तिलस्मी तत्वका साथै रोमान्स र अद्भुतताको जुन प्रवृति देखापर्‍यो ती सबैको प्रारम्भ स्थल वीरसिक्का बनेको हुँदा नेपाली उपनयासको इतिहासमा यस कृतिको महत्वपूर्ण भूमिका रहेको छ । यथार्थभन्दा निक्कै टाढा रहेको परिवेश र यसका घटनाहरुमा तन्त्र,

मन्त्र, जादु, टुनामुना एवम् योगबलहरु वीरसिक्का कुराहरु वीरसिक्कामा वर्णित छन् । वीरसिक्का भक्तिमूलक धार्मिक, पौराणिक आदि विषयवस्तुमा सिमित नेपाली आख्यानलाई स्रोतको बृहतर रुप दिएको छ ।

वीरसिक्कापछि हरिहरशर्माको शुकबहत्तरी (१९५०), अज्ञात लेखकको लालहीराको कथा (१९५०), नरदेव पाण्डेको गुलबकावली (१९८१), शम्भुप्रसाद ढुङ्गेलको हात्तीमताई (१९८१), वीरबलकौतुक (१९८२), पद्मप्रसादको अचम्मको बच्चाको कथा (१९८५) आदि कृतिहरु प्रकाशित भए । यी रचनाहरुमा पनि कथात्मक मनोरञ्जन र अलौकिक रोमान्सको राम्रो निर्वाह भएको छ (बराल र एटम, २०६६ : ७३–७४) ।

पुस्तककार रुपमा सं १९५९ प्रकाशनमा आएको सदाशिव शर्माको महेन्द्रप्रभा नेपालीको पहिलो मौलिक उपन्यासका प्रेरणामा नै भएपनि सचेत रुपले नेपाल उपन्यास विधाका प्रथम प्रणेता बनेका सदाशिव शर्माको योगदानको ऐतिहासिक महत्व छ । यो उपन्यास जासुसी भएपनि पूर्व मौलिक छ (उपाध्याय, २०६७ : १३३)

मौलिक उपन्यास लेख्ने उपन्यासकारका रुपमा गिरीबल्लभ जोशीको नाम पनि अविस्मरणीय छ । १९५६ मा लेखेको वीर चरित्र नै प्रथम मौलिक उपन्यास हो तर यसको प्रकाशन १९६० मा मात्र भयो । लेखनका हिसाबले चाँदी वीरचरित्र नै जेठो छ । पारम्परित कथानकलाई स्थानीय रङ्गमा रङ्गाएर लोककथात्मक एवम् तिलस्सी ऐयासी तत्वको मिश्रण गरी लेख्ने जोशी प्रथम व्यक्ति हुन् ।

प्रतीकात्मक रुपमा नेपाली समकालीन परिवेशको चित्रण गरेको यस उपन्यासले शासकहरुले चाहेमा नेपालमा पनि समुन्नत र विज्ञानसम्मत व्यवस्था सिर्जना गर्न सकिन्छ भन्ने तथ्यलाई प्रस्तुत गरिएको छ भने व्यवस्थित कथानक र नेपाली परिवेशको प्रयोगका दृष्टिले पनि यसको ऐतिहासिक मूल्य छ ।

नेपाली उपन्यासका सन्दर्भमा समाचार तथा साहित्यिक पत्रिकाहरुको पनि योगदान रहेको देखिन्छ । साधुराम देवकोटाको सम्पादनमा प्रकाशन आरम्भ भएको गोरखापत्र (१९५८), सूर्यप्रसाद ज्ञवालीको सम्पादनमा रहेको जन्मभूमि (१९७९), गोर्खा संसार (१९८३) लगायतका पत्रिकाहरुले पनि यस समयको उपन्यासको विकास प्रक्रियामा महत्वपूर्ण योगदान रहेको छ (सुवेदी, २०६४ : ४७) ।

धर्मसँग सम्बद्ध रहेर तथा जीवनका नैतिक आदर्शको स्थापनामा बाटो देखाउने उद्देश्यले नरदेव पाण्डेको मेरिना चरित्र (१९७९), तीर्थ प्रसाद आचार्यको बेदान्तसागर (१९६०), हरिहर आदीको विदुलापत्र संवाद (१९६५) जस्ता रचना प्रकाशित भए भने सामाजिक सुधारात्मक उद्देश्यले बेनामीको प्राचीन प्रपन्च (१९६२), द्धारिकानाथ उपाध्यायको यमपञ्चक प्रपञ्च (१९६३), बैजनाथ सेढाईको चक्रपरिक्रमा (१९७३), विज्ञानन विलासको महारानी प्रियम्बदा (१९७३), बेदनाथ आचार्यको दयाकी भावी

(१९७९), महानन्द सापकोटाको त्रिवेणी (१९८५), अम्बालिकादेवीको राजपूत रमणी आदि यस कालका रचनाहरु मानिन्छन् ।

यसरी नेपाली उपन्यासको माध्यमिक कालमा विभिन्न प्रवृतिले युक्त भएका उपन्यासहरु लेखिए पनि संस्कृत आख्यान परम्पराबाट नैतिकता औपदेशिकता र पश्चिम एसियाली आख्यान परम्पराबाट रोमान्सता बढी देखिन आएकोले औपन्यासिक संरचनामा शिथिलता पात्रचयनमा अदभूतिकता र घटना गुम्फनमा अस्वभाविकता देखिन्छ । यति हुँदाहुँदै पनि उपन्यासको प्रारुप र पृष्ठभूमि निर्माणका क्षेत्रमा भने यस कालको निकै महत्वपूर्ण भूमिका रहेको छ । यस कालमा अनुदितका साथै मौलिक कृतिहरु पनि प्रकाशित भएका छन् भने उपन्यास सामाजिक विषयको नजिक पुगेको छ ।

### २.५.३ आधुनिक काल (१९९१–हालसम्म)

आधुनिक कालको मिरमिरे रुद्रराज पाण्डेको रुपमती (१९९१) बाट शुरु भई आजसम्म आइपुग्दा नेपाली उपन्यास विभिन्न चरणहरुमा नयाँ प्रवृत्ति र धाराहरु समावेश गर्दै अगाडि बढेको छ । आधुनिक कालको थालनीमा देखापर्ने नेपाली उपनयासमा बाह्य यथार्थको चित्रण गर्ने प्रवृत्ति र कथानक प्रधान लेखनको प्रवलता देखिन्छ भने संवत् २०१६ सालदेखि मनोविज्ञानको प्रवेश भई सुक्ष्म यथार्थको प्रस्तुति पनि आरम्भ हुन्छ । यसै मनोविज्ञानको प्रभावबाट नै आत्मपरक एवम् अन्तर्मूखी जटिल उपन्यासहरु लेखिन थालेका पाइन्छन् । यस प्रभावले २०३५ सालसम्म निरन्तरता पाए पनि त्यसपछि पारिजात, ध्रुवचन्द्र गौतम एवम्, दौलतविक्रम विष्टहरुमा सामाजिक विकृति र विसङ्गतिको सक्ष्म आलोचना गर्ने प्रवृति बढ्दै गएको देखिन्छ । भनै प्रयोगात्मक दुरुहता त्यागी जीवनमूखी प्रवृतिको अङ्गीकार गर्ने प्रवृत्ति पनि फस्ताएको पाइन्छ (बराल र एटम, २०६६ : ८३) । यिनै मुख्य भिन्नताका आधारमा आधुनिक नेपाली उपन्यासको समग्रतालाई तीन चरणमा विभाजन गरेर अध्ययन गर्न उपयुक्त ठहर्दछ । यस विभाजनको मोटामोटी आङ्कलन यसरी प्रस्तुत गर्न सकिन्छ ।

#### २.५.३.१ प्रथम चरण (वि.स. १९९१–२०१५)

प्रथम चरणका उपन्यासले सामाजिक यथार्थका विविध रुपको चित्रण गरेको पाइन्छ । जसरी र जुन विधि अपनाएतापनि यस चरणका उपन्यासमा मूलत : बाह्य यथार्थवादी वर्णनमै केन्द्रित हुने साझा प्रवृत्ति पाइन्छ । आदर्शोन्मुख यथार्थवादी धाराका रुद्रराज पाण्डेका रुपमती (१९९१), चम्पाकाजी (१९९३), प्रायश्चित (१९९५) र प्रेम (२००५), काशीबहादुर श्रेष्ठको उषा (१९९५), पदमराज मिश्रको रकबन्धकी (१९९६), रामकृष्ण कुँवरको राणा (१९९९), जस्ता उपन्यासहरु यसैबेला आएका हुन् । स्वच्छन्दतावादी धाराका रुपनारायण सिंहको भ्रमर (१९९३), अच्छा राई रसिकको लगन (२०११), शिवकुमार राईको डाक बङ्गला (२०१३) उपन्यास पनि यसै चरणमा देखिए भने सामाजिक यथार्थवादी धारामा लैनसिंह बाङ्देलको मुलुक बाहिर (२००४), लीलबहादुर क्षेत्रीको बसाँई (२०१४), मोनबहादुर मल्लको उजेली छाँया (२००८) र समयको हुरी (२०१५) आदि उपन्यासहरु महत्वपूर्ण रहे भने बाङ्देलको

लङगडाको साथीले अतियथार्थवादी धारालाई भित्र्याएर केही भिन्नताको परिचय दियो । आलोचनात्मक यथार्थवादी धाराको प्रवेश हृदयचन्द्रसिंह प्रधानको स्वास्नीमान्छे (२०११) र एक चिहान (२०१७) तथा खड्गबहादुर सिंहको विद्रोह (२०११) र हुरीकोचरा (२०१३) बाट भयो (बराल र एटम्, २०६६ : ८४) ।

यिनै प्रतिभा र उपन्यास लिएर विस्तार भएको प्रथम चरणका विशेषतालाई यसरी प्रस्तुत गरिन्छ ।

- कथानक प्रधान उपन्यासको प्रचलन हुनु
- आदर्शवाद, स्वच्छन्दतावाद र यथार्थवादको मिश्रणमा उपन्यास रचिनु
- बाह्य जगतका सामाजिक र ऐतिहासिक यथार्थको उद्घाटनको बाहुल्य हुनु
- जीवन र जगतसम्बन्धी आधुनिक वस्तुवादी चिन्तनको आधारमा उपन्यास रचिनु
- तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिनु
- समाज र परिवेशको प्रस्तुतिमा भावुकताको प्रयोग गरिनु
- स्थूल यथार्थको वर्णन र व्याख्याको प्रधानता हुनु ।

### २.५.३.२ द्वितीय चरण (वि.स. २०१६–२०३५)

आधुनिक नेपाली उपन्यासको यस चरणमा स्थूलताबाट सुक्ष्मतातिरको यात्रा पनि आरम्भ भयो । यस समयका उपन्यासहरु व्यक्तिमनको आन्तरिक चित्रणमा केन्द्रित रही सुक्ष्म यथार्थको अङ्कन गर्न पनि अग्रसर छन् । पाश्चात्य साहित्यको अनेकौ वाद र विचारहरुले हुर्किने र फैलिने मौका पनि यसै समयका उपन्यासमा पाएको देखिन्छ भने व्यक्तिनिष्ठ लेखनको विकास भएकाले शैली र चिन्तन दुवैमा क्लिष्टता पनि स्पष्ट देखिन्छ । मनोविज्ञान अत्याधिक प्रयोग यसको केन्द्रित विशेषता हो भने प्रयोगात्मक प्रवृत्ति पनि यस चरणको एउटा पहिचान हो । मनोविश्लेषणवादी धाराका गोविन्द गोठालेको पल्लो घरको झ्याल (२०१६), वियल विजय मल्लको अनुराधा (२०१८), विश्वेश्वरप्रसाद कोइरालाको नरेन्द्रदाइ (२०२७), र सुम्निमा (२०२७), सुक्ष्म यथार्थको अङ्कनमा सफल उपन्यास हुन् । विसङ्गतिवादी चिन्तनमा लेखिएका उपन्यासहरुमा इन्द्रबहादुर राईको आज रमिता छ (२०२१), पारिजातका शिरीषको फूल (२०२२) र महत्ताहीन (२०२५), धुव्रचन्द्र गौतमको अन्त्यपछि (२०२५), बालुवामाथि (२०२८) र डापी (२०३३), महत्वपूर्ण रहेका छन् । नेपालीमा प्रकृतवादी उपन्यास लेख्ने उपन्यासकारका रुपमा गोविन्दबहादुर मल्ल गोठाले चिनिन्छन् । उनका पल्लो झयाल यस शृङ्खलाको पहिलो उपन्यास हो । शङ्कर कोइरालाको खैरेनीघार (२०१८) भवानी मिश्रको पाइप नं. २ (२०३४) यसै समयमा देखापरे । प्रयोगवादी जटिलतालाई धुव्रचन्द्र गौतम उपर्युक्त तीन उपन्यास मञ्जुलको छेकुडोल्मा (२०२६), ओकिउयामा ग्वाइनको सुनाखरी (२०३३), जगदीश घिमिरेको साविती (२०३२), पिटर जे कार्थको प्रत्येक ठाउँ प्रत्येक मान्छे (२०३४) जस्ता उपन्यासले अगाडि बढाएका छन् । यसै कालमा राल्फा आन्दोलन एवम् अस्वीकृत

जमात् आन्दोलनले प्रश्रय पाए भने परम्परागत मान्यता विरुद्ध उपन्यास पनि लेखिए । नेपाली उपन्यास परम्परामा विश्वेश्वरप्रसाद कोइरालाको सुम्निमा (२०२७) बाट मिथकिय धाराको आरम्भ समेत भयो ।

प्रयोगवादी धारासँगै तर विपरित ध्रुवमा रहेर प्रगतिवादी धाराको आगमन तथा विकास र आलोचनात्मक यथार्थवादी धाराको बर्चस्व पनि यस चरणको महत्वपूर्ण विशेषता हो । प्रगतिवादी उपन्यासको समाजमुखी सचेत लेखन धारा यस चरणको उत्तरार्द्धमा निकै प्रेरक सिद्ध भयो । यस चरणका उपन्यासहरुमा डि.पी. अधिकारीको आशमाया (२०२५), धरती अझै बोल्दैछ (२०२७) खगेन्द्र सङ्ग्रौलाको चेतनाको पहिलो डाक (२०२७) र आमाको छटपट्टी (२०३४), पारिजातको तोरीबारी बाटो र सपनाहरु( २०३३), पर्खालभित्र र बाहिर (२०३५) र अनिदो पहाडसँग (२०३९), तिर्थ न्यौपानेको खद्माको गाँउ (२०३५) जस्ता उपन्यासहरु यस चरणमा देखापरे । यस धारामा प्रगतिशील आदर्श प्रस्तुत गरियो (उपाध्याय, २०६७ : १३४) ।

### २.५.३.३ तृतीय चरण (२०६६–हालसम्म)

आधुनिक नेपाली उपन्यासको उत्तरवर्ती चरणका रुपमा देखिएको यस अवधिमा पारिजात तथा ध्रुवचन्द्र गौतमका उपन्यासमा जटिल कथ्य एवम् शैलीका प्रयोक्ताहरु पनि यस चरणमा समाजमुखी प्रवृत्ति लिएर देखिए । दौलतविक्रम विष्ट तथा रमेश विकलका उपन्यासहरु विसङ्गति र यौनवृत्तिलाई छाडि सामाजिक विकृतिको चिरफार तिर उन्मुख रहे । लेखनको दुरुहता त्यागेर अधिकांश उपन्यासकारहरु सामाजिक सन्दर्भमा केन्द्रित रही जीवनमुखी साहित्य सिर्जनामा समाहित भएका छन् । आलोचनात्मक यथार्थवादी धारामा ध्रुवचन्द्र गोतामेका घामका पाइलाहरु (२०३५) र यहाँदेखि त्यहाँसम्म (२०४२), कट्टेल सरको चोटपटक (२०३७), अलिखित (२०४०), निमित्त नायक (२०४३), उपसंहार अर्थात चौथो अन्त्य (२०४८) र दुविधा (२०५२), भरतजङ्गमको कालो सूर्य (२०३६), दौलतविक्रम विष्टको भोक र भित्ताहरु (२०३८) र ज्योति ज्योति महाज्योति (२०४५), तारानाथ शर्माको झझल्को (२०४५), नेपालदेखि अमेरिकासम्म (२०४९), गीता केशरीका सौगात (२०४६), आवाज (२०४७), मुक्ति (२०४८), कवितारामको बकपत्र (२०४६), गोविन्द गिरीको उत्खनन् (२०४५) र अन्तिम खाडल (२०५३), सीता पाण्डेको अर्न्तद्वन्द्व (२०५६) आदि महत्वपूर्ण रहेका छन् (बराल र एटम, २०६६ : ८६) ।

यस अवधिमा लेखिएका उपन्यासहरुमा मिथकको प्रयोग गरिएका कृतिहरु पनि विर्सन नसक्नुका छन् । पुराण वा पूराकथाबाट विषयवस्तु लिएर नवीन किसिमले पुनसिर्जना गरिएका यस खाले उपन्यास मिथकिय लेखनलाई प्रवेश गराउने श्रेय विश्वेश्वरप्रसाद कोइरालालाई जान्छ । उनको मोदिआइन (२०३६) र हिटलर र यहुदी (२०४०), मदनमणि दीक्षितको माधवी (२०३९) र त्रिवेदी (२०५१), राजेश्वर देवकोटाको द्वन्द्वको अवसान (२०४१), विनोदप्रसाद धितालको योजनगन्धा (२०५१), ध्रुवचन्द्र गौतमको अग्निदत्तIअग्निदत्त (२०५२), इन्दिरा प्रसाइको विश्वामित्र (२०५५), जगदीश शमशेर सेतो रयाकको आख्यान (२०६०), कृष्ण धाराबासीको राधा (२०६२) आदि उपन्यासहरु महत्वपूर्ण रहेका छन् (खतिवडा, २०७५ : ४२) ।

प्रयोगवादी उपन्यासको भूमिकामा वृद्धि हुनु यस अवधिको विशेषता हो । पारिजातको अनिदो पहाडसँगै (२०३९), रमेश विकलको अविरल बग्दछ इन्द्रावती (२०३९), भक्तबहादुर नेपालीका जेलभित्र (२०३८), छिमेकीको भूत (२०४७), उज्यालो गाउँ (२०४८), सञ्जय थापाको नओइलाउने फूल (२०४३) र देउमाइको किनारा (२०४७), मोदनाथ प्रश्रितको चोर (२०४४), ऋषिराज बरालको समरगाथा आदि उपन्यास यसै धाराका कृति हुन् ।

उपन्यासमा नारीवादी चेतनाको विस्तार हुनु यस अवधिको महत्वपूर्ण प्राप्ति हो । पुरुष सत्ता विरुद्ध नारीहरुलाई सवल, स्वावलम्बी तथा सङ्घर्षी बनाई पुरातन सामाजिक संरचना भङ्ग गर्नका लागि नारीहरुले नै रचेका यस्ता वैचारिक उपन्यास निकै प्रभावशाली देखिएका छन् । पारिजातका परिभाषित आँखाहरु (२०४६) र बोनी (२०४८), सीता पाण्डेको अन्तर्द्वन्द्व (२०५६), शोभा भट्टराईको अन्त्यहीन अन्त्य, भाषा भण्डारीको सम्झौता (२०६०) आदि नारीवादी उपन्यास हुन (बराल र एटम, २०६६ : ८५–८७) ।

व्यक्तिगत वा सामाजिक जीवनमा भोग्नु परेका र भोग्दै आएका समस्या र परिस्थितिहरुको चित्रण गरी लेखिएका उपन्यासलाई सामाजिक यथार्थवादी उपन्यास भनिन्छ । सामाजिक रुपमा भइरहेका पात्रलाई वा घटनालाई जस्ताको तस्तै उपन्यासमा कथावस्तु बनाई लेखिने गरिन्छ । समाजको रोदन, पीडा, छटपटीलाई यथार्थ रुपमा प्रकट गर्दै लेखिने उपन्यास सामाजिक यथार्थवादी उपन्यास हुन्छ । वर्गीय पात्रको प्रयोग गर्नु, उपन्यास मार्फत समाज विकासोन्मुख र पतनोन्मुख देखाउन सामाजिक उपन्यासमा निहित प्रवृत्ति हो । यसैगरी गाउँले परिवेशको चित्रण गर्नु, समाजमा व्याप्त आर्थिक समस्या, स्त्री समस्या, बाल, विधवा बिबाह जस्ता विषयलाई प्राथमिकता दिन सामाजिक उपन्यासमा निहित प्रवृत्ति हुन् । गरीबी र यसबाट उत्पन्न हुने समस्या प्रस्तुत गर्नु अर्को प्रवृत्ति हो । यसरी समाजमा उच्च भन्दा निम्न वर्गका चरित्रको चित्रण गर्दे सभ्य र स्वस्थ समाजको निर्माणको आवाज बुलन्द गर्नु नै सामाजिक यथार्थवादी उपन्यासको मूल विशेषता रहेको पाइन्छ ।

यसरी परम्परागत संस्कृत तथा लोक आख्यानबाट शुरु भएको नेपाली गद्याख्यानले जासुसी, ऐयासी, तिलस्मी आख्यान अनुवादमूलक प्राचीन औपन्यासिक परम्परामा हुर्किए पनि आर्दशवादी प्रवृत्ति कै रुपमती उपन्यासका माध्यमबाट आधुनिकतामा प्रवेश गरी यहाँसम्मको यात्रा तय गरेको देखिन्छ । आदर्शोन्मुख यथार्थवादी धाराबाट आधुनिक नेपाली उपन्यास प्रारम्भ भएको हो तापनि स्वच्छन्दवादी धाराका मूल प्रर्वदक रुपनारायण सिंहको “भ्रमर”ले दिएको सुसगठित कथावस्तु र रमणीय भाषाशैलीका माध्यमबाट भने आधुनिक नेपाली उपन्यासले खास प्राण प्रतिष्ठा नै पाएको छ ।

## २.६ निष्कर्ष

नेपाली साहित्यका चार विधाहरु (कविता, नाटक, आख्यान र निवन्ध) मध्ये आख्यानबाट जन्मिएको उपविधा उपन्यास हो । उपन्यास संस्कृत स्रोतबाट आएको शब्द हो । यस व्यत्पति ( उप Γ नि Γ अस Γ घअ) बाट भएको हो । यसको व्युत्पतिगत अर्थलाई केलाउँदा यसले नजिकै राखिएको वस्तु भन्ने अर्थ दिन्छ । इटालेली भाषामा “नोवेला” अंग्रेजी भाषामा “नोवेल” मानिने उपन्यास शब्दले आख्यानको बृहत रुपलाई बुझाउँछ । यसमा पात्रको विस्तृत वर्णन गरिएको हुन्छ । उपन्यास शब्दको

परिभाषा विभिन्न विद्वानहरुले दिएका छन् । उपन्यास गद्य भाषामा लेखिएको काल्पनिक पात्रहरुको आयाममा विस्तृत आख्यान समेटिएको पूर्वापर तारतम्यमा स–सम्बृद्ध गरेर लेखिएको आख्यानात्मक गद्य रचना हो भन्ने निष्कर्ष विद्वानहरुले प्रस्तुत गरेका परिभाषाका आधारमा निकाल्न सकिन्छ ।

उपन्यासलाई साहित्यिक विधाका रुपमा चिनाउन यसमा प्रयोग गरिने विभिन्न घटक वा अवयवको महत्वपूर्ण भूमिका रहेको हुन्छ । साधारणतया कथानक विषयवस्तु, शैली र धारागत आधारमा उपन्यासलाई चार आधारमा वर्गीकरण गरिएको छ ।

उपन्यासका तत्व भन्ने वितिकै उपन्यास हुनुका लागि नभई नुहने आवश्यक अङ्ग भन्ने बुझिन्छ । उपन्यासका तत्वहरु कथावस्तु, चरित्रचित्रण, परिवेश, संवाद, भाषाशैली, दृष्टिविन्दु, जीवनदर्शन, शीर्षक, देशकाल वातावरण हुन् । वि.सं. १८२७ मा शक्तिबल्लभ अर्ज्यालद्वारा अनुदित विराटपर्वबाट नै नेपाली साहित्यमा आख्यानको प्रारम्भ भयो नेपाली उपन्यासको प्राथमिक काल शुरुवात पनि यहींबाट भयो । प्राय एउटै ढाँचाको शैली पाइन, संस्कृत तथा अन्य भाषाबाट अनुदित आख्यानको मिश्रण पाइनु, कथा र उपन्यासको विभाजनमा अस्पष्टता देखिनु यस कालमा मुख्य विशेषता हुन् ।

वि.स. १९४६ सालमा वीरसिक्का प्रकाशित भएपछि नेपाली उपन्यास विकासक्रममा माध्यमिक कालको शुरुवात भयो । वि.सं. १९४६ देखि १९९० सम्मको समयावधि बोकेको यस कालका विशेषतामा पनि अनुवादको प्रधानता कायम रहयो । स्थानीय परिवेशको चित्रणमा केही प्रयास भयो । लेखकीय भूमिका प्रवल भएका आख्यानको रचना भयो । आधुनिक नेपाली उपन्यासको शुरुवात रुद्रराज पाण्डेको रुपमती (१९९१) बाट भएको हो । प्रथम, द्वितीय र तृतीय चरणमा विभाजन भएको यस आधुनिक कालमा कथानक प्रधान उपन्यासको प्रचलन बढ्न थाल्यो । आदर्शवाद, स्वच्छन्दतावाद र यथार्थवादको मिश्रणमा उपन्यास लेखिए । प्रथम र द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग बढ्दै गयो । कलात्मक व्यङ्गलाई प्रधानता दिएर उपन्यास लेखिए । यसरी परम्परागत लोक आख्यानबाट शुरु भएको नेपाली उपन्यासले निकै कालखण्डलाई पार गर्दै यहाँसम्मको यात्रातय गरेको देखिन्छ ।

विशेष गरी सामाजिक क्षेत्रमा रहेर जटिल समस्याहरु र चरित्रहरुको अध्ययन गर्दै समाजको घटनाहरुको चित्रण गर्नु सामाजिक उपन्यासको मुख्य ध्येय हो । विशेष गरी समाजमा रहेर नजिकबाट समाजका समस्यालाई हेर्दै त्यहाँ हुने अन्याय, अत्याचारको चित्रण गर्नु, दमन र शोषणको भण्डाफोर गर्नु सामाजिक उपन्यासको मर्म हुन आउँछ । कुमार्गमा रहेका विचार र सोचलाई परिमार्जन गरी सुमार्ग तिर समाजलाई डोऱ्याउनु नै सामाजिक उपन्यासको मूल उद्देश्य हुन आउँछ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

□□□

# परिच्छेद तीन

# रामप्रकाश समथिङको जीवनी परिचय

# व्यक्तित्व, औपन्यासिक यात्रा र प्रवृत्ति

## ३.१ रामप्रकाश समथिङको जीवनको सङ्क्षिप्त रेखाङ्कन

### ३.१.१ जन्म र बाल्यकाल

साहित्यकार रामप्रकाश समथिङको जन्म स्व. असलबहादुर गुरुङ र माता जसमाया गुरुङका १७ सन्तान मध्ये साइला सुपुत्रका रुपमा वि.सं. २०२८ साल बैशाख २९ गते आइतबारका दिन पाँचथर जिल्लाको नाङ्गिन गा.वि.स. वडा नं. २ जरिङ्गे फुलबारी गाउँ, हालको फिदिम नगरपालिका वडा नं. १२ मा भएको हो । उनको न्वारानको नाम पुरेतले जुराई दिएको नाम चेतनप्रसाद, पछि आमा बाबुले राखिदिएको नाम रामबहादुर थियो । रामप्रकाश समथिङको बाल्यकाल नाङ्गिन गाउँमा बित्यो । गरीब परिवारमा जन्म भएका समथिङले आफ्नो जीवनको बाल्य अवस्थामा अत्यन्तै दुःख र कष्ट व्यहोर्नु परेको कुरा उनका प्रकाशित समथिङका वितेका क्षणहरु संस्करणबाट स्पष्ट हुन्छ । समथिङको लगभग ८ वर्षको उमेरमा मात्र बोली फुटेको कुरा उनको उक्त प्रकाशित कृतिबाट थाहा पाइन्छ । समथिङ साह्रै रुन्थे रे । उनको बाबुले आठ वर्षको हुँदासम्म छोराको बोली नआउँदा यो सोकोटालई सिंदुर दलेर तल दोवाटामा लगेर मन्साइदे" भन्दाखेरी उता उनको आमाले पछि समथिङको बोली आएपछि "तेरो बाबुले तलाई यो भन्थ्यो" भनेर भनेको कुरा उनी सम्झन्छन् । यसरी समथिङले बाल्यकाल विताएका थिए (शोधनायकबाट प्राप्त जानकारी अनुसार, २०७५/०८/०४) ।

### ३.१.२ शिक्षा दीक्षा

रामप्रकाश समथिङ अति नै निम्न आर्थिक अवस्था भएको निम्न वर्गीय परिवारमा जन्मेका र उनको ८ वर्षको उमेरमा मात्र बोली फुटेको हो । गरीब परिवारमा जन्मेका कारण समथिङले सानो छदा धेरै दुःख, अभाव र पीडा भोग्नुपऱ्यो । २०३६ सालबाट करीब १० वर्षको उमेर देखि मात्र उनले घर नजिकैको पूल भञ्ज्याङ प्राथमिक विद्यालय (हाल नाङ्गिन मा.वि.) कक्षामा जाना थालेका हुन् । समथिङ १ देखि कक्षा ३ सम्म सोही विद्यालयमा अध्ययन गरे । त्यसपछि उनी कक्षा ४ पढ्नका लागि श्री सिद्धदेवी मा.वि. नाङ्गिन पिपलबोटेमा नाम लेखाई पढाइलाई अगाडि बढाउन लागेका थिए । केही समय पछि उनले बाबुआमासँग सल्लाह गरी केवल आफुलाई विद्यालय जाने समय दिनु अरु बन्दोबस्त आफैं गर्ने सल्लाह मागेर उनका अभिभावकले सोही बमोजिमको निर्णय दिए पश्चात उनले एकैपटक कक्षा ७ मा भर्ना भई अध्ययन गर्न थाले । समथिङले २०४६ सालमा एस.एल सी. परीक्षामा गणित र अंग्रेजीमा कम्पार्ड पाए । २०४७ सालमा पास गरे । यिनले फिदिम बहुमुखी क्याम्पसमा आइ.कम पास गरेका थिए

भने सोही क्याम्पसमा स्नातक तहसम्मको अध्ययन गरे । यसरी समथिङको औपचारिक शिक्षा स्नातक तहमै सीमित रह्यो (संग्रौला, २०७१ : ८–९) ।

### ३.१.३ पारिवारिक स्थिति र दाम्पत्य जीवन

रामप्रकाश समथिङको वि.स. २०५४ सालमा तारादेवी गुरुङसँग बिबाह बन्धनमा बाँधिएको र उनका दुई सन्तान सुर्दशन र प्रदर्शन रहेका छन् । जीवनका हरेक मोडमा आर्थिक अवस्था कमजोर भएका कारण दुःख कष्ट भेल्नु परेको र अभावले केही गर्न सिकाएको समथिङ बताउँछन् । आफ्नो उच्च शिक्षाको लागि फिदिम बस्दा उनले नेकपा एमाले पार्टी कार्यालयदेखि िविभिन्न संघसंस्थामा समेत कर्मचारी बनी काम गरेका थिए (संग्रौला, २०७१ : ९) ।

साहित्यकार रामप्रकाश समथिङको पारिवारिक स्थितिको कुरा गर्दा दुई दाजु, दुई भाइ र बहिनीहरु पाँच जना र सन्तानका रुपमा दुईवटा छोराहरु सुर्दशन र प्रर्दशन रहेका छन् ।

### ३.१.४ पेशा र आर्थिक अवस्था

रामप्रकाश समथिङ अति निम्न वर्गीय परिवारमा जन्मिएका व्यक्ति हुन् । आर्थिक कष्ट, भेल्नुपरेको बताउँछन् । आफ्नो उच्च शिक्षाको लागि फिदिम बस्दा उनले विभिन्न नेकपा एमालेको पार्टी कार्यालय देखि लिएर विभिन्न संघ संस्थामा समेत कर्मचारी भएर काम गरेका थिए । यसरी विभिन्न संघसंस्थामा आवद्ध भएर उनले निरन्तर काम गर्दै जाँदा फिदिम बजारको भानु मार्गमा तीन तले १५ कोठे पक्की घर बनाउन सफल भएका छन् । यसका साथै अन्य विभिन्न ठाउँमा भिट्टा जग्गा लिन सफल भएका छन् (संग्रौला, २०७४ : ९) ।

### ३.१.५ साहित्यिक प्रेरणा र प्रभाव

साहित्यकार रामप्रकाश समथिङलाई कसैबाट पनि लेखनमा प्रभाव र प्रेरणा मिलेको पाइदैन् । उनी जब एस.एल.सी. पास गरेर उच्च शिक्षा हासिल गर्नका लागि पाँचथर बहुमुखी क्याम्पसमा प्रवेश गरे । त्यतिबेला “रङ्गमञ्च” भन्ने राष्ट्रिय मासिक पत्रिका प्रकाशित हुन्थ्यो । त्यही पत्रिका अध्ययन गर्दै जाँदा समथिङ्लाई पनि साहित्यिक क्षेत्रमा कलम चलाउाउन मन लाग्यो । फिदिमबाट प्रकाशित हुने “नौलो बिहानी” साहित्यिक मासिक पत्रिका, तेह्रथुमबाट प्रकाशित हुने “विष्फोटन” त्रैमासिक पत्रिका, प्राङ्बुङ ७ लाफेबाट प्रकाशित “पेनजिरीफङ” मासिक साहित्यिक पत्रिका, मेमेङ ५ नामलुवाबाट प्रकाशित “पारिजात साहित्यिक पत्रिका” याङनाम खलङ्गाटारबाट प्रकाशित “कोशिष” साहित्यिक पत्रिका, फिदिमबाट प्रकाशित “विद्यार्थी मञ्च” आदि विभिन्न पत्रिकाहरुमा उनले रचनाहरु प्रकाशित गर्न थाले । यसरी उनको साहित्यिक यात्रा प्रारम्भ हुन थालेको देखिन्छ । उनी एकान्तमा साहित्य लेख्न रुचाउँछन् । यसरी साहित्यिक क्षेत्रलाई अघि बढाउने प्रयास गरेको देखिन्छ (संग्रौला, २०७४: १९–२०) ।

### ३.१.६ साहित्यिक लेखन

रामप्रकाश समथिङले “दाह्री” शीर्षकमा वि.स. २०४९ साल साउन १५ गते अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन पाँचथर बहुमुखी क्याम्पस पाँचथरबाट प्रकाशित विद्यार्थी सन्देश मासिक( हस्तलिखित) साहित्यिक पत्रिका वर्ष ०१ अकं ०१ मा “विद्यार्थी” नामक कविता प्रकाशित गरेसँगै प्रारम्भ भएको साहित्यिक यात्रा २०६४ सालदेखि अझै उर्वर भएर गएको देखिन्छ । नेपाली साहित्यको बहुविधा कथा, कविता, उपन्यास, खोजमुलक कृतिहरु प्रकाशित गरी आफ्नो साहित्य यात्रालाई नेपाली साहित्यमा दर्विलो जग बसाल्न सफल भई सकेका, अढाइ दशक नेपाली साहित्यमा कलम चलाई सकेका समथिङले नेपाली साहित्यको बहुविधामै महत्वपूर्ण योगदान दिन सफल भएको देखिन्छ । साहित्यकार गुरुङ रामप्रकाश समथिङका २०६५ देखि २०७४ सालसम्म आइपुग्दा लेख्न थालेको २६ वर्ष र प्रकाशित गर्न थालेका १० वर्षमा साहित्यिक ३२ र खोजमुलक १७ गरी ४९ वटा कृतिहरु प्रकाशित गरिसकेका छन् । शोधनायकबाट प्राप्त जानकारी अनुसार (२०७५/०८/०४) उनका प्रकाशित साहित्यिक कृतिहरु निम्नानुसार छन् ।

#### ३.१.६.१ उपन्यास

| क्र.स. | उपन्यासको नाम | प्रकाशित मिति |
|---|---|---|
| १ | दुर्दशा | २०७४ |
| २ | बेसहारा | २०७४ |
| ३ | यातना | २०७४ |
| ४ | जवानीको ज्वालामुखी | २०७४ |
| ५ | जड्याकी स्वास्नी | २०७४ |
| ६ | जनयुद्धको उपकार | २०७४ |
| ७ | साहित्यकार | २०७४ |
| ८ | मृत्यु | २०७४ |
| ९ | साउदी रियल | २०७४ |
| १० | सौतेनी आमा | २०७४ |
| ११ | धनबहादुर सर | २०७४ |
| १२ | खेल जवानीको | २०७४ |
| १३ | धनीरामको दशैं | २०७४ |

| | | |
|---|---|---|
| १४ | टुट्को सपना | २०७४ |
| १५ | सेन्थेरेम | २०७४ |
| १६ | माया | २०७४ |
| १७ | विचरा जंगे कमरेड | २०७४ |
| १८ | महलदेखि सडक सम्म | २०७४ |
| १९ | कमरेड चट्टानको सपना | २०७४ |
| २० | भ्रष्टचारको कमाल | २०७४ |
| २१ | साहसी आमा | २०७४ |
| २२ | पाँचथरको स्थानीय नेतृत्व | २०७४ |
| २३ | नेपालको स्थानीय नेतृत्व | २०७४ |
| २४ | नेपालमा हामी नेतृत्व | २०७४ |
| २५ | धनबहादुर सर | २०७४ |

### ३.१.६.२ कथासङ्ग्रह

| क्र.स. | कथासङ्ग्रह पुस्तक | प्रकाशित मिति |
|---|---|---|
| १ | याक्साभित्रको कथाहरु | २०७३ |
| २ | मान्छेको पिडा | २०६९ |

### ३.१.६.३ कवितासङ्ग्रह

| क्र.स. | कवितासङ्ग्रह | प्रकाशित मिति |
|---|---|---|
| १ | समथिङ (कविता सङ्ग्रह) | २०६७ |

### ३.१.६.४ लेख निबन्ध

| क्र.स. | लेख निबन्धसङ्ग्रह | प्रकाशित मिति |
|---|---|---|
| १ | दलित जातिलेख सङ्ग्रह | २०६६ |
| २ | सेक्स, लेख र समथिङ | २०६७ |
| ३ | ओ माई गड सेक्स | २०७१ |

| | | |
|---|---|---|
| ४ | आइ लभ सेक्स | २०७२ |

### ३.१.६.५ खोजमुलुक कृति

| क.स. | खोजमुलुक कृति | प्रकाशित मिति |
|---|---|---|
| १ | छ सय एक सभाषद र नेपाल | २०६५ |
| २ | पाँचथरका आदिवासी जनजातिहरु | २०६६ |
| ३ | पाँचथर शिक्षा दपर्ण | २०६६ |
| ४ | प्रारम्भिक सहकारी शिक्षा | २०६६ |
| ५ | पाँचथरका माझी जाति | २०६६ |
| ६ | विद्यार्थीहरुका आँखामा राम्रा शिक्षक | २०६७ |
| ७ | पाँचथर, पाँचथरका स्रष्टा र उहाँहरुका प्रकाशित कृतिहरु | २०६७ |
| ८ | गैरसहकारी संस्था दर्ता र सञ्चालन | २०६७ |
| ९ | दलित जाति सम्बनीध सामान्य जानकारी | २०६७ |
| १० | हाम्रो सामाजिक परिचालन | २०६८ |
| ११ | तथ्याङ्कमा पाँचथर | २०७० |
| १२ | सहकारीमा बचतको महत्व | २०७० |
| १३ | समाज रुपान्तरणका लागि सामाजिक परिचालन | २०७० |
| १४ | दोस्रो संविधानसभा निर्वाचन | २०७० |

### ३.१.६.६ मुक्तक सङ्ग्रह

| क.स. | मुक्तकसङ्ग्रह पुस्तक | प्रकाशित मिति |
|---|---|---|
| १ | लभलेटरको लागि अचार | २०६६ |

### ३.१.६.७ संस्करण

| क.स. | पुस्तक | प्रकाशित मिति |
|---|---|---|
| १ | समथिङका वितेका क्षण संस्मरण | २०६७ |
| २ | समथिङको मेची महाकाली यात्रा संस्करण | २०७० |

### ३.१.७ पुरस्कार तथा मानसम्मान

सानै उमेरदेखि साहित्य क्षेत्रमा रुचि गरेको समथिङले पारिवारिक वातावरणका कारण त्यो चाँडै मौलाउन सकेन र प्रेरणा स्रोत पनि दर्विलो थियो । "हुने विरुवाको चिल्लो पात" भने झैं समथिङ सानै छदा अरुले फालेका डट कापी टिपेर केही कोर्ने गर्थे । उनलाई सानैबाट अध्ययनमा गहिरो रुची थियो । गाउँले परिवेशमा हुर्केका उनी बाँसबाट बन्ने विभिन्न डोको, नाङ्लो, दाम्लो बन्न खुब रुचि रहेको लगायत विभिन्न स्थानीय बाजा, नौमति बाजाहरु राम्ररी बजाउने गर्दथे । साहित्यकार समथिङले आफ्नो बाल्यकाल देखि लिएर स्कुले जीवन रहेसम्म कुनै पनि पुरस्कार प्राप्त गरेको देखिदैन । तर पछि गएर उनले विभिन्न संघसंस्था र साहित्य लेखनतिर हात हाले तब उनको प्रगति देखापर्न थाल्यो र उनले त्यसबेलादेखि अहिलेसम्म पनि विभिन्न प्रकारका सम्मान कदरपत्र र प्रशंसापत्रहरु ग्रहण गरेका छन् । (शोधनायकबाट प्राप्त जानकारी अनुसार २०७५/०८/०४) उनले पाएका पुरस्कार र सम्मानको विवरण यस प्रकार रहेको छ ।

१. लोकतन्त्र दिवस– २०६६ मूल समारोह समिति, पाँचथरले कदरपत्र (२०६६)

२. नेपालपत्रकार महासँघ पाँचथर शाखाले सम्मानपत्र (२०६७)

३. नौलो साहित्यिक बिहान प्रतिष्ठान, पाँचथरले प्रशंसापत्र (२०६८)

४.सामुदायिक सेवा केन्द्र, पाँचथरले कदर पत्र (२०६९)

५. फिदिम विद्युत उपभोक्ता सहकारी संस्था लि. पाँचथरले प्रशंसा पत्र (२०७०)

६.सेवा निवृत राष्ट्रसेवक हकहित समाज नेपाल जिल्ला कार्यसमिति पाँचथरले प्रंशंसा पत्र (२०७०)

७. सुम्हाल्लुङ सञ्चार सहकारी संस्था लि. पाँचथरले प्रशंसा पत्र (२०७०)

८. नीजि तथा आवाशिय विद्यालय अर्गनाइजेशन नेपाल जिल्ला कार्य समिति पाँचथरले प्रशंसा पत्र (२०७०)

९. पाँचथर उद्योग बाणिज्य संघले सम्मानपत्र (२०७१)

१०. कञ्चनजँघा टाइम्स राष्ट्रिय दैनिकले सम्मान पत्र (२०७१)

११. प्रेस चौतारी नेपाल पाँचथर शाखाले सम्मान पत्र (२०७२)

१२. सगरमाथ आधारभूत विद्यालय, रानीटार पाँचथरले सम्मान पत्र (२०७३)

१३. फिदिम स्पोर्टिङ क्लबले कदर पत्र (२०७३)

१४. कञ्चनजंघा बचत तथा ऋण सहकारी संस्था लि. पाँचथरले सम्मान पत्र(२०७४)

१५. नेकपा एमाले जिल्ला कमिटी पाँचथरले सम्मान पत्र (२०७४)

१६. नौलो साहित्यिक बिहान प्रतिष्ठान, पाँचथरले सम्मान पत्र (२०७४)

१७. पाँचथर जिल्ला फूटबल संघ पाँचथरले प्रशंसा पत्र (२०७०)

१८. नेपाल आदिवासी जनजाति महासंघ जिल्ला समन्वय समिति, पाँचथरले सम्मान पत्र (२०७४)

१९. नेपाल आदिवासी जनजाति पत्रकार संघ, पाँचथरले प्रशंसा पत्र (२०७२)

२०. नेपाल आदिबासी जनजाति महासंघ जिल्ला समन्वय समिति, पाँचथरले प्रंशंसा पत्र (२०६४)

२१. संस्थागत विद्यालय शिक्षक युनियन जिल्ला कार्य समिति पाँचथरले प्रशंसा पत्र (२०६९)

२२. जिल्ला खेलकुद विकास समिति, पाँचथरले प्रशंसा पत्र (२०७०)

२३. किरात धर्म संरक्षण समिति जिल्ला कार्यालय पाँचथरले प्रशंसा पत्र (२०६१)

२४. नागरिक अभिनन्दनले सम्मान पत्रका प्रकारहरु (२०७४)

<table>
<tr><th>क्र.स.</th><th>कसले गर्यो</th><th>कहिले</th><th>सम्मानको प्रकार</th><th>किन</th></tr>
<tr><td>१</td><td>पाँचथर उद्योग बाणिज्य संघ</td><td></td><td></td><td rowspan="12">पाँचथर जस्तो दुर्गम ठाउँमा बसेर एकैपटक २२ वटा उपन्यास लेखि नेपालमा नेपाली भाषामा विद्यावारिधी गरेका २२ जना डाक्टरहरुबाट एकै पटक विमोचन</td></tr>
<tr><td>२</td><td>हुकोडेक नेपाल</td><td></td><td></td></tr>
<tr><td>३</td><td>नेपाल प्रेस युनियन पाँचथर</td><td></td><td></td></tr>
<tr><td>४</td><td>मानव अधिकार संगठन, पाँचथर</td><td></td><td></td></tr>
<tr><td>५</td><td>प्याग, पाँचथर</td><td></td><td></td></tr>
<tr><td>६</td><td>लायन्स क्लब अफ पाँचथर</td><td></td><td></td></tr>
<tr><td>७</td><td>अलैंची व्यवसायी संघ, पाँचथर</td><td></td><td></td></tr>
<tr><td>८</td><td>संयुक्त महिला अधिकार सञ्जाल, पाँचथर</td><td></td><td></td></tr>
<tr><td>९</td><td>सुनचाँदी व्यवसायी संघ, पाँचथर</td><td>२०७४ साल</td><td>नागरिक अभिनन्दन</td></tr>
<tr><td>१०</td><td>जनसेवा समाज, पाँचथर</td><td></td><td></td></tr>
<tr><td>११</td><td>नेपाल रेडक्रस सोसाइटी पाँचथर</td><td></td><td></td></tr>
<tr><td>१२</td><td>याक्थुङ प्राज्ञ प्रतिष्ठान, पाँचथर</td><td></td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| १३ | गैरसरकारी संस्था महासंघ, पाँचथर | | | गराई नेपाल भरी पाँचथरको नाम चिनाएकाले |
| १४ | सामुदायिक वन उपभोक्ता महासंघ, पाँचथर | | | |
| १५ | स्थानीय शान्ति समिति, पाँचथर | | | |
| १६ | नेपाल आदिवासी जनजाति महासंघ समिति, पाँचथर | | | |
| १७ | नारी विकास संघ पाँचथर | | | |
| १८ | नौलो साहित्यिक बिहान प्रतिष्ठान, पाँचथर | | | |
| १९ | मेची पोष्ट दैनिक | | | |
| २० | पब्लिक टाइम्स साप्ताहिक | | | |
| २१ | रेडियो मितेरी | | | |
| २२ | सिद्धपोखरी सेवा सदन, पाँचथर | | | |

## ३.२ रामप्रकाश समथिङको व्यक्तित्व

वैयक्तिक विशेषतालाई देखाउने गुण नै व्यक्तिको व्यक्तित्व हो । कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा जीवनका विभिन्न पक्षहरुले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । साहित्यकार समथिङ नेपाली साहित्यका बहुविधामा कलम चलाउने बहुमुखी प्रतिभा हुन् । साहित्य मात्र नभएर समाज संघसंस्था  जस्ता विविध क्षेत्रमा सहभागी र संलग्न भएर काम गर्ने समथिङका व्यक्तित्वको अध्ययन गर्ने विभिन्न पक्षहरु छन् । कुनै पनि कार्यमा सफलता हासिल गर्न जो कोहीलाई सजिलो हुदैन । हरेक व्यक्तिमा रहेको अरुलाई प्रभाव पार्न सक्ने आन्तरिक तथा बाह्य क्षमता वा आफ्नोपनलाई नै व्यक्तित्व भनिन्छ ।

कुनै पनि मानिसको शारीरिक संरचना, आकारप्रकार आदि पक्षहरुको बाह्य व्यक्तित्व, व्यक्तिको भित्रि पक्षसँग सम्बनीधत हुन्छ । यहाँ रामप्रकाश समथिङको व्यक्तित्वको अध्ययन गरिएको छ ।

### ३.२.१ बाह्य व्यक्तित्व

रामप्रकाश समथिङको शारीरिक बनावट हुँदा मझौला कद हँसिलो अनुहार, पिपलको पात जस्तो मुख, मिलेका, दाँत, पाँच फिट छ इन्च उचाई रहेको छ । उनी वर्तमान समयमा ४७ वर्षका भएपनि

शारीरिक संरचना हेर्दा ४०/४१ वर्षका भन्न मिल्ने देखिन्छन् । यही शारीरिक संरचनाले नै समथिङको बाह्य व्यक्तित्व निर्माण भएको छ ।

## ३.२.२ आन्तरिक व्यक्तित्व

रामप्रकाश समथिङका परिवारजनहरुमा यस अघि कोही पनि साहित्य क्षेत्रमा नरहेकाले समथिङ स्वयम् परिवारमा साहित्यको सृष्टिकर्ताको रुपमा रहेका छन् । सुखमा नमातिने दुःखमा नआतिने समथिङ अरुलाई छिटो विश्वास गर्दा धेरै ठक्कर खाएको साथै जीवनमा पटक–पटक ठूलो उथलपुथल आएको बताउछन् । निरन्तर खोज र अनुसन्धानमा समेत तल्लीन भई पुराना कुराको जगेर्ना गर्न सचेत रहेका समथिङ लोपोन्मुख कुरालाई समाजमा प्रस्तुत गरी छाड्ने उनको व्यक्तित्वको मुख्य पाटो रहेको छ । नचाहिदो रवाफ देखाउने, सम्पत्तिको अहम गर्ने फेसनलाई बेसी चिनाएको पाइन्छ ।

### ३.२.२.१ साहित्यिक व्यक्तित्व

साहित्यकार हुनको लागि कुनै विषयवस्तु सोचिरहनु पर्दैन इसतै समथिङका लागि पनि साहित्यमा कलम चलाउन कसैको प्रेरणा र सहयोग रहेको पाइदैन । उनको निम्न आर्थिक अवस्था र संघर्ष र अभाव नै उनको साहित्यमा लाग्ने प्रेरणा हो । जब उनी पढाइलाई निरन्तरता दिदै एस.एल.सी पश्चात आफ्नो उच्च शिक्षाका लागि पाँचथर बहुमुखी क्याम्पस सम्म आइपुगे, त्यहाँबाट “रङ्गमञ्च” भन्ने मासिक पत्रिका प्रकाशन हुने गरेको थियो । त्यो पत्रिका निरन्तर अध्ययन गर्न थाले र उनले त्यहाँ कथा, कविता, मुक्तकहरु पढ्ने मौका पाएर यहि नै उनको प्रेरणा विषय बन्यो । त्यसबेला सोही क्याम्पसमा “अनेरास्ववियु” प्रारम्भिक  कमिटिले “विद्यार्थी सन्देश” भन्ने एउटा हस्तलिखित पत्रिका प्रकाशित गर्थ्यो । साहित्यकार समथिङले वि.स. २०४९ साउन १५ गते “विद्यार्थी” नामक गद्य रचना गरी उक्त पत्रिकामा छापेर आफ्नो साहित्य यात्रा शुरु गरेका हुन् । त्यस पछि उनलाई हौसला प्राप्त भएपछि अरु अंकहरुमा “विद्यार्थी क्रान्ति” र “निमुखा जनतालाई आज” जस्ता गद्य कविता समेत प्रकाशित गरी आफ्नो साहित्य यात्रालाई निरन्तरता दिएको पाइन्छ । निरन्तर साहित्यमा लागेका समथिङको साहित्यिक यात्रा २०६४ बाट अझ उर्वर हुदै गएको पाइन्छ । साहित्यकार रामप्रकाश समथिङले २०६५ देखि २०७४ सम्म आइपुग्दा लेख्न थालेको २६ वर्ष र प्रकाशन गर्न थालेको १० वर्षमा साहित्यिक ३२ र खोजमुलक १७ गरी ४९ वटा कृतिहरु प्रकाशित गरिसकेका छन् ।

**क) कवि व्यक्तित्व**

साहित्यकार गुरुङ रामप्रकाश समथिङको साहित्य शुरुवात विन्दु नै कविता हो । उनले रंगमञ्च पत्रिका अध्ययन प्रेरणाको स्रोत बनाएका गुरुङले पहिलो कविता “विद्यार्थी” गद्यमा रचेका थिए । सो कविता वि.स. २०४९ साउन १५ गते पाँचथर बहुमुखी क्याम्पसमा अनेरास्ववियु प्रारम्भिक कमिटीमा

प्रकाशित हस्तलिखित पत्रिका “विद्यार्थी सन्देश” मा प्रकाशन भएको देखिन्छ । त्यसपछि त्यहि पत्रिकाको अन्य अङकमा “विद्यार्थी क्रान्ति र निमुखा नेपाली जनतालाई आज” भन्ने दुई वटा गद्य कविता प्रकाशन गररेका छन् । यी तीन ओटै कविता समथिङको कविता सङ्ग्रहमा पनि समावेश भएको देखिन्छ । त्यसपछि समथिङले वि.स.२०६० साल फाल्गुण २० गते “दियो” त्रैमासिक साहित्यिक पत्रिकामा “खै त” नामक गद्य कविता प्रकाशन गरेर आफ्नो कविता यात्रालाई निरन्तरता दिएको देखिन्छ । उनले गद्य कविता संगालो “समथिङ कविता सङ्ग्रह” कविता सङ्ग्रहमा १० वटा कविताहरु संग्रहित रहेका छन् । साहित्यकार समथिङले विभिन्न मासिक त्रैमासिक पत्रिकामा अन्य फुटकर कविताहरु समेत प्रकाशित गरी आफ्नो कवित्व यात्रालाई निरन्तरता दिई रहेका छन् ।

**ख) कथाकार व्यक्तित्व**

समथिङ बहु विधामा कलम चलाउने बहु प्रतिभा भएकाले उनलाई कथाकारितासँग पनि जोडेर हेर्न सकिन्छ । उनको विभिन्न पत्र पत्रिकामा लघुकथा प्रकाशित गरेको पाइन्छ । कर्मचारी मिलन केन्द्र पाँचथरबाट प्रकाशित वर्ष ५ अंक २ वि.स. २०६४ मा “म एच.आई.भी. संक्रमित हुँ” भन्ने कथा प्रथमपटक प्रकाशित गरेर कथा यात्रा शुरु गरेका हुन् । यसरी विभिन्न फुटकर कथा रचना गर्दै २०६९ सालमा “मान्छेको पीडा” कथा सङ्ग्रह प्रकाशित गरेका छन् । त्यस कथा सङ्ग्रहमा ६ वटा कथा समावेश गरिएको छ । यस कथामा निम्न वर्गले भोग्नुपरेका पीडा, व्यथा, अवस्थाको चित्रण गरिएको छ । यसैगरी वि.स. २०७३ मा “याक्सा भित्रका कथा” सङ्ग्रह प्रकाशित गरेका छन् । यस सङ्ग्रहमा पनि अभावजन्य पीडा, विसङ्गति, सामाजिक वेथिति र विकृति आदिमा नै उनको कथात्मक दृष्टिकोण रहेको देखिन्छ । यसरी कथा विधामा समेत उनी सफल रहेको पाइन्छ ।

**ग) उपन्यासकार व्यक्तित्व**

गुरुङ रामप्रकाश समथिङ एक उपन्यासकार व्यक्तित्व हुन् । उनले एकै पटक २२ उपन्यास पाँच जना प्राध्यापक डा.बाट एकै दिन विमोचन गराई नेपाली उपन्यासको क्षेत्रमा नयाँ आयम रचेका छन् । उनले यस्तो महत्वपूर्ण काम गरी नेपाली साहित्यलाई चुनौति नै दिएका छन् । वि.स. २०७४ साल बैशाख २९ गते उनले उपन्यासहरु दुर्दशा (२०७४), बेसहारा (२०७४), यातना (२०७४), जवानीको ज्वालामुखी (२०७४), जड्याकी स्वास्नी (२०७४), जनयुद्धको उपहार (२०७४), साहित्यकार (२०७४), मृत्यु (२०७४), साउदी रियल (२०७४), सौतेनी आमा (२०७४), धनबहादुर सर (२०७४), खेल जवानीको (२०७४), धनीरामको दशै (२०७४), टुटेको सपना(२०७४), सेन्थेरेम (२०७४), माया (२०७४), विचरा जंगे कमरेड (२०७४), जित्या (२०७४), महलदेखि सडकसम्म (२०७४), कमरेट चट्टानको सपना (२०७४), भ्रष्टचारको कमाल (२०७४), साहसी आमा (२०७४) आदि गरी जम्मा २२ वटा उपन्यास एकै पटक प्रकाशन गरेका छन् । यी उपन्यास भित्र विभिन्न सामाजिक विसङ्गति, वेथिति, निम्न वर्गको पीडा, क्रन्दन, अभावलाई प्रस्तुत गरी समाज परिवर्तनको अपेक्षा राखिएको विषयवस्तु समावेश गरेका

छन् । संख्यात्मक र गुणान्मक दृष्टिले हेर्दा उनको उपन्यास विधाको तुलनामा बढी फष्टाएको छ । ४६ औं जन्मदिनको अवसरमा एकै पटक २२ जना पि.एच डी डाक्टरको हातबाट २२ कृति लोकार्पण गर्दै आफ्नो सिर्जना संख्या ४९ पुऱ्याएका छन् (संग्रौला, २०७४ : १३) ।

**घ) समथिङका वितेका क्षणहरु**

साहित्यकार रामप्रकाश समथिङले  वि.सं. २०६७ मा “समथिङका वितेका क्षणहरु” प्रकाशित गरी आफ्नो संस्मरणकार व्यक्तित्वको रुपमा परिचित भएका छन् । यसमा आफनो जीवनमा भोगेका तिता मिठा अनुभव संगाल्दै आत्मा कथाको रुपमा उक्त संस्मरणलाई स्मरण गर्न पुगेका छन् । उनले जीवनमा भोग्नु परेका अभाव, संघर्ष, दु:ख, पीडा वेदनालाई समेट्दै उक्त कृति तयार पारेका छन् । यस्तै गरी २०७० मा “समथिङको मेची महाकाली यात्रा” (यात्रा संस्करण) लेख प्रकाशित गरेका छन् । उनले त्यस कृतिमा यात्राको क्रमा देखिएका भोगिएका सुखद, दुखत क्षणहरुलाई प्रस्तुत गर्दै आफ्नो यात्रालाई क्रमिकता दिएको कुरा उल्लेख गरेका छन् । यसरी समथिङ कमजोर आर्थिक अवस्था र संघर्ष, अभाव, पीडा जस्ता तितो सत्यलाई अंगाल्दै जीवनका मार्मिक पक्षलाई उद्घघाटन गर्दै सिर्जना कही कतै नरोकिने र नमर्ने चिज रहेछ भन्ने कुरा स्पष्ट हुन आउँछ ।

**ङ) निबन्ध लेख व्यक्तित्व**

साहित्यकार रामप्रकाश समथिङले वि.स. २०६६ मा “दलित जातीय लेख सङ्ग्रह” पुस्तक प्रकाशित गरी आफ्नो निबन्ध यात्रालाई निबन्धकार व्यक्तित्वको रुपमा स्थापित गर्न सफल समथिङ एक विशिष्ट निबन्धकारका रुपमा परिचित छन् । जसभित्र थुप्रै निबन्ध समावेश रहेका छन् । यसैगरी २०६७ मा “सेक्स लेख र समथिङ” (लेख निबन्ध) सङ्ग्रह, “ओ मार्य गड सेक्स” (लेख निबन्ध सङ्ग्रह), २०७१ प्रकाशित गर्दै आफ्नो दोस्रो निबन्ध सङ्ग्रहलाई पूर्णता दिएका छन् । त्यसपछि लगातार फेरी २०७२ मा “आइ लभ सेक्स” निबन्ध सङ्ग्रहमा प्रकाशित गरेका छन् । जस भित्र यौन जीवन र यसको सेरोफेरोमा रहेर विभिन्न शीर्षकमा निबन्धहरु संग्रहित गरेका छन् । यस बाहेक पनि उनले फुटकर निबन्धहरु विभिन्न पत्रिकामा प्रकाशित गरेका छन् ।

**च) समथिङ व्यक्तित्व मुक्तककार**

रामप्रकाश समथिङले “दाह्री” शीर्षकमा मुक्तक लेखेर साहित्य यात्रा शुरु गरेका समथिङको एक मात्र मुक्तक सङ्ग्रह “लभ लेटरका लागि अचार” वि.स.२०६६ मा प्रकाशित भएको हो । वर्तमान परिस्थिति र सन्दर्भलाई समेट्ने पाठकलाई रोचन र समसामयिक अवस्थाको बोध गराउने खालका मुक्तकहरु प्रस्तुत गरिएको उनको एकमात्र मुक्तक सङ्ग्रह हो ।

### छ) खोज अनुसन्धान व्यक्तित्व

साहित्यकार समथिङ सधै समाज र समाज वरपर नै रहेर निरन्तर खोज र अनुसन्धान गर्दै पाठकलाई सत्य तथ्य जानकारी दिन तल्लीन रहेको पाइन्छ। त्यसैले उनी सबैभन्दा बढी यही क्षेत्रमा लागि परेको पाइन्छ । समसामयिक सन्दर्भ विषयवस्तु बनाउदै उक्त कुराको खोज अनुसन्धान गरी निश्चित कुराहरु प्रमाणित गरी जानकारी लिन दिन तल्लीन समथिङले २०६५ मा "छ सय एक सभासद र नेपाल" शीर्षकको खोजमुलक पुस्तक प्रकाशित गरी आफ्नो खोज यात्रालाई निरन्तरता दिई रहेका छन् । विभिन्न जातजाति, धर्म, संस्कार, संस्कृति त्यस्तै संघसंस्था, राजनितिक, शैक्षिक, आर्थिक अवस्थाको बारेमा जानकारी लिन र दिनको लागि खोज अनुसन्धानमा निरन्तर लागि परेका समथिङले आफ्नो यस यात्रामा व्यक्तित्वको रुपमा चिनाउन र आफूलाई सुरक्षित राख्न सफल रहेका छन् । साहित्यकार रामप्रकाश समथिङका साहित्यिक कृतिहरु बाहेक २०६५ देखि २०७० सालसम्ममा खोज तथा अनुसन्धान मूलक कृतिहरु प्रकाशन भई सकेका छन् । पुस्तकका विवरणहरु निम्नानुसार छन्:

| क्र.सं. | कृति | प्रकाशित मिति |
|---|---|---|
| १ | छ सय एक सभाषद र नेपाल | २०६५ |
| २ | पाँचथरका आदिवासी जनजातिहरु | २०६६ |
| ३ | पाँचथर शिक्षा दर्पण | २०६६ |
| ४ | प्रारम्भिक सहकारी शिक्षा | २०६६ |
| ५ | दलित जातिय सङ्ग्रह | २०६६ |
| ६ | पाँचथरका माझी जाति | २०६६ |
| ७ | सेक्स लेख र समथिङ | २०६७ |
| ८ | विद्यार्थीहरुका आँखामा राम्रा शिक्षक | २०६७ |
| ९ | पाँचथरका स्रष्टा र उहाँहरुका प्रकाशित कृतिहरु | २०६७ |
| १० | गैरसरकारी संस्था, दर्ता र सञ्चालन | २०६७ |
| ११ | दलित जाति सम्बनीध सामान्य जानकारी | २०६७ |
| १२ | हाम्रो सामाजिक परिचालक | २०६८ |
| १३ | दोस्रो संविधानसभा निर्वाचन | २०७० |

### ३.२.२.२ साहित्येतर व्यक्तित्व

नेपाली साहित्य फाँटको बहु–विधामा कलम चलाउने बहु–प्रतिभाका धनी गुरुङ रामप्रकाश समथिङ साहित्य फाँटका अतिरिक्त साहित्येतर व्यक्ति पनि हुन् । जसरी उनले साहितयको पनि बहुविधामा कलम चलाएका छन्, त्यसरी नै साहित्येतर फाँटमा पनि उनी बहुक्षेत्रमा नै उत्तिकै चिरपरिचित छन् ।

समाजका विभिन्न संघसंस्थामा आवद्ध हुँदै समाजको समस्यासँग प्रत्यक्ष सामेल भएर अहोरात्र खटिरहेका समथिङ पाँचथर जिल्लाकै सामाजिक अभियन्ताको रुपमा अग्रणी नाम आउने व्यक्तित्व हुन् । (मंगल बेघा अध्यक्ष समथिङ फाउन्डेसन नेपाल पाँचथर) सबैसँग मिलनसार सानैदेखि झैझगडा नगर्ने, गरीब दुखीलाई सहयोग गर्ने बानी समथिङको रहेको पाइन्छ । शारीरिक रुपमा जो सबल छ काममा सधै अल्छी गर्छ त्यस्तो मानिसलाई उनी मन पराउदैन थिए । आत्मनिर्भर हुनुपर्छ, जो अप्ठेरोमा परेको छ त्यसलाई सहयोग गर्नु पर्छ भन्ने स्वभावका समथिङ आफु पनि कसैलाई सहयोग गर्न दिनरात नभनी लागि पर्ने स्वभावका पाइन्छ । आफ्नो व्यक्तिगत कमाइदेखि लिएर संकलन समेत गरेर जहाँ जहाँ अप्ठेरो परेको छ, त्यहाँ आफू लागि परेर उद्धार र सहयोग गर्ने समथिङ गरीब र विपन्नको लागि सधैं महामानवको रुपमा परिचित छन् । गरीब व्यक्तिहरुलाई उनले शहरको सडकदेखि लिएर गाउँको बस्ती संघसंस्थाको ढोकामा समेत पुगेर आर्थिक सरसहयोग संकलन गर्दै गरीब, घरवार विहिनको उद्धार गरेको उनको कृति मार्फत पनि स्पष्ट हुन आउँछ । उनले विद्यार्थीलाई पोशाक, शैक्षिक सामग्री, विपन्न परिवारलाई घर निर्माण, दैविक प्रकोपमा परेकालाई अपाङ्गलाई आर्थिक संकलन अनि विभिन्न ठाउँबाट फिदिम आएर बसोबास गरेका व्यक्तिदेखि लिएर अप्ठेरोमा परेका परेकाहरुलाई चन्दा संकलन देखि लिएर शारीरिक श्रम गर्न समेत पछि नपर्ने, मलामी जान मान्छे चिन्न पर्दैन भन्ने समथिङ सामाजिक रुपमा पाँचथरका एक नक्षत र सामाजिक अभियन्ता नै हुन् (संग्रौला, २०७४ : १४–१५) ।

वि.सं. २०४६ साल चैत्र २६ गते नेपालमा बहुदल घोषणा भएपछि समथिङ नाङ्गिन गा.वि.स. २ हाल फिदिम न.पा. १२ नेपाल कम्युनिष्ट पार्टीमा आवद्ध भएको देखिन्छ । त्यसपछि २०४८ सालमा क्याम्पस प्रवेश गरेपछि नेकमा एमालेको भातृ संगठनका विभिन्न पदमा रहेर पार्टीले दिएको जिम्मेवारी लिदै अघि बढेको देखिन्छ । पार्टीले घोषणा गरेका कार्यक्रमहरुमा उनले सक्रिय रुपमा सहभागी हुँदै वि.स. २०५१ सालमा नेकपा एमाले जिल्ला कमिटी कार्यालयमा टेलिफोन अपरेटरको रुपमा रहेर काम गरेका हुन् । उनले पार्टी कार्यालयमा टेलिफोन अपरेटरको रुपमा समेत काम गरेका थिए । पछि पछि हुँदै गएपछि उनी गैरसरकारी संस्थामा गरे तब पार्टीको कामलाई गौण रुपमा लिन थाले । पछि गएर वि.सं. २०६२/६३ को १९ दिन जनआन्दोलनमा पार्टीले दिएको जिम्मेवारी बहन गर्दै पुरै भाग लिएका थिए । यी घटनाहरुलाई हेर्दा समथिङको राजनैतिक व्यक्तित्व पनि त्यति कम देखिदैन । उनको व्यक्तित्वको पार्टी भनेको साहित्य र गैरसरकारी संस्था नै हो ।

साहित्यकार समथिङले साहित्यसँगै पत्रकारिताको क्षेत्रमा पनि योगदान दिएका छन् । उनले पत्रकारिता सम्बनीध गरेको योगदानको मुल्याङ्कन गर्दै नेपाल पत्रकार महासंघ जिल्ला शाखा पाँचथरले वि.सं. २०६७ साल फाल्गुणमा उनलाई प्रशंसापत्र सहित कदरपत्र प्रदान गरी सम्मान गरेको छ भने नेपाल आदिवासी जनजाति पत्रकार महासंघ पाँचथरले पनि २०६८ साल भदौंमा पनि प्रशंसा पत्र सहित सम्मान गरेको छ । उनले पत्रकारिताको क्षेत्रमा २०५६ सालदेखि हालसम्म नेपाल पत्रकार महासंघ जिल्ला शाखा पाँचथरका सदस्य, कोषाध्यक्ष र केन्द्रिय पार्षद जस्ता पदमा रहेर काम आइरहेको देखिन्छ । यसरी पत्रकारिताको क्षेत्रमा विभिन्न पदमा रहेर काम गर्दै आएका समथिङले पत्रकारिता सम्बनीध पनि योगदान रहेको देखिन्छ (अधिकारी, २०६६ : २२–२३०) ।

लेखक गुरुङ रामप्रकाश समथिङले शैक्षिक क्षेत्रमा पनि उत्तिकै सहयोग पुऱ्याउदै आएका छन् । नाङ्गिन मा.वि. नाङ्गिनमा २२ थान ६ हजार बराबरको, सगरमाथा नि.मा.वि. रानीटार २९ थान ८ हजार ३ सय बराबरको, सिद्धबाबा सामुदायिक केन्द्र नाङ्गिन १०५ थान २३ हजार ६ सय ५० रुपैया, पाँचथर जिल्लाको २४ वटा सामुदायिक अध्ययन केन्द्रहरुलाई ४ सय ८० थान १ लाख २० हजार बराबरको पाँचथर सामुदायिक पुस्तकालय फिदिम ८ थान ८ सय फिदिम उ.मा.वि. फिदिम ८ थान ८ सय, इगल एफ. एम फिदिम १३ थान १ हजार ५ सय सुमात्लुङ एफ.एम. फिदिम १३ थान १ हजार ५ सय, सिंहलिला एफ.एम. फिदिम १३ थान १ हजार ५ सय, जनमत साहित्यिक मासिक पत्रिका काभ्रे ७ थान ८ सय, तमु संसार त्रैमासिक पत्रिका पोखरा ७ थान १ हजार ७ सय ३५ रुपैया गरी जम्मा ७ सय ३१ थान १ लाख ६८ हजार १ सय ८५ रुपैया बराबरको सहयोग गरी सकेका छन् । त्यस्तै विभिन्न विद्यालयका दृष्टिविहिन पुस्तक र आर्थिक विद्यालयमा लाग्ने शुल्क समेत तिरी दिएर शैक्षिक व्यक्तित्वको रुपमा समेत परिचित छन् (स्रोत : मंगल वेघा, समथिङ फाउनडेशन) ।

## ३.३ साहित्यकार रामप्रकाश समथिङका औपन्यासिक यात्रा

यसरी नेपाली साहित्यमा लामो समय सम्म निरन्तर सेवा गर्ने समथिङ साहितय सिर्जना र प्रकाशनका दृष्टिले उनको साहित्यिक यात्रालाई चरणगत अध्ययन गर्न सकिन्छ ।

क) प्रथम चरण वि.सं. २०४८–२०६४ सम्म

ख) द्वितीय चरण वि.सं. २०६५–२०६९ सम्म

ग) तृतीय चरण वि.सं. २०७० हाल सम्म

### ३.३.१ प्रथम चरण ( वि.सं. २०४८–२०६४)

साहित्यकार गुरुङ रामप्रकाश समथिङको साहित्य यात्राको सुरुवाती चरण वि.स. २०४८ देखि २०६४ सम्मलाई लिन सकिन्छ । उनले २०४९ मा विद्यार्थी सन्देश पत्रिकाम "विद्यार्थी" नामक कविता

प्रकाशित गरी आफ्नो साहित्य यात्राको शुरुवात गरेका हुन् । कविता विधाबाट आफ्नो साहितय यात्रा शुरु गरेता पनि उनले कथा मुक्तक, जस्ता अन्य विधाका फुटकर साहित्य सिर्जना पनि गरेका छन् । यो उनको साहित्य यात्राको पृष्ठभूमिका रुपमा रहेको छ । २०४९ मै "विद्यार्थी क्रान्ति" २०५० मा "निमुखा नेपाली जनतालाई आज" २०६१ मा "खै त ?" २०६१ मा "गरीब हुनु रहर हैन बाध्यता हो" त्यस्तै २०६४ मा "म एच.आई.भि. संक्रमित हुँ" कथा प्रकाशित गरेका छन् । उनको म एच आइ भि संक्रमित हुँ कथा मान्छेको पीडा कथा सङ्ग्रहमा संग्रहित छ भने अरु कविता, मुक्तक फुटकर रुपमै रहेका छन् ।

यसरी साहित्य सिर्जनाको प्रथम चरण कथा, कविता, मुक्तक फुट्कर रुपमा छपाएर नै यस मै सिमित रहेको पाइन्छ । यस चरणमा समथिङले कुनै पुस्तक प्रकाशित गरेको पाइँदैन । यद्यपी यस चरणमा उनले कविता विधामा बढी कलम चलाएको पाउन सकिन्छ । यस चरणमा उनका सिर्जनाहरु आलोचनात्मक यथार्थवादी साथै सामाजिक यर्थाथवाद समेत कही कतै प्रस्तुत गरेको पाइन्छ । यो उनको अभ्यासिक चरण भएकाले भाषिक सचेतना देखिदैन । यद्यपी तत्कालीन परिवेश र सामाजिक अवस्थाको चित्रण चै भरपुर रुपमा गरेको पाइन्छ ।

## ३.३ २ द्वितीय चरण (वि.सं. २०६५–२०६९)

गुरुङ रामप्रकाश समथिङको साहित्य यात्राको द्वितीय चरण २०६५ देखि २०६९ सम्म मान्न सकिन्छ । समथिङले आफ्नो यात्रालाई चरणमा निक्कै सशंक्त ढंगले अगाडि बढाएका छन् । यस चरणमा उनले थुप्रै पुस्तक प्रकाशित गरी साहित्य यात्राको कलम सफल रुपमा दौडाएको पाइन्छ । फुट्करदेखि लिएर प्रकाशित कृतिहरुलाई हेर्दा उनी आफ्नो साहित्य यात्राको जग दर्विलो तरिकाले बसाएको पाउन सकिन्छ ।

यसरी समथिङले यस चरणमा फुटकर सिर्जनाहरुमा २०६५ मा "रक्सी" २०६५ मा "मेरो मात्र भनेको त यसको पनि बूढी त उस्तै पो रै छे" २०६५–६६ मा "जड्या लोग्ने र मेरो दिन", २०६६ मा "खै के थाहा ? आफ्नो भविष्यको बूढा कस्तो होला", २०६६ मा "ओ हो, बाच्ने दिन त एक दिन घटि पो सकेछ" २०६७ मा "विदेश त गइयो तर अहिले कर्मलाई दोष दिदै बसको छु" २०६६ मा "सायद म मरेको दिन" फुटकर कविता प्रकाशन गरेका छन् भने २०६६ मा "हिजोको धने आजको धनबहादुर सर" २०६८ मा "जनयुद्ध र रामेको अधुरो सपना" समेत छापेका छन् । जसमा उल्लेखित दुई कथा "मान्छेको पीडा" कथा सङ्ग्रहमा संग्रहित छन् ।

यसरी उनले फुटकर लेख रचनाहरु सँग यस चरणमा थुप्रै कृतिहरु प्रकाशित गरेका छन् । उक्त कृतिहरुको सुची तल प्रस्तुत गरिन्छः

१) छ सय एक सभाषद नेपाल (२०६६) खोजमूलक कृति

२) पाँचथरका आदिवासी जनजातिहरु (२०६६) खोजमूलक कृति

३) पाँचथर शिक्षा दर्पण (२०६६) खोजमूलक कृति

४) प्रारम्भिक सहकारी शिक्षा (२०६६) खोजमूलक कृति

५) लभ लेटरको लागि अचार (२०६६) मुक्तक सङ्ग्रह

६) दलित जातीय लेख सङ्ग्रह (२०६६), लेख निबन्ध

७) पाँचथर माझी जाति (२०६६) खोजमुलक कृति

८) सेक्स लेख र समथिङ (२०६७) लेख निवन्ध

९) विद्यार्थीहरुका आँखामा राम्रा शिक्षक (२०६७) खोजमुलक कृति

१०) पाँचथर, पाँचथरका स्रष्टा र उहाँहरुका प्रकाशित कृतिहरु (२०६७), खोजमूलक कृति

११) समथिङ (२०६७) कविता सङ्ग्रह

१२) गैरसरकारी संस्था, दर्ता र सञ्चालन (२०६७), खोजमूलक कृति

१३) दलित जाति सम्बन्धी सामान्य जानकारी (२०६९) खोजमूलक कृति

१४) समथिङका वितेका क्षणहरु (२०६७) संस्मरण

१५) हाम्रो सामाजिक परिचालन (२०६८) खोजमूलक कृति

१६) मान्छेको पीडा (२०६९) कथा सङ्ग्रह

यसरी समथिङले यस चरणमा फुट्कर देखि लिएर विभिन्न कथा सङ्ग्रह, कविता सङ्ग्रह, संस्मरण, निवन्ध, मुक्तक सङ्ग्रह जस्ता सबै खाले लेख रचना, पुस्तक प्रकाशित गरी आफ्नो साहित्य फाँटलाई उर्वर भूमिका रुपमा सफल बनाएका छन् । विशेष गरी खोजमूलक कृति प्रकाशित गर्न तल्लीन रहेको पाइन्छ । संख्यात्मक रुपमा पनि उनले खोजमूलक पुस्तक यस चरणमा बढी प्रकाशित गरेको पाइन्छ । यसरी नेपाली साहित्यको धरातलमा उभिएर उनले नेपाली समाजको खोजी गरी अस्तित्व स्थापित गर्ने जमर्को गरेका छन् । साथै साहित्य र साहित्यकारको अवस्था तथा शिक्षा नीतिको बारेमा समेत खोजी र अनुसन्धान गरी यस समयमा पुस्तक प्रकाशित गरेका छन् । सामाजिक विकृति वर्गीय द्वन्द्व, आर्थिक अभाव, विसङ्गति, यौनसहज विश्वसनीय पक्षमा जोड दिँदै यौन मनोविज्ञानलाई प्राथमिकता दिने प्रवृति यिनका लेखमा पाइन्छ । यसरी सामाजिक यथार्थवादी धारमा अडिएर साहित्य सिर्जना गर्नका साथै तत्कालीन परिवेशलाई समेत उजागर गरेको देखिन्छ ।

### ३.३.३ तृतीय चरण (२०७० देखि हालसम्म)

वि.स. २०७० देखि हालसम्मको समयलाई समथिङको तृतीय चरण मान्न सकिन्छ । यो समय समथिङको साहित्य यात्राको उर्वर समय मान्न सकिन्छ । उनले २०७२ मा “त्यसै मैले लेख्न छाडेर र” परदेशी विम्बहरु फुट्कर कविता प्रकाशित गरेका छन् । ३२ पुस्तक प्रकाशित गर्दै नेपाली साहित्यमा महत्वपूर्ण स्थान ओगट्न सफल भएका छन् । यस चरणमा एकै पटक एकै दिन उनले २२ ओटा उपन्यास नेपालका २२ जना पी.एच.डी डाक्टरबाट विमोचन गराई नेपाली साहित्यको फाँटमा नौलो आयाम थपेका छन् । एउटा कथा सङ्ग्रह, २ निबन्ध सङ्ग्रह, १ संस्करण सङ्ग्रह र अरु खोजमूलक पुस्तक प्रकाशित गरी आफ्नो यात्रालाई अगाडि बढाइ रहेका छन् । उनका कथा सङ्ग्रहमा सामाजिक जीवनका भोगाइका कठिन परिस्थितिहरुलाई प्रस्तुत गरिएको छ । निबन्ध सङ्ग्रहमा यौन मनोविज्ञान मनोजगतलाई प्रस्तुत गरिएको छ । संस्मरणमा यात्रा र लेखकको वितेको समयको भोगाइको विस्तार गरिएको छ, भने उपन्यासमा नारी समस्या, वर्गीय र पेशागत समस्या, सामाजिक जटिलताको चित्रण, तत्कालीन समय सापेक्ष घटना बेरोजगारी, अन्धविश्वास, कुसंस्कार जातीय द्वन्द्व, लैङ्गिक असमानता, गरीबीको चित्रण गर्नु र तत्कालीन समय र अवस्थामाथि व्यङ्ग प्रहार गर्दै समाज सुधारको अपेक्षा गर्नु यस चरणको उपन्यासको उद्देश्य रहेको छ ।

यसरी विभिन्न संघसंस्था सामाजिक काममा समेत सामेल हुँदै आफ्नो साहित्य यात्रालाई दर्विलो बनाउनु चानचुने कुरा होइन “मान्छे मर्दा मलामी जान चिन्नु पर्दैन” भन्ने समथिङ सामाजिक सेवादेखि लिएर आफ्नो साहित्य सिर्जनालाई समेत अगाडि बढाइ रहेका छन् । एकै पटक २२ उपन्यास एकै दिन २२ प्रोफेसरबाट विमोचन गराई नेपाली साहित्यलाई गतिलो जवाफ दिइरहेका छन् । यसरी उनले आफ्नो सामाजिक व्यस्तता , जागिर संगसगै नेपाली साहित्यका लागि ३२ कृति दिन सफल भएका छन् । उक्त प्रकाशित पुस्तकको सूची तल प्रस्तुत गरिएको छ ।

| क्र.स. | कृतिहरु | प्रकाशित मिति | विशेषता |
|---|---|---|---|
| १ | तथ्याङ्कमा पाँचथर | २०७० | खोजमूलक कृति |
| २ | सहकारीमा बचतको महत्व | २०७० | खोजमूलक कृति |
| ३ | समाज रुपान्तरणका लागि सामाजिक परिचालन | २०७० | खोजमूलक कृति |
| ४ | समथिङको मेची महाकाली यात्रा | २०७० | यात्रा संस्करण |
| ५ | दोस्रो संविधानसभा निर्वाचन | २०७० | खोजमूलक कृति |
| ६ | ओ माइ गड सेक्स | २०७१ | लेख निवन्ध |
| ७ | आइ लभ सेक्स | २०७२ | लेख निवन्ध |
| ८ | याक्सा भित्रका कथाहरु | २०७३ | कथा सङ्ग्रह |

| | | | |
|---|---|---|---|
| ९ | दुर्दशा | २०७४ | उपन्यास |
| १० | बेसहारा | २०७४ | उपन्यास |
| ११ | यातना | २०७४ | उपन्यास |
| १२ | जवानीको ज्वालामुखी | २०७४ | उपन्यास |
| १३ | जड्याकी स्वास्नी | २०७४ | उपन्यास |
| १४ | जनयुद्धको उपहार | २०७४ | उपन्यास |
| १५ | साहित्यकार | २०७४ | उपन्यास |
| १६ | मृत्यु | २०७४ | उपन्यास |
| १७ | साउदी रियल | २०७४ | उपन्यास |
| १८ | सौतेनी आमा | २०७४ | उपन्यास |
| १९ | धनबहादुर सर | २०७४ | उपन्यास |
| २० | खेल जवानीको | २०७४ | उपन्यास |
| २१ | धनीरामको दशैं | २०७४ | उपन्यास |
| २२ | टुट्को सपना | २०७४ | उपन्यास |
| २३ | सन्थेरेम | २०७४ | उपन्यास |
| २४ | माया | २०७४ | उपन्यास |
| २५ | विचरा जंगे कमरेड | २०७४ | उपन्यास |
| २६ | महलदेखि सडक सम्म | २०७४ | उपन्यास |
| २७ | कमरेड चट्टानको सपना | २०७४ | उपन्यास |
| २८ | भ्रष्टचारको कमाल | २०७४ | उपन्यास |
| २९ | साहसी आमा | २०७४ | उपन्यास |
| ३० | जित्या | २०७४ | उपन्यास |
| ३१ | पाँचथरको स्थानीय नेतृत्व | २०७४ | खोजमूलक कृति |
| ३२ | नेपालको स्थानीय नेतृत्व | २०७४ | खोजमूलक कृति |
| ३३ | नेपालमा हाम्रो नेतृत्व | २०७४ | खोजमूलक कृति |

यसरी नेपाली साहित्यमा वि.सं. २०४८ देखि लागि परेका समथिङले हाल सम्म ४९ कृति प्रकाशित गर्न सफल छन् । उनका फुटकर लेख पनि धेरै नै प्रकाशित छन् । नेपाली समाजको थिचोमिचोलाई प्रस्तुत गर्ने, अन्याय, अत्याचारलाई साहित्य मार्फत व्यक्त गर्ने साथै खोज र अनुसन्धान अनि विशेष यपौन जगतको खोजी गर्ने र यिनै विषयवस्तु बनाई लेख लेख्ने हुनाले उनलाई पाँचथरमा सेक्सी लेखक भनेर चिन्ने गरिन्छ ।

साहित्यकार गुरुङ रामप्रकाश समथिङको प्रथम चरणका रचनाहरु आलोचनात्मक यथार्थतावादी पाइन्छ भने द्वितीय चरणमा आएर यौन मनोविश्लेषणवादी, सामाजिक यथार्थवादी मनोवैज्ञानिक लेख लेखेको पाइन्छ । तेस्रो चरणमा सामाजिक स्तरका पात्र उभ्याएर सामाजिक गतिशिलतामा जोड दिएको पाइन्छ । आर्थिक द्वन्द्वलाई मुख्य विषयवस्तु बनाइ उनले सामाजिक समस्यालाई प्रस्तुत गरेका छन् । गरीबी र नारी समस्यालाई उद्घघाटन गर्दै सामाजिक परिवेशको चित्रण गरेका छन् । यसरी विभिन्न विषयवस्तुलाई उनले समेट्दै अन्य पुस्तक छाप्न तल्लीन रहेको पाउन सकिन्छ ।

## ३.४ समथिङका औपन्यासिक प्रवृत्तिहरु

१) सामाजिक यथार्थ प्रवृत्तिको रुची

२) समाजका विभिन्न स्थितिका व्यक्तिहरुको मनोविज्ञानको चित्रण

३) यौन मनोविज्ञानलाई विशेष जोड

४) उपन्यासको कथावस्तु रैखिक ढाँचामा प्रस्तुत

५) निम्न सामाजिक स्तरका पात्रको प्रयोग

६) गाउँदेखि शहरसम्मको क्षेत्रलाई कार्यपीठिका बनाएको ।

७) सामाजिक गतिशिलतामा जोड दिएको ।

८) समाजको आर्थिक द्वन्द्वलाई जीवन्त रुपमा चित्रण गरेको

९) राजनैतिक चेतनाका पृष्ठभूमिमा सामाजिक समस्या प्रस्तुति

१०) गरीबी र यसबाट उत्पन्न हुने समस्या प्रस्तुत

११) वेदना पीडा संवेगहरु समायोजन गरिएको

१२) नारीमा देखिएका यौन समस्याको चित्रण प्रस्तुत गरिएको ।

## ३.५ निष्कर्ष

यस परिच्छेदमा उपन्यासकार रामप्रकाश समथिङको औपन्यासिक परिचिय दिइएको उनको जन्म, बाल्यकाल, शिक्षा, पारिवारिक स्थिति र दाम्पत्य जीवन, पेशा र आर्थिक अवस्था, साहित्यिक प्रेरणा र प्रभाव आदिको  उल्लेख गरिएको छ । उनका कृति विवरण साहित्यिक चरण र औपन्यासिक प्रवृतिको बारेमा समेत स्पष्ट पारिएको छ । बहुविधा एवम् बहुमुखी प्रतिभाका धनी समथिङ नेपाली कथा, कविता, निबन्ध, मुक्तकसङ्ग्रह, वितेका क्षण संस्मरण, खोज एवम् अनुसन्धान वा खोजमूलक यी उपन्यासकारले एकै पटकमा २२ वटा उपन्यास प्रकाशित गरि नेपाली साहित्य क्षेत्रमा उल्लेखनिय योगदान पुऱ्याएका छन् । वि.स. २०४८ सालदेखि मुक्तक लेखेर आफ्नो साहित्यिक यात्रा शुरु गरेका गुरुङ रामप्रकाश समथिङ अति निम्न वर्गीय परिवारमा जन्मिएर लामो समयसम्म विभिन्न उतावचढाव झेल्दै उनले आफ्नो जीवन व्यतित गर्दै आफ्नो अध्ययन र साहित्य क्षेत्रलाई सँगसँगै अगाडि बढाएको पाइन्छ । ठूलो परिवारमा जन्मिएर आर्थिक रुपमा कमजोर भएका कारण समथिङले अभाव सामना गर्नुका साथै यही नै उनको साहित्य सिर्जनाको प्रेरणाको स्रोत बन्न पुगेको पाइन्छ । उनका साहित्य सिर्जनाको र लगनशीलताको लगाव पनि अभाव नै रहेको पाइन्छ । यसमा पनि विशेष गरी उनी सामाजिक क्षेत्रमा लाग्नुका साथै साहित्यिक कृति पनि सामाजिक परिवेशकै सेरोफेरोमा रहेको पाइन्छ । ४९ वटा कृति हालसम्म प्रकाशित गरिसकेका उनले समाजका पीडा र कुण्ठा साथै यौन मनोविज्ञानलाई समेत विषयवस्तु बनाइ जस्ताको तस्तै समाजमा चित्रण गर्ने कोशिश गरेका छन् । रातदिन नभनी साहित्य सिर्जनामा लागेका समथिङ आफ्नो पूरा जीवन यही पाटोमा विताउने उनको उद्देश्य रहेको पाइन्छ । समाजमा रहेका देखिने किसिमका पात्रहरुलाई वास्तविक त कतै काल्पनिक नाम दिदै चरित्र चित्रण गर्न सफल समाजकै लागि केही गर्नुपर्छ भनी सहयोगी हात समेत अगाडि बढाएको पाउन सकिन्छ । समाजकै वास्तविक पात्रलाई उपन्यासमा प्रस्तुत गर्दै उनीहरुका लागि समाजले गर्न सक्ने सहयोगको शुरुवात आफूबाट नै गर्नुपर्छ भन्ने आवाज उपन्यास मार्फत उठाएका छन् । यस्ता पात्रमाथि दया र सहानुभूतिको विचार समेत उनका उपन्यासमा प्रस्तुत भएको पाइन्छ ।

उनका विभिन्न साहित्यिक चरण र साहित्यका पाटाहरुलाई हेर्दा भन्न सकिन्छ कि उनी एक सामाजिक विचार धारामा आफ्ना विषयवस्तु प्रस्तुत गर्ने उपन्यासकार हुन् । उनका कथा विधामा समेत सामाजिक विषयवस्तु नै प्रस्तुत भएको पाइन्छ । यौन मनोविज्ञानलाई समेत उपन्यासमा कहीं कतै प्रस्तुत गर्दै समाजका नारी पात्रको वास्तविकता र कारुणिकतालाई प्रस्तुत गर्ने प्रयास गरिएको छ । उनले विभिन्न सामान्ती वर्गले निम्न वर्गलाई गर्ने निच व्यवहार, नारी शोषण, दमन, यौन शोषण, कुसंस्कारलाई उनका उपन्यासमा प्रस्तुत गर्दै समाज सुधारका लागि अपेक्षा गरेको पाइन्छ ।

# परिच्छेद – चार

# सेन्थेरेम, मृत्यु, साउदी रियल, साहित्यकार उपन्यासहरुको सामाजिक पक्षको अध्ययन

## ४.१ सेन्थेरेम, मृत्यु, साउदी रियल, साहित्यकार उपन्यासहरुको परिचय

गुरुङ तारा, सुदर्शन र प्रदर्शन अरनिको अपसेट प्रेस विराटनगरद्वारा २०७४ साल वैशाखमा प्रकाशित सेन्थेरेम, मृत्यु, साउदी रियल, साहित्यककार उपन्यासको लेखक रामप्रकाश समथिङको ३७ औं, ३१औं, ३०औं, ३२औं औपन्यासिक कृतिहरु रहेका छन् । यी उपन्यासहरुको परिच्छेद नराखी संकेतले कतै छुट्याएर कथावस्तु अगाडि बढाएको पाइन्छ । यी चार उपन्यासहरुको हरेकको पृष्ठ ६६ रहेको पाइन्छ । सेन्थेरेम उपन्यासमा १९ भन्दा बढी पात्रहरु रहेका छन् । मृत्यु उपन्यासमा १० जना, साउदी रियल उपन्यासमा पात्रहरु जम्मा २४ जना, साहित्यकार उपन्यासमा १९ जनाभन्दा बढी पात्रहरुको समायोजन गरेको पाइन्छ । सेन्थेरेम उपन्यासमा मुख्यगरी रामबहादुर र रामप्यारीका छोराहरु रणबहादुर, रणवीर, रणकुमारको घटनाबाट कथालाई अगाडि बढाइएको छ । मृत्यु उपन्यासमा सञ्जय, सरिता, सौजन, सौरभको घटनाबाट कथालाई अगाडि बढाइएको छ । साउदी रियल उपन्यासमा मुख्यगरी मैया, कविता, विना, तारा, शान्ति, मिना, करुणा, प्रेमा भिम, पदम, शंकर उपेन्द्र, खड्क, पूर्ण, पुछारे कान्छा श्रीमतीहरुको घटनामा कथालाई अगाडि बढाइएको छ । साहित्यकार उपन्यासमा प्रकाश घले, प्रकृति, दीपक, दीपिकाको घटनाबाट कथालाई अगाडि बढाइएको छ । अन्य पात्रहरु यसैभित्र समायोजन गराइएको पाइन्छ ।

उपन्यासकार रामप्रकाश समथिङको पुस्तकहरुको शिरानमा रातो, निलो हरियो रङ्ग र एउटा साहित्यकार उपन्यासमा चाँहि पुछारमा रातो रङ्गले उपन्यासको नाम ठूलो अक्षरमा लेखिएको छ । उपन्यासको अर्को पृष्ठमा उपन्यासको नाम र लेखकको परिचय दिइएको छ । अर्को पृष्ठमा समर्पण भनेर बाबु आमा, मावली बाजे र सानिमाको तस्विर सहित परिचय दिइएको छ । त्यसपछि फेरि अर्को पृष्ठमा प्रकाशकीय राखिएको छ । कथावस्तु खण्ड वा प्रहर भने छुट्ट्याइएको छैन् । यसको कारण पनि खुलाइएको छैन् । समाजमा घटेको घटनालाई आफ्ना जीवन भोगाइका तिता मिठा अनुभवलाई समेत काँही कतै उपन्यासमा जस्ताको तस्तै उतारेर तितो सत्यलाई उतारेका छन् । परिवर्तन चाहनेले आफैबाट शुरु गर्नुपर्छ भन्ने मानसिकताका साथ यो कृतिहरुले ठूलो प्रेरणा र समाज सुधारमा सचेत गराउने छ । साहित्यकार रामप्रकाश समथिङले आफ्नो कृतिहरु मार्फत यस्ता कुराहरु दर्शाएका छन् ।

## ४.२ सेन्थेरेम, मृत्यु, साउदी रियल, साहित्यकार उपन्यासको सामाजिक पक्षको आधारका अध्ययन

यहाँ सेन्थेरेम, मृत्यु, साउदी रियल र साहित्यकार उपन्यासहरुलाई कथावस्तु, चरित्रचित्रण, परिवेश, भाषाशैली, संवाद, कौतुहल, दृष्टिविन्दु, उद्देश्य निम्नानुसार अध्ययन गर्न सकिन्छ ।

### ४.२.१ सेन्थेरेम उपन्यासको सामाजिक पक्ष

"सेन्थेरेम" उपन्यास सामाजिक पक्ष वा यथार्थको विषयवस्तुमा केन्द्रित रहेको छ । यो एउटा भोजपुरी गीतबाट आएको शब्द हो । सेन्थेरेम शब्दले मादक पदार्थलाई बुझाँउछ । यस उपन्यासमा एउटा घर परिवार वा छोराहरुका लागि संघर्ष गरेको छ । यही संघर्ष गर्दा गर्दै पनि छोराहरुलाई सही बाटोमा ल्याउन नसकेको र आमा बाबुले छोराहरुको व्यवहारबाट वाक्क भएर रक्सी नै मेरो साथी, रक्सी नै मेरो जिन्दगी, रक्सी खाएर बिरामी परेकी र गुहुमुत एकै ठाउँमा भएपनि रक्सी कै साहारा लिएर बाँचिरहेको सेन्थेरेमको साहारा लिएको कथावस्तु रहेको पाइन्छ ।

यस उपन्यासमा उन्नाई जना भन्दा बढी पात्रहरुको समायोजन गरिएको छ । यस उपन्यासका प्रमुख पात्र रामबहादुर हो । पुरुष पात्र हो । रामबहादुरकी श्रीमती रामप्यारी हो । नारी पात्रका रुपमा देखापरेकी छ । उनीहरुका छोराहरु रणबहादुर, रणवीर, रणकुमार, होटलवाली साइली, पेन्सावाला ब्रिटिस लाहुरे, बाजे, प्रधानपञ्च वा बडा, हाकिम यस उपन्यासका सहायक पात्र हुन् । रामबहादुरको आमा, बाबु, दाई, भाइ, दिदी बहिनीहरु, हरेराम, पुलिसहरु, डि.एस.पी गौण पात्रका रुपमा देखापरेका छन् ।

शहरको एक छेउमा सानो झुप्रो घर भाँडामा लिएर बसेकी नारी पात्र हो । होटलवाली साइलीले लोकल रक्सी, अण्डा र मासु बेच्ने गर्छिन । साइलीको थर के हो ? धेरै जसोलाई थाहा थिएन । शहरमा धेरैजसो साइली दिदी भनेर बोलाउने गरेको पाइन्छ । होटलवाली साइली सहायक पात्रका रुपमा देखा परेकी छिन् । शहरको धेरै जसो मजदुर साइलीको भट्टी पसलमा आएर रक्सी खाँदै गफ लाउँदै बसेका छन् । त्यही भिडमा रामबहादुर पनि आउन थालेको पाइन्छ । साइलीले रामबहादुरको श्रीमती विरामी भएर मान्छे खोज्दै आएको पाइन्छ । त्यहीबेला साइली दाइ भयो अब तपाईलाई धेरै लागिसकेको छ । भाउजु विरामी हुनु भयो र भनेर समाजमा भएको समस्यालाई समाधान गर्नको लागि प्रस्तुत भएको पाइन्छ । रक्सी भट्टीपसल चलाएको भएतापनि सकारात्मक शोच भएको पात्रका रुपमा देखा परेका छन् ।

रामबहादुर यस उपन्यासको प्रमुख पात्र हो । रामप्यारीको श्रीमान हो । इमान्दारिता, मेहनतीका रुपमा देखापरेका छन् । रामबहादुर सानैदेखि केही गरुँ केही सिकाऊँ भन्ने धारणा भएको पुरुष पात्रका रुपमा देखा परेको छ । रामबहादुरको परिवार ठूलो भएकाले बनी नगरी घरमा आगो नबल्ने कुरा यस उपन्यासमा देखाइएको पाइन्छ । गरीबीको कारणले रामेले सात कक्षासम्म मात्र पढ्न पाएको छ । रामबहादुर फूर्तिलो र जागरिलो खालको पात्रका रुपमा देखापरेको छ । हरेक काम गर्दा मेहेनत साथ गरेर

देखाएको पाइन्छ । रामबहादुर गाउँमा कोही मान्छेले क्यामेरा बोकेर आएको देख्यो भने त्यस मान्छेको पछि लागि रहेको पाइन्छ । उनको सानैदेखि रुची फोटो खिच्ने र पैसा कमाएर भविष्य राम्रोसँग चलाउने खालको पात्र रहेको पाइन्छ । रामेलाई गाउँका लाहुरे बाजेको घर वा काम सघाउन जाने गरेको पाइन्छ । त्यहीबेला ब्रिटिस लाहुरे बाजेले लाहुरबाट क्यामरा ल्याएका रहेछन् । त्यही क्यामराले गाउँलेलाई साधा फोटो धुलाएर दिने गरेको छ । काम सघाउने क्रममा रामेले हेर्दाहेर्दै काम सिकिसकेको छ । लाहुरे बाजेको उमेरका साथ आँखा कमजोर भएकोले रामेलाई काम लगाउन थालेको छ । रामेले सबै सिकिसकेको भएकाले काम गरिदिने गरिरहेको पाइन्छ । लाहुरे दयालु भएकाले लाहुरेले रामेलाई क्यामरा दिएको छ । त्यही क्यामरा र धुलाउने मेशिन चलाउन थालेको पाइन्छ । एकदिन खुशी हुदै घरमा गएको छ । बाबु, आमा दाई, भाइ, दिदी बहिनीहरु छक्क परेका छन् । रामेले कहाँबाट ल्याएको हो भनेर दाईले त "ए रामो कसको चोरेर ल्याइस हो ?"समेत भनेको पाइन्छ (समथिङ, २०७४ : ७) । रामेले चोर नभन है मलाई लाहुरे बाजेले दिनु भएको हो । रामेले आफै घरमा फोटो खिच्ने र धुलाउने काम गर्न थालेको छ । केही दिन पछि नागरिकता टोली गाउँमा आउँदैछ भनेर हल्लाह सुनेको छ । त्यही हल्लालाई बुझ्नका लागि प्रधानपञ्च वा वडाका घरमा पुगेको पाइन्छ । प्रधानपञ्चले कता हिडेको रामे भनेर सोधेको छ । त्यही बेला रामले नागरिकता टोली गाउँमा आउने कुरा सुनेका थिए अनि सोध्न आएको भन्ने जवाफ दिन्छ । हो त आउँदै छन् भनेर वडा भन्छन् । भोलि नागरिकताको लागि त फोटो पनि चाहियो होला नि बडा तपाईले जिल्लाबाट आउने हाकिमलाई भनिदिनु म फोटो खिचेर दिन्छु । क्यामेरा र धुलाउने मेशिन पनि आफूसँग भएको कुरा बताएको छ । सबै कुरा बताएपछि बडाले रामेलाई भोलि आऊँ भनेको छ । भोलिपल्ट रामे फेरि बडाको घरमा पुगेको छ । हाकिम साब र रामेको चिनजान भएको छ । मैले खिचेको फोटो अहिले सम्म त चलेको छ, भनेका छन् । हाकिमले हामीसँग एक डेढ महिना हिड्नुपर्छ भनेको पाइन्छ तर रामेले आफू ६ महिना भएपनि तयार भएको कुरा बताएको पाइन्छ । रामेले अब फोटो खिच्न पाइयो भनेर खुशी हुँदै घर नगइ लाहुरे बाजेलाई भेट्न र यस्तो खुशीको खबर सुनाएको छ । "नाती खुशीको खबर पो सुनाइस फोटो जस्तो कुरा खिच्नु भन्दा पनि धुलाउन बढी मेहेनत गर्नुपर्छ । ल तँलाई बधाई छ" (समथिङ, २०७४ : १३) । प्रधानले भनेको समय पुगेको छ । हाकिमसाब र रामेबीच कुराकानी भएको पाइन्छ । हामीसँग हिडेपछि धेरै समय लाग्छ र धेरै गाउँ घुम्न जानेकुरा थाहा पाएको छ । एकदम क्लियर फोटो हुनुपर्छ भनेको पाइन्छ । सबैकुरा भएपछि रामे खुशी हुदै घरतिर लागेको छ ।

रामे घरमा पुगेर क्यामरा र फोटो धुलाउने मेशिन सफा गर्न थालेको छ । बाबु आमालाई म अब एक डेढ महिनाको लागि फोटो खिच्न जाने भन्दै सुनाउँछ । जिल्लाबाट नागरिकता बाड्न गाउँमै हाकिमहरु आएका छन् । भोलि बिहानै सबै सामान लिएर प्रधानपञ्चको घरमा आउनु भनेका छन् । ल ल काम राम्रो गर्नु, सबैले राम्रै कामको मात्र, प्रशंसा गर्ने हो । परिवारमा तँ नै गरी खाने जस्तो जाँगरको छस् (समथिङ, २०७४ : १६) । नागरिकता टोलीमा हिड्दा हिड्दा डेढ महिनामा मात्रै ऊ घर फर्केको छ । नागरिकता टोलीमा फोटो खिचेर उसले निकै राम्रो पैसा कमाएका छ । उसको फोटो खिचाइ र समयमा

नै गाउँलेहरुलाई फोटो दिन सफल भएकाले नागरिकता टोलीलाई सहयोग मिलेको र उसको काम प्रति नागरिकता टोली प्रमुख खुशी भएको छ । रामे भाइ राम्रै क्यामरा चलाउदो रहेछौं । अब गाउँमा भन्दा शहरमा धेरै पैसा कमाउन सकिने कुरा बताएका छन् । मेहेनत चाँही गर्नु पर्छ । हाकिमलेपनि सहयोग गर्ने कुरा गरेको पाइन्छ । धेरै पैसा कमाए पछि शहरमै घरघरेडी किनेर बस्न सकिने कुरा सम्म भएको छ । रामेले घरमा साधा हुदाँहुदै रंगिन फोटो खिच्दै शहरमा गएर धुलाउँदै ल्याएर गाउँमा दिन थालेको पाइन्छ । शहरमा पनि केही मान्छेहरु चिनिसकेको छ । नागरिकता टोलीमा जाँदा कमाएको पैसाले लाहुरे बाजेले दिएको क्यामेरा भन्दा अलि राम्रो क्यामेरा किनेको छ । घरमा बाबुलाई घर खर्च पनि दिएको छ । बाँकी रहेको पैसा आफैले राखेको पाइन्छ । एक रात भात खाएर ओछ्यानमा लडेपछि उसले नागरिकता टोली प्रमुखले भनेको कुरा सम्भेको छ । शहरमा गएर गाउँले फोटो स्टुडियो नाम राखेर फोटो स्टुडियो खोल्ने, धेरै पैसा कमाएर शहरमा जग्गा किन्ने, घर बनाएर आफ्नै घरमा फोटो स्टुडियो खोलेर बस्ने कुरा सम्भेको पाइन्छ ।

एकदिन ऊ फोटो धुलाउने कामले शहरमा भरेको छ । शहरमा फोटो धुलाउन दिई राखेर नागरिकता वितरण गर्न जाँदा चिनजान भएको हाकिमलाई भेट्न उनको कार्यालय पुगेको छ । नमस्कार सर, ओहो, भाइ कहिले आएको ? शहरतिर केहि दिन भयो सर अनि सरको सल्लाह अनुसार नै गरौं कि भनेर गाउँबाट शहर भरेको सर (समथिङ, २०७४ : २०) ल राम्रो भयो । उसले फोटो स्टुडियो खोल्नका लागि घर भाडामा खोज्ने काममा हाकिमले सहयोग गरेर हाकिमद्वारा घर भाडामा पाएपछि ऊ फोटो बोकेर घरतिर लागेको छ । खाना खाएर सिधै लाहुरे बाजेको घरतिर लागेको छ । नागरिकता टोली प्रमुखले भनेको अनुसार शरहमा फोटो स्टुडियो चलाउनको लागि घर खोजेर आइसकेको कुरा लाहुरे बाजेलाई सुनाएको छ । नाती शहरमा गएर बूढो बाजेलाई नविर्सन भनेको छ । रामेले लाहुरे बाजेले लगाएको गुण कहिले नविर्सने कुरा भनेका छन् । मेरो बाउले भन्दा धेरै गरिदिनु भएको छ । घरमा सल्लाह गरेर शहरतिर फोटो खिच्ने र धुलाउने मेशिन बोकेर एक्लै शहरतिर भरेको छ । उसले साइनवोर्ड गाउँले फोटो स्टुडियो नाम राखि टाँसिएको पाइन्छ । गाउँकै मान्छेले खोलेको फोटो स्टुडियोले राम्रो बजार पाएको छ । शहरमा फोटो स्टुडियो व्यवसाय सञ्चालन गरेर बसेको भएता पनि शहरिया वातावरणले छोएको थिएन । कसरी हुन्छ पैसा कमाएर घडेरी किन्ने र सानो भुप्रोसम्म भएपनि आफ्नै घर बनाउने फोटो स्टुडियो सारेर चलाउने भन्ने मात्र सोचिरहेको छ । अब उसलाई भात पकाएर खाँदै आफ्नो फोटो स्टुडियो चलाउन निकै गाह्रो हुन थालेको छ । उसले एक्लै भन्दा दुई जना भए अलिक सहज हुन्छ कि भन्ने महसुस गर्न थालेको पाइन्छ ।

रामेले बिहे गर्दा पो काममा अलिक सहज होला कि भन्ने साथीहरुसँग सल्लाह मागेको पाइन्छ । उसले गाउँकै घरमा गएर रामप्यारी नाम गरेकी केटीसँग मागी बिहे गरेको छ । बिहे सामान्य खर्चमा जातिगत संस्कार अनुसार नै गरिएको पाइन्छ । बिहेपछि ससुराली तिर लागेको छ । अनि केहि दिन बसेर फर्किएको पाइन्छ । रामे र रामप्यारी शहरतिर लागेका छन् । एक्लै गरी राखेको काम थप सहयोग

गर्ने रामप्यारी थपिएपछि उसलाई धेरै सजिलो भएको छ । फोटो स्टुडियो मात्र भएको अहिले रामप्यारी पनि होटल पनि जोडेको पाइन्छ । होटल चलाउनका लागि थप कोठाहरु थपेको छ । गाउँबाट आएका मान्छेहरु दिनभरी कार्यालयको काम सकेर बेलुका बास बस्न उसकै होटलमा आउने र उनीहरुले जाँड, रक्सी, दाल, भात र मासु खाएको मात्र पैसा लिएको छ । सुतेको पैसा नलिए पछि होटलमा बास बस्न आउनेहरुका चाप बढ्दै गएको छ । आम्दानी राम्रो भइरहेको पाइन्छ । भाग्यले साथ दिएर होला रामले तीन वर्षपछि बाटोले छोएको ठाउँमा आठ आनी घडेरी किनेको छ । घडेरी पास गरेको दिन होटलमा बास बस्न आउने ग्राहकलाई एक छाक पैसा नलिएको पाइन्छ । रामेले फोटोको काम रामप्यारीले होटलको काममा व्यस्तता भएको पाइन्छ । बिहान चाडै उठेर बेलुकासम्म काम गरेको छ । गरीब परिवारको रामेलाई भाग्यले साथ दिएर होला श्रीमती पनि मेहनती र सहयोगी स्वभाव भएको पाइन्छ । उनीहरुलाई इमान्दारीता र परिश्रमी देखेर होला भगवानले पैसा कमाउने भाग्य दिएको छ । थोरै समयमा गाउँबाट शहर पसेर उसले राम्रै पैसा कमाउन सफल भएको छ । उनको गाउँले फोटो स्टुडियो र होटलको प्रचार ग्राहकहरुकै कारणले जिल्लाका गाउँ गाउँमा पुगेको छ । उनीहरुको दुई वर्षको फरकका दरले जन्माएका छोराहरु तीनजना छन् । उनीहरुको दिनदिनै उमेर बढिरहेको छ । जातिगत रुपमा जेसुकै नाम जुराएपनि आमाको रामप्यारी बाबुको रामबहादुर नाम जस्तै छोराहरुको नाम रणबहादुर, रणबीर र रणकुमार राखेका छन् । तीनै जना छोराहरु सरकारी स्कुलमा पढाउन थालेका छन् । श्रीमान र श्रीमतीले कहिले जाँड, रक्सी खान सिकेको छैन । नखाएको कारणले गाउँले फोटो स्टुडियो र होटल राम्ररी चलेको छ । ग्राहक भनेका देवता समान भन्ने उक्तिलाई उनीहरुले टपक्के टिपेको पाइन्छ । दुबै जना श्रीमान श्रीमती फोटो खिच्न आउने र होटलमा बस्न आउनेलाई नम्र व्यवहार, मिठो बोली कै कारणले एकपटक बस्न आउने फेरि अर्को पटक पनि उनीहरुकै होटलमा बस्न आएको पाइन्छ । नेपाली समाज र हाम्रो सामाजिक परम्परा संस्कार अनुसार सन्तानका लागि छोरी मात्रै भयो भने त्यसलाई राम्रो नजरले हेरिएको पाइदैन । गाउँमा कुरा काट्न थाल्छन् । मरि मरि, खाइ नखाइ सम्पति जोड्छ, पछि कसले खाइदिन्छ (समथिङ, २०७४ : २७) ? समाजमा घटेको घटना यसरी राखेको पाइन्छ ।

एकदिन राजनैतिक पार्टीको भातृसंगठनले बजार पनि बन्द गरेको थियो । भात खाएर बसेका थिए । रामे, उसका छोराहरु झोलामा किताब बोकेर स्कुल निस्किएका छन् । छोराहरु स्कुल गइसकेपछि रामबहादुर सपना देख्न थालेको छ । तीनै जना छोराहरुले धेरै पढोस, तीनै जनाको सरकारी जागीर होस, बुहारीहरु जातकै होस, तीनै जना बुहारीहरुको पनि सानो भएपनि जागीर होस, आफ्नै गाडी होस, घर होस, भनेर सपना देखेको पाइन्छ । तीनै जना छोराहरुको नाती नातिनीहरु हुर्काउन पाउन पाए र हामी बूढा बूढी तिर्थव्रत र देवधामतिर लाग्न पाएको भए कस्तो होला भनेर सपना सजाएको छ । ऊ दिउँसै सपना देख्दा देख्दै खाना खान विर्सेको छ । श्रीमती भात थपौं भन्दा पो झस्याङ झस्किएको छ । ए म त दिउँसै पो छोराहरुको बारेमा सपना देख्न पुगेका छु । (समथिङ, २०७४ : २८) । उनको श्रीमतीले अहिले छोराहरुको लागि ठूलो सपनाहरु देखिहाल्न हुँदैन । छोराहरुले दुःख दिएको देखेको छैन ऊ हरेराम काकाको तीन जना छोराहरु बिग्रिएर हरेराम काका विष खाएर मरेको विर्सेको हो । छोरा साह्रै नभन्नु

पछि छोराहरु विग्रिएर घाँटीमा खुकुरी देखाएको बेला थाहा हुन्छ । अहिले खाइ नखाई कमाएको सम्पत्ति सकिदिन्छन । रामेका छोराहरु बिग्रेका छन् भन्दा रुँदै हिड्नु पर्ला नि । श्रीमतीले भनेको जस्तै पछि गएर छोराहरु फटाहा भइरहेका छन् । रामेले मेहेनत र इमान्दारिताले पैसा कमाएको देखेर शहरका मान्छेहरु छक्क पर्न मात्रै होइन, रिस गर्न पनि थालेको पाइन्छ । कयौं वर्ष अगाडि व्यापार जागिर र अन्य व्यवसाय गरेर पनि अहिले चार आनीसम्म घडेरी किन्न नसकेको पाइन्छ । रामेलाई हरेक कुराले साथ दिएको छ । रामेले गाउँबाट शहरतिर पसेर केही वर्षमा घडेरी जोड्न सफल भएको छ । उनका छोराहरु पनि पढ्दै घरमा बिहान बेलुका काम सघाइरहेका छन् । होटल र स्टुडियोको काम परिवारै मिलेर बा आमा, बाबु, छोराहरु जम्मा पाँच जना मिलेर चलाएका छन् । छोराहरुको पढाईले चाहि बन्दै साथ नदिएको पाइन्छ । जसो तसो पास सम्म हुन थालेका छन् । छोराहरुको पढाइमा मात्र होइन अन्य क्रियाकलापमा पनि कमजोर रहेको पाइन्छ । तीन जना छोराहरुको हालत उस्तै उस्तै छ । छोराहरुको कमजोर पढाई देखेर ऊ र उसकी श्रीमती दिन दिनै चिन्तित हुन थालेको देखिन्छ । राम्रो पढेनन र शहरका विग्रेका केटाहरुको संगत मात्र पाए भने भोलि चोर, डाका, फटाहा, गाँजा खाइहिड्ने भए भने त कमाएको इज्जत र सम्पत्ति त माटोमा मिल्न के बेर ? उनीहरु चिन्ता गरिरहेको पाइन्छ (समथिङ, २०७४ : ३१) ।

अब उसका छोराहरु पनि ठूला भइसकेका छन् । छोराहरु घरबाट स्कुल गएर राम्रै पढिरहेका छन् भनेर रामप्यारी र रामबहादुर ढुक्क थिए तर छोराहरु साथीहरुसँग अन्त घुम्न जाने तर चुरोट तान्न थालेको पाइन्छ । स्कुल विदा हुने समयमा घरमा आइपुगेको छ । बाबु र आमाको हेराइमा छोराहरु इमान्दार देखिएको घरमा बिहान र बेलुका खुब काम सघाउने गर्दछन । स्कुलबाट भाग्ने काम निरन्तर हुन थालेको छ । केटाहरुमात्र होइन, उनीहरुको समूहमा केटीहरु पनि सामेल भएको पाइन्छ । शहरको एकमात्र सरकारी स्कुलमा हजारौं सङ्ख्यामा विद्यार्थीहरु भएकाले सरहरुले को आउँछ को जान्छ थाहा हुने नै थिएन । सरकारी स्कुलमा दरबन्दी अनुसार विषयगत सरहरु पनि नभएको पाइन्छ ।

रामेले जग्गा किनेको पाँच वर्ष पछि आफ्नै जग्गामा ढुंगा, माटो र टिन लगाएर घर बनाएको छ । घर बनाउनका लागि आफूले कमाएको पैसाले मात्र नपुगेर उसले तीन लाख रुपैया ऋण लिएको छ । उसले भाँडामा लिएर चलाएको फोटो स्टुडियो र होटल पनि आफ्नै घरमा सारिएको पाइन्छ । अघिल्लो पटक शहरमा घडेरी किनेको दिन ख्वाएको जसरी होटलमा आएर बसेका ग्राहकहरु पनि एक पैसा नलिएको देखेर छक्क परेका छन् । यस्तै व्यवहार देखेर फोटो स्टुडियो र होटल दिनानुदिन बढ्दो क्रममा छ तर छोराहरुको पढाई भने घट्ने क्रममा आउन थालेको छ । बेलुका घरमा पनि ढिलो आउन थालेका छन् । शहरमा बाबु र आमाले चौबीसै घण्टामा ६ घण्टा सुतेर बाँकी समय दुःख गर्दै काम गरेको तीनै जना छोराहरुले विर्सन थालेको पाइन्छ । आमाको हाट आगो र भाँडा माझ्केकै कारणले पट्पट्टी फुटेको छ । छोराहरु फटाहा, चोर, डाका, गाँजा खान थालेको पाइन्छ । रामबहादुरले फोटो धुलाउँदै सुकाउँदै फोटो कैंचीले काट्दै समय दिनको तीन तीस बजेको छ । दुई जना नचिनेका मान्छे आएर गाउँले

फोटो स्टुडियोमा को हुनुहुन्छ ? भन्दै सोधेको पाइन्छ । हजुर म नै हो त फोटो खिच्न आउनु भएको हो भनेर सोध्दा त हैन हामी पुलिसका विशेष हौ. भनेर जवाफ दिन्छन् । जिल्ला प्रहरी कार्यालयबाट पठाइएका उनीहरुले रणबहादुर, रणवीर र रणकुमार तपाईका छोराहरु हुन ? भनेर सोधेपछि रामबहादुरले हो हजुर भनेर जवाफ दिन्छ । तपाईका छोराहरुलाई चोरी अभियोगमा पुलिसले समातेको छ । अहिले उनीहरु पुलिस हिरासतमा राखिएका छन् । डि.एस.पी सावले तपाईलाई बोलाएर ल्याउने भन्नुभएकोले खबर गर्न भनेर हामी आएका हौं भनेर ती विशेषका पुलिसले भने पछि रामेले मेरा छोराहरुले त यस्तो काम गर्नै सक्दैनन् भन्दै आत्तिदै कुनै शत्रुको आँखा लागेर उजुरी गरेको होला भन्दै रामेका श्रीमान श्रीमती फोटो स्टुडियो र होटलको ढोका मात्रै ढप्काएर पुलिस कार्यालय पुगेको पाइन्छ । आमा छोराहरुको अवस्था देखेर आँखा भरी आँसु पारेर रोइ रहेकी छिन् । छोराहरु भेडाबाखालाई खोरमा थुने झैं पुलिस हिरासतमा थुनिएको छ । रामप्यारी साह्रै रुन थालेपछि सम्झाएर पुलिस हिरासत बाहिर निकालिएको पाइन्छ । रामेले छोराहरुलाई हेऱ्यो मात्र तर केहि पनि भनेको छैन । मुद्धा फाँटमा गएर के अभियोगमा थुनिएका रहेछन् भनेर सोध्न पुगेको छ । छोराहरुलाई नाम सहित चोरी अभियोगमा उजुरी परेको पाइन्छ । ऊ जिन्दगीमा कहिले पनि यस्तो घटना नघटेकोले बडो ठूलो चिन्तामा परेको छ । पुलिस कार्यालयबाट निस्केपछि बूढाबूढी एक वचन नबोली घर आइपुगेको पाइन्छ । रामेका छोरा चोरी अभियोगमा पुलिसले समातेको छ भन्ने हल्लाह बजार भरी हल्ला सुनिन थालेको छ । उसको घरमा शोधपुछ गर्नेहरुको भिड लाग्न थालेको छ । भेला भएका छिमेकीहरुले आमा बाबुले खान लाउन पढ्नको लागि खर्च पुऱ्याएको छ । उहिले बूढापाकाले उखान त्यसै बनाएको हैन रहेछ । "म ताक्छु मुढा, बन्चरो ताक्छ घुँडा" भन्ने झैं बाबु र आमा छोराहरुको लागि मरिहत्ते गरेको पाइन्छ भने छोराहरु चाहि अर्काको घरमा चोर्दै हिडेको पाइन्छ । (समथिङ, २०७४ : ४०) । सबै छिमेकी इष्टमित्रहरु आ–आफ्नो घरतिर लागेको पाइन्छ । उसकी श्रीमती छोराहरुको पीरले भात समेत नखाई सुतेकी छिन् । छोराहको पनि खाना, ओढ्ने, ओछ्याउने आदि पुऱ्याउन पुलिस कार्यालयमा पुगेका छन् । संयोगवस, सधैं होटलमा बस्ने ग्राहक कहिले नटुट्ने तर त्यस दिन एक जना पनि ग्राहक बस्न आएको पाइदैन । रामेले पहिले खाना खाँदै दिउँसै छोराहरुको बारेमा देखेको सपना सम्झन थाल्दछ । दुवैजना रातभरी ननिदाई बिहान चाडै उठेको पाइन्छ । अब पुलिसले कति लाखको चोरीको अभियोग लाउने हो ? घर बनाउदा लागेको तीन लाखको ऋण अझै तिर्न बाँकी नै छ । जसरी पनि पैसा खोजेर बजियाहरुलाई उकास्नु नै पर्ने भो भन्दै रामेले सोच बनाएको पाइन्छ ।

रामेका छोराहरुलाई पुलिस कार्यालयले सरकारी वकिल कार्यालय हुँदै अदालतमा पेश गरिएको छ । पुलिसले समातेको पाँच दिनमा प्रति व्यक्ति एकलाखको धरौटी तिर्न पर्ने कि एक वर्ष जेल बस्नु पर्ने भनेर फैसला अदालतले गरेको पाइन्छ (समथिङ, २०७४ : ४२) । फैसला गरेको सूचना उसले चिनेका पुलिसले आएर सुनाएको पाइन्छ । छोराहरुलाई ऋण खोजेर उकास्ने कि जेल पठाउने, उसले धरौटी नराख्ने बरु जेल जाओस भन्ने व्यक्तिगत निर्णय गरेको छ तर आमाको मन त हो आखिर छोराहरुका लागि कै भनेर मरिहत्ते गरेर सम्पति जोड्नु छ । उनीहरुलाई जेल पठाएर हामी मात्रै घरमा

बस्दा मान्छेले के भन्छन् भनेर कर गरि रहेको पाइन्छ । स्वास्नीले साह्रै कर गरेपछि उसले आफ्नै घर जग्गाको धनीपुर्जा राखेर सयकडा तीन रुपैया व्याजदरमा तीन लाख रुपैया ऋण काढेर पैसा लिएको छ । अनि धरौटी बुझाएर छोराहरु बुझ्नको लागि आफू नगएर श्रीमतीलाई पठाएको देखिन्छ । श्रीमती तीनै जना छोराहरुलाई बुझेर घरमा ल्याएको पाइन्छ । सबै छिमेकीहरुको भेला भएका छन् । रामबहादुर छोराहरुको अनुहार हेर्द खुब रिसाएको छ । रिसकै झ्वाकमा छोराहरुलाई खुब गाली पनि गरेको पाइन्छ । रणबहादुर, रणवीर र रणकुमारलाई भेला भएको सबै जनाले सम्झाउने गरेको पाइन्छ । साँझपख घरमा राखेर आमाबाबुले सुध्रेर राम्रो पढ यस्तै व्यवहार गर्छौ भने हामी दुवैजना पहिलो मिलेर मार्न भनिएको छन् । समय दिनदिनै वितिरहेको छ । आमा बाबुले सम्झाएर पनि छोराहरुको चोर्ने बानीमा कुनै सुधार आएको पाइदैन् । तीनै जना छोराहरु स्कुल जान छाडेका छन् । रामबहादुरको परिवार छिमेकीहरुले यतिका सुखका दिन थिए, छोराहरुको कारणले अब दुःखका दिन शुरु भएको छ । रामेको परिवार आर्थिक रुपले न्यून परिवारको छ । यती मत्र होइन, ठूलो सङ्ख्याको परिवारले गर्दा बनी नगरी घरमा आगो नबलेको कुरा समेत थाहा पाउन सकिन्छ । मान्छे जतिसुकै पैसा भएको वा पढेको किन नहोस, आर्थिक पारदर्शिता र प्रष्ट व्यवहार भएन भने डाका नै भन्न थाल्दछ । अरुको पैसमा मै इज्जत फाल्नु हुँदैन । मान्छेले मर्दा यो त मरेकै ठिक भो नभनुन, मान्छेहरुले छ लाख ऋण लागेको छ अब के कसरी कहाँबाट ल्याएर तिर्ने भनेर रामबहादुर र रामप्यारीलाई सताउन थालेका छन् । छोराहरुले स्कुल छाडेर नराम्रो काममा लागेकाले झन ठूलो चिन्ता थपिएको छ । ऊ आफू इमान्दार भएर के गर्नु, छोराहरुले गति छाडेपछि अर्काको पैसा चोर्ने, पसलहरु फोर्ने, अर्काको मोटरसाइकल चोरेर बेच्ने, गाँजा चरेश समेत खान थालेका छन् । तीन जना छोराहरु उस्तै एक जना त विग्रयो तर अरु त सप्रनु पर्छ नि । रामप्यारीले जहिले पाँच जनाको परिवारका लागि भात पकाउने गर्दथीं तर धेरै जसो भात तिउन सुँगुरको चारो भएको छ । आमाले होटलमा भात ख्वाएर बाबुले फोटो स्टुडियोमा फोटो खिचेर बेचेको पैसा गल्लामा राख्न दिदैन थिए । छोराहरुले तछाड र मछाड गर्दै पैसा निकालेर लान थालेको पाइन्छ । घरमा त चोर्‍यो होटलमा बस्न आउने ग्राहकहरुको पैसा हराउन थालेपछि होटलमा ग्राहकहरुको सङ्ख्या घट्दो क्रममा छ । छोराहरु दिनभरी घरमा नआउने राती मातेपछि घरमा आएर बाबु, आमासँग पैसा मागेर हैरान पार्न थालेको छ । रणबहादुरले घरमा आमाबाबुसँग पैसा माग्ने क्रममा रणबहादुरले पाँचहजार, रणवीरले तीन हजार, रणकुमारले सात हजार गर्दै घरमा पैसा माग्न थालेका छन् । बाउ मलाई एक घण्टामा दश हजार पैसा चाहियो । एक घण्टामा पैसा भएन भने घाँटीमा खुकुरी आउँछ (समथिङ २०७४ : ५०) भनेर बाबुलाई थर्काउदै पैसा पाएपछि पन्ध्र विस दिन घरमै नआउने गर्दथे । पालैपालो तीन जनाले खुकुरी देखाउँदै मागेको पाइन्छ । प्रहरी हिरासतमा थुन्नु, छाड्नु र उकास्नु हप्तैपिच्छे नियमित हुन थालेको छ । छोराहरुको व्यवहारले रामे वाक्क भइसकेको छ । छोराहरुको पीडा कति सहेर बस्नु, पीर खप्नु भन्दा बरु दुवैजना झुण्डिएर मरु कि विष खाएर मरु भनेर श्रीमतीले सल्लाह मागेकी छिन् । बजियाहरुले मारेनन् भने त बूढाबूढी गिटी कुटेर भएपनि बाँचिन्छ किन सुर्ता गर्छौ ? छोराहरुको पीरले उनीहरुले खाना पनि मन लगाएर खान छाडिसकेका छन् । दुवै जनाले खानाको साटो जाँड, रक्सी खान थालेका

छन् । सायद छोराहरुकै कारणले वाक्क दिक्क भएर रामेको श्रीमती बिहान उठेर चियाको सट्टा रक्सी खान थालेकी छिन् । फोटो स्टुडियो, फोटो समयमा दिन नसकेपछि ग्राहकहरु घट्दै गएका छन् । होटल पनि ग्राहक विहिन हुन थालेको छ । होटलको काम नभएकोले श्रीमती बिहान नै मातिसकेकी हुन्छिन् । छोराहरु मध्ये जेठा र कान्छा चोरी अभियोगमा पाँच वर्षको लागि जेल परेका छन् । माइला चोरी अभियोगका कारण घर छाडेर भागेको छ । ६ लाख ऋणले दिनदिनै कहाँबाट ल्याएर तिर्ने पीर, अर्कोतिर छोराहरुको व्यवहार र जेलमा परेकोले छिन छिनमा ए बूढा हामीलाई तुरुन्त उकास्न जेल आउनु । हैन भने जेलबाट छुटेको भोलिपल्ट टाउँको एकातिर र जीउ अर्कोतिर पारिदिन्छौं भनेर फोन गरिरहेका कुराले उनीहरुलाई थप पीडा दिएको छ । यही पिडा विर्साउनको लागि उनीहरुको दुःखको साहारा भनेको रक्सी बनेको छ ।

समयले मान्छेलाई कहाँदेखि कहाँसम्म पुऱ्याउँछ भन्ने उदाहरण रामबहादुरको जीवनले भोगेको छ । होटल र फोटोको काम नभएपछि बूढाबूढीको पनि मात्ने काम भन्दा अरु हुन छोडेको छ । उसको घरमा रक्सी बन्न छाडेको छ । उसको घर भन्दा अलिक पर शहरको छेउमा साइलीको सानो झुप्रोमा बिहानदेखि बेलुकासम्म रक्सीलाई साथी बनाएर रामे बस्न थालेको पाइन्छ । रामबहादर र रामप्यारी रक्सी, जाँडको गन्ध समेत सुन्न नमानेको मान्छेहरु अहिले यस्तो अवस्थामा पुगेको पाइन्छ । एक ग्लास देऊ, साइली । मेरो जिन्दगीमा यसै दुःख उसै दुःख । यसै गति छोडे उसै गति छोडे (समथिङ, २०७४ : ५४) । रामे साइलीको झुपडीमा, श्रीमती भने अरुकोमा जाने मातेर घरमा आएर सुत्ने गर्न थाल्छिन् । रक्सी खाएर वा अरु खान राम्रो खान नपाएर रामप्यारीको शरीर कमजोर भएर रामप्यपारी मातेर सुतेको बेलामा उढ्ने क्रममा खाटबाट डङ्रङ्ग भुँईमा लडेको छिन् । लडेर एकपाटो चल्न छाडेको छ । छिमेकीहरुले हतार हतार अस्पताल पुऱ्याएर इमरजेन्सीमा राखिएको पाइन्छ । रामप्यारीलाई अस्पताल पुऱ्याएपछि उसको बूढोको खोजी भएको छ । त्यतिबेला खोज्दै जाँदा साइलीको भट्टी पसलमा

कोही भन्छन रक्सी हजुर

कोही भन्छन रम.

म चाहि भन्छु सेन्थेरेम, सेन्थेरेम, सेन्थेरेम

...................................................

पैलो प्याक हान्दाखेरी मुखै विग्रिने

दोस्रो ग्लास तान्दाखेरी कुरै विग्रिने

त्यो भन्दा नि बढी भए घरै विग्रिने

किन होला ? सेन्थेरेममा पानी मिसाउने

था छ मलाई सेन्थेरेम त साह्रै बैगुनी

तर पनि किन मलाई नभई नहुनी

.................................................

आइ लभ यू सेन्थेरेम, सेन्थेरेम, सेन्थेरेम

आइ लभ यू सेन्थेरेम, सेन्थेरेम, सेन्थेरेम

कोही भन्छन रक्सी हजुर

कोही भन्छन रम.

म चाहि भन्छु सेन्थेरेम, सेन्थेरेम, सेन्थेरेम ।

अब छैन जिन्दगीमा धेरै चाहना

सेन्थेरेम तान्ने छन धेरै बहाना

सेन्थेरेम, सेन्थेरेम, सेन्थेरेम

आदि भन्दै टेवललाई मादल जस्तो ढटाउँदै गीत गाउँदै बस्न थालेको भेटिएको छ । तपाई यहाँ रक्सी खाएर गीत गाउँदै बस्ने ? उहाँ भाउजू विरामी भएर अस्पताल पुऱ्याएको छ । हिड्नुहोस छिटो भनेर खबर पठाउँदा, को मऱ्यो रे ? भनेर रामेले प्रश्न गरेको देखिन्छ । को भाउजु, के को भाउजु, विरामी सिरामी हुँदै गर्छ भन्दै वास्ता नगरेको पनि पाइन्छ । अझ त्यही बेला साइलीलाई अरु एक ग्लास रक्सी मागेको तर साइलीले दाई तपाईलाई रक्सी धेरै लागिसकेको छ घर जानु होस भनेर सम्झाएको पाइन्छ । आमा विरामी हुदाँ छोराहरु पनि हेर्न समेत नआएको पाइन्छ । रामबहादुर लर्बरिदै उठ्न खोज्छ तर हिड्नै नसक्ने गरी मातेको कारणले उसलाई खोज्न जानेहरुले डोऱ्याउँदै जिल्ला अस्पताल पुऱ्याएको पाइन्छ । बूढीलाई इमरजेन्सी कोठामा राखिएको छ । ह्वास्ह्वासी सास रक्सी गनाएकोले डाक्टरले रामेलाई बाहिर निकालेको छ । डाक्टरले श्रीमतीको देव्रे पाटा चल्न छाडेकाले तुरुन्त नसा सम्बन्धी हेर्ने अस्पतालमा लैजान सिफारिस गरेको पाइन्छ । हिजो सम्म उनको लागि एक डेढ लाख रुपैंया खाँचो हुँदैनन थिए, आज त्यी पैसाको आवश्यकता परेको छ । घर बनाउँदा लागेको ऋण र छोराहरुलाई हिरासतबाट निकाल्दा धरौटी राखेर तीन लाख ऋण परेको छ । रामेलाई जम्मा ६ लाख ऋण परेको छ । अब श्रीमतीलाई उपचार गर्नका लागि पैसा नभएकाले घरमा लाने सल्लाह भएको थप उपचारका लागि न्यूरो अस्पताल लान भनी डिस्चार्ज गरिएको पाइन्छ । आजै लाने अवस्था नभएकाले पैसा खोजेर केही दिनमा लाने भनेर घरमा राखेको छ । एकदिन दुई दिन भन्दै हप्तौ दिन वितिसकेको छ । न त रामेले अझैसम्म विरामीको लागि पैसा जुटाउन सकेको छ, न त रक्सी खान नै कम गरेको छ । छोराहरु आमा बाबुले जन्माएको होइन, उनीहरु जमिनबाट फुत्त माथि, उफ्रिएर, आकाशबाट फुत्त तल झरेर मस्त उमेर पुगेको छ । उपचारमा लाने भन्दा भन्दै महिनौ दिन वितिसकेको छ । श्रीमानले एक डेढ लाख रुपैया जुटाउन नसकेको पाइन्छ । श्रीमती प्यारालाइसिस भएर विरामी र ऊ बिहानै उठेदेखिको साइलीको रक्सी पसलमा पुगेको हुन्छ । घरमा चामल, तरकारी केही हुँदैन । उसले

एकदुई किलो चामल पनि लिएर आउने र पकाएर श्रीमतीलाई खोले खान दिएको छ । श्रीमतीको छेउमा कोही जान सक्दैन । दिसा पिसाब एकै ठाउँमा भएर झिँगाले पुरै शरीर भरी छोपेको पाइन्छ । खान नपाएर होला शरीर सुक्दै जान थालेको छ । उसले रक्सी खान छोडेकी छैन् । बूढा मलाई भगवानले यस्तो सजाय दिएको छ । छोराहरु सबै डाकैडाका भए । उनीहरुकै पीरले हामी बूढाबूढी जाँड, रक्सी खान थालेको हो । अहिले मेरो हालत यस्तो भएको छ । भेट्न आउने साथीहरुसँग पनि दुःखेसो पोख्दछिन् । बूढा मलाई औषधी पसलमा गएर मेटासिट ल्याइदिनु स्याहार गर्ने झन्झट पनि सकिन्छ भनेर रोइ कराई गरेको पाइन्छ ।

बाबु र आमाको यो हालत भएको छ । छोराहरु भने बजारको पसल फोर्न, मोटरसाइकलहरु चोर्न, सुन पसल चोरी काण्डमा उनीहरुलाई पुलिसले समातेका छन् । पुलिस र सरकारी वकिल कार्यालय हुँदै जिल्ला अदालतले पाँच पाँच लाख जरिवाना र पाँच वर्ष जेल सजाय फैसला गरिएको छ । छिमेकीहरु भन्दै थिए, हिजो गाउँबाट एकलो ज्यान झेर रामेले फोटो स्टुडियो र होटल चलाएर बजारमा घर बनाएको थियो । गोटा गोटा तीन छोराहरु, सानो पाँच जनाको सुखी परिवार थियो, तर आज यस्तो हालत (समथिङ, २०७४ : ६३) । जिल्ला अदालत बजारको सिरानमा भने जेल पुछारमा थिए । छोरीहरुलाई जेल चलानको फैसला गरेको दिन बजारको बीच बाटोबाटै जेल लगेको पाइन्छ । समयले पनि मान्छेलाई एकहदसम्मा मात्र साथ दिँदो रहेछ । समयले साथ दिएको बेलामा मान्छेले पनि ख्याल गर्नुपर्ने रहेछ (समथिङ, २०७४ : ६४) । रामबहादुरको जिन्दगी रक्सीमय भएको छ । ऊ उठ्ने वितिकै साइलीको झुपडीमा रक्सी खान पुगेको पाइन्छ । लेऊ साइली मेरो प्यारो साथी रक्सी, मेरो दुःख बुझिदिने साथी यही त हो रक्सी । मलाई जेलबाट खबर पठाउँछ, पन्ध्र लाख पैसा लिएर छुट्टाउन जानु रे, उकासेन भने पाँच वर्ष पछि जेलबाट छुटेपछि काटेर मार्छन रे (समथिङ २०७४ : ६४–६५) । ऊ रक्सी खाँदै बरररररर आँसु झार्दै रुन थाल्दछ । छोराहरु विग्रेको कारणले एक प्रकारले उसले व्यवसाय, व्यवहार जिन्दगी सबै वर्वाद पारेको छ । मैला भएको कपडा, झ्याप्प दाह्री, अनुहारहरु चाउरी परेका र कपालहरु लामो लामो भएको, पहिलेको रामबहादुर र अहिलेको रामबहादुर मान्छेहरुलाई चिन्नै गाह्रो भएको छ । उसलाई देख्ने वित्तिकै मान्हिरु तर्कन थाल्दछन् । यता श्रीमतीको दिसा पिसाब एकै ठाउँमा भएर मर्न न बाच्नको अवस्था रहेको पाइन्छ । पहिले बिहान चार बजे उठेर फोटोको काम गर्नु उसको दिनचर्या तर अहिले ऊ बिहानै उठेर चियाको सट्टा साइलीको रक्सी पसल गएर रक्सी खानु र मात्नु दिनचर्या बनेको छ ।

प्रस्तुत उपन्यासमा सामाजिक विषय वस्तु प्रस्तुत गरिएको छ । समाजमा घट्ने घटना प्रस्तुत गरिएको छ । रामबहादुरको जीवनमा घटेका घटना समेटिएको पाइन्छ । सेन्थेरेम भोजपुरी गीतबाट आएको नयाँ शब्द हो । यसलाई मादक पदार्थ भनिएको छ । यसमा ६६ पृष्ठमा समेटिएको यो उपन्यास रैखिक ढाँचामा अघि बढेको छ । यसमा उपन्यासमा समाजमा घटेको घटना प्रस्तुत गरिएको छ । एउटा परिवार चलाउनका लागि हरेक खालको काम गर्नुपर्ने वा समस्याहरुलाई समाधानको बाटो देखाइएको

पाइन्छ । उनीहरुको छोराहरुको कारणले फेरि गरीबीको अवस्थामा पुगेको छ । कुनै कृतिको अध्ययन गर्दै जाँदा कथामा जब गहिरिन्छ, कथावस्तुको अपेक्षा गरिन्छ । कथावस्तु सरल, सहज भाषाशैली प्रयोग गरेको पाइन्छ । यस कृतिमा सबैले बुझ्ने खालको भाषाशैली समाजमा बोलचालको भाषा प्रयोग भएको छ । समाजमा घटेको घटनालाई यथार्थ प्रस्तुत गरिएको छ । रामबहादुर र रामप्यारीले घर परिवारको लागि संघर्ष गरेको छ । संघर्ष गर्दागर्दै पनि सफल भएको देखाइएको पाइन्छ । गरीब परिवारको भएको कारण बनी नगरी घरको आगो बिहान बेलुका नबलेको देखाइएको छ । छोराहरुलाई हिरासतबाट उकास्दा र घर बनाउदा जम्मा ६ लाख रुपैया ऋण लागेको छ । त्यो ऋण तिर्न पैसा कहाँबाट ल्याउने भन्ने कुराले रामबहादुर तनावमा छ । अर्कोतिर छोराहरुलाई हिरासतबा नछुटाएमा छुटेको भोलिपल्ट टाउको र घाँटी फाल्टै बनाउने भन्ने धम्की छोराहरुले दिएको कारण थप पिडा भएको र सोही तनावलाई भुल्नको लागि रक्सी पिउने आदत बसेको र रक्सी नै दुःखको सहारा भएको छ । त्यही रक्सी अत्याधिक खाएर शरीर असाध्यै कमजोर भएकोले खाटबाट लडेर रामप्यारी प्यारालाइस भएको अनि आर्थिक अभावका कारण उपचार गर्न नसकिएको देखाइएको छ । यसरी रामबहादुर र रामप्यारीको जिन्दगी दुःखैदुःखमा टुङ्गिएको छ ।

## ४.२.२ सेन्थेरेम उपन्यासका पात्र वा चरित्र

"सेन्थेरेम" आकारका दृष्टिले सानो उपन्यास देखिए तापनि धेरै पात्रहरुको उपस्थिति रहेको उपन्यास हो । उपन्यासका कथानकलाई अघि बढाउन पात्र चरित्रहरुको संवाहकको काम गर्दछन् । पात्र चरित्र विना कथावस्तु अगाडि बढ्न सक्दैन । पात्र चरित्रले समाजको रहनसहन, सँस्कृति, रीतिरिवाज आदिको चित्रण सम्भव हुन्छ । पात्रको रुपमा मानव र मानवेत्तर प्राणीहरुलाई लिने गरेको पाइन्छ । चरित्रचित्रणले साँस्कृतिक, ऐतिहासिक र सामाजिक पक्षको प्रकटीकरणका लागि सहयोगी रुपमा काम गर्दछ । मान्छेका विभिन्न प्रकृतिको उद्घाटन समेत गर्दछ । आधुनिक उपन्यासमा चरित्रको महत्व रहेको हुन्छ । चरित्र व्यक्ति तथा समाजको बाह्य प्रवृत्तिहरुको प्रस्तुति हो । चरित्रचित्रण मार्फत व्यक्ति तथा समाजको उद्घाटन गर्ने काम उपन्यासले गर्दछ । काल्पनिक पात्रको माध्यमले उपन्यासमा जीवन जगतलाई यथार्थ चित्रण गरिने मात्र होइन, कथावस्तुलाई आवश्यक गति र उपर्युक्त मार्गनिर्देश समेत गर्दछ । पात्रहरुको सङ्ख्याको दृष्टिले उपन्यास बहुपात्रीय साहित्यिक विधा हो र उपन्यासले खेल्ने भूमिका अनुसार यिनलाई विभिन्न वर्गमा विभाजन गर्न सकिन्छ । प्रायः पात्रहरुलाई प्रमुख सहायक र गौण पात्रमा विभाजन गरिएको पाइन्छ (बराल र एटम्, २०६६ : ३०) ।

सङ्ख्यात्मक रुपमा धेरै पात्रहरुको प्रयोग गरिएको भएतापनि उपन्यासको पात्र रामबहादुरको चरित्रको चित्रण गर्नुले उसैको केन्द्रियतामा भोगेका विविध पक्षको घटनाको उद्घाटन गर्दै उसको घटनाहरु संघर्ष, गरीबी, इमान्दारिता, परिश्रमीको वास्तविक घटनाहरुले संस्मरणात्मक रुपमा उपन्यास निर्माण भएको छ । रामबहादुरको पारिवारिक सेरोफेरोमा उपन्यासको कथावस्तु अगाडि बढेको छ । यसरी उपन्यासलाई अगाडि बढाउनको लागि विभिन्न खालका पात्रहरुले सहयोग गरेका छन् । सकारात्मक पात्र

र नकारात्मक पात्रहरु रहेका छन् । यसरी चरित्रलाई अगाडि बढाउन अन्य पात्रहरुमा रामबहादुरको श्रीमती रामप्यारी नारी प्रमुख पात्र हो । रामबहादुर र रामप्यारीका छोराहरुमा रणबहादुर , रणवीर र रणकुमार रहेका छन् । उनीहरुको भूमिका सहायक पात्रका रुपमा देखिएको छ । अरु सहायक पात्रहरु होटलवाली साइली, पेन्सनवाला ब्रिटिस लाहुरे बाजे, प्रधानपञ्च वा बडा, हाकिम जस्ता पात्रहरु अनुकूल पात्र वा चरित्रको रुपमा देखापरेका छन् । रामबहादुरको बाबु आमा, दाई, भाइ, दिदी बहिनीहरु हरेराम, पुलिसहरु र डि.एस.पी. गौण पात्रका रुपमा रहेका छन् । यसरी उपन्यासको कथावस्तुलाई अगाडि बढाउने काम गर्ने मानवीय वा मानवेत्तर प्राणीलाई चरित्र भनिन्छ । भूमिका अनुसार पात्र अथवा चरित्रलाई विभिन्न वर्गमा वर्गीकरण गर्न सकिन्छ । तिनीहरुको चरित्रचित्रण यस उपन्यासमा यसरी गरिएको छ । यसमा सामाजिक विषयवस्तु समेटिएको उपन्यास भएकाले यसमा रहेका पात्रहरु समाजमा घटेको घटनाको भूमिका खेलेका छन् ।

### ४.२.२.१ सेन्थेरेम उपन्यासको प्रमुख पात्र

**क) रामबहादुर**

"सेन्थेरेम" उपन्यासमा प्रमुख पात्रको रुपमा रामबहादुरको भूमिका रहेको छ । रामबहादुर न्वारानको नाम भएता पनि उसलाई गाउँघरमा रामे वा नामको पछाडि एकलाखे लगाएर बोलाउने चलन देखिएको छ । रामबहादुर यस उपन्यासमा पुरुष प्रमुख पात्रका रुपमा देखिएको छ । रामबहादुर शुरुवातदेखि अन्तिम अध्यायसम्म देखापरेको पात्र हो । पहिले अनुकूल पात्रको रुपमा देखा परेको छ भने पछि प्रतिकुल पात्रका रुपमा देखिएको पाइन्छ । उपन्यासको सम्पूर्ण घटनाहरु ऊसमै केन्द्रित रहेको छ । रामबहादुरको परिवार वा आमा बाबु निम्न वर्गका भएकाले दिनदिनै अरुको घरमा काम गर्न वा बनि गर्न जानुपर्ने बाध्यता रहेको छ । यो रामेको रहर होइन । रामबहादुरले गरीब भएकै कारणले सात कक्षा सम्म मात्र पढ्न पाएको छ । आमाबाबुको छोराछोरी मध्ये फूर्तिलो र जागरिलो रामे नै थियो । रामे सानै देखि नै केही सिकौं भन्ने सोचको थियो । गाउँमा केही मान्छेहरु क्यामरा बोकेर आएको देख्यो भने ऊ त्यसैको पछि लागि हाल्ने स्वभावको थियो । सानैबाट फोटो खिच्ने पेशा मन परेको छ । उसको गाउँमा एकजना उमेरले साठी वर्ष नाघेको पेन्सनवाला ब्रिटिस लाहुरे बाजे थिए । त्यही बाजेको घरमा काम सघाउने क्रममा रामेले फोटो खिच्न सिकेको हो । लाहुरे बाजेले गाउँमा फोटो साधा सम्म धुलाएर दिने गरेका थिए । त्यही क्रममा रामेले बाजेसँग फोटो खिच्न र धुलाउने काम जानि सकेको थियो । लाहुरेले पनि रामेलाई फोटो खिच्ने र धुलाउने काम राम्ररी सिकाएका थिए । लाहुरे बाजे उमेरसँगै आँखा कमजोर भएको कारण फोटो सम्बन्धी सम्पूर्ण काम रामेलाई गर्न दिएको छ । रामे पनि खुशी हुँदै क्यामेरा देखाउन घरमा ल्याएको देखिन्छ । घरमा पुऱ्याएको बेला आमाबाबु, दाजुभाइ, दिदीबहिनीहरु छक्क परेका थिए । दाईले त रामेले चोरेर ल्याएछ कि भनेर शंका गर्दै सोधेको पनि छन्(समथिङ, २०७४ : ७) । चोरेको होइन लाहुरेबाजेले गरि खानु भनेर दिनुभएको हो । रामेले फोटो खिच्ने र धुलाउने मेशिन घरको एक छेउमा अध्यारो गरी बारेर उसको फोटो धुलाउने ठाउँ बनाएको छ ।

एक दिन नेपाल सरकारले गाउँमै नागरिकता बाँड्दै छ भन्ने हल्ला सुनेको छ । त्यही हल्ला होकि साच्चै हो भनेर बुझ्नको लागि प्रधानपञ्च वा बडाको घरमा पुगेको छ । भोलि शहरबाट नागरिकता टोली मेरो घरमा आउँदे छ भनेका छन् भोलि एकपल्ट मेरो घरमा आउनु म हाकिमसावसँग चिनजान गराइदिन्छु भनेपछि भोलि हाकिमले उसलाई फोटो नागरिकताको लागि हो राम्रोसँग खिच्न सक्छौं भने खिच भनेपछि खुशी हुँदै रामेले सोही नागरिकता बनाउने टोलीसँगै रहेर एकमहिना भन्दा बढी फोटो खिच्ने काम पाइयो भन्दै खुशी हुदै आफ्नो घर जानुभन्दा अगाडि सिधै लाहुरे बाजेको घरमा गएर खुशीको खबर सुनाएको पाइन्छ । लाहुरे बाजे पनि खुशी हुँदै ल नाती राम्रो फोटो खिच्नु र मेहेनत गरेर राम्ररी फोटो धुलाएर दिनु भन्ने सल्लाह दिएपछि रामेले घर फर्केर फोटो खिच्ने र धुलाउने मेशिन सफा गरेको देखिन्छ । बाबु आमालाई म अब एक डेढ महिनाको लागि फोटो खिच्न जाने भन्दै सुनाउँछ । जिल्लाबाट नागरिकता बाड्न गाउँमै हाकिमहरु आएका छन् । भोलि बिहानै सबै सामान लिएर प्रधानपञ्चको घरमा आउनु भनेका छन् । ल ल काम राम्रो गर्नु, सबैले राम्रै कामको मात्र, प्रशंसा गर्ने हो । परिवारमा तँ नै गरी खाने जस्तो जाँगरको छस्(समथिङ, २०७४ : १६) । नागरिकता टोलीमा हिड्दा हिड्दा डेढ महिनामा मात्रै ऊ घर फर्केको छ । नागरिकता टोलीमा फोटो खिचेर उसले निकै राम्रो पैसा कमाएका पाइन्छ । उसको फोटो खिचाइ र समयमा नै गाउँलेहरुलाई फोटो दिन सफल भएकाले नागरिकता टोलीलाई सहयोग मिलेको र उसको काम प्रति नागरिकता टोली प्रमुख खुशी भएको छ । रामे भाइ राम्रै क्यामरा चलाउदो रहेछौं । अब गाउँमा भन्दा शहरमा धेरै पैसा कमाउन सकिने कुरा बताएका छन् । मेहेनत चाँही गर्नु पर्छ । हाकिमले पनि सहयोग गर्ने कुरा गरेको पाइन्छ । धेरै पैसा कमाए पछि शहरमै घरघरेडी किनेर बस्न सकिने कुरा सम्म भएको छ । रामेले घरमा साधा हुदाँहुदै रंगिन फोटो खिच्दै शहरमा गएर धुलाउँदै ल्याएर गाउँमा दिन थालेको पाइन्छ । शहरमा पनि केही मान्छेहरु चिनिसकेको छ । नागरिकता टोलीमा जाँदा कमाएको पैसाले लाहुरे बाजेले दिएको क्यामेरा भन्दा अलि राम्रो क्यामेरा किनेको छ । घरमा बाबुलाई घर खर्च पनि दिएको छ । बाँकी रहेको पैसा आफैले राखेको पाइन्छ । एकरात भात खाएर ओछ्यानमा लडेपछि उसले नागरिकता टोली प्रमुखले भनेको कुरा सम्झेको छ । शहरमा गएर गाउँले फोटो स्टुडियो नाम राखेर फोटो स्टुडियो खोल्ने, धेरै पैसा कमाएर शहरमा जग्गा किन्ने, घर बनाएर आफ्नै घरमा फोटो स्टुडियो खोलेर बस्ने सोच बनाएको पाइन्छ । एकदिन ऊ फोटो धुलाउने कामले शहरमा झरेको छ । शहरमा फोटो धुलाउन दिई राखेर नागरिकता वितरण गर्न जाँदा चिनजान भएको हाकिमलाई भेट्न उनको कार्यालय पुगेको छ । नमस्कार सर, ओहो, भाइ कहिले आएको ? शहरतिर केहि दिन भयो सर अनि सरको सल्लाह अनुसार नै गरौं कि भनेर गाउँबाट शहर झेको सर(समथिङ, २०७४ : २६) ल राम्रो भयो । उसले फोटो स्टुडियो खोल्नका लागि घर भाडामा खोज्ने काममा हाकिमले सहयोग गरेर हाकिमद्वारा घर भाडामा पाएपछि ऊ फोटो बोकेर घरतिर लागेको छ । खाना खाएर सिधै लाहुरे बाजेको घरतिर लागेको छ । नागरिकता टोली प्रमुखले भनेको अनुसार शरहमा फोटो स्टुडियो चलाउनको लागि घर खोजेर आइसकेको कुरा लाहुरे बाजेलाई सुनाएको छ । नाती शहरमा गएर बूढो बाजेलाई नविर्सन भनेको छ । रामेले लाहुरे बाजेले लगाएको गुण कहिले नविर्सने कुरा

भनेका छन् । मेरो बाउले भन्दा धेरै गरिदिनु भएको छ । घरमा सल्लाह गरेर शहरतिर फोटो खिच्ने र धुलाउने मेशिन बोकेर एक्लै शहरतिर झरेको छ । उसले साइनवोर्ड गाउँले फोटो स्टुडियो नाम राखि टाँसिएको छ । गाउँकै मान्छेले खोलेको फोटो स्टुडियोले राम्रो बजार पाएको छ । शहरमा फोटो स्टुडियो व्यवसाय सञ्चालन गरेर बसेको भएता पनि शहरिया वातावरणले छोएको थिएन । कसरी हुन्छ पैसा कमाएर घडेरी किन्ने र सानो झुप्रोसम्म भएपनि आफ्नै घर बनाउने फोटो स्टुडियो सारेर चलाउने भन्ने मात्र सोचिरहेको छ । अब उसलाई भात पकाएर खाँदै आफ्नो फोटो स्टुडियो चलाउन निकै गाह्रो हुन थालेको छ । उसले एक्लै भन्दा दुई जना भए अलिक सहज हुन्छ कि भन्ने महसुस गर्न थालेको पाइन्छ ।

रामेले बिहे गर्दा पो काममा अलिक सहज होला कि भन्ने साथीहरुसँग सल्लाह मागेको छ । उसले गाउँकै घरमा गएर रामप्यारी नाम गरेकी केटीसँग मागी बिहे गरेको छ । बिहे सामान्य खर्चमा जातिगत संस्कार अनुसार नै गरिएको पाइन्छ । बिहेपछि ससुराली तिर लागेको छ । केहि दिन बसेर फर्किएको पाइन्छ । रामे र रामप्यारी शहरतिर लागेका छन् । एक्लै गरी राखेको काम थप सहयोग गर्ने रामप्यारी थपिएपछि उसलाई धेरै सजिलो भएको छ । फोटो स्टुडियो मात्र भएको अहिले रामप्यारी ल्याएपछि होटल चलाउनका लागि थप कोठाहरु थपेको छ । गाउँबाट आएका मान्छेहरु दिनभरी कार्यालयको काम सकेर बेलुका बास बस्न उसकै होटलमा आउने र उनीहरुले जाँड, रक्सी, दाल, भात र मासु खाएको मात्र पैसा लिएको, सुतेको पैसा नलिए पछि होटलमा बास बस्न आउनेहरुका चाप बढ्दै गएको छ । आम्दानी राम्रो भइरहेको पाइन्छ । भाग्यले साथ दिएर होला रामले तीन वर्षपछि बाटोले छोएको ठाउँमा आठ आनी घडेरी किनेको छ । घडेरी पास गरेको दिन होटलमा बास बस्न आउने ग्राहकलाई एक छाक पैसा नलिएको पाइन्छ । रामेले फोटोको काम रामप्यारीले होटलको काममा व्यस्ता भएको पाइन्छ । बिहान चाडै उठेर बेलुकासम्म काम गरेको छ । गरीब परिवारको रामेलाई भाग्यले साथ दिएर होला श्रीमती पनि मेहनती र सहयोगी स्वभावको पाइन्छ । उनीहरुलाई इमान्दारीता र परिश्रमी देखेर होला भगवानले पैसा कमाउने भाग्य दिएको छ । थोरै समयमा गाउँबाट शहर पसेर उसले राम्रै पैसा कमाउन सफल भएको छ । उनको गाउँले फोटो स्टुडियो र होटलको प्रचार ग्राहकहरुकै कारणले जिल्लाका गाउँ गाउँमा पुगेको छ । उनीहरुको दुई वर्षको फरकमा दरले जन्माएका छोराहरु तीनजना छन् । उनीहरुको दिनदिनै उमेर बढिरहेको छ । रामेले छोराहरुको बारेमा दिउसै सपना देख्न थालेको छ । छोराहरु सबैले राम्रो पढुन, सबैको सरकारी जागीर होस, बुहारीहरु पनि जातकै होस, बुहारीहरुको पनि सानै भएपनि सरकारी जागिर होस, तिनै जना छोराहरुको घरव्यवहार राम्रो होस भन्ने कुरा सोचेको देखिन्छ । रामेले अब आफ्नै घर बनाएर घरमै फोटो स्टुडियो र होटल सारेको छ । घर बनाउँदा उसलाई तिन लाख ऋण लागेका पाइन्छ । यता छोराहरु उमेर बढेसँगै बानीबेहोरा विग्रेर फटाहा भएका छन् । चोरी डकैती अभियोगमा हिरासतमा थुनिएको पाइन्छ । पुलिसले रामे र उसकी श्रीमतीाई छोराहरु जेल परेको कुरा सुनाएपछि उनीहरु दुःखी हुँदै छोराहरुले अब सबै सम्पत्ति सक्ने भए भनेका छन् । "म ताक्छु मुढो, बन्चरो ताक्छ घुँडो" भने झै आमाबाबुले मरिहत्ते गरेर कमाइदिएको तर छोराहरुको हर्कतले गर्दा रामे अब समस्यामा पर्न थालेको पाइन्छ । छोराहरुलाई जेलबाट छुटाउन ३ लाख ऋण लिएको र

अब जम्मा ६ लाख ऋणको भार परेको छ । रामेले छोराहरुको कारणले गर्दा तनाव खप्न नसकि रक्सीको सेवन गर्न थालेको र यही रक्सीलाई आफ्नो दुःखको साथी भनेर चौविसै घण्टा रक्सी खान थालेको पाइन्छ । श्रीमती पनि रक्सी खाने आदतका कारण गम्भरी विरामी परेको तर आर्थिक अभावका कारण उपचार गर्न नसकेको कुरा रामेको चरित्र मार्फत प्रस्तुत गरिएको छ ।

**ख) रामप्यारी**

रामप्यारी यस उपन्यासकी नारी पात्र हो । रामबहादुरको श्रीमती हो । मेहनती र सहयोगी पात्रको रुपमा देखापरेको छ । नारी प्रमुख पात्रका रुपमा देखापरेको छ । रामबहादुरसँग बिबाह गरेको छ । रामबहादुर रामप्यारीलाई मागेर बिहे भएको छ । त्यसपछि माइतघरमा केहि दिन बसेर घरमा फर्केर कामको शिलशिलामा बूढाबूढी नै शहरतिर लागेको पाइन्छ । रामबहादुरले फोटो स्टुडियो चलाएको छ भने सल्लाह बमोजिम रामप्यारीले होटल व्यवसायको काम शुरु गरेको पाइन्छ । रामप्यारी र रामबहादुरले होटल र फोटो स्टुडियो एकैसाथ चलाए पछि उनीहरुको आर्थिक अवस्था एकदम राम्रो हुँदै आएको देखिन्छ । श्रीमान र श्रीमती मिलेर इमान्दारिता, परिश्रमी, मेहेनत र सहयोगी भएर चलाएको उनीहरुको व्यवसायले राम्रो बजार पाएको देखिन्छ । उनीहरुले ३ वर्ष पछि घडेरी किनेको देखिन्छ । शहरमा बसेपनि शहरिया वातावरणले नछोएको देखिन्छ । भाँडा माझ्रेर हात पटपट फुटेपनि केही दुखेसो नगरी मेहेनत गर्ने रामप्यारीको होटल राम्रो चलेको छ । समयकाल सँगै उनीहरुका तिनजना छोराहरु जन्मेका तर उमेर बढेपनि छोराहरुले पढ्न नसकेका, फटाहा भएको देखिन्छ । स्कुल नगएर अन्यत्रै जाने, भाग्ने प्रवृतिले गर्दा छोराहरु कुलङ्गार भएको देखिन्छ ।

एकदिन रामप्यारीको घरमा पुलिसहरु आएका छन् । पुलिसहरुले गाउँले फोटो स्टुडियोमा को हुनुहुन्छ भनेर सोधेका र उनीहरुको तिनैजना छोराहरु चोरी केसमा पक्राउ परेको कुरा रामेलाई सुनाएको छ । रामेले आफ्ना छोराहरु जेल परेको कुरा रामप्यारीलाई सुनाएपछि दुवैजना दुःखी हुँदै प्रहरी कार्यालयमा गएको, छोराहरुको हालत देखेर रामप्यारी अत्यन्त दुःखी भएको र छोराहरु हेर्दै रुन थालेपछि रामप्यारीलाई सम्झाउँदै बाहिर निकालिएको पाइन्छ । आफू चाहिँ छोराहरुको लागि भनेर मरिहत्ते गऱ्यो छोराहरु भने यसरी विग्रिएकोले दुःखी भएका उनीहरु छोराहरु धरौटीमा छुट्न सक्ने कुरा थाहा पाउँछन् । छोराहरुलाई छुटाउनको लागि रामप्यारीले रामबहादुरलाई कर गरेपछि ऋण काटेर भएपनि हिरासतबाट रामबहादुरले छोराहरुलाई उकासेको तर बुझ्न भने श्रीमतीलाई पठाएर आफू भने नगएको देखिन्छ । घरमा ल्याएर बाबुआमाले तीन जना छोराहरुलाई राम्ररी सम्झाएको र सुध्रेर राम्ररी पढ हैन भने तिनै जना मिलेर हामीहरुलाई मार्दिनु (समथिङ, २०७४ : ४४) भनेको पाइन्छ । घर बनाउदा लागेको तीन लाख ऋण, छोराहरुलाई हिरासतबाट उकास्दा लागेको ३ लाख गरि अब उनीहरुलाई ६ लाख ऋण लागेको र यो ऋण कसरी तिर्ने भन्ने चिन्ताले उनीहरुलाई सताएको पाइन्छ । फेरी ठूलो सुन पसल फोरेर चोरी गरेकोले तीनै जना छोराहरुलाई जेल हालेको, पाँच पाँच लाखको धरौटी अदालतले फैसला गरेकोले अब भने रामे, रामप्यारी छोराहरुको हर्कत र ऋणको भारले गर्दा पूर्णतया टुटेको देखिन्छ । छोराहरु र

ऋणले दिएको तनावलाई थेग्न नसकी बूढाबूढी दुवै रक्सी सेवन गर्न थालेको, यसैको कारण घर व्यवहार पनि लथालिङ भएर गएको पाइन्छ । रामप्यारी दुःखी हुँदै यी छोराहरुको पिडा कति दिन सहेर बस्ने ? बरु यी छोराहरुको पीर खप्नु भन्दा दुवै जना झुण्डिएर मरु कि विष खाएर मरु भनेको (समथिङ, २०७४ : ५०) कुरा उल्लेख भएको पाइन्छ ।

रामप्यारी छोराहरुको व्यवहारको पिरले रक्सी खाएर शरीर कमजोर भएर रामप्यपारी मातेर सुतेको बेलामा उढ्ने क्रममा खाटबाट डङरङ्ग भुँईमा लडेको छिन् । लडेर एकपाटो चल्न छाडेको छ । छिमेकीहरुले हतार हतार अस्पताल पुऱ्याएर इमरजेन्सीमा राखिएको पाइन्छ । रामप्यारीलाई अस्पताल पुऱ्याएपछि उसको बूढोको खोजी भएको देखिन्छ । उनको श्रीमान रामेको खोजी हुँदा उसलाई गाउँकै साइलीको रक्सी भट्टीमा भेटिएको पाइन्छ । अब श्रीमतीलाई नसा सम्बन्धी रोग लागेको हुँदा उपचार गर्नका लागि पैसा नभएकाले घरमा लाने सल्लाह भएको थप उपचारका लागि न्यूरो अस्पताल लान भनी डिस्चार्ज गरिएको पाइन्छ । आजै लाने अवस्था नभएकाले पैसा खोजेर केही दिनमा लाने भनेर घरमा राखेको छ । एकदिन दुई दिन भन्दै हप्तौ दिन वितिसकेको छ । रामेले श्रीमतीको उपचारको लागि पैसा जुटाउन सकेको छैन । छोराहरु आमा बाबुले जन्माएको होइन, उनीहरु जमिनबाट फुत्त माथि, उफ्रिएर, आकाशबाट फुत्त तल झरेर मस्त उमेर पुगेको छ । उपचारमा लाने भन्दा भन्दै महिनौ दिन वितिसकेको छ । श्रीमानले एक डेढ लाख रुपैया जुटाउन नसकेको पाइन्छ । श्रीमती प्यारालाइसिस भएर विरामी र ऊ बिहानै उढेदेखिको साइलीको रक्सी पसलमा पुगेको हुन्छ । श्रीमतीको छेउमा कोही जान सक्दैन । दिसा पिसाब एकै ठाउँमा भएर झिँगाले पुरै शरीर भरी छोपेको पाइन्छ । खान नपाएर होला शरीर सुक्दै जान थालेको छ । उसले रक्सी खान छोडेकी छैन् । बूढा मलाई भगवानले यस्तो सजाय दिएको छ । छोराहरु सबै डाकैडाका भए । उनीहरुकै पिरले हामी बूढाबूढी जाँड, रक्सी खान थालेको हो । अहिले मेरो हालत यस्तो भएको छ । भेट्न आउने साथीहरुसँग पनि दुःखेसो पोख्दछिन् । ए बूढा मलाई औषधी पसलमा गएर मेटासिट ल्याइदिनु स्याहार गर्ने झन्झट पनि सकिन्छ भनेर रोइ कराई गरेको पाइन्छ । यसरी जीवनदेखि निराश भएर रामप्यारीले दिशापिसाब एकै ठाउँमा भएको अवस्थामा बरबराउने गरेको देखिन्छ (समथिङ, २०७४ : ६२) ।

रामप्यारी अगाडि अनुकूल पात्रका रुपमा देखा परेकी छिन तर पछि प्रतिकुल पात्रको रुपमा चित्रण गरिएको छ ।

### ४.२.२.२ सहायक पात्र

**क) रणबहादुर, रणवीर, रणकुमार**

रणबहादुर यस उपन्यासमा २५, २६, ३६, ३७, ३८, ४९, ५३, ६० पृष्ठमा देखापरेको सहायक पुरुष पात्र हो । रणवीर र रणकुमारको दाई रणबहादुर रामबहादुर र रामप्यारीको पहिलो सन्तान वा जेठो छोरो हो । ऊ सरकारी स्कुलमा पढ्छ । स्कुलबाट घरमा आएपछि आमाबाबुलाई खुब काम सघाउछ ।

तर पछि विस्तारै साथीहरुको सङ्गतले गर्दा स्कुलबाट नपढीकन भाग्ने क्रम बढेको देखिन्छ । घरबाट पढ्न भनेर स्कुल हिड्ने तर स्कुल नै नजाने, बाहिर घुमफिर गरेर समय विताउने अनि जतिबेला स्कुल छुट्टि हुने समय हुन्छ सोही बेलामात्र घर आउने गरेको देखिन्छ । रणबहादुर यसरी दिनानुदिन विग्रँदै गएको, आमाबाबु भने छोरा राम्ररी पढिरहेको छ भनेर ढुक्क हुन्छन् । तर यता छोरा त चोरी डकैतीसम्म गर्ने भइसकेको हुन्छ । बजारमा साथीहरुसँग मिलेर चोरी गरेको थाहा पाएर उसलाई बजारबाटै पुलिसले समातेर चौकी लगेको, पुलिसले घरमा रणबहादुरको बाबुआमा अर्थात रामे, रामप्यारीलाई खबर पठाएको पाइन्छ । ऊ मात्र होइन उसका दुई जना भाइहरु रणवीर, रणकुमार अनि अन्य उसका दुई जना साथीहरु समेत जम्मा ५ जनालाई पुलिस हिरासतमा राखिएको पाइन्छ साथै पछि धरौतीमा छोड्ने कुरा भएको छ ।

रणबहादुरको भाइ रणवीर अर्को सहायक पात्र हो । रणबहादुरको माइलो भाइ रणवीर पहिला अनुकूल पात्रको रुपमा देखिए पनि अलिक पछि गएर उसको दाई रणबहादुरकै सङ्गतले गर्दा ऊ पनि प्रतिकुल पात्रको रुपमा देखा परेको छ । दाईभाइ र साथी सङ्गीहरुको गलत सङ्गतले रणवीर विकृति, विसङ्गति, कुबाटोमा लागेको पात्रका रुपमा चरित्र चित्रण गरेको पाइन्छ । आमा बाबुले पढ्नका लागि खानका लागि व्यवस्था गरिदिएको भएपनि पढ्न नै नचाहने सुविधा भोगी भएको पात्रको रुपमा रणवीरलाई देखिन्छ ।

यसैगरी रणकुमार यस उपन्यासको अर्को सहायक पात्र हो जो रामबहादुर र रामप्यारीको कान्छो सन्तान तर रणवीर र रणबहादुरको कान्छो भाइको रुपमा चित्रित गरिएको छ । रणकुमार पनि दाजुहरु रणबहादुर र रणवीर कै लहैलहैमा हिडेर विग्रेको एक प्रतिकुल पात्र हो ।

यसरी रामबहादुरका तीन छोराहरु रणबहादुर, रणवीर र रणकुमारले आमाबाबुले दुःख गरेर कमाएको सम्पत्ति  सक्ने मात्र होइन फटाहा, चोर, डाका, पसल फोरेर सुन चोर्ने आदि काम गर्ने, मोटरसाइकल चोर्ने आदि कुकर्म गर्ने भएकाले आमाबाबको सपना त माटोमा नै मिलाएको पाइन्छ । उपन्यासकारले समाजमा घटेको घटना जस्ताको तस्तै विषयवस्तु प्रस्तुत गरेको पाइन्छ ।

**ख) होटलवाली साइली**

यस उपन्यासको सहायक पात्रको रुपमा होटलवाली साइली पनि एक पात्र हो । उनको नाम थर खासमा के हो भन्नेकुरा धेरैलाई थाहा थिएन । शहरको छेउमा सानो झुपडीमा बसेर जाँड, रक्सी, अण्डा, मासु बेच्ने सानो भट्टीपसल खोलेर बसेकी साइलीलाई शहरका धेरैजसोले साइली दिदी भनेर बोलाउने गर्दथे । शहरका धेरैजसो मजदुरहरु बिहानदेखि राती अबेर सम्म रक्सी खाँदै बस्ने हुँदा साइलीको पसल खुब चलेको देखिन्छ । त्यही साइलीको पसलमा रामबहादुर पनि रक्सी खाने शिलशिलामा बारम्बार जाने गरेको पाइन्छ । रक्सी कहिले मन नपराउने रामबहादुर सबैखाले तनाव भुल्नलाई रक्सी सेवन गर्ने र रक्सीलाई नै आफ्नो दुःखको सहारा भनेर साइलीको पसलमा जाने गरेको पाइन्छ । रक्सी बेच्ने भएता

पनि साइलीले रामबहादुरलाई धेरै रक्सी नखानु, उता भाउजु विरामी हुनुहुन्छ, चाडै घर जानु (समथिङ, २०७४ : ५८) भनेर सम्झाउने गरेकोले साइलीलाई यस उपन्यासमा अनुकूल सहायक पात्रको रुपमा पाइन्छ ।

**ग) पेन्सनवाला लाहुरे बाजे**

यस उपन्यासमा लाहुरे बाजे सहायक पात्रका रुपमा देखा परेको पाइन्छ । दयालु, सहयोगी पात्र वा चरित्र पाइन्छ । यस उपन्यासमा गाउँमा एकजना लाहुरे बाजे वा पेन्सनवालाको भूमिका निर्वाह गरेको पाइन्छ । ऊसको उमेर साठी वर्ष नाघेको ब्रिटिस लाहेरे बाजे हो । उनले लाहुरेबाट नै फोटो खिच्न र धुलाउन सिकेको पाइन्छ । लाहुरे बाजेले गरीब रामबहादुरलाई आफै घरमा काम गर्न लगाएर वा सिकाएको पाइन्छ । रामेलाई लाहुरेको घरमा काम सिकेको पाइन्छ । लाहुरे बाजेको घरमा काम सिकेकोले लाहुरेको उमेरसँगै आँखा कम देख्ने भएकोले गाउँमा फोटो खिच्नु परेको खण्डमा कोही सहयोगी चाहिने थियो । त्यहीबेला रामे भन्ने नातीलाई गरी खा नाती भनेर क्यामरा र फोटो धुलाउने मेसिन दिएको छ । लाहुरे बाजेले दिएको सामान घरमा लगेर चलाउन थालेको छ । रामेले नागरिकता टोली सँग फोटो खिच्ने कामको लागि हाकिमलाई भेटेपछि हाकिमले फोटो नागरिकताको लागि हो राम्रोसँग खिच्न सक्छौं भने खिच भनेपछि खुशी हुँदै रामेले सोही नागरिकता बनाउने टोलीसँगै रहेर एकमहिना भन्दा बढी फोटो खिच्ने काम पाइयो भन्दै खुशी हुदै आफ्नो घर जानुभन्दा अगाडि सिधै लाहुरे बाजेको घरमा गएर खुशीको खबर सुनाएको पाइन्छ । लाहुरे बाजे पनि खुशी हुँदै ल नाती राम्रो फोटो खिच्नु र मेहेनत गरेर राम्ररी फोटो धुलाएर दिनु भन्ने सल्लाह दिएको पाइन्छ । लाहुरे बाजेले दिएको सामानले पैसा कमाएर शहर जान सक्षम भएपछि शहर जानु अगाडि रामेले लाहुरे बाजेलाई भेटेको पाइन्छ । लाहुरे बाजेले रामेलाई ल नाती राम्रो गरी खानु । फेरि यो बूढो बाजे शहरमा आउँदा बोल्न चाँही नविर्सनु नि (समथिङ, २०७४ : २१) भनेको पाइन्छ । पेन्सनवाला ब्रिटिस लाहुरे बाजे अनुकूल पात्र वा चरित्रका रुपमा प्रस्तुत गरिएको छ ।

**घ) प्रधानपञ्च वा बडा**

यस उपन्यासमा प्रधानपञ्च सहायक पुरुष पात्र हो । गाउँका जाने बुझ्ने पात्रका रुपमा देखा परेको छ । गाउँमा केही पर्दा सहयोग गर्ने पात्र हो । गाउँकै मान्छेले मान्ने व्यक्तिका रुपमा देखा परेको पाइन्छ । रामेले गाउँकै प्रधानपञ्च भएकोले बडा भनेर बोलाएको छ । रामे नागरिकता टोली आउने कुरा सुनेर वडाको घरमा पुगेको हुन्छ । प्रधानपञ्चले के सहयोग गर्नु पर्‍यो भन्न भनेर सोधेका छन् । प्रधानका घरमा भोलि नागरिकता आउने भएको छ । त्यही नागरिकता बनाउनका लागि फोटो आवश्यक पर्दछ । त्यसैले रामेले बडालाई अनुरोध गरेको छ । आफै गाउँकै भाइलाई केही भएपनि पैसा कमाउन सक्छ भनेर हाकिम साबसँग रामेको चिनजान गराएको छ । प्रधानले चिनेको हाकिमसाब भएकाले प्रधानको कुरा काट्न नसकेको बताएको पाइन्छ । अब प्रधानले भनेपछि रामेले टोलीमा जान

पाउने भयो त्यसमा रामे साह्रै खुशी भएको छ । प्रधानपञ्च सहायक पात्र वा चरित्रका रुपमा देखा परेको छ । प्रधान सहयोगी अनुकूल पात्र वा चरित्र प्रस्तुत भएको पात्र हो ।

**ङ) हाकिम साव**

यस उपन्यासमा हाकिम एउटा कार्यालयमा जागिर खाने व्यक्ति वा पात्र हो । गाउँमा नागरिकता बाड्नु पर्ने भएकोले हाकिम साब गाउँमा टोली लिएर प्रधानपञ्चको घरमा जाने कुरा भएको छ । शहरबाट हाकिम साव गाउँतिर लागेको पाइन्छ । प्रधानपञ्चको घरमा पुग्दा एकजना नचिनेको भाइ पनि रहेको हुन्छ । प्रधानले भाइसँग चिनजान गराएको छ । हाकिम साबले भाइलाई राम्रो फोटो खिच्न आउँछ भनेको हुन्छ त्यहि बेला रामेले अझसम्म त चलेको छ । रामेलाई हामी एक डेढ महिना लाग्छ । धेरै गाउँ घुम्नु छ । केही समस्या त छैन नि भनेर सोध्दा रामेले ६ महिना भएपनि सक्छु भनेको छ । भोलि बिहान नै आउन भोलिबाट शुरु गर्नुपर्छ । नागरिकता टोली प्रमुख हाकिम रामेले गरेको सहयोग साथै फोटो समयमा दिएकोले खुशी भएको छ । हाकिम साव भाइलाई गाउँमा भन्दा शहरतिर पैसा कमाउन सकिने कुरा वा सल्लाह दिएको छ । रामेका लागि सक्दो सहयोग गर्न सक्ने पात्रका रुपमा हाकिम साब देखा परेको छ । रामेले पनि हाकिमको कुरालाई सही मानेर शहर झरेको हुन्छ । हाकिम सावले पैसा कमाएपछि घरघरेडी जोड्नुपर्ने सर सल्लाह पनि दिएको छ । रामे हाकिम साबको कार्यालयमा भेट्न आएको हुन्छ । रामेलाई हाकिम सावले अस्तिको सल्लाह के भयो भनेर सोध्दा सोही सल्लाह अनुसार शहर झरेको बताउँछ । रामेलाई घर भाँडामा खोज्न र अन्य सम्पूर्ण व्यवस्था मिलाउन हाकिम सावले सहयोग गरेको देखिन्छ । यसरी हाकिम साव एक प्रेरणा दिने, सर सल्लाह र सहयोग गर्ने भावना भएको अनुकूल पात्र वा चरित्रको रुपमा प्रस्तुत भएको पाइन्छ ।

## ४.२.२.३ गौण पात्र

यस उपन्यासको कथानकलाई गौण पात्रहरुले पनि आफ्नै ठाउँमा रहेर सहयोग गरिरहेका छन् । प्रस्तुत उपन्यासमा धेरै गौण पात्र वा चरित्रहरु छन् । गौण रुपमा उपन्यासमा प्रस्तुत भएको पात्रहरुको गहन भूमिका नभएपनि तिनीहरुले कथावस्तुलाई अगाडि बढाउन सहयोग गरेका हुन्छन । यहाँ देखिएका पात्रहरु मध्ये प्रतिकुल पात्र र अनुकूल पात्रको भूमिकामा देखिएका छन् । गौण पुरुष पात्रहरु रामबहादुरको बुबा, दाजु, भाइ, हरेराम, पुलिसहरु र डि.एस.पी जस्ता धेरै पुरुष पात्रहरुले गौण पात्रका रुपमा भुमिका निर्वाह गरेका छन् । त्यसैगरी नारी पात्रहरुको रामबहादुरकी आमा, दिदी बहिनीहरु यस उपन्यासका गौण नारी पात्रहरु हुन् । रामबहादुरका दाजु, पुलिसहरु र डि.एस.पी. प्रतिकुल र अनुकूल पात्र हुन् । दिदी र बहिनीहरु, हरेराम, रामबहादुरको आमा, भाइ नेपथ्य पात्र वा चरित्रहरु हुन् ।

डि.एस.पी. रामेले चिनजानको पात्रका रुपमा देखापरेको छ । डि.एस.पींको भूमिका गौण पात्रका रुपमा देखापरेको पाइन्छ । अनुकूल र प्रतिकुल पात्रका रुपमा देखापरेको पात्र वा चरित्र हो । रामबहादुरको छोराहरु चोरी अभियोगमा परेकाले रामेको घरमा खबर गर्नको लागि पुलिसहरु पठाएको

छ । रामेको दाईले भाइलाई क्यामरा र धुलाउने मेशिन चोरेर ल्याएको हो भनेर सोधेको छ । यो प्रतिकुल पात्रका रुपमा प्रस्तुत भएको चरित्र हो । उपन्यासको कथावस्तु समाजमा घटेको घटना अगाडि बढाउन सहयोगी बनेको छ । रामेको आमाबाबु गरीब परिवारको भएकाले दिनदिनै अरुको घरमा बनी नगरी घरमा बिहान र बेलुका आगो नबल्ने भनिएको पाइन्छ । रामेले अलिक ठूलो भएर आमाबाबुलाई सहयोग गरेको छ । गरीबीको कारणले छोराछोरीहरुलाई स्कुल पठाउन नसकेकोमा दुःखी भएको पाइन्छ । उनका बाबुको परिवार सङ्ख्या पनि ठूलो रहेको पाइन्छ । हरेराम छोराहरुले दुःख दिएको एक पिडित पात्र हो । हरेराम काकाको तीन भाइ छोराहरु विग्रिएर हरेराम काका विष खाएर मरेको पाइन्छ । यस उपन्यासको गौण पात्र वा प्रतिकुल चरित्र प्रस्तुत भएको छ ।

रामेका छोराहरुलाई हिरासतमा राखेर उकास्नका लागि तीन लाख लागेको छ । प्रहरी कार्यालयमा थुन्नु, छाड्नु र उकास्ने काम हप्तै पिच्छे जस्तो नियमित हुन थालेको देखिन्छ । एकदिन सुनपसल फोरेकोमा उनीहरुलाई पुलिसले जिल्ला अदालतमा बुझाएपछि अदालतबाट प्रति व्यक्ति पाँच हजार धरौटी र पाँचवर्ष जेल सजाय फैसला गरेको छ ।

## ४.२.३ सेन्थेरेम उपन्यासको परिवेश

उपन्यासमा पात्र वा चरित्रले कार्यव्यापार गर्ने गति, स्थान, समय र वातावरणलाई परिवेश भनिन्छ आख्यान विधाका लागि परिवेशलाई आवश्यक तत्वका रुपमा स्वीकार गरिएको छ। देशकाल र वातावरण विना उपन्यासकारले कथानकलाई विश्वसनियता पात्रहरुलाई यथार्थता र ऐतिहासिकतालाई सङ्गीत प्रदान गर्न सक्दैन ( खतिवडा, २०७५:८३) । उपन्यासमा नेपालको ग्रामीण र शहरिया परिवेश मिसिएको छ ।

रामबहादुरको परिवारले भोगेको सामाजिक यथार्थ, आर्थिक, साँस्कृतिक जनजीवनको विविध पक्षको चित्रण उपन्यास मार्फत देखाउन खोजेको पाइन्छ । प्रस्तुत उपन्यासमा विशेषगरी पहाडको पाँचथर जिल्लाको एउटा गाउँको गुरुङ जातको ठाउँमा बसेको परिवारको अवस्था छ । यसमा परिवेश रामबहादुरको घर, प्रधानपञ्चको घर, लाहुरे ब्रिटिस बाजेको घर, हाकिम साव हिडेको धेरै ठाउँमा नागरिकता टोली पुगेको छ । यीनै परिवेश रहेको पाइन्छ । यसैगरी पाँचथर जिल्ला प्रहरी कार्यालय, हाकिमको कार्यालय, पाँचथर सदरमुकाम फिदिम, जिल्ला अदालत, रामबहादुरको फोटो स्टुडियो र होटल, होटलवाली साइलीको झुपडी घर आदि यस उपन्यासका परिवेश हुन् । मुख्यगरी रामबहादुरको गाउँको घर र शहरको स्टुडियो र होटल अनि जिल्ला प्रहरी कार्यालयको सेरोफेरो नै उपन्यासको केन्द्रिय परिवेश हो । उपन्यासको शुरुपात रामबहादुर कै गुरुङकै घरबाट भएको र उपन्यासको अन्त्य पनि रामबहादुरको घरबाटै भएको पाइन्छ ।

नेपाली समाजमा भएका सामाजिक यथार्थलाई सत्य घटनालाई लेखक आफूले देखेको भोगेको परिस्थितिलाई २०७४ सालमा जस्ताको तस्तै प्रस्तुत गरेका छन् । ग्रामीण समाजमा रहेका गरीबी, अभाव, दमनको कुरा र शहरिया परिवेशमा लागेर विकृति, विसङ्गती कुबाटोमा लागेको परिवेश देखाइएको छ ।

जीवनमा केही गरु केही सिकौं, साने उमेरदेखि फोटो खिच्ने शौख रहेको पाइन्छ । रामेको परिवार ठूलो संख्याको थियो, त्यसले गर्दा अर्काको घरमा गएर बनी गर्नुपर्ने, रामे अलिक ठूलो भएपछि लाहुरे बाजेकोमा गएर क्यामरा चलाउन र धुलाउने काम सिकेको छ । नागरिकता टोली आउँदा फोटो खिचेर समयमा दिन सफल भएकाले हामीले गाउँमा भन्दा शहरमा पैसा कमाउन सकिन्छ, भनेर शहर झरेको रामेले शहरमा पैसा कमाएर घर घडेरी किनेको र घर बनाएको होटल र स्टुडियो घरमा नै सारेको परिवेश पाइन्छ । उपन्यासकार प्रमुख पात्र रामबहादुरको गाउँ पहाडी क्षेत्रको र शहरिया क्षेत्रको प्रतिनिधित्व गरेका छन् । रामबहादुर र रामप्यारीको तीन जना सन्तान छन् । जम्मा पाँच जनाको परिवारको परिवेश छ । छोराहरुले पहिला स्कुल जाने आउने अनि घरमा काम सघाउने गरेको छ । फोटो स्टुडियो र होटलमा व्यस्त भएको पाइन्छ । रामे र रामप्यारी दिनमा ६ घण्टा मात्र सुतेर बाँकी समय स्टुडियो र होटलको काममा व्यस्त भएको पाइन्छ । छोराहरुको पढाई दिनदिनै बिग्रदै गएको छ । के थाहा बाबुआमालाई छोराहरु राम्ररी पढ्दै होलान् भविष्यमा हाम्रो सपना पुरा गर्लान भन्ने सोचेका थिए । सबैको सरकारी जागिर होस, घरपरिवार बुहारी राम्रो, पढेलेखेका र जागिरे नै होउन भन्ने सपना देखेको पाइन्छ । तर छोराहरु भने चोर्ने, जाँड रक्सी खाने, झगडा गर्ने, पसल फोर्ने आदि कुकाममा लागेर आमाबाबुको मेहनत र इमान्दारिताले कमाएको पैसा र सम्पत्ति सकेका छन् । छोराहरुलाई जेलबाट उकास्दा ऋण लिएर उकासेको र घर बनाउदाको पहिलाको ऋण गरेर ६ लाख ऋणमा डुबेकोले गर्दा टेन्सनले आमाबाबु पनि रक्सी पिउन थालेको पाइन्छ । बिहानदेखि बेलुका सम्म खानाकै सट्टा रक्सी खाएर बस्न थालेका रामे र रामप्यारीको व्यापार व्यवसाय पनि चौपट्ट भएर सकिएको, रक्सी सेवन अत्याधिक भएर रामप्यारीलाई रोगले च्यापेर शरीर नै नचल्ने अवस्था भएको, एकपाटो प्यारालाइसिस भएर छिमेकीले अस्पताल पुऱ्याएको रामबहादुर भने साइलीको भट्टीमा रक्सी खाएर बसेको, छिमेकीले बोलाएर ल्याएको, अस्पतालले फेरि न्यूरोको अस्पतालमा जान सिफारिस गरेको, आर्थिक अभावले गर्दा महिनौ सम्म उपचार हुन नसक्दा रामप्यारी थलिएर दिसापिसाब एकै ठाउँमा भएर मर्नु न बाँच्नुको अवस्थामा पुगेको घटना परिघटनाहरुलाई कथावस्तु बनाईको यो उपन्यास दुखान्तमा टुङ्गिएको पाइन्छ ।

निष्कर्षमा भन्नुपर्दा नेपालीहरुको आर्थिक स्थिति, सामाजिक व्यवहार, नैतिकता , समाजमा देखिएका विकृति, विसङ्गति, कुबाटो, कुलत जस्ता कुराहरु परिवेश नै उपन्यासमा देखिएको छ । समाजमा भइरहेका, घटनालाई जस्ताको तस्तै रुपमा विभिन्न वर्ग र समाज सुधारमा लाग्नु उपन्यासको मुख्य उद्देश्य रहेकाले यो उपन्यास सामाजिक पक्षमा रहेको पाइन्छ ।

## ४.२.४ सेन्थेरेम उपन्यासको भाषाशैली

भाषा र शैली दुई शब्दको योगबाट भाषाशैली शब्द बनेको हो । कृतिकारका विचारहरुलाई प्रस्तुत गर्ने माध्यम भाषा हो भने शैली दुई समस्त रुप नै भाषाशैली हो । भाषा साहित्यिक अभिव्यक्तिको मार्ग हो । भाषाले उपन्यासका सबै तत्वलाई संगठित गर्दछ । सेन्थेरेम उपन्यासम नेपाली ठेट भाषा, सरल, सहज भाषाशैलीको प्रयोग गरी लेखिएको उपन्यास हो । परिच्छेदमा विभाजित नभई संरचित

भएको पाइन्छ । निम्न वर्गीय समाजको सामाजिक जीवनको पक्ष चित्रण भएको सरल स्वभाविक देखिन्छ । उपन्यासमा स्थानीय स्तरको बोलचालको भाषा प्रयोग गर्दै अझ रोचन बनाउने प्रयास गरिएको छ । पैले, ऐले, मागिराको छेव, व्यान, रामे, क्यामेरा, आको, बाजे, लाहुरे, धुने, हानियो, आइज, ल्याइस, सुनाइस, स्टुडियो, हिडिस, भन्यो, कैल्यै, साइनवोर्ड, बे, सल्ला, गरिराको, भइराको, नलिइकन, ख्वाएर, हुर्किराकाथे, पैसै कमाको, देकोथ्यो, थालेकाथे, बज्थ्यो, क्लियर, हिड्नोस, मैला, खोजीराकोथ्यो, पैलो, डल्लै, बजियाहरु झ्वाक, निमेस, भाको, विग्रेका थे, तैछाड, मैछाड, बाऊ गयाङफाइट, खाको, डङ्रङ्ग, आइ लभ यु, हढठ, न्युरो, आइनस, अनुवारहरु, ब्वारी जस्ता शब्दहरु प्रयोग भएको पाइन्छ । उपन्यासका पात्रहरु निम्न वर्गका भएकाले बोल्ने सामान्य भाषिक लवजको प्रयोग भएको छ । यस उपन्यासमा कही कतै अंग्रेजी शब्दको समेत प्रयोग भएको पाइन्छ ।

## ४.२.५ सेन्थेरेम उपन्यासको संवाद

संवाद वा कथोपकथन उपन्यासको विस्तामा महत्वपूर्ण भूमिका खेल्छ । संवादलाई आवश्यकता अनुसार लम्याउन र छोट्याउन पनि सकिन्छ । उपन्यासकार समथिडले प्रस्तुत उपन्यासमा सरल सहज संवादको प्रयोग गरेको पाइन्छ । उपन्यासमा प्रसङ्ग अनुसार लामा छोटा संवादको प्रयोग गरिएको छ र रामबहादुर र होटलवाली साइलीबीचको कुराकानी यसरी प्रस्तुत छन् । "अब एक ग्लासले न साइली", "भो रामदाइ", रामे र दाइबीचको "अए रामे कसको चोरेर ल्याइस हौ ?"(समथिङ, २०७४ : ७) । रामे र प्रधानपञ्च बीचको "कहाँ हिडिस है रामे ? " गाउँमा नागरिकता बाड्न जिल्लाबाट टोली आउँदै छ रे हो बडा", " अए रामे तँ फोटो समेत खिच्ने भइ सकिस ?", "कसरी जुटाइस हौ रामे, यतिका सामान यो त निकै महंगो पर्छ होला त", "किनेको होइन नि वडा, हाम्रै गाउँको बाजेसँग फोटो खिच्न र धुन सिकें (समथिङ, २०७४: ९–११)"। रामे र लाहुरे बाजे वीचको सम्वाद, " के छ है, नाती तेरो खबर ? अनि के खुशीको कुरा ल्याइस है नाती ?" "अनि प्रधानले के भन्यो त ?" रामे, हाकिम, प्रधानपञ्चबीचको संवाद, "उहाँ जिल्लाबाट नागरिकता बाँड्न आको हाकिम साव", "प्रधानपञ्च ज्यू भाइलाई त मैले चिन्न सकिन नि ?", रामे र हाकिम बीचको संवाद, "भाइले फोटो राम्रो खिच्छौ त ?", "हुन्छ हाकिम साब, छ महिना भएपनि सक्छु हाकिम साब" ।

बाबुआमा र रामेबीचको संवाद, "हैन कहाँ जाने भनेको एक डेढ मैना ?" हाकिम साब र रामेवीचको संवाद, "अनि अस्तिको हाम्रो सल्ला के हुने त ?" लाहुरे बाजे र रामेबीचको संवाद, "ल नाती राम्रो गरी खानु नि । फेरि यो बूढो बाजे शहरमा आउँछा बोल्न चाँहि नविर्सनु नि", "तपाईको यो गुण म कैल्यै भुल्ने छैन बाजे, तपाईले त मेरो बाउले भनदा पनि धेरै गरीदिनु भको छ अनि म कसरी तपाईलाई भुल्छु र बाजे (समथिङ, २०७४ : २१)", रामबहादुर र रामप्यारी बीचको संवाद, "भात थपौं ?, ए मत दिउँसै पो छोराहरुको बारेमा सपना देख्न पुगेछु (समथिङ, २०७१ : २८)"। पुलिसहरु र आमाबाबु विचको कुराकानी "हजुर मैं हो त फोटो स्टुडियोको मान्छे, किन होला ?", "भाइहरु पनि फोटो खिच्ने हो ?", "हामी पुलिसका विशेष हौं, जिल्ला प्रहरी कार्यालयबाट आउका, रणबहादुर, रणवीर, रणकुमार

तपाईका के पर्ने हुन्", "कुनचाँही शत्रुको आँखा पऱ्यो नि ? कसले उजुरी गऱ्यो हो भाइ हो ?, अब पुलिसले कति लाखको चोरीको अभियोग लगाउने हो ?", "आखिर छोराहरुकै लागि भनेर मरिहत्ते गरेर सम्पत्ति जोड्नु छ, उनीहरुलाई जेल पठाएर हामी मात्रै घरमा बस्दा मान्छेले पनि के भन्छ (समथिङ, २०७४:३५–४२) ?", रामे र रामप्यारी बीचको संवाद "बरु यी छोराहरुको पीर खप्नु भन्दा दुवै जना झुन्डिएर मरु कि विष खाएर मरु ? "बजियाहरुले मारेनन् भने त बूढाबूढी गिटी कुटेर भएपनि बाँचिन्छ होला नि, के सुर्ता गर्छौ (समथिङ, २०७४: ५१)"? रामप्यपारी विरामी भएपछिको संवाद "को भाउजु ?", "ए साहिली ले एक ग्लास रक्सी" "ए बूढा, मलाई त्यो औषधि पसलमा गएर मेटासिट ल्याइदेउन (समथिङ, २०७४ : ५–६२)" "ग्राहक भनेको देवता समान" भन्ने उक्तिलाई टपक्क टिपेर राखिएको पाइन्छ। समथिङ, २०७४ : २६)। "म ताक्छु मुढा, बञ्चरो ताक्छु घुँडो" भन्ने उखान प्रयोग गरेका छन्।

### ४.२.६ सेन्थेरेम उपन्यासको दृष्टिविन्दु

आख्यान विधामा दुष्टिबिन्दुको महत्वपूर्ण स्थान रहन्छ । यो प्रस्तुतिसँग सम्बद्ध घटक नै हो । उपन्यासमा कथयिताले कथा वाचन गर्न रोजेको ठाउँ नै दृष्टिविन्दु हो । उपन्यासमा कुन पात्रको कस्तो सम्बद्ध रहेको छ भन्ने आधारमा दृष्टिबिन्दको पात्रलाइ छुट्ट्याइन्छ । दृष्टिविन्दु त्यो स्थिति, स्थान वा सीमा हो जसको उपन्यासकारले आफ्नो धारणा प्रस्तुत गर्दछ (खतिवडा, २०७५ : ८७–८८) ।

प्रस्तुत सेन्थेरेम उपन्यासमा तृतीय पुरुष दृष्टिबिन्दुबाट कथानक अगाडि बढेको छ । उपन्यासभित्र समाजमा घटेका घटनाहरु स्वयम उपन्यासकारले विभिन्न पात्रहरु सिर्जना गरी तिनै पात्र मार्फत सम्प्रेषण गरेका छन् । लेखकले सम्पूर्ण घटना र विवरण आफैले भोगेको त्यसलाई विभिन्न पात्रद्वारा पाठक समक्ष प्रस्तुत गर्ने काम गरेकाले यस उपन्यासलाई तृतीय पुरुष वा बाह्य दृष्टिविन्दु रहेको पाइन्छ ।

## ४.२.७ सेन्थेरेम उपन्यासको कौतुहलता

सेन्थेरेम उपन्यासमा उपन्यासकारले धेरै कौतुहलता देखाएका छन् । कौतुहल विना कथा वस्तु अगाडि बढ्न सक्दैन् ।

होटलवाली साइलीको थर के होला ? कसरी खिच्नु होला ? कसरी धुलाउने होला ? रामेले क्यामेरा र धुलाउने मेशिन कहाँबाट ल्याएको होला ? कहाँ नागरिकता टोली गाउँमा कहिले आउने होला ? नागरिकता बनाउनको लागि त फोटो चाहियो होला ? कसरी जुटाईस हौ रामे यतिका धेरै सामान, यो त निकै महँगो पर्छ होला त ? नागरिकता टोली आउँदा फोटो खिच्न पाइन्छ होला ? कोसँग भेट्ने होला ? फोटो पाएपछि के गर्छ होला ? शहर गएर के गर्छ होला ? फोटो खिच्न र धुलाउन समस्या भए पनि रामे के गर्छ होला ? रामे र रामप्यारी होटल स्टुडियो चलाएर के के गर्छन होला ? छोराहरु भएपछि के हुन्छ होला ? छोराहरु पुलिसले हिरासतमा समाए पछि के होला ? कसरी छुटाएर ल्याउने वा उकास्ने

होला ? छोराहरुलाई उकास्दा उकास्दा पैसा सबै सकेपछि के हुन्छ होला ? छोराहरका कारणले बाबु र आमाले रक्सी खान थाले पछि के हुन्छ होला ? रक्सी खाएर रामप्यारी सुतेर उठ्ने बेला वा खाटबाट लडेर विरामी भएपछि के हुन्छ होला ? विरामीलाई उपचार गर्न खर्च जुटाउन नसकेपछि के हुन्छ होला ? रामप्यारी घरमै दिसापिसाब एकै ठाउँमा भएकोले अब के हुन्छ होला ? यी यस्ता कौतुहल समाजमा मानिसहरुले बोलचालमा प्रयोग गर्ने शब्दहरुद्वारा प्रस्तुत भएको पाइन्छ ।

## ४.२.८ सेन्थेरेम उपन्यासको उद्देश्य

उद्देश्यविना जीवन सफल हुँदैन । उपन्यासकारले जीवन भोगाइको क्रममा गरेको अनुभव र अनूभूतिलाई कुनै माध्यमद्वारा उपन्यासमा प्रस्तुत गर्ने उद्देश्य राखेको हुन्छ । सेन्थेरेम उपन्यास सामाजिक पक्षको प्रस्तुति रहेको कृति हो । समाजको विभिन्न वर्ग र प्रवृत्तिका पात्रहरु भएको सफल उपन्यास मान्न सकिन्छ । उपन्यासकार समथिङले वर्तमान समयमा भएको घटनाहरलाई समेटेर यो उपन्यास लेखेका छन् । यस उपन्यासले हाम्रो समाजमा भएका सकारात्मक र नकारात्मक पक्षहरुको राम्ररी विश्लेषण गरेको छ । जीवन भोगाइमा अनेक उतावचढाव आउने एउटा परिवारको गरीबीले निम्ताएको समस्याहरुलाई प्रस्तुत गर्नु र त्यसबाट कसरी उन्मुक्त पाइन्छ भन्ने कुरा बताउनु यस उपन्यासको मुख्य लक्ष्य हो । गाउँकै परिवेशमा भइरहेको विकृति, विसङ्गति, कुलत, गरीबी यस उपन्यासमा सामाजिक समस्याको रुपमा रहेको कुरा कथावस्तमा जस्ताको त्यस्तै देखाइएको छ । समथिङको सेन्थेरेम उपन्यासमा सामाजिक विषयवस्तुको यथार्थ घटना प्रस्तुत गरिएको छ । यसरी गाउँकै परिवेशमा भइरहेको विकृति, विसङ्गति, कुलत, गरीबीले मानिसको जीवनलाई कता तिर धकेलिरहेको छ ?, भन्ने कुरालाई दखाउन खोजीएको छ । यस उपन्यासमा छोराहरुका लागि आमाबाबुले नखाइ नखाई, मरिहत्ते गरेर कमाएको पैसा र सम्पतिलाई आफ्ना फटाहा छोराहरुले गरेको कुकर्मले गर्दा जेल चलान हुन लाग्दा उकास्नको लागि खर्च भएर सबै पैसा छोराहरुकै लागि सकेको प्रसंग यस उपन्यासमा पाइन्छ ।

समाजमा रहेको गाउँकै परिवेशमा भइरहेको विकृति, विसङ्गति, कुलत, गरीबी, अन्याय आदिलाई अन्त्य गरी समतामूलक समाजको निर्माण तर्फ संकेत गर्नु यस कृतिको मुख्य लक्ष्य रहेको पाइन्छ । यस्ता सामाजिक समस्याहरुलाई जरादेखि नै उखेलेर फाल्ने र समाज सुधार गर्ने भन्ने आशय बोकेको यस उपन्यासले रामबहादुर जस्ता कर्मठ पुरुषहरु रामप्यारी जस्ता कर्मठ महिलाहरुको सम्मान गर्नुपर्ने तर उनका छोराहरु रणबहादुर, रणवीर, रणकुमार फटाहा साथीहरु जस्तालाई सुधार गरी समाजलाई नमुना बनाउनु पर्ने यस उपन्यासको मुख्य उद्देश्य रहेको छ ।

### ४.२.९ निष्कर्ष

उपन्यासकार रामप्रकास समथिङ बहुमुखी प्रतिभाका धनी नेपाली उपन्यासको फाँटमा समाजमा घटेका तत्कालीन घटना नै उपन्यासका विषयवस्तु बनाइएका छन् । यस्ता व्यक्तिलाई साहित्य लेखनमा प्रेरणा र प्रोत्साहन दिन आवश्यक छ । अर्कालाई शोषण र भ्रष्टचार गरेको खुलेर विरोध गर्ने समथिङले आफ्ना कृतिमा समेत यी कुराहरु बोलेका छन् । "सेन्थेरेम" उपन्यासको जीवनमा आइपर्ने विभिन्न प्रकारका समस्या, कुरीति, विसङ्गति, अन्धपरम्परा, दमनको पात्रमा देखिएका सामाजिक र मानसिक चेतना र अवस्थाको चित्रण गर्न खोजीएको हो । समय र परिस्थितिले मान्छेलाई अनेक मोडमा पुऱ्याउछ र समस्याको समाधान समस्याले बोकेर आएको हुन्छ तर त्यसको सारथी मान्छे बन्नुपर्ने रहेछ । मान्छेले पीडा र दुःखलाई विविध किसिमले सामना गर्नुपर्ने रहेछ । आँसु, रोदन, पीडा, व्यथा र कुलत र कुवाटोको प्रभावले गर्दा मान्छेले विवशता हाँसेर हिड्न बाध्य हुनुपरेको कुराहरु यहाँ प्रस्तुत गरिएको छ । मान्छेले समयलाई दास बनाउने होइन रहेछ समयले मान्छेलाई दास बनाउदो रहेछ भन्ने जस्ता आदि इत्यादी कुराको उजागर गर्ने यस "सेन्थेरेम" उपन्यासको माध्यमबाट पाठक वर्गमा उपन्यासकारद्वारा परिवर्तनको चाहना राख्नु  र समाज सुधारको उद्देश्य राख्नु मुल विषय देखाइएको छ ।।

## ४.३ मृत्यु उपन्यासको सामाजिक पक्ष

सामाजिक यथार्थलाई विषयवस्तु बनाएर लेखिएको समथिङ्को "मृत्यु" अर्को उत्कृष्ट उपन्यास हो । प्रारम्भिकदेखि अन्त्यसम्म सञ्जयको जीवनमा विभिन्न घटना घटेका छन् । नेपाल समाजमा भएको गरीबी, विसङ्गति, अभावका कारणले समाजमा कुबाटो जस्ता विषयवस्तु मृत्यु उपन्यासको कथावस्तु निर्माण भएको छ । मृत्यु उपन्यासको प्रमुख पात्र सञ्जय रहेको छ । आफ्नो पुरा जीवन संघर्ष व्यक्ति सञ्जयको लागि सुख र सम्पत्ति सपनामा मात्र सिमित रहेको छ । आर्थिक अवस्थाले गर्दा आफ्नो आमा बाबुले पढाउन नसकेपनि गाउँमा सञ्जयले पढाई खर्चको लागि कुखुरा पालेर खर्च जुटाउँदै पढेको छ । केन्द्रिय पात्र सञ्जयको जीवनमा घटेको घटना परिघटनाहरुलाई उपन्यासमा सफल रुपमा विषयवस्तु बनाएर प्रस्तुत गरिएको पाइन्छ । मृत्यु उपन्यासको प्रमुख पात्र सञ्जयले पढ्नको लागि गाउँघरमा खेताला गएर कमाएको पैसाले कुखुरा पालेर जुटाउँदै पढेको छ । आफूले पढ्न नपाउँदाको पिडाले आफ्नो छोराहरुमा नपरोस भनेर सञ्जयले आफनो छोराहरुका लागि संघर्ष गरेको छ । सञ्जयले सरिता नामको स्त्रीसँग बिहे गरेर धेरै सपनाहरु देखेको पाइन्छ । तर ती सबै सपनाहरु सपनामै सिमित रहेको पाइन्छ । उनीहरुका छोरा सौजन र सौरभ रहेका छन् । बिहे गरेपछि केही समयसम्म सरिताले आर्थिक सुधारका लागि सञ्जयलाई सहयोग गरेकी छिन । सरिताले खरिदारको जागिर खाएकी छिन् । सञ्जयले गैर सरकारी संस्थामा जागिर खाएको पाइन्छ । छोराहरु बढ्दै गएका छन् । सरिताको जागिर बढुवा भएर पश्चिमतिर सरुवा भएको छ । सञ्ज्य मेहनती छ । अरुको घरमा काम गरेर भएपनि पढाईका लागि निरन्तरता दिइरहेको छ । ऊसँगै पढ्ने साथीहरुले तलाई लाज लाग्दैन ? भनेर उसलाई भनेको बेला

उसले काम गर्न लजाउनेले खान पनि लजाउनु पर्छ (समथिङ, २०७५ : ३४)भनेर सोझो जवाफ दिएको पाइन्छ । सञ्ज्यले मेहेनत, इमान्दारिता र विश्वासले पैसा कमाएको पाइछ ।

सञ्जयले बिहे पछि धेरै सपना पुगेको पाइन्छ । दुवै जनाको पछिसम्म जागीर होस, बजारमा सानो भएपनि कोठा भाडा तिर्नुनपर्ने आफ्नो सानो घर होस । छोराछोरी दुईवटासम्म होस, सानो परिवार, सुखी परिवार, एउटा निजी कार होस र कार आफै चलाउन जानियोस । पाएका सन्तानले राम्रो पढेर जागिर खाउन । उनीहरुको बिहे गरेर नाता नातिनी राखेर घुमाउन पाइयोस । चालिस पचास वर्ष पुगेपछि पूर्ण सामाजिक क्षेत्रमा काम गर्न पाइयोस(समथिङ, २०७४ : ३७), भनेर सोचेको पाइन्छ । बिहे गरेको एकवर्ष पछि छोरा जन्मेको छ । उनीहरुको छोराको नाम सौजन राखेका छन् । पहिलो नाति जन्मेकोमा सञ्जयको आमाबाबु खुब खुसी हुँदै सुत्केरी बुहारीलाई सहयोग गरेका छन् । सञ्जयको श्रीमती ३ महिना सुत्केर विदा सकेपछि नानी लिएर सञ्जय श्रीमतीको अफिसमा जानेआउने गर्छ । सञ्जयले चारआना घरेडी किनेको छ । सञ्जयलाई गैरसरकारी संस्थामा काम गर्दै घडेरीको व्यापारले साथ दिएको पाइन्छ । दुई वर्ष पछि सञ्जयको अर्को पनि छोरा जन्मन्छ । उसले दोस्रो छोराको नाम सौरभ राखेको छ । सञ्ज्यले श्रीमतीको खुब स्याहार गर्दै गैरसरकारी संस्थाको जागिरमा काम गर्न पनि भ्याएको छ । सञ्जयले आमाबाबुको पैत्रिक सम्पत्तिको नाममा एउटा चम्ची र अचलमा एकमुठी माटो पनि लिएको छैन । बरु उल्टै मालपोत कार्यालय गएर लिखित रुपमा अंश छोड पत्र गरिदिएको छ । सञ्जयले घडेरी किनेको कारणले सदरमुकाममा एकतले पक्की घर बनाएर भाडामा लगाएको छ । सञ्जयले सदरमुकाममा दुईवटा घर जोडिसकेको छ । उनले आइ.कम. निक्कै वर्षमा मात्र पास गरेको र प्राइभेट रुपमा स्नातक तहको पढाई पुरा गर्न सकेको छैन । सदरमुकाम छाडेर गाउँमा संस्थाको जिम्मेवारी लिएर चार वर्ष काम गर्न गएको देखिन्छ । चारवर्षमा कमाएको पैसाले झापामा घरेडी किनेको र दोस्रो पटक पक्की घर बेचेर चार तले पक्की घर बनाएको छ । सौरभ आमासँगै गएको र सौजना बाबुको साथमा भएकोले छोराको पढाई कमजोर भएको, उसको कक्षाको पहिलो हुनलाई खान, बस्न दिएर राखेको छ । छोराको लागि मरिहत्ते गरेको पाइन्छ । सञ्जयको छोराले एस.एल.सी. दोस्रो श्रेणीमा पास गरेको छ । सरिताको जागिर एक वर्षको लागि देशको राजधानीमा काजमा व्यवस्था भएको छ । उसले राजधानीमै कोठा लिएर छोराहरुलाई पनि साथमा राखेर पढाउनको लागि लगेर गएकी छिन् । एक्कासी सरिताको जीवनमा परिवर्तन भएको छ र उसकी भदै भदैनी काठमाडौतिर नै गएका छन् । सरिताको राजधानी छिरेपछि चालढाल निकै फेरिएको छ । सञ्जयलाई सरिताको फोन मार्फत भदैनीले सबै कुरा सुनाएकी छिन । कपाल तन्काउन ब्युँटीपार्लर जाने र पहिला जाँडरक्सीको गन्धैले माते जस्तो हुने सरिता अब भने वाइन सम्म खाने भईसकेकीछिन् । तेरो फूपूलाई त डान्स पार्टीमा भेटेकी थें भनेको सन्दा उसकी भदैनीलाई छाँगाबाट खसेको जस्तो हुन्छ । यो कुरा सञ्जयले फोन गरेर (समथिङ, २०७४ : ४१) हैन कुरा राम्रो सुनिदैन त, मुला एउटा खरिदारको जागिर खाँदैमा यति धेरै फुर्ति फार्ती लाउनुपर्छ ? साथमा छोराहरु छन् । पैसामा इज्जत फाल्नु हुदैन भनेर सम्झाएको छ । सरिताले सञ्जयको कुरा हावैमा उडाएकीछिन् । पैसा भए ऐस हुन्छ अनि पैसा र

जागिर भए सबथोक हुन्छ, मान्छेको पछि पैसा कुद्दैन तर पैसाको पछि मान्छे कुद्छ । ऐले जमाना नै यस्तो छ भनेर जवाफ दिने सरिताको हर्कतले सञ्जयलाई तनाव हुन थालेको छ । उसकी भदैनीले भने अनुसार अफिसको स्टाप रे राती सात आठ बजे गाडी लिएर सरितालाई पुऱ्याउन आउँछ र मासु रक्सी ल्याएर खान्छ भन्ने कुराले थप तनाव गराए पनि सञ्ज्य विचरा सोझो मान्छे केवल छोराहरुको पढाइमा मात्रै चिन्तित हुन्छ ।

सौजन कक्षा ११ र सौरभ कक्षा १० मा पढिरहेका हुन्छन् । घरमा रेखदेख र कराउने मान्छे नभएपछि केटाहरुको सानो उमेर भएकाले राम्ररी पढेर भविष्य बनाउनुपर्छ भन्ने कुरा के थाहा हुन्छ र । उनीहरु स्कुल कलेज जाने आउने त गर्छन तर उनीहरुलाई कराउने अराउने मान्छे नभएपछि उनीहरु पनि विग्रन थालेको पाइन्छ । आमालाई पाकेट खर्च माग्दा उल्टै गाली गर्ने तर कोठामा भने ४० इन्चको टिभी, ल्यापटप किनेर ल्याएको पाइन्छ । त्यतिमात्र होइन सरिताले स्कुटी सम्म किन्न भ्याएकी छे । दशैतिहारको छुट्टीमा दुई छोराहरु सौरभ र सौजनलाई लिएर सरिता घरमा आएकी छिन् । उनीहरुसँगै भदैनी पनि थिइन । सञ्जयले आफ्नी श्रीमतीको कपाल कर्लली पारेकी, टाइट पेन्ट र भेष्ट लाएको, महँगो बुट, आँखा भन्दा ठूलो कालो चश्मा लाएकी यस्तो सिँगार पटार गरेर आएकी देखेर ऊ मात्र होइन गाउघरका छिमेकीहरु पनि निक्कै छक्क परेका छन् । छिमेकीहरुले विभिन्न कुरा काटेर छेडछाड गर्न थालेको पाइन्छ । मूला एउटा खरदारको जागिर के खाकि थिई हाकीमको जस्तो सान देखाउँछे भनेर गाउँलेहरु विचरो सोझो सञ्जयलाई मार्ने भई (समथिङ, २०७४ : ४३–४४) भनेर गाउँलेहरु कानेखुसी गर्न थालेको पाइन्छ । सञ्जय इमान्दार भएकोले सरिता बाहेक अरु केटीहरुसँग लागेको छैन । मान्छे मर्नु भनेको यो पृथ्वीमा पुन नआउनु हो । त्यसैले मान्छे मरेको ठाउँमा चिनीराख्नु पर्दैछ । मलामी जानुपर्छ । मलामी जानु भनेको पछिको पर्म लगाइराख्नु हो भनेर सञ्जय सुन्नासाथ हिडीहालेको पाइन्छ । “जे काम गर्नुछ जिन्दगीमा बाँच्दै गर्नुपर्छ । मरेपछि केको काम गर्नु र खान मन लागेको खानु पर्छ,” । सञ्जय गरीब परिवारमा हुर्केको हुनाले गरीब हुँदाको पिडा राम्ररी थाहा छ । त्यसैले दुःख पाएको मान्छेहरु र जेष्ठ उमेरकाहरुलाई सहयोग गरेको पाइन्छ । “मान्छे जतिसुकै पैसा भएको वा पढेलेखेको किन नहोस्, आर्थिक पारदर्शिता र प्रष्ट व्यवहार भएन भने उसलाई डाका नै भन्छन् । हिसाब र पिसाब क्लियर हुनुपर्छ” (समथिङ, २०७४ : ४५) । सञ्जयले उसकी श्रीमती माथि शंका गर्न थालेको छ । सरिताले भन्दै छिन “मैले राजधानीमा चारतले घर हेरेको छु । एक करोड पचास लाख भन्दैछ” तर सञ्जयले आफुले देख्ने सक्ने भन्दा बढी सपना देख्नु हुँदैन । जहाँ जहाँ जागिर सरुपा हुन्छ त्यही घर किन्नु ? जहाँसुकै घरबनाएर पनि बस्न सकिदैन भनेर जवाफ दिएको पाइन्छ । यस्तै कुराहरुले सञ्जय र सरिताको पारिवारिक जीवनमा निक्कै खटपटी बढ्न थालेको पाइन्छ (समथिङ, २०७४ : ४६) । सञ्जयले यता घरको काम सकेर छोराहरुको लागि कसरी खर्च जुटाउने भनेर सोचिरहन्छ । कहिले जिल्लामा हुने फुटबल त कहिले व्याडमिन्टन प्रतियोगिताहरुमा बिहानबेलुका प्रतिवेदन बनाउन खटिरहेको छ । राती खटेर पाएको थोरै पारिश्रमिक भेला गरेर घरभाडामा जोडेर छोराहरुलाई पढाई खर्च पठाएको छ । सरिताले राजधानी पुगेको केही महिनामै पैसा पठाउन भनेर फोन गरी । सञ्ज्यले जागरि र कोठामै

नबसी फिल्डमा गएर कमाएको पैसाले खानै नपुग्ने बताएपछि त्यस्तो जागिर किन खानु त छोडे भई हाल्यो भनेर उसकी श्रीमती रिसाएको पाइन्छ । पैसा नपठाए छोराहरुलाई पढाउने खर्च नहुने र जेसुकै गर भनेर श्रीमतीले भनेपछि सञ्ज्यलाई छोराहरुको धेरै चिन्ता लाग्दछ । यता सञ्ज्य सरितालाई खबरै नगरी राजधानी तिर नै गएको छ । अफिस विदा हुने पाँच बजे तर सरिता राती सात बजे आएकी र उसको साथमा एकजना केटो सँगै ल्याएकी छ । सञ्जय र स्टाफ भनेर चिनजान गराएकी छिन । आज अफिसमा मिटिङ भत्ता बाड्ने मेरो जिम्मा भएकोले अलिक ढिलो भएको हो । हाकिम सावलाई भनेर अफिसकै गाडी लिएर आएको भनेर सञ्जयलाई भनेकी छिन । तर छोराहरुले सञ्जयलाई सबैकुरा सुनाइसकेका छन् । धेरै लामो समयपछि बूढाबूढी भेट भएको बेला शारीरिक यौन सम्पर्क भएको पाइन्छ । तर सञ्जयले पहिलेको भन्दा फरक आएको महसुस गरेको पाइन्छ । त्यो केटा र सरितासँगै गएका छन् । छोराहरु पनि स्कुल र कलेज गएका छन् । डेरामा सरिताको भदैनी र सञ्जय मात्र रहेका छन् । भदैनीलाई सोधे कि सौरभ र सौजनले पनि भन्दै थिए कि त्यो मान्छे जहिले आउँछ अनि आएर रक्सी मासु र चुरोट खान्छ अरे भनेर केरकार गर्दा भदैनीले पनि सबै कुरा भनिदिन्छे । (समथिङ, २०७४ : ४९) । भदैनीले भन्दै थिइन कि फूपुको अफिसमा गएको बेला त्यहा भएको कार्यालय सहयोगी महिलाले फूपू यसै अफिसको ड्राइभरसँग लागेको कुरा भनेको र खै कता घण्टौसम्म गाडीमा हराउने गरेको कुरा सञ्जयलाई पनि सुनाइदिन्छिन् । ड्राइभरको पनि बूढी र नानी रहेको र लेखापढी केही नभएको, उसको जागिरले रक्सी खान नपुग्ने, फटाहा भएको र सरिताकै पैसामा मोज गरिरहेको कुरा थाहा हुन्छ । ती कार्यालय सहयोगीले भदैनीलाई भनेको कुरा भदैनीले पनि सञ्जयलाई सुनाइदिन्छिन् । ति महिलाले ड्राइभर र सरिता मिलेर खाएका रक्सीका बोतलहरुपनि बोरामा हालेर राखेको भदैनीलाई देखाइदिएकी छिन (समथिङ, २०७४ : ५०) । खाना खाएर सम्झाउनका लागि छोराहरुको साथमा भदैनी भदै राखेर सञ्जयले क्षमताले भ्याए सम्म सम्झाएको पाइन्छ । गाउँमा सासु ससुरालाई समेत सम्झाईदिन अनुरोध गरेको छ । त्यसमा पनि सफल नभएको पाइन्छ । छोराहरुको लागि खर्च कसरी जुटाउने भनेर दिन काटिरहेको र गाउँ घरको हल्लाह सबैले पोइला गएको भनेरको खबरले मानसिक रोग लागेको जस्तो भएको अवस्थामा बूढीको कारणले फेनमा झुन्डिएको अवस्थामा कथावस्तु अन्त्य भएको पाइन्छ । यहाँ सञ्जय पुरुष पात्रका रुपमा उभ्याएर नेपाली समाजमा पुरुषले के कस्ता उतावचढावसँग जीवन जिउनुपर्छ भन्ने कुरालाई व्यक्त गरिएको छ भने अर्को तर्फ सम्पत्तिले मान्छेलाई स्वार्थी, घमण्डी बनाउँछ भन्ने सरिताको माध्यमबाट देखाउन खोजीएको छ ।

आफ्नो पूरा जीवन संघर्षमा व्यतित गरेको सञ्जयको लागि सुख र सम्पत्ति केवल सपना मात्र सिमित रह्यो । आर्थिक अवस्थाले गर्दा आफ्ना बाबु आमाले पढाउन नसकेको पीडा रहेको छ । गाउँमा सञ्जयले पढाई खर्चको लागि खेताला गए वापत चल्ला मागेर कुखुरा पालेर खर्च जुटाउँदै पढेको छ । आफूले पढ्न नपाउँदाको पीडाले आफ्ना छोराहरुमा नपरोस, कुनै दुःख नहोस भनेर शुरुमा सञ्जय र उसकी श्रीमतीले मेहनतका साथ लागि परेको पाइन्छ । आर्थिक अवस्था राम्रो पार्दै लगेको, अभावपूर्ति गर्दै लगेको तर तीनै छोराहरुको राम्रो भविष्यको लागि काठमाडौं हिडेकी श्रीमती कुलतमा

लागेर आफ्नो जागिरले नपुगेर छोराहरुको लागि खर्च श्रीमानले गाउँबाट पठाएको पैसाले मोजमस्ती गर्न थालेकी छिन् । यसै कारणले सञ्जयले मृत्युसम्म रोज्न बाध्य भएको कुरा यस उपन्यासमा रहेको पाइन्छ । भदैनीले सञ्जयलाई सबैकुरा सुनाएपछि सञ्जय र श्रीमतीको बीच झगडा भएको पाइन्छ । विभिन्न स्थिति र वर्गका पात्रहरु बनाएर समाजिक, आर्थिक, विकृतिहरु , कुबाटोमा लागेको परिवेश, अनुकूल र प्रतिकुल समयचक्र आदिलाई समेत कथानक बनाइएको पाइन्छ । छोराहरु पढेर जागिर खानु, पैसा कमाउनु बाबुको नैतिकता समाजमा देखाइएको पाइन्छ । समग्रमा उपन्यासले समाजमा कुबाटोमा लागेर जीवन अति कष्टकर बनाउनको सट्टामा यस्ता क्रियाकलापमा परिवर्तन ल्याई सफल जीवन यापन गर्ने चाहना राख्नु राम्रो हुने आशय नै यस उपन्यासको कथावस्तु बन्न पुगेको छ ।

## ४.३.१ मृत्यु उपन्यासका पात्र वा चरित्र

रामप्रकाश समथिङको मृत्यु उपन्यासका धेरै पात्र अर्थात चरित्रहरुको उपस्थिति भएको देखिन्छ । सामाजिक जनजीवनबाट छनौट गरिएको पात्रहर उपन्यासमा कार्यका आधारमा, प्रमुख, सहायक र गौण गरी सबैखाले पात्रहरुको उपस्थिति देखिन्छ । यस उपन्यासको प्रमुख पात्र सञ्जय, सञ्जिव हुन त्यसैगरी सरिता, सौजन, सौरभ यस उपन्यासको सहायक पात्र हुन् । त्यस्तै सञ्जयको बाबुआमा, सासुससुरा, स्टाफ, ड्राइभर, भतिजी, मामाहरु, छिमेकीहरु, पुलिसहरु, दाजुभाइ, बहिनीहरु यस उपन्यासका गौण पात्र हुन् ।

## ४.३.२ प्रमुख पात्र

**क) सञ्जय**

मृत्यु उपन्यासमा प्रमुख पात्रका रुपमा सञ्जय रहेको छ । सञ्जय शुरुदेखि अन्त्य सम्म उपन्यासका सम्पूर्ण घटना परिघटनाहरुका केन्द्रित रहेको प्रमुख पुरुष पात्र हो । सञ्जय समर र सुनिताको छोरा हो । आफ्नो बाबु आमाले गरीबीको कारणले तीन कक्षामा परीक्षा लेख्न नपाएको र सर, हेडसरले समस्या बताए पनि छुट नदिएकोमो दु:खी भएको पाइन्छ । सात कक्षा पढ्नका लागि खेताला गएर चल्ला जम्मा गरेर पढेको छ । कक्षा तीन घरको नजिक थियो । मासिक शुल्क र परीक्षा फि तिर्न नसकेको कारणले कक्षा तीनमा परीक्षा लेख्न नपाएको पाइन्छ । उसकी आमाले पनि जसरी भएपनि पैसा जुटाइदिनुपर्छ भनेकी छिन् । आमाले जेठाजु र कान्छा काका भारतीय आर्मी भएकाले सञ्जयकी आमाले खेताला सघाउन्छ पैसा दिनु भनेर मागेकी छिन् । तर नदिएपछि निराश भएर घर फर्केकी छिन । बाबुले ल साइला तेरो पनि दाजुहरुको जस्तो पढ्ने भाग्य रहेछ छ । भन्दै लामो सास फेरेको पाइन्छ ( समथिङ, २०७४ : ११) । त्यसरी नै अरु कक्षाहरुमा पनि परीक्षा लेख्न पाइदैन भनेर कुखुरा पालेर पढेको छ । एस. एल.सी. दिनका लागि जुटाएको पैसाले कोठा भाँडा तिर्ने सम्म नभएर घरधनीमा खेत जोतिदिएर तिरेको पाइन्छ । त्यसै गरी नेपालको छोरा सरकारी जागिर भएकोले सञ्जयलाई कृषि तथ्याङ्क भर्न पैतिस दिनको जागिर मिलाई दिएको छ । उसले म्यादी प्रहरीबाट आएको पैसाले क्याम्पसमा नाम

लेखाएको र मासिक फि पनि तिरिसकेको छ । सञ्जयले सरितालाई प्रेम गरेको छ । सरिता र सञ्जय बीच पत्रचार भइरहेको छ । फोन मार्फत बिहेको कुरा समेत भइरहेको पाइन्छ । उनीहरुले प्रेम बिबाह गरेका छन् । सञ्जयले हरेक संस्थामा काम गरेको पाइन्छ ।

सरिता र सञ्जयको छोराहरु जन्मिएका छन् । सौजन र सौरभ रहेका छन् । उनीहरुका लागि कसरी हुन्छ खर्च जुटाउनमा व्यस्त रहेको पाइन्छ । छोराहरुको लागि मरिहत्ते गर्ने बाबुका रुपमा यस उपन्यासमा देखा परेको पात्र वा चरित्र हो । बूढीकै कारणले आत्महत्या गरेको पाइन्छ  । पहिला उसले लेखेको चिठीमा पनि छोराहरुले पढोस, जागिर खावोस भनेका छन् । सञ्जय शुरुमा अनुकूल पात्रको रुपमा देखा परेको पाइन्छ तर अन्त्यमा परिस्थितिले प्रतिकुल मञ्चीय पात्र हुन पुगेको छ । सञ्जयको यो संघर्षशीलताले समाज सुधार ल्याउन वा परिवर्तन खोजेको पाइन्छ ।

**ख) सञ्जिव**

सञ्जिव पनि गाउँको गरीबको छोरा हो । ऊ पनि कक्षा तीन पढ्दा पढ्दै बाबु आमाको साथ लागेर झापा बसाइ गएको छ । झापामा पनि अर्कैको घरमा बस्नुपर्ने, उसको काकाहरु पहाडमा बसेको पाइन्छ । सायद उसले झापामा पहाड भन्दा झन धेरै दुःख पाएको छ । झापामा झरेको सञ्जीव एक्कासी पहाड फर्केको छ । उसको सञ्जयसँग भेट भएको छ । उनीहरु पढ्ने सल्लाह गरे तर कसरी ? अब हामीले आफ्ना काका काकी र आमाबाबुलाई मात्र पढ्ने समय मागेका छन् । पढ्ने खर्च आफै जोहो गर्ने । उनीहरुले दुवै जना भएर खर्चको बारेमा कसरी व्यवस्था गर्ने ? दुवैजनाले सल्लाह गरे कि एकैपटक सात कक्षामा नाम लेख्ने भनेर । एक खेताला हिड्दा पैसा र कुखुराको चल्ला दिन्छ । कुखुराको चल्ला ल्याएर पाल्नुपर्छ । पैसा भएपछि कापी, किताब किन्नुपर्छ । कसो पढ्न नदेला त ? भन्दै पढ्ने उपाय निकालेका छन् (समथिङ, २०७४ : १७) ।

सञ्जय र सञ्जिव गाउँमा खेताला हिड्न थालेका छन् । एक खेताला बराबर एउटा कुखुराको चल्ला मागेका छन् । दश पन्ध्र वटा बनाएका छन् । खेताला हिडेको पैसाले सात कक्षाको पुरानो किताब किने र कापी, डट र डटमा लाग्ने सूई किनेर जोहो गरेका छन् । यसरीसँगै सञ्जिव तेस्रो र सञ्जय चौथो हुँदै एस. एल.सीं सम्म सँगै पढेको पाइन्छ । यस उपन्यासमा सञ्जिव १७, १८, १९, २०, २१, २२, २३, २४, २५, २६, २७, २८, २९, ३०, ३२ र ३२ पृष्ठसम्म सञ्जिवको भूमिका रहेको छ । सञ्जिव प्रमुख पुरुष पात्रका रुपमा देखा परेको छ । सञ्जिव अनुकूल पात्र वा चरित्र हो । यस उपन्यासमा सञ्जिव मेहेनती र परिश्रमी पात्रका रुपमा चिनिएको छ ।

### ४.३.३ सहायक पात्रहरु

#### क) सरिता

मृत्यु उपन्यासमा नारी पात्रका रुपमा देखापरेकी छिन् । सञ्जयको श्रीमती हो । समर र सुनिताकी बुहारीका रुपमा देखापरेकी पात्र वा चरित्र हो । सौजन र सौरभका आमा हुन् । एस.एल.सी. दिन गएको बेलामा सञ्जयसँग भेट भएको छ । उनीहरुबीच प्रेम रहेको छ । पत्रचार र फोनमा कुराकानी भइरहेको छ । सरिताले एस.एल.सी. दिइएर प्राविधिक शिक्षा पढ्न गइन । प्राविधिक शिक्षाको तीन वर्ष कोर्ष सकेर आएकी छिन् । कृषि क्षेत्रीय कार्यालय विराटनगरमा क्षेत्र सहायक पदको लोकसेवा खुलेको छ । सरिताले परिक्षा दिएको बाइस दिनमा नतिजा निकाले छ । साथीहरुले सञ्जयलाई सुनाएका छन् । सरिताले पास गरेकी छिन् । सरिता जागिर खान गइ यता सञ्जय पनि गैर सरकारी संस्थामा जागिर खाइराखेको छ । उनीहरुबीच लगातार भेटघाट भइरहेको छ र जागिर खाएकी केही महिला पछि सामान्य खर्चमा प्रेम बिबाह गरी आमा बाबुलाई आर्शिवाद दिएका छन् । सरिता बिहे भएको केही दिन पछि जागिरमा गएकी छिन् ।

सरिताको बिहे भएको एकवर्ष पछि छोरा जन्माएकी छिन । स बाट नाम जुरेकोले सौजन नाम राखिदिएका छन् । पहिलो सन्तान छोरा जन्माएकोले सासु ससुराले पनि स्याहार सुसार गरेको छ । सरिताको तीन महिना सुत्केरी विदा सकेर नानीलाई लिएर आफ्नो जागिरमा गएकी छिन् । एक जना साथी लगेकी र सञ्जयले पनि पुऱ्याएको पाइन्छ । फेरि दुई वर्ष पछि अर्को छोरा जन्मेको छ । छोराको नाम सौरभ राखेको छ ।

सरिताको जागिर एक वर्षको लागि देशको राजधानीमा सरुवा भएको छ । सौजन कलेज र सौरभ स्कुलमा सरिताको साथ लागेर पढ्न थालेका छन् । उसको साथमा भदैनी पनि गएकी छिन् । राजधानी गएपछि विस्तारै कुलतमा लागेकी छिन् । पैसा भए ऐस हुन्छ अनि पैसा र जागिर भए सबथोक हुन्छ भन्ने खालकी भइसकेकी छिन (समथिङ, २०७४ : ४२–४२) । रक्सीको गन्ध समेतले मात लाग्ने आज मासु, रक्सी, वाइनसम्म खान थालेकी छिन् । अफिसको स्टाफ कोठामा ल्याएर मासु रक्सी खुवाउँदै रातभरी बसेकी छिन् । छोराहरुको हेरचाह गर्न छोडेकि छिन् र फिल्ड भन्दै हप्तौसम्म कोठा नआएको पाइन्छ । दशै तिहारको विदामा समेत घर नगइ कोठामै बसेर मोजमस्ती गर्न थालेकी छिन् । छोराहरु प्रति कुनै जिम्मेवारी वा कर्तव्य भुलेकी पात्रका रुपमा रहेकी सरिता पहिला अनुकूल पात्रका रुपमा र पछि प्रतिकुल पात्रका रुपमा उपन्यासमा चित्रित गरिएको छ ।

#### ख) सौजन र सौरभ

सौजन यस उपन्यासका सहायक पात्र हो । सञ्जयको छोरा हो । सञ्जय र सरिताको पहिलो सन्तानका रुपमा देखापरेको छ । सौजनको बाबुले मेहेनत, इमान्दारिताका साथ पैसा कमाएर

पढाई राखेको छ । सौजन बाबुसँगै बसेको छ । घरमा बाबुले गैरसरकारी संस्थातिर काम गरेर भएपनि छोराहरुको आवश्यकता पूर्ति गरेको पाइन्छ । सौजन पढाइमा कमजोर भएको कारण सञ्जयले उसको कक्षामा पढ्ने पहिलो भएको केटालाई घरमा खान, बस्न दिएर राखेको पाइन्छ । छोराले राम्रो पढोस र राम्रो नम्बर ल्याएर पास गरोस भन्ने उद्देश्य राखेको पाइन्छ । एस.एल.सी. दोस्रो श्रेणीमा पास गरेको छ । उसकी आमा जागिरे छ । जागिरको शिलशिलामा राजधानी काठमाडौं कोठा लिएर बसेकी छिन् । साथमा सौरभ भाइ पनि छ । सौजन पनि आमासित बसेर कलेज पढ्ने भएको पाइन्छ । कलेज पढिरहेको बेलामा यता आमा कुलतमा लागेको थाहा पाइसकेको छ अनि उनीहरु पनि कलेज गयो आयो पढाइ भने नगर्ने आदि लापरवाही गर्ने तिर लागेको देखिन्छ । रेखदेख गर्ने मान्छे नभएकाले सौरभ पनि विग्रदै गएको पाइन्छ । उता बाबुले गाउँमा दुःख गरेर पठाएको पैसा पनि आमाद् पाकेट खर्च नदिएको बाबुलाई फोन मार्फत जानकारी गरेको छ । अनुकूल प्रतिकुल मात्र वा चरित्रका रुपमा देखा परेको छ ।

सौरभ यस उपन्यासको अर्को पुरुष पात्र हो । यसको भूमिका सहायक रहेको छ । सञ्जय र सरिताको कान्छा छोरा हो । सौजनको भाइ हो । सानैदेखि आमासँगै बसेर पढेको छ । आमाको माया धेरै पाइन्छ । कक्षा १० मा पढ्दा आमा कुबाटोमा लागेर पढ्नुको सट्टामा खेलतिर मात्र लागेको छ । दाजु र भाइको एउटै खालको पिर व्यथा रहेको पाइन्छ । बाबुले छोराहरको लागि पढाइप्रति चिन्ता गरिरहेको हुन्छ । अनुकूल, प्रतिकुल पात्र वा चरित्र हो । सौरभको भूमिका सहायक रहेको पाइन्छ ।

## ४.३.४ गौण पात्र

यस उपन्यासको कथानकलाई गौणपात्रहरुले पनि आफ्नै ठाउँमा रहेर सहयोग गरिरहेका हुन्छन । प्रस्तुत उपन्यासमा धेरै गौण पात्रहरुको गहन भूमिका नभएपनि तिनीहरुले कथावस्तुलाई अगाडि बढ्न सहयोग गरेका छन् । यहाँ देखिएका पात्रहरु मध्ये पनि मञ्चीय र नेपथ्य साथै प्रतिकुल र अनुकूल भूमिकामा देखिएका छन् । गौण पुरुष पात्रहरु सञ्जयको बाबु समर, ससुरा, दाजुभाइ, मामा, भदै, पुलिसहरु, स्टाफ ड्राइभर जस्ता पुरुष पात्रले गौण भूमिका निर्वाह गरेको पाइन्छ । त्यसैगरी नारी पात्रहरु सञ्जयकी आमा सुनिता, दिदिहरु, सासु, भदैनी, छिमेकीहरु रहेका छन् ।

भदैनीले सञ्जयलाई सबै कुरा सुनाएको छ । फुपुको बारेमा फुपालाई फुपु राजधानी छिरेपछि उनको चालढालमा आएको परिवर्तन, कपाल तन्काउने, व्यूँटीपार्लर जाने, वाइनसम्म खान थालेको कुरा साथै भदैनीको साथीले डान्स पार्टीमा फूपुलाई देखेको कुरा आफ्नो फुपा सञ्जयलाई बेलीबिस्तार लाउछिन् (समथिङ, २०७४ : ४१) । भदैनी बीच भागबाट आएर अन्त्यसम्म गौण भूमिकामा रहेकी छिन् । अफिसबाट अबेर कोठामा आउने, अफिसको स्टाफ भन्दै एकजना मान्छे लिएर आउने रक्सी मासु खाएर बस्ने, रातभरी गफ गर्दै बस्ने ( समथिङ, २०७४ : ४२) आदि सबैकुरा भदैनीले सञ्जयलाई सुनाइदिन्छे । यता भदैनी भने सञ्जयका दुई छोराहरुको रेखदेख गर्ने गर्छिन । फूपुलाई सहि बाटेमा

हिडाउनलाई भदैनीले कोशिश गरेको तर उल्टै फुपु रिसाएकी छिन् । भदै अनुकूल पात्र वा चरित्रका रुपमा देखापरेकी छिन् ।

ड्राइभर स्टाफ गौण पुरुष पात्रा रुपमा देखापरेको छ । आफ्नो जिम्मेवारी बहन गर्न नसक्ने अरुको पैसामा मोजमस्ती गर्ने पात्र वा चरित्र हो । घरमा बूढी र छोरा भएपनि अरुसँग लागेको प्रतिकुल पात्र हो । उसको ड्राइभरको पैसाले रक्सी खान सम्म नपुग्ने पात्रका रुपमा देखा परेको पाइन्छ । सरितासँग लागेर सरिताको घर व्यवहार विगारेको पाइन्छ । त्यतिमात्र होइन सरिताको श्रीमानको मृत्यु सम्म हुने अवस्थामा पुऱ्याउने काममा साथ दिएको छ । सरितासँग लाग्नु भन्दा पहिले अर्को केटीसँग लागेको, समाजमा घटेको घटना ड्राइभरले देखाएको पाइन्छ ।

सञ्जयको बाबु र आमा गरीब थिए र गरीबमात्र होइन अशिक्षाका कारणले धेरै सन्तान जन्माएका छन् । आमाबाबुले सञ्जयको पढाइका लागि हरेक गर्दा पनि पैसा जुटाउन नसकेको पाइन्छ । आमा र बाबुको बाध्यता थियो । तर पनि सञ्जयको बिहे पछि बुहारीलाई सुत्केरी अवस्थामा राम्रोसँग स्याहार सुसार गरेको पाइन्छ । सञ्जयको सासुससुराले छोरी कुलतमा लागेको सुनेर सम्झाउन खोजेका पाइन्छ । तर छोरीले उल्टै फोन स्वीच अफ गरेकी छिन् । ज्वाइलाई हौसला दिएका छन् । दाइहरुले पनि सम्झाई दिउँला भनेका छन् । अन्तिममा ज्वाइको मृत्युको खबरले सारै दुःखी भएको पाइन्छ । यस्तो राम्रो मान्छेलाई गुमाउनु पर्दा छोरीलाई भन्दा ज्वाईलाई माया गरेको पाइन्छ । सही बाटोमा हिडेको मान्छेलाई जसले पनि राम्रो देख्छ । सञ्जयको आमा र बाबु गरीब भएकोले दिदीहरु दाजूभाइ, बहिनीहरुले पढ्न पाएका छैनन् । मामाहरुले समेत भान्जी बुहारी पोइला गए रे भनेको पाइन्छ । सञ्जयको कानमा बूढी पोइला गएकी छ भन्ने हल्ला सुनाएर मानसिक तनाव र पिडा दिएको पाइन्छ । सबैले आफ्नो ठाउँमा बसेर गौण पात्रको भूमिका निर्वाह गरेका छन् । पुलिसहरु र छिमेकी भएर लासको पोष्टमार्टमाको लागि जिल्ला अस्पतालसम्म लगेका छन् । त्यसमा आफै झुन्डिएर मरेको रिर्पोट आएको पाइन्छ ।

## ४.३.५ मृत्यु उपन्यासको परिवेश

सञ्जयले भोगेको सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक जनजीवनको चित्रण यस उपन्यासमा सञ्जयको जन्मदेखि मृत्युसम्मको विभिन्न घटनाक्रमको वर्णन गरिएको छ । सञ्जयको घर, सरिताको माइतीघर वा सञ्जयको ससुरालीघर, सञ्जयको पढ्ने स्कुल, सदरमुकाममा एस.एल.सीं दिन गएको बेला बसेको घर, सदुमुकाममा घर बनाएको ठाउँ, सञ्जयले संघसंस्थातिर काम गरेको ठाउँ, श्रीमतीको कार्यालय, शहरमुखी वातावरण, समाजको संस्कृति जस्ता कुराको आलोचनात्मक दृष्टिकोण प्रस्तुत गरिएको पाइन्छ । विभिन्न सामाजिक घटनाक्रमदेखि काठमाडौं सम्मको परिवेश प्रस्तुत गरिएको छ । सञ्जय चिन्ताले पीडित भएको पात्र हो भने सरिता र ड्राइभर स्टाफ सौखिन र स्वार्थी रहेकाले समाजमा पैसा र सुविधाले विकृति र विसङ्गति बढाइरहेको अनि आत्मनिर्भर हैन

परनिर्भर भइरहेको परिवेश प्रस्तुत गरिएको छ । काठमाडौं, गाउँ र सदरमुकाममा घटेका घटनाहरुलाई उपन्यासमा प्रस्तुत गरिँीएको पाइन्छ । सञ्जयमाथि श्रीमतीले गरेको दुर्व्यवहार, छोराहरुप्रति सरिताले गरेको काम, कार्यालको स्टाफ ड्राइभरसँगको लसपस, श्रीमती पोइला गएका हल्ला गाउँमा भएपछि श्रीमानलाई मानसिक पीडा दिने काम, श्रीमानको यसैकारणले गर्दा भएको मृत्यु हुनु जस्ता नेपाली समाजमा घट्ने घटना, शोषण, अत्याचार र दुर्व्यवहारको प्रस्तुत गर्नुले उपन्यासलाई यी घटनाहरुले कारुणिक समेत बनाएको देखिन्छ ।

## ४.३.६ मृत्यु उपन्यासको भाषाशैली

"मृत्यु" उपन्यासमा सरल ठेट नेपाली र सहज शैलीको प्रयोग गरी उपन्यास लेखिएको छ । एकै भागमा संरचित उपन्यासको कथावस्तु रैखिक ढाँचाको छ । यस उपन्यासमा आवश्यकता अनुसार लेखकले वर्णनात्मक, व्याख्यात्मक, संवेदनात्मक शैलीको प्रयोग गरेको पाइन्छ । उपन्यासका पात्र निम्न वर्गका र मङ्गोलियन समुदायका भएकोले उक्त समुदायले प्रयोग गर्ने भाषिक लवज प्रयोग गरिएको छ । उनका प्राय सबै उपन्यासहरु सरल, सहज भाषाशैलीको प्रयोग गरेको पाइन्छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने सामान्य पाठकले समेत सजिलै बुझ्ने खालको पाइन्छ । उपन्यासमा पात्रको स्तर र विषयवस्तु अनुकूल भाषाको प्रयोग गरिएको छ । समाजमा घट्ने घटना र पात्रको घटनालाई जस्ताको तस्तै प्रस्तुत गर्न खोज्दा उपन्यासमा अश्लिलताका दृश्यहरु पनि पाइन्छ । रैखिक शैलीमा रचना गरिएको हुनाले आदि, मध्य र अन्त्यको क्रममा कथानक विकास भएको पाइन्छ । उखान टुक्का प्रयोग गरेर उपन्यासलाई रोचनक बनाउन कोशिस गरिएको छ । मान्छे मर्नु भनेको यो पृथ्वीमा पुन आउनु हो( समथिङ, २०७४:४४) । विभिन्न अंग्रेजी शब्दको प्रयोगले पनि कथावस्तु प्रसङ्ग अनुसार अगाडि बढाउन सहयोग पुऱ्याएको छ भने अश्लिल भाषाको रुपमा प्रयोग हुने शब्द साले, साला, बेश्या जस्ता शब्द समेत प्रयोग भएको पाइन्छ । यसरी मृत्यु उपन्यासमा सरल स्वभाविक र सहज भाषाशैली प्रयोग भएको पाइन्छ ।

## ४.३.७ मृत्यु उपन्यासको दृष्टिविन्दु

यस उपन्यासका प्रमुख पुरुष पात्र सञ्जयको कथा व्यथा प्रस्तुत भएको छ । उपन्यासको सम्पूर्ण कथानकमा कथायिता स्वयम् लेखक हुन् । उनले उपन्यास बाहिर रहेर दृश्य र मानवजीवनको अध्ययन गरेका छन् । यसमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । लेखक यहाँ पात्रमा सिमित नरहेर सर्वज्ञ भई प्रस्तुत भएको बाह्य तृतीय दृष्टिविन्दुको प्रयोग भएको छ ।

## ४.३.८ मृत्यु उपन्यासको कौतुहल

सञ्जय एक्कासी बिहान उठेर आमा भनेर बोलाउँदा कस्तो भयो होला ? सञ्जयको बोली आएको हल्ला गाउँ भरी भयो होला ? कक्षा तीनमा परीक्षा दिन नपाएपछि के भयो होला ?

हेडसरलाई परीक्षामा सामेल गराउँन भनेर भन्दा पनि नमाने पछि के भयो होला ? सञ्जय र सञ्जिवले कसरी पढ्ने खर्चको बारेमा कसरी व्यवस्था गरे होला ? खेताला गएर पढ्न कसो नदेला होला ? स्कुल जाँदा रुँदै जाने गरेको छ किन होला ? हेडसर किन छक्क परेका होलान ? सञ्जय किन साह्रो साह्रो रुन थालेको होला ? आमालाई गरीबीले सताएको बेला सञ्जय र सञ्जिव के गर्न सदरमुकाम गएका होलान ? वि.स. २०४८ साल असारमा गोरखापत्रमा के आयो होला ? सरितासँग भेट भएपछि के भयो होला ? जागिर र छोराहरु लिएर काठमाडौं गएपछि के के भयो होला ? सञ्जयले विभिन्न गैर सरकारी संस्थामा काम गरेर के को लागि पैसा जम्मा गरेको होला ? सरिता र ड्राइभर स्टाफ बीच के सम्बन्ध थियो होला ? स्टाफ को हो त ? कोठामा स्टाफलाई ल्याएर के के गरेका होला ? सञ्जय छोराहरुलाई भेट्न काठमाडौं पुगेको छ पुगेर के भयो होला ? सञ्जय किन मानसिक पिडामा परेको होला ? सञ्जय केको कारणले झुन्डिएर मरेको होला ? छोराहरुलाई चिठ्ठीमा के लेखेको होला ? छोराहरु र छिमेकीहरु मिलेर सञ्जयको लास के गरे होला ? जस्ता अनेकौं कौतुहलका विषयहरुले उपन्यासलाई रोचक बन्नमा सहयोग पुगेको छ ।

## ४.३.९ मृत्यु उपन्यासको संवाद

संवाद वा कथोपकथन उपन्यासको कथानकको विस्तारमा महत्वपूर्ण भूमिका खेल्छ । उपन्यासकार समथिङ्ले प्रस्तुत उपन्यासमा सरल सहज संवाद प्रयोग गरेका छन् । आमा र सञ्जय वीचको संवाद – हैन हौ, आज हाम्रो घरमा के भयो त ? धन्न भगवानले मेरो पुकार सुनेछ । व्यानै उढेर सञ्जयले एक्कासी आमा भनेर बोलाउँदा उसकी आमा तीन छक्क परी (समथिङ् २०७४ : ४) । सञ्जय र साथीहरु वीचको संवाद – मेरो पनि कैले बाबु आमाले यसरी नै तिरिदिन्छन होला । हेडसर र सञ्जयको बुबा वीचको संवाद – गरीबीको कारणले गर्दा पैसा जुटाउन सकिन । त्यसैले यस पटक चाहिँ मेरो छोरालाई परीक्षा दिने मौका दिनु पर्‍यो । के गर्नु तपाईको छोरा जस्तो धेरै जनाको छोराछोरी छन् यो स्कुलमा, त्यसैले तपाईको छोरालाई दिँदा अरुले पनि माग्न थाल्छन् । त्यसैले सरी, म छुट दिन सक्दिन(समथिङ, २०७४ : १२) । बाबुआमा र सञ्जय वीचको संवाद – बाबु आमा मैले परीक्षा दिन नपाउने भए हैन (समथिङ् २०७४ : १३) ? कक्षा शिक्षक र सञ्जय वीचको संवाद – फि तिर्यौ ? छैन सर, हेडसरलाई भनिदिनुन म परीक्षा सकेपछि खेताला गएर भए पनि तिर्छु (समथिङ, २०७४ : १४) । साथीहरु र सञ्जयबीच कुराकानी – तँलाई लाज लाग्दैन ? काम गर्न लजाउनेले भात खान पनि लजाउनुपर्छ (समथिङ २०७४ : ३४) । सञ्जय र सरिता वीचको संवाद – हैन कुरा राम्रो सुनिदैन त, मुला एउटा खरिदारको जागिर खादैमा यतिको फूर्तिफार्ति लाउनुपर्छ ? छोराहरुले काट्लान नि । इज्जत भन्ने कुरा पैसाले किन्न पाइन्न । पैसा कमाउन सकिन्छ तर इज्जत किनौं भन्दा पाइदैन (समथिङ, २०७४ : ४१) । सञ्जय र भदैनी बीचको संवाद – खै कस्तो जागिर हो फुपूको ? खै अफिसको स्टाफ भन्छ राती सात आठ बजे गाडी लिएर आउँछ । स्टाफ चाहि मासु र रक्सी खान्छ । फूपु चाहि वाइनसँग मासु (समथिङ, २०७४ : ४२) । सञ्जयका छिमेकीहरुको संवाद – हैन हौं , सञ्जय

कै श्रीमती हो ? मूला एउटा खरदारको जागिर के खाको सान चाँही हाकिमको जस्तो । विचरा! सञ्जय सोझोलाई मार्ने भई (समथिङ, २०७४ : ४३–४४) । हैन हौ बूढीले छाड्यो रे नि भन्छ ( समथिङ, २०७४ : ५६) । सरिताले हैन त्यही हो ज्यानमारा, यस्तालाई पुलिसको जिम्मा लगाउनुपर्छ भन्दै कराउन थाली (समथिङ, २०७४ : ६५) । यी माथिका सबै संवादहरुको प्रयोग भएको दृष्टिले हेर्दा उपन्यास सरल र सहज रहेको पाइन्छ ।

## ४.३.१० मृत्यु उपन्यासको उद्देश्य

समाजमा रहेका विकृति, विसङ्गति, कुबाटो, गरीबी, कुसंस्कार, शोषण, अत्याचारलाई अन्त्य गरी समतामूलक समाजको निर्माणतर्फ संकेत गर्नु यस कृतिको लक्ष्य हो । उपन्यासमा सञ्जय निम्न वर्गीय पात्र हो । उसको माध्यमबाट समाजमा घट्ने शोषण कुबाटोको आलोचना गर्दै सुधारको अपेक्षा राखेको पाइन्छ । यसका लागि सम्पूर्ण समाज नै लागेर यस्ता समस्या र विकृतिको अन्त्य गर्नुपर्ने उद्देश्य उपन्यासले राखेको छ । उपन्यासमा सञ्जय जस्ता पुरुषहरुलाई सम्मान गर्नुपर्ने, प्रत्येक पुरुष वा बाबुलाई इज्जतका साथ राख्नुपर्ने, सरिता र ड्राइभर स्टाफ जस्ता व्यक्तिलाई सुधार गरी समाजलाई नमुना बनाउनुपर्ने यस उपन्यासको मुख्य उद्देश्य हो । समाजमा मान्छे कसरी बाँचेको छ ? ऊसका इच्छा र सपना के कसरी दविएर रहेका छन् ? पुरुष कसरी शोषित हुन्छ ? भन्ने कुरालाई संकेत यस उपन्यासले गरेको छ । मानवीय समस्या कारुणित अवस्थाको पहिचान गरी सफलतामा पुग्न कोसिश गर्नुपर्ने सन्देश पनि यस उपन्यासले दिएको छ । समाजमा रहेको विकृति विसङ्गति जस्ता समस्या जल्दा बल्दा रहेका छन् । समाजमा रहेका पीडा, व्यथा, आँसु, रोदन आदि दुःखलाई विषयवस्तु बनाएर समाज परिवर्तनको चाहना राखिएको छ ।

उपन्यास जीवनका सुखद पक्षलाई भन्दा दुःख पीर मर्का, व्यथा जस्ता विषयवस्तुमा बढी केन्द्रित पाइन्छ । आफैले केही गरेर जीवन सुखी, सम्पन्न पार्ने चाहना र कल्पनामा संघर्ष गर्दा समेत सफल हुन नसकेको घटनालाई कथावस्तुले बोलेको छ । अभाव र पीडाले मान्छेलाई जिउन त सिकाउँछ तर त्यही मान्छे पैसा र ऐस भएपछि दुनिया भुलिदिन्छ भन्ने तितो यथार्थ बोलेको छ । अनेक संघर्ष गरेर आफ्नो सन्तान श्रीमतीलाई खाइ नखाई कमाएर पैसा भएपछि कुबाटोमा लागेर इज्जत फालेको अन्तमा मानसिक पिडा भए । मृत्युमा जीवन जिउनु आजका नेपाली जनजीवनको चित्रण उपन्यासकारले यस उपन्यासमा गरेको पाइन्छ । आधुनिक सभ्यतासँगै मान्छे सौखिन र भोगवादी बनेको छ । मान्छेको निर्दयीपन, स्वार्थीपन देखाउनु नै यो उपन्यासको मुख्य उद्देश्य रहेको छ ।

## ४.३.११ निष्कर्ष

यसरी लामो समयदेखि विभिन्न संघसंस्थामा रहेर समाजका समस्यालाई नजिकबाट नियाल्दै तिनलाई साहित्य मार्फत बाहिर ल्याउन सफल भएका छन् । कथावस्तु खोज्न एकान्तमा बस्नु पर्दैन । समाजमा घटेका तत्कालीन घटना नै उपन्यासको विषयवस्तु बनाएको पाइन्छ । यस्ता

व्यक्तिलाई साहित्य लेखनमा प्रेरणा र प्रोत्साहन दिन आवश्यक छ । "मृत्यु" उपन्यासको जीवनमा आइपर्ने विभिन्न प्रकारका समस्या, कुरीति, विसङ्गति, अन्धपरम्परा, दमनको पात्रमा देखिएका सामाजिक र मानसिक चेतना र अवस्थाको चित्रण गर्न खोजीएको हो । समय र परिस्थितिले मान्छेलाई अनेक मोडमा पुऱ्याउछ र समस्याको समाधान समस्याले बोकेर आएको हुन्छ तर त्यसको सारथी मान्छे बन्नुपर्ने रहेछ । मान्छेले पीडा र दुःखलाई विविध किसिमले सामना गर्नुपर्ने रहेछ । आँसु, रोदन, पीडा, व्यथा र कुलत र कुवाटोको प्रभावले गर्दा मान्छेले विवशता हाँसेर हिड्न बाध्य हुनुपरेको कुराहरु यहाँ प्रस्तुत गरिएको पाइन्छ । मान्छेले समयलाई दास बनाउने होइन रहेछ समयले मान्छेलाई दास बनाउदो रहेछ भन्ने जस्ता आदि इत्यादी कुराको उजागर गर्ने यस "मृत्यु" उपन्यासको माध्यमबाट पाठक वर्गमा उपन्यासकारद्वारा परिवर्तनको चाहना राख्नु  र समाज सुधारको उद्देश्य राख्नु मुल विषय देखाइएको छ ।

## ४.४ साउदी रियल उपन्यासको सामाजिक पक्ष

साउदी रियल एकै खण्डमा संरचित रहेको उपन्यास हो । गरीब भएकाले परिवार सञ्चालनका लागि साउदीमा गएको व्यक्तिको कथावस्तु भएको उपन्यास हो । पुछारे नामले परिचित एउटा व्यक्तिको चित्रण गरिएको उपन्यास हो ।  यो सामाजिक यथार्थवादी उपन्यास मान्न सकिन्छ । जसमा गरीब भएकोले आमालाई पाल्ने, छोराछोरीहरुमा हात र मुख जोड्नको लागि पुछारे कान्छा विदेशिएको पाइन्छ । अरु बेला अरुको घरमा बनी नगरी घरपरिवार पाल्न गाह्रो भएको अन्न पातले तीन महिना पनि नपुगेको छ । लाहुरे कान्छाको घरमा बनी गरेर घर परिवार चलाएको पाइन्छ । जसमा गरीब मजदुर गर्छ, परिश्रम गर्छ तर पैसा कमाउनको लागि विदेशमा रातदिन खटिरहेको र पुन दोस्रो पटक जाँदामा पनि घरको आर्थिक अवस्था उस्तै भएको यथार्थ प्रस्तुत भएको पाइन्छ । त्यही घरवार चलाउनको लागि साउदी गएको पुछारे कान्छाको जीवन घटनालाई प्रस्तुत गरिएको छ । यही घटनामा कथावस्तु केन्द्रित छ । आफ्नो पुरा जीवना संघर्षमा व्यथित पुछारेकान्छाको लागि सुख र सम्पत्ति सपनामा मात्र सीमित रहेको छ । आर्थिक अभावले गर्दा पुछारे कान्छा लाहुरे कान्छाको घरमा काम सघाउँने गरेको पाइन्छ । गाउँमा एकै दमालका केटीहरु, उनीहरुको उमेर पनि महिना मात्र फरक रहेको पाइन्छ । उनीहरु घाँस, दाउरा, पानी, मेलापात, सँगैबस्ने सँगै सुत्ने गरेको पाइन्छ । उनीहरुका आमा, बाबु पनि खुशी मात्रै हैन तिन छक्क परेका छन् ।  उनीहरुले गाउँमा मिलेर बसेको देखेर गाउँलेहरुले "तिमीहरु त पछि एउटै बूढासँग पोइला जान्छौ होला ?" उनीहरुले पनि "हामी त सबै एउटै बूढासँग बिहे गर्छौं अनि बढालाई पाल्छौं पनि हामीलाई भेट्ने त साह्रै भाग्यमानी हुनेछ" भन्दै जवाफ समेत फर्काउने गरेको पाइन्छ । (समथिङ, २०७४ : ५) ।

एकदिन सबैजना पानी पँधेरोमा गएका छन् । मैया, कविता, विना, शान्ति, तारा, मिना, करुणा अरुभन्दा अलि पछाडि प्रेमा पुगेकी छिन् । पँधेरोमा त्यतिबेला अरु साथीहरु भन्दा प्रेमा बोल्न नपाउँदै, हामीसँग छुट्टिन खोजेकी होला नि भनेर ताराले भनेकी छिन् । घरमा पाहुना आयो भनेर आजराती हामीसँग नसुतेकी होला भनेर पछि मैयाले सबै साथीहरुले कान समातेर माफ मागेका छन् । हाम्रो

गाउँमा आज फेरि अचम्म भयो रे । सबैले अच्चम मान्दै एक स्वरमा भने “अए, प्रेमा के अच्चम भयो है हाम्रो गाउँमा ? खै हामीले त त्यस्तो अच्चम लाग्ने केही कुरा सुनेका छैनौ त ? त्यो त हाम्रो टिमको सि.आई. डि नै हो नि । अए, सबै जना चुल लागत, यसको अच्चम लाग्ने कुरा सुनौं भन्दै विनाले सबैजनालाई चुप लाग्ने संकेत गरी । सबै गाग्रोको पानी समाउँदै प्रेमाको कुरा सुन्न थाले ( समथिङ, २०७४ : ८) । सबै जना साथीहरुले एकै स्वरमा भनेका छन् । “के को हल्ला हुनु नि, उही त हो पुछारे कान्छा काकाकी कान्छी काकी पोइला गई रे त्यो ५५५ नम्बरको हरियो टयाक्टर कुदाउँने ड्राइभरसँग, सानो चिठी पठाएको छ रे । साझा भात खाएर ओछ्यानमा पुगेपछि “पुछारे बाजुले किन बोलाको रहेछ ? भन्दा बाबुले आमालाई त्यस्तो कुरा भन्दैथ्यो” बाबु त भन्दैथ्यो कि गाउँबाट विदेश जानेको बूढीहरु खै कति साह्रै विग्रेका हुन कति साह्रै (समथिङ, २०७४ : ९) । प्रेमाले थपि “हिजो अस्ति जस्तो लाग्छ । हामीले काकाको बिहेमा आगोले डढेको हातको घाउ अहिले जस्तो लाग्छ । कान्छी आन्टीले नानी पाउँदा रातभरी रुँगेको आँखामा झलझली छ । पुछारे कान्छा काकाको जेठी बूढी पोइला जाँदा हल्ला भएको छ । हामी जाँदा हुन्छ भनेकी छिन् ।” पुछारे कान्छाको बूढी पोइला जाँदा आमा सारै चिन्तित भएकी छिन । आफू विरामी भएको कारणले ओछ्यानमा थलिएकी आमा, बुहारीको भरमा बाच्नुपर्ने, पहिले जेठी बुहारीको दुई जना नानीहरुलाई कसरी हुर्काउने ओछ्यानमा लडिरहेकी बूढी मान्छेलाई समस्या अझ थपिएको छ । ऊसको बाबु नै गरीब परिवारको । फेरि पुछारे कान्छाको दुवै बाबु, आमाको मुख खुँडे थिए । बाबुको बोली स्पष्ट सुनिने आमाको राम्रो नबुझिने रहेको छ । पुछारे कान्छाको दाजुहरु गुरुङ्गको घरमा जेठा दाजु काम गरेको र माइला दाजु लिम्बुको घरमा गोठाला बसेका छन् । माइला दाजु गोठाला बसेको घरमा विरामी भएपछि मृत्यु भएको पाइन्छ । घरमा उत्पादन गरेको अन्नले तीन महिना पनि नपुगेकोले अरुको घरमा बनी गर्न जानुपरेको छ । उनको बाबु रायो मुलाको सागको बीऊ बोकेर महिनौ दिनसम्म बेच्न दार्जिलिङ्ग, गुमपहाड, कालेबुङ्ग र सिक्किमसम्म पुगेको पाइन्छ । त्यही काम गर्न जाँदा अचाना विरामी भएको छ । पुछारे बाजेलाई थाङ्गने पल्टेको भन्थे (समथिङ, २०७४ : १३) । धामी झाँक्रीहरु लाएर उसको चिन्ता गरेको र धेरै कुखुराको अन्डा र चल्ला मन्साएका छन् । महिनौ दिन विरामी भएको कारणले मृत्यु भएको पाइन्छ । गाउँलेहरु मिलेर चन्दा उठाएर क्रिया बार्नेलाई चोख्याउने काम गरेक पाइन्छ ।

गाउँ नजिकै प्रजातन्त्र दिवसको सन्दर्भमा हरेक वर्ष फागुन सात गते मेला लागेको छ । पुछारे कान्छाको बिहेको कुरा भइरहेको बेला पहिला बिहे गर भन्दा एक पटक पैले विदेश गएर आउनु पर्ला अनि मात्र बिहे गर्ने होला (समथिङ, २०७४ : १६) भन्ने पुछारेलाई गाउँलेहरुले पनि बुहारी घरमा ल्याएर अनि विदेश जाउँ, सासु बुहारी घरमा बस्छन् भनेर गाउँले साथीहरुले सल्लाह दिएको पाइन्छ । आमाले जातकै केटी चाहिन्छ भनेपछि बजारमा केटीहरु हेर्न, फकाउन गएको र फकाउदा समेत नमाने बोकेर ल्याउने सल्लाह समेत दिएको पाइन्छ । यसै विच चन्द्रा भन्ने केटीलाई फकाउँदा नमानेकोले बोकेर ल्याएर बिहे गरेको गाउँमा हल्ला भएको पाइन्छ । गरीबीको कारणले पुछारेले धुमधाम बिहे गर्न नसकेको र सामान्य सिन्दुर पोते गरेर गाउँलेले उनीहरुको बिहे गरिदिएको पाइन्छ । पुछारे कान्छाले

बिहे गरेको एकवर्षमा छोरा जन्माएको  र अर्को एकवर्षमा अर्को गरी दुई छोराहरु जन्माएको पाइन्छ । घरमा परिवार जन थपिदै गएको र घरकी आमा पनि बूढी हुँदै काम गर्न सक्न छोडेकोले पुछारे कान्छालाई समस्या पर्न थालेको पाइन्छ । अनि सधैंभरी बनीबुतो गरेर बाँच्न गाह्रो भएको र आफु विदेश तिर जाने कुरा साथीभाइसँग गरेको पाइन्छ (समथिङ, २०७४ : २१) । पुछारे कान्छालाई साथीभाइहरुले जिस्काउँदै भरखरकी श्रीमतीलाई छोडेर गएपछि श्रीमती अर्कोसँग सल्किन थाल्छ भनेर व्यङ्ग्य गर्दा दुईजनाको आमाले इज्जतै फालेर जान्छे भने कसको के लाग्छ । गर्नेले सँगै बस्दा पनि गर्छन भनेर साथीभाइलाई जवाफ दिएको पाइन्छ । पुछारेको आमाले पनि विदेश नजा भनेर सम्झाएको र श्रीमतीले पनि नजानु भन्दा भन्दै पनि पुछारेले घर बन्धकी राखेर नपुगेको पैसा गाउँले बूढा र लाहुरे कान्छालाई ऋण स्वरुप माग्ने सोच बनाइसकेको छ । पुछारे कान्छा विदेश जानलाई ऋण माग्नका लागि लाहुरे बाजेकोमा पुगेको, एकलाख २० हजार ऋण मागेको पाइन्छ । लाहुरेले पुछारेको घरजग्गा बन्दकी राख्दा सत्तहरी हजार मात्र दिन मिल्ने र अरु पचासहजार सयकडा तीन व्याजदरले दिने अनि जग्गा चाहिँ पुछारे आफैले कमाएर लाहुरेलाई फलेको अन्न अधिया दिने भन्ने सहमती भएको पाइन्छ (समथिङ, २०७४ : २३) । लाहुरे कान्छाले विदेश पठाउने एजेन्टसँग कुरा गरेको पाइन्छ ।

एकदिन लाहुरे र पुछारे कान्छा दुवै सदरमुकाम झरेका छन् । पुछारे कान्छाले नागरिकता र राहदानी समेत बनाएर घर फर्केको पाइन्छ । लाहुरे कान्छाको घरमा दाउराको भारी बोक्दै गरेको पुछारे कान्छालाई लाहुरेले भिसा आएको शुभखबर सुनाउँछ । सबै साथीभाइले यो खबर सुनेपछि भोज खुवाउन पर्ने भन्छन र लाहुरेले दिएको एउटा ठूलो भाले, दुई पाथी धानको चामल, एक भाँडा जाँडको नछानेको छोक्रा दिएपछि खुशी हुदै पुछारे कान्छाले लाहुरेलाई ढोक्न खोज्छ (समथिङ, २०७४ : २४) । अनि घरमा पुगेर आमालाई विदेश जान पाउने भएँ भनेर खुशीको खबर सुनाउँछ र साथीभाइलाई पनि अब कति वर्ष भेटघाट नहुने भो भन्दै भोज खुवाउने काम गर्छ । उसका मिल्ने साथीहरु ओम, भिम, पदम, शंकर, उपेन्द्र, खड्ग, पूर्ण, मैया, कविता, विना, शान्ति, तारा, मिना, करुणा र प्रेमलाई बोलाएर रातभरी मासुभात भोज खुवाउँछ । भोलिपल्ट पुछारे कान्छालाई लिएर लाहुरे कान्छा सदरमुकाम जाँदा सबै साथीहरुले उसलाई बाटो खर्च दिएको पाइन्छ । उसका साथीहरु, आमा, बूढी सबैले उसलाई तीन वर्षका लागि विदेशमा गोठालो बसेर पैसा कमाउन विदा गरेका छन् । सबैजना सुक्क सुक्क गरेर रोइरहेको बेला लाहुरे कान्छाले पुछारे मर्न गएको हो र रुन्छौं  ?, ऊ त पैसा कमाउन पो विदेश गएको भन्दै सबैलाई सम्झाउँछ (समथिङ, २०७४ : २६) । ओझेल परुञ्जेल हात हल्लाउदै विदा गरेका उसका साथीभाइहरु घर फर्के भने लाहुरे र पुछारे कान्छा सदरमुकाम झरे । सदरमुकाम पुगेर विदेश पठाउने एजेन्टलाई पैसा सहित पुछारे कान्छालाई जिम्मा लगाएर भोलिपल्ट बिहानको गाडीमा चढाएर लाहुरे कान्छा घर फर्केको पाइन्छ ।

पुछारे कान्छाले विदेश पुगेर २२ दिन पछि घरमा चिठी पठाएको पाइन्छ । आफू साउदी अरबमा गाडीको सामान बनाउने कम्पनीमा काम गर्न थालेको, ऊसले तिन महिना पछि घरमा खर्च समेत

पठाएको पाइन्छ । पुछारे कान्छाकी श्रीमती चन्द्राले सदरमुकाम गएर पैसा निकाल्न लाहुरेलाई लिएर गएको पाइन्छ । लाहुरेकोमा बन्धकी राखेको खेतीपाती सम्हाल्दै सासु र छोराहरुलाई स्याहार सुसार गर्दै आएकी चन्द्राले अब गाउँमा बनी गर्न जान छाडेको पाइन्छ । ६ महिना पछि पुछारे कान्छाले पुनः विदेशबाट लाहुरे कान्छाबाट लिएको ५० हजार ऋृण तिर्न र अन्य घरखर्चको लागि भनेर पैसा पठाएको र श्रीमतीलाई खबर गरेको छ । पुछारे कान्छाकी श्रीमती यो पल्ट भने पैसा लिनलाई एक्लै सदरमुकामतिर लागेको पाइन्छ । सदरमुकाममा पुगेपछि त्यहाँको फेसन देखेर चन्द्रा दङ्ग हुन थालेकी पाइन्छ । फेरि अब विदेशबाट पैसा आउन थालेपछि उसले पनि शहरीया जस्तै कपाल तन्काउने, मोबाइल किन्ने, नयाँ नयाँ फेशनका कपडा किनेर लाउने गरेको पाइन्छ । सदरमुकाम जाने क्रममा कार्जे धमला भन्ने व्यक्तिसँग उसको चिनजान भएको पाइन्छ । लाहुरे कान्छाको ऋृणको तिरेर बाँकी रहेको पैसा घर खर्च भनेर आफैले राखेको पाइन्छ । उसले घरमा कार्जे धमलालाई बोलाउने गरेको, घरगाउँमा भने अर्कै जिल्लाको मामाको छोरा भनेर चिनाउने गरेको पाइन्छ । पटक पटक कार्जे धमला घरमा आउने जाने गरेको कुराले सासुले शंका गर्न थालेको पनि पाइन्छ । पुछारेको आमाले आफ्नो बुहारीको कर्तुत आफ्ना मन मिलेका गाउँका महिला साथीहरुलाई भनेको र एक कान दुई कान गर्दै यो कुरा गाउँ भरी फैलिएको पाइन्छ । पुछारेकी श्रीमती चन्द्राको हाउभाउ र फोनमा घण्टौंसम्म कुरा गर्ने गरेको आनीबानीलाई देखेर गाउँका महिलाहरुले पनि शंका गर्न थालेको पाइन्छ ।

पुछारे कान्छा विदेश गएको पनि २ वर्ष पुगेको छ । यता घरमा आमा हिडडुल गर्न नसक्ने अवस्थामा पुगेकी, पुछारेकान्छाले लाहुरे कान्छाकोमा राखेका घरजग्गा बन्दकी पनि उकासिसकेको पाइन्छ । ऊसको विदेश बस्ने भिषाको समय सकिसकेको पाइन्छ । ऋृण तिरेर उब्रेको बाँकी सबै पैसा उसले श्रीमतीलाई पठाएको छ । यता श्रीमती भने महंगो मोबाइल किनेर बोक्ने, सुनका गरगहना लगाउने, नयाँ नयाँ फेसनका कपडा, घडी लगाएर गाउँमा नै सबैभन्दा धनीकी श्रीमती झै भएर हिड्न थालेको पाइन्छ । यता मामाको छोरा भन्दै कार्जे धमलालाई ढुक्कै घरमा ल्याएर राखेको पाइन्छ । घरगाउँलेले यो मामाको छोराको काम छैन र सधैं यता आएर बस्छ भनेर सोध्दा खै जा भन्नु भाको छैन, के गर्नु भन्दै टार्ने गरेको पाइन्छ । अब भने पुछारे कान्छाको घर फर्किने समय ३ महिना मात्र बाँकी छ । उसले श्रीमतीलाई एक लाख बीस हजार पठाइदिएको छ । सोही पैसा लिन सदरमुकाम जानु र पैसा लिएर घर मर्मत गर्नु कोठाहरु निकाल्नु भनेर श्रीमतीलाई फोन गरेको पाइन्छ । यता रातदिन श्रीमती भने कार्जेको अंगालोमा बेरिएर उता श्रीमानसँग भने रुन्चे स्वर बनाएर विलौना गर्दै छिटो घर आउनु र कहिले पनि विदेश नजानु भनेर कुरा गर्ने गरेको पाइन्छ । तर वास्तवमा उसले यहाँ कार्जे धमलासँग मिलेर बूढालाई छक्काउने गरेको पाइन्छ । कहिले बूढाले विदेशबाट धेरै पैसा पठाउँछ र सोही पैसा लिएर कार्जे धमलासँग पोइला जाउँला भनेर योजना बनाइरहेकी उसकी श्रीमती चन्द्राले यसपटक भने घरकी सासुलाई सदरमुकामबाट फर्कन केही दिन लाग्ने र अरु पनि काम भएको भन्दै ठूलो झोला बोकेर घरबाट निस्किएको पाइन्छ । सदरमुकाम झरेर आइ एम.ईबाट बूढाले पठाएको पैसा निकालेर चन्द्रा र कार्जे सँगै होटलमा रात विताएको पाइन्छ । यता कार्जेले पनि अब हामी भागेर बिहे गर्नुपर्छ भनेपछि

चन्द्राले उसको सासुलाई कार्जेको हातबाट चिठी लेखाई आफु गुरुङ्ग भन्दा ठूलो जातको कार्जे धमलासँग पोइला गएको खबर विदेशमा भएको छोरालाई सुनाइदिनु र मलाई नखोज्नु भनि सो चिठी उसको सासुलाई पठाएको पाइन्छ । चन्द्रा र कार्जे धमला भने झापा तिर झरेर पुछारेले पठाएको पैसाले चयन गर्दै होटलमा बसेको पाइन्छ । यता ट्राक्टर ड्राइभरले बुहारीले पठाएको भन्दै चिठी पुछारे कान्छाको आमालाई दिएको पाइन्छ । आमाले चिठी पढ्न नजानेकोले उनले लाहुरे कान्छालाई बोलाउन नातिलाई लाहुरे कान्छाकोमा पठाएकी छिन् । लाहुरे कान्छा साँझपख पुछारेको घरमा पुगेर के भयो भनेर आमालाई सोधेपछि उसले बुहारीले पठाएको चिठीमा के लेखेको छ भनेर पढ्न दिएको पाइन्छ । लाहुरे कान्छाले चश्मा लगाएर सो चिठी मनमनै पढिसकेपछि आमैलाई तिम्री बुहारी अर्कैसँग पोइला गएको खबर पठाएकी रहेछ भनेर सुनाइदिन्छ । लाहुरेले पनि पुरानो उखान टुक्का जोड्दै, “बाखालाई सम्म र आइमाइलाई सुख कैल्यै हुँदैन” भन्थे पहिलेका बाजेहरुले ठ्याक्कै मिल्यो । तिम्री बुहारी गुरुङ्ग भन्दा ठूलो जात धमलासँग पोइला गएँ भनेर दङ्ग रहिछ तर धमला त कामीको एउटा थर पो हो त, (समथिङ, २०७४ : ३६) । घरमा भएको २ तोला सुन र सबै कपडा समेत लिएर हिडेको चालपाएपछि पुछारे कान्छाको आमाले साह्रै पीर गरेर रुन थालेपछि लाहुरे कान्छाले सम्झाउँदै पुछारेका छोराहरु र आमा सबैलाई उसकै घरतिर लिएर गएको पाइन्छ । गाउँघरमा पुछारे कान्छाको बूढी पोइला गएको कुरा थाहा पाएपछि सबै गाउँले लाहुरे कान्छाकोमा भेला भएको पाइन्छ । बूढी पोइला गएको खबर पठाएको १५ दिन पछि पुछारे कान्छा विदेशबाट घर आइपुगेको छ । घर आएर आफ्ना साथीहरुसँग मिलेर पोइला गएकी श्रीमतीलाई खोज्न भन्दै झापासम्म झरेको तर कार्जे र उसकी श्रीमतीलाई कतै नभेटेकोले निराश हुँदै विदेशमा दुःख गरेर कमाएको पैसा सबै लिएर गएकोमा पुछारे कान्छालाई साह्रै पिर पर्छ । यसलाई कुनै दिन कतै भेटेंभने रगत नलगाईकन छिनाइदिन्छु (समथिङ, २०७४ : ३७) भनेर रिस पोखिरहेको पाइन्छ । आफूले पठाएको जम्मा ४ लाख पैसा र दुई तोला सुन सबै लिएर गएकोमा पुछारे कान्छालाई साह्रै पिर परेको छ ।

चन्द्राको माइती घरमा पुछारे कान्छा आउनु भन्दा अगाडि नै छोरी पोइला गएको थाहा पाइसकेको पाइन्छ । पुछारे त्यतिका वर्ष विदेश बसेर आएतापनि उसको श्रीमतीको व्यवहारले गर्दा आज फेरि कंगाल हुन पुगेको छ । पहिले झै गाउँमा मेलापात गर्न बाध्य हुन्छ । आमा पाको उमेरको भएकाले भात पकाएर ख्वाउन नसक्ने भएकी छिन् । छोराहरु पनि सानै भएकाले पुछारेलाई साह्रै समस्या पर्न थालेको पाइन्छ । “मूला एउटा आइमाइले छोडी भन्दैमा के अरु आइमाइले डढेलो लगाएको छ र ? यसलाई तुरुन्तै अर्को बिहे गरिदिनु पर्छ (समथिङ, २०७४ : ३८) भनेर साथीहरुले सम्झाउँदा उसले अब बिहे गर्दिन जो आएपनि यस्तो भनेपछि गाउँका बूढापाकाले “खुट्टा पो नपाउनु त जुत्ता मुला छानी–छानी, एउटी आइमाइले छोडी भन्दैमा यस्तो नामर्द कुरा गर्ने ? यसको एउटी केटी खोजेर बिहे गरिदिनुपर्छ”( समथिङ, २०७४ : ३९) भनेर भनेको पाइन्छ । धेरै करकापका बाबजुद पुछारे कान्छाको बिहे गरिदिएको पाइन्छ । सधैं बाबुसँग सुत्ने छोराहरु अब कान्छी आमा आएपछि बाबुसँग सुत्न नपाएकोमा दुःखी हुन्छन् । पुछारेले रहरले होइन बाध्यताले गर्दा बिहे गरेको पाइन्छ । बूढी आमाको विजोक र नानीहरुको स्याहार

गर्ने कोही नभएकोले पुछारे कान्छाले बिहे गरेको पाइन्छ । गाउँलेहरुको सक्दो सर सहयोगले गर्दा पुछारे कान्छाले सिर्जना नाम गरेकी केटीसँग बिहे गरेर दोस्रो घरजम बसाएको पाइन्छ ।

पुछारे कान्छा पैसाले गरीब भएपनि उसको सन्तान जन्माउने प्रजनन अङ्ग भने खिया लागेको छैन । बिहे गरेको १० महिनामा छोरा जन्मिएको छ । उसको घरमा अब आमा, श्रीमती र ३ छोराहरु गरेर जम्मा ६ जनाको परिवार भएको छ । घरजग्गामा उत्पादन भएको अन्नले तीन महिना पनि खान नपुग्ने अवस्था छ । जेठी श्रीमतीको कुकर्मले फेरि पुछारे कान्छालाई पहिले कै गरीबीमा धकेलेको छ । फेरि एकचोटी विदेश जाने मनसाय राखेर सबैसँग सल्लाह मागेको पाइन्छ । उसको कुरामा उसकी आमाले सहमति नदिएपनि श्रीमतीले सहमती जनाएपछि लाहुरे कान्छामा एकलाख पचासहजार ऋण लिएर पुछारे कान्छा सदरमुकाम गएर राहदानी र पैसा एजेन्टलाई बुझाएर घर फर्केको पाइन्छ । राहदानी पेश गरेको तीन महिना पछि भिषा झरेको जानकारी पाएपछि बूढी आमासँग विदा माग्दै श्रीमतीलाई र सानो छोरालाई समेत सदरमुकामसम्म लिएर ऊ घरबाट विदेश जान भनेर हिडेको पाइन्छ । सदरमुकाम पुगेर एजेन्टलाई भेटेपछि तीन दिन पछि विदेश उढ्ने कुरा थाहा हुन्छ र सोही अवधिसम्म उनीहरु होटलमा बसेका छन् । यस अवधिमा उनीहरुले सदरमुकाम घुमेका ,आइ.एम.मी. बाट पैसा निकाल्ने ठाउँ सिर्जनालाई देखाएको, फिल्म हेरेको पाइन्छ । विदेश उड्नको लागि सदरमुकामबाट पुछारेकान्छा काठमाडौं तिर गएको छ भने उसकी श्रीमती सिर्जना र कान्छो छोरा त्यहीबाट घर फर्केका छन् ।

राम्रो चाउचाउ बनाउने कम्पनीमा काममा लगाइदिने भनेर एजेण्टले भनेपनि यसपटक साउदीमा पुछारे कान्छाले भेडा चराउने र हेर्ने काम पो पाएछ । यस्तै काम भएपनि गर्नै पर्‍यो भनेर उसले काम गर्न थालेको २ महिना पछि घर खर्च पठाएको पाइन्छ । यता सिर्जनाको पनि पैसा हातमा पर्न थालेपछि बानी व्यहोरामा परिवर्तन आउन थालेको पाइन्छ । पुछारेको पहिलेको श्रीमतीले जस्तै भाका टिपेर सिर्जना पनि बैंसले मातिए जस्ती भएकीले गाउँलेहरुले फेरि पुछारे कान्छालाई कान्छी श्रीमतीले पनि रुवाउने त होइन भनेर शंका गर्न थालेको पाइन्छ । बूढा आमा भने हिडडुल गर्न नसकेर  ओछ्यानमा थलिएकी छिन भने यता सिर्जना भने फेशन गरेर हिड्ने, व्यूटीपार्लर गएर कपाल बनाउने, तन्काउने, महंगो मोबाइल र कपडाहरु किनेर लगाउने आदि गरेर पैसा सकिदिने गरेको पाइन्छ ।

पुछारे कान्छा विदेश गएको पनि एक वर्ष वितेको छ भने यता सौताका छोराहरुलाई कान्छी आमाले राम्ररी खानलाउन नदिने, स्याहार नगर्ने गरेको र सासुलाई पनि हेर्न छोडेको पाइन्छ  । सिर्जना गाउँको ५५५ नम्बरको ट्याक्टर कुदाउने  गर्जे वि.क. ड्राइभरसँग लागेको पाइन्छ । गर्जे वि.क. एकदम मिलनसार र सहयोगी छ । यता गाउँघरमा भने असल बुहारी बन्न खोज्ने सिर्जना भने तालिम लिन्छु भनेर घरबाट निस्केपछि चार पाँच दिन सम्म हराउन थालेको पाइन्छ । विरामी सासुले बुहारीको चालढाल देखेर चिन्ता जनाएको पाइन्छ । पुछारेले सबै पैसा सिर्जनाको नाममा पठाएको पाइन्छ । दुईवर्षसम्म एकमुष्ट कमाएको र साथीभाइसँग सापटी मागेर जम्मा दुई लाख पचास हजार रुपैया

एकमुष्ट ऋण तिर्न र घर मर्मत गर्न भनेर फोन गरेर पैसा पठाएको नम्बर पनि भनेको पाइन्छ । यता सिर्जना पैसा निकाल्न भनेर गर्जे वि.कसँग सदरमुकाम आएर पैसा निकालेपछि भागेको कुरा उपन्यासमा उल्लेख छ । पहिलो श्रीमतीले झैं पुछारे कान्छालाई कान्छी श्रीमतीले पनि छोडेर अर्कै सँग पोइला गएकी र आफैले चिठी लेखेर घरमा खबर पठाएको पाइन्छ ।

समय साँझको लगभग ७ बजेको छ । पुछारेको घर नजिकबाट ट्याक्सीले हरन बजाउँदै एउटा चिठी पुछारे कान्छाको आमालाई थमाइसकेपछि आमाले कतै जेठी बुहारीले झैं कान्छीले पनि अर्कैसँग पोइला गएको खबर त पठाएकी हैन भन्ने शंका गर्दै लाहुरे कान्छालाई बोलाएर चिठी पढ्न लगाउँदा उसले पनि ५५५ नम्बरको ट्याक्टर कुदाउने ड्राइभरसँग पोइला गएको र सबै पैसा लिएर गएको, नखोज्नु भनेको कुरा आमैलाई सुनाउछन् । तर गोप्यरुपमा यो कुरा बुझ्नु पर्छ, हल्ला गर्नु हुदैन अनि पछि मात्र पुछारे कान्छालाई खबर गर्नुपर्छ भनेका छन् । भोलिपल्ट सबैकुरा बुझ्दा गर्जे वि.क.ड्राइभरले नै सिर्जनालाई भगाएको कुरा प्रष्ट हुन्छ । यो कुरा लाहुरे कान्छाले पुछारे कान्छालाई पनि फोन गरेर बताउँछ । गर्जे वि.क.को पनि पहिल्यै बिहे भएको र एउटा सन्तान समेत रहेकोले उसकी श्रीमतीले पुलिसमा उजुरी पनि दिएको पाइन्छ । पुछारे कान्छाले खबर पाउनासाथ छोराछोरी र आमाको फेरि विजोग हुने भो साहुको ऋण पनि तिर्न नसकेको अवस्थामा झन कान्छी श्रीमती पनि सबै कुरा सुन, पैसा आदि लिएर पोइला गएपछि उसलाई तनावले जेलेको छ । फेरि सबै उसका साथीहरु, लाहुरे कान्छा, उसका दाजु भाउजु भेला भएर के गर्ने भन्ने सल्लाह गर्दा गर्दै तीन महिना पछि आमाको पनि मृत्यु भएको छ । गाउँले सबै मिलेर पुछारेको आमाको ७ दिनमा नै काम सकिदिएको पाइन्छ ।

पुछारे कान्छाले खबर पाएको ६ महिना पछि घर आएको पाइन्छ । भोलिपल्ट उसले लाहुरे कान्छा र अन्य साथीभाइलाई बोलाएर कुरा गर्छ तर विभिन्न तनावका कारण मानसिक रुपमा विक्षित्त भइसकेको पुछारेले साथीभाइसँग पनि अनौठो खालको कुरा गर्न थाल्छ । आफ्नै घर आँगनको हालत देखेर टाउकोमा हात राखेर रुन थालेको पुछारे कान्छालाई सबैले सम्झाउँछन् । सबै मिलेर घर आगन सफा गरिदिन्छन् र विचरा एक्लो पुछारेलाई लाहुरे कान्छाले पनि सहयोग गरेका पाइन्छ । यसरी दुई वटी श्रीमती बिहे गरेर पनि साउदी रियलको चक्करले विदेश भासिएको पुछारेको त्यो भन्दा विजोग हुने ठाउँ नभएको उसका साथीहरु र भतिजीहरुले गर्दछन् (समथिङ, २०७४ : ६५) । विदेश गएर कमाएको पैसा नत आफ्नो भो, आमा गुमाउनु पर्‍यो, छोराहरु पनि कता कता गए, आफ्नो घर आगन पनि साहुको भयो । यसरी यस उपन्यासको कथावस्तु घटना सबै दुःखान्तमा अन्त्य भएको छ । यसरी उपन्यासम विभिन्न पात्रहरुको संयोजन गरी कथावस्तु निर्माण गरेतापनि पुछारे कान्छा मै केन्द्रित भएर घटेको पाइन्छ । समाजमा घटेको घटनालाई जस्ताको तस्तै प्रयोग गरेको पाइन्छ । त्यसैले यसलाई सामाजिक उपन्यास हो भनिएको पाइन्छ ।

### ४.४.१ साउदी रियल उपन्यासमा पात्र वा चरित्र

"साउदी रियल" उपन्यास पुछारे कान्छाको चरित्र चित्रणमा केन्द्रित उपन्यास हो । सम्पूर्ण घटना उसैको सेरोफेरोमा घटाइएको छ । सामाजिक जनजीवनबाट छनौट गरिएको पात्रहरु उपन्यासमा कार्यका आधारमा प्रमुख, सहायक र गौण गरी सबै खालका पात्रहरुको उपस्थिति देखिन्छ । उपन्यासको प्रमुख पात्र पुछारे कान्छा हो । उसैको केन्द्रियतामा कथावस्तु केन्द्रित छ । अर्को सहायक पात्रहरुमा उसकी श्रीमती, भिम, पदम, शंकर, उपेन्द्र, खड्का, पूर्णे, मैया, कविता, विना, शान्ति, तारा, मिना, करुणा, प्रेमा हो । उनीहरुको भूमिका सहायक पात्र वा चरित्र हो । उपन्यासमा पुछारे कान्छाको आमा, बाबु, जेठा दाई, माइला दाई, ट्याक्टरको ड्राइभर, गौण पात्रका रुपमा रहेका छन् । तिनीहरुको चरित्र चित्रण यस उपन्यासमा यसरी गरिएको छ ।

### ४.४.२ प्रमुख पात्र

**क) पुछारे कान्छा**

साउदी रियल उपन्यासमा प्रमुख पात्रका रुपमा पुछारे कान्छा रहेको छ । शुरुदेखि अन्त्यसम्म देखा परेको सम्पूर्ण घटनाहरु केन्द्रित रहेको पाइन्छ । पुछारे बाजे र पुछारे बजु वा खुँडे बजुको छोरा हो । निम्न परिवार भएकाले खेताला नगई दिनचर्या नगएको पाइन्छ । धेरै परिवार सङ्ख्या भएकोले आफ्नो घरमा उत्पादन भएको अन्नले तीन महिनासम्म पनि खान नपुगेकोले बनी गरेर खानुपर्ने हुन्छ । कक्षा चार सम्म पढ्न पाएको पाइन्छ । गरीबीको कारणले पढ्न नपाएको पाइन्छ । गरीबीको कारणले उसका दाजु भाइ पनि अरुकोमा गोठाला बसेका छन् भने अस्ताउन लागेका बाबुआमा मध्ये बाबुको मृत्यु भइसकेको पाइन्छ । दाजुले बिहे गरेर छुट्टिएपछि आमासँग पुछारे कान्छो मात्र रहेको पाइन्छ । १६ वर्षको पुछारे कान्छा पनि लाहुरे कान्छा बाजेकोमा काम गर्ने गरेको, उसको खेतबारी जोतिदिने, गाउँका छोरी चेली ल्याउने, पुऱ्याउने र त्यसबापत ज्याला पाउने काममा लागेको पाइन्छ । उसको बिहे गर्ने कुरा चलेता पनि अर्काकी छोरीलाई बिहे गरेर ल्याएपछि के ख्वाएर पाल्ने भन्ने कुरा गरेको पाइन्छ (समथिङ, २०७४ : १५) । प्रजातन्त्र दिवसको दिन मेलाबाट फकाउदा नमाने पछि बोकेर ल्याएको चन्द्रा नाम गरेकी केटीसँग उसको बिहे गरिदिएको, घर परिवार इष्टमित्र, साथीभाइ मिलेर सानो भोज खुवाएर श्रीमती भित्र्याएको कुरा उल्लेख छ । बिहे गरेको २ वर्षमा दुई वटा छोराहरु जन्मिएको पाइन्छ । घरमा बूढी आमा, श्रीमती र दुई छोराहरु सबैलाई सधै बनी गरेर कमाइ ल्याएको पैसाले खान नपुग्ने भएपछि घर सल्लाह गरेर लाहुरे कान्छाकोमा घरजग्गा बन्धकी राखेर एकलाख विस हजार ऋण काटेर विदेश गएको पाइन्छ । विदेश अर्थात साउदीमा काम गरेर कमाएको पैसा सबै श्रीमती चन्द्राको नाममा पठाएको पाइन्छ । यता श्रीमतीले लाहुरे कान्छाको सबै ऋण तिरेर उब्रिएको पैसाले गरगहना, सुनचाँदी किनेर लगाउने, मोबाइलफोन किन्ने नयाँ नयाँ फेशन गरेर हिड्ने गरेको र अन्तमा पुछारे कान्छा आउनु भन्दा केही अगाडि सबै पैसा, सुन लिएर अर्कैसँग पोइला गएको पाइन्छ । दुईवटा छोराको बाबु पुछारे कान्छा

फेरि पहिलाकै गरीब अवस्थामा आइपुगेको, आमा पनि थला परेकोले अब झन गाह्रो हुँदै गएपछि गाउँले मिलेर फेरि सिर्जना नाम गरेकी केटीसँग दोस्रो बिहे गरादिएको पाइन्छ । कान्छी श्रीमतीबाट पनि एउटा छोरो भएपछि खान लाउनको अभावले ऊ पुन साउदी जाने योजना बनाई पहिला झै यसपटक एकलाख पचास ऋण लिएर विदेश जान्छ । विदेशबाट पठाएको सबै पैसा सिर्जनाको नाममा पठाउने गरेको र त्यो सबै पैसा लिएर उसकी कान्छी श्रीमती पनि गर्जे वि.क सँग पोइला गएको पाइन्छ । साउदीमा भेडा हेर्ने काम गरेर पठाएको पैसा समेत सबै श्रीमतीले लिएर गएपछि ऊ फेरि कंगाल र एक्लो भएको, आमा समेतको मृत्यु भएको आदि कारणले मानसिक रुपमा छ्यत विछ्यत भएको र जति दुःख गरे पनि हातमा शुन्य मात्र परेको दुःख काहानीको प्रमुख पात्र पुछारे कान्छालाई उपन्यासमा अनुकूल पात्रको वा चरित्रको रुपमा चिनाइएको छ ।

### ४.४.३ सहायक पात्र

यस उपन्यासका सहायक पात्रहरु यस प्रकार छन् :

**क) पुछारे कान्छाको श्रीमतीहरु चन्द्रा र सिर्जना**

चन्द्रा  यस उपन्यासमा १९, २२, २५, २७, २८, २९, ३०, ३१, ३२, ३३, ३४, ३७ पृष्ठहरुमा देखिएको सहायक पात्र हो । उनी पुछारे कान्छाकी पहिलो श्रीमती हुन् ।  भरखरै १४ पुगेर १५ वर्ष लागेकी चन्द्राले बिहे गरेको दुई वर्षमा २ वटा छोराछोरीहरु जन्माएकी छिन् । चन्द्राको घरमा उसकी सासु, दुई छोराछोरी गरी ५ जनाको परिवार भएकोले अब घरमा खान लाउनको दुःख हुन थालेकोले सल्लाह बमोजिम पुछारे कान्छालाई विदेश पठाउने सल्लाह भएको छ । घरजग्गा बन्धकी राखेर ऋण खोजेर साउदी गएको २२ दिनमा घरमा पुछारे कान्छाले फोन गरेको पाइन्छ । साउदीमा गाडीको सामान बनाउने कम्पनीमा काम गर्ने पुछारे कान्छाले घर खर्च र ऋण तिर्न भनी श्रीमती चन्द्राको नाममा पैसा पठाएको पाइन्छ । चन्द्राले लाहुरे कान्छाको ऋण चुक्ता गरेपछि अरु पैसा जति सबै आफ्नो मोजमस्तीमा उढाएको पाइन्छ । पैसा लिन जाने बहानामा सदरमुकाम गएर धेरैदिनसम्म बस्ने, फेसनका कपडाहरु किनेर लगाउने, कपाल तन्काउने, महंगो मोबाइल किन्ने जस्ता शौखिन चिजहरुको प्रयोग गरेर पुछारे कान्छाले विदेशमा दुःख गरेर कमाएको पैसा सकिदिने अनि मामाको छोरा भनेर कार्जे धमला नामको व्यक्तिलाई घरमा नै ल्याउने काम गर्न थालेको पाइन्छ । पुछारे कान्छाको आमालाई शंका लागेर गाउँका मन मिल्ने महिलालाई सुनाउदा गाँउ भरी हल्ला फिजिएको र पुछारे विदेशबाट फर्कनु भन्दा केही महिना अगाडि उसले पठाएको एकमुष्ट रकम लिएर त्यही कार्जे धमलासँग पोइला गएको पाइन्छ । चन्द्रा पहिला अनुकूल भएता पनि पछि प्रतिकुल पात्रका रुपमा देखापरेको पाइन्छ ।

सिर्जना पनि यस उपन्यासमा सहायक पात्र हो । पुछारे कान्छाको कान्छी श्रीमती सिर्जना चन्द्राको सौता हो । अलिअलि पढेकी सिर्जनालाई पुछारे कान्छाले विदेशबाट आएपछि जेठी बूढीले छोडेर

गएपछि गाउँलेको सहयोगमा बिहे गरेको, बिहे गरेको दश महिना पछि उसले छोरा पाएको र अब पुछारे कान्छाको जम्मा ३ जना छोराछोरी भएको पाइन्छ । फेरि पनि अभावै अभावले पुछारे कान्छालाई सताउन थालेपछि बनी गरेको पैसाले धान्न मुश्किल पर्न थाल्छ तसर्थ सिर्जना र पुछारे कान्छाले सल्लाह गरेर पुछारे फेरि ऋण खोजेर र घरजग्गा लाहुरेकोमा बन्धकी राखेर विदेश जान्छ । यसपटक पनि पुछारे कान्छाले विदेशबाट श्रीमतीको नाममा पैसा पठाउने गरेको पाइन्छ । सिर्जनाले शुरुमा त घरव्यवहार राम्ररी चलाउँदै आएता पनि पछि पछि ट्याक्टर ड्राइभर गर्जे विकसँग लागेर उसलेपनि पुछारे कान्छाले दुःख गरेर पठाएको पैसाले मोजमस्ती गरेको र ऋणको पैसा पनि नतिरेर पुछारेले पठाएको सबै पैसा गरगहना लिएर गर्जे वि.क.सँग पोइला गएको कुरा उपन्यासमा पाइन्छ । त्यसैले सिर्जना पनि अगाडि अनुकूल पात्र र पछि प्रतिकुल पात्रको रुपमा उपन्यासमा चित्रण गरिएको छ ।

**ख) साथीहरु र भतिजीहरु**

यस उपन्यासको सहायक पात्रहरुका रुपमा पुछारे कान्छाका साथीहरु र उसका भतिजीहरु रहेको पाइन्छ । ओम, भिम, पदम, शंकर, उपेन्द्र, खड्ग र पूर्णे पुछारे कान्छाका मिल्ने साथीहरु हुन् । पुछारे कान्छालाई दुःख सुखमा साथ दिएको पाइन्छ । पुछारे कान्छाको घरमा विजोग देखेर बिहे गर्ने सल्लाह दिने र केटी समेत मेलाबाट बोकेर घर भित्राउन सहयोग गर्ने गरेको पाइन्छ (समथिङ, २०७४ : १७) । पुछारे कान्छाले आफु विदेश जानु अघि सबै साथीभाइहरुलाई बोलाएर भोज खुवाएको पाइन्छ । पुछारेकी जेठी श्रीमती पोइला गएर पुछारे एक्लो भएको बेला पनि उसका साथीहरुले उसलाई फेरि बिहे गर्ने सल्लाह दिएको, दोस्रो श्रीमती पोइला गएर विजोग भएको बेला पनि पुछारेलाई सम्झाउने बुझाउने गर्ने र घरआगन सफा गरेर सहयोग गर्ने यी साथीहरु सबै अनुकूल पात्रका रुपमा चित्रित गरिएको पाइन्छ ।

भतिजीहरु मैया, कविता, विना, शान्ति, तारा, मिना, करुणा र प्रेमा प्राय एउटै उमेरका सबै केटीहरु सधैं पुछारे कान्छाको कामकाज सघाउने गर्ने गरेको पाइन्छ । सधैं सँगै घाँस दाउरा पानी पँधेरो गर्ने यी केटीहरुको समुह स्कुलमा होस वा घरगाउँमा सधै सँगसँगै बस्ने गरेको पाइन्छ । एकदिन बिहानै सबै जना धारामा पानी थाप्दै गरेको बेला प्रेमा भने अलि ढिलो धारामा पुगेकीछिन् । उसका साथीहरुले उसलाई हामीबाट छुट्टिन खोजेकी भनेर व्यङ्ग्य गर्दा प्रेमाले आफ्ना बाबु लाहुरे कान्छा पुछारे कान्छाको श्रीमती पोइला गएकोले बाबु उता जानु भएकोले एकदिन नआएको बताउदै साथीहरुलाई सम्झाएको पाइन्छ । पुछारे कान्छाको दुवै बिहे भोजमा काम सघाएका, भाँडा माझेका(समथिङ, २०७४ : ९) उनीहरुले पुछारे कान्छाको दुवै श्रीमती पोइला गएकोले पुछारे कान्छाको जस्तो विजोग अरु कसैलाई पनि नभएको र विचरा साउदी रियलले पुछारे कान्छाको कन्त विजोग भएको कुरा गरेको पाइन्छ (समथिङ, २०७४ : ६५) ।

### ग) लाहुरे कान्छा

यस उपन्यासमा लाहुरे कान्छा अति सहयोगी र मनकारी पात्रका रुपमा रहेको पाइन्छ । पुछारे कान्छालाई हर समय उसले सहयोग गरेको पाइन्छ । पुछारे कान्छा साथै छदादेखि लाहुरेको घरमा नै काम सघाएर बसेको हुनाले पहिलो पल्ट विदेश जाने एजेन्टसँग कुरा गरेर विदेश जाने सबै प्रक्रिया लाहुरे कान्छाले नै मिलाइदिएको पाइन्छ । पुछारे कान्छाको घर बन्धकी राखेर ऋण दिने र विदेश पठाउने काम गरेको लाहुरे कान्छाले पुछारेको जेठी बूढी पोइला जाँदा पनि पुछारेलाई हौसला दिएर पुन अर्को बिहे गर्ने सल्लाह दिएको र फेरि पनि दोस्रो पटक विदेश जाँदा पहिलाकै जसरी ऋण दिएर पुछारेलाई विदेश जान सहयोग गरेको पाइन्छ । लाहुरे कान्छा पुछारेका लागि भगवान सरह भएको एकदम अनुकूल पात्रको रुपमा यस उपन्यासमा चित्रण गरिएको पाइन्छ ।

## ४.४.४ गौण पात्रहरु

उपन्यासका कथानकलाई गौण पात्रहरुले पनि आफ्नै ठाउँमा रहेर सहयोग गरिरहेका हुन्छन् । प्रस्तुत उपन्यासमा धेरै गौण चरित्रहरु छन् । गौण रुपमा देखा परेका पात्रहरु अनुकूल र प्रतिकुल भूमिकामा देखा परेका छन् ।

पुछारे कान्छाको आमा गौण पात्रका रुपमा रहेको पाइन्छ । उनको मुख खुँडे भइकोले गाउँलेले खुँडे बजै भनेर बोलाएने गरेको पाइन्छ । पुछारे कान्छाले बिहे गरेको बेला खुशी भएकी आमा पुछारे कान्छा विदेश गएपछि दुवै बुहारीहरुको हर्कत र व्यवहारबाट अतिनै दुखित भएको पाइन्छ । दुवै बुहारीहरु पोइला गएकाले नाती नातिनीहरु हेर्ने हुर्काउने जिम्मा तिनै आमाले गर्नु परेको, आफै पनि बिरामी परेर थलिएको बेला बुहारीहरुले वेवस्ता गरेको र पुछारे कान्छालाई दोस्रो चोटि विदेश नजानु भनेर सम्झाउने आमालाई सधैं दुःख र पीडा मात्र भएको पाइन्छ । लेखपढ गर्न नजानेकी आमालाई छोरा र बुहारीले पठाएका चिठी पढ्न नआउने कालो अक्षर भैंसी बराबर भनेझैं भएको ( समथिङ, २०७४ : ३४) पाइन्छ ।

पुछारे कान्छाको बाबु पुछारे बाजे भनेर चिनिने उनका पनि मुख खुँडे नै थियो । तर बोली भने स्पष्ट बोल्ने पुछारे बाजे पनि गाउँमा बनी गर्दै हिड्ने गरेको र रायो मुलाको बिउ बेच्न महिनौसम्म घर छोडेर दार्जिलिङ, गुमपहाड, सिक्किमसम्म जाने गरेको र फर्केर आउँदा घरमा दाल चामल कपडा लिएर आउने गरेको पाइन्छ । उमेरले बूढो भइसकेको पुछारे बाजे अचानक विरामी पर्दा सबैले थाङ्ने पल्टेको भनेको पाइन्छ (समथिङ, २०७४ : १३) । धामी झाँक्री लगाउदा समेत निको नभएर पुछारे बाजेको मृत्यु भएको पाइन्छ ।

पुछारे कान्छाको जेठो दाइ पनि उपन्यासमा गौण पात्रका रुपमा मञ्चन गरिएको छ । गुरुङको घरमा गोठालो बसेको र पछि गाउँलेहरु मिलेर उसको पनि बिहे गरिदिएको पाइन्छ । थोरै अशं लिएर घर झुप्रो बनाएर बसेका पुछारे कान्छाको दाजुले पनि पुछारे कान्छाका श्रीमतीहरु पोइला जाँदा उसका

छोराछोरी, आमालाई आफ्नो घरमा राखेको, आमाको अन्तिम संस्कार गरेको र भाइका गाईबस्तु पनि हेरिदिएको पाइन्छ । पुछारे कान्छाको जेठो दाई अनुकूल गौण पात्रको रुपमा पाइन्छ ।

पुछारे कान्छाको माइलो दाई पनि गौण पात्र हो । गरीबीको कारण लिम्बुको घरमा गोठाला बसेको र त्यहीबेला विरामी परेर घरमा ल्याइपुऱ्याउँदा मृत्यु भएको पाइन्छ ।

पुछारे कान्छाको जेठी श्रीमती चन्द्राको प्रेमी कार्जे धमला पनि गौण पात्र हो । कार्जे धमलालाई मामाको छोरा भनेर चिनाएर घर ल्याएपछि त्यही सँग लागेर जेठी श्रीमतीले पुछारे कान्छाको सबै सुन पैसा लगेर भागेको, मोज मस्ती गरेको पाइन्छ । कार्जे धमला यस उपन्यासमा धेरै प्रतिकुल पात्रको रुपमा चिनिएको पात्र हो ।

गर्जे वि.क नाम गरेको ट्याक्टर ड्राइभर पनि गौण पात्र हो । सिर्जना जो पुछारे कान्छाको कान्छी हो, ऊ गर्जे वि.क सँग लागेर पुछारे कान्छाले विदेशमा दुःख गरेर कमाएको पैसा सबै सकिदिएको पाइन्छ । आफु विवाहित भएर पनि पुछारे कान्छाको कान्छी श्रीमती सिर्जनासँग लागेर सदरमुकाममा जाने र पुछारेले विदेशबाट पठाएको पैसाले मोजमस्ती गर्ने गरेको पाइन्छ । सिर्जनाले सबै पैसा गरगहना लिएर त्यही गर्जे वि.क.सँग पोइला गएको पाइन्छ । शुरुमा सहयोगी बनेको गर्जे वि.क.पछि प्रतिकुल पात्रका रुपमा उपन्यासमा देखिएको गौण पात्र हो ।

यस्तै गाउँले बूढा, गाउँका गन्नेमान्ने, काफ्ले जेठा आदि पनि यस उपन्यासमा सहायक गौण पात्रका रुपमा रहेका छन् ।

## ४.४.५ साउदी रियल उपन्यासको परिवेश

उपन्यासमा पात्र वा चरित्रले कार्य व्यापार गर्ने गति, स्थान, समय र वातावरणलाई परिवेश भनिन्छ । आख्यान विधामा परिवेशलाई आवश्यक तत्वका रुपमा स्वीकार गरिएको छ । देश काल, वातावरण विना उपन्यासकारले कथानकलाई विश्वसनियता पात्रहरुलाई यथार्थता र ऐतिहासिकतालाई सङ्गीत प्रदान गर्न सक्दैन (खतिवडा, २०७५ : ८३) ।

यस उपन्यासमा पुछारे कान्छाले भोगेको सामाजिक, आर्थिक, साँस्कृतिक, धार्मिक यहाँ परिवेशको रुपमा प्रस्तुत गरिएको छ । यस उपन्यासमा पुछारे कान्छाको जन्मघर, दार्जिलिङ, कालेम्बुङ, सिक्किम, गुमपहाड हुदैं विदेश सम्मको विभिन्न घटनाक्रमको वर्णन गरिएको छ । पुछारे कान्छाको ससुराली घर, गाउँबाट शहरमा पैसा निकाल्न गएको ठाउँ, पुरातनवादी परम्परा, शहरमुखी मानसिकता जस्ता कुराहरुको आलोचनात्मक दृष्टिकोण प्रस्तुत गरिएको छ । उपन्यासमा पुछारे कान्छा समाजमा संघर्ष पीडित पात्र हो भने उसकी श्रीमती पुछारे कान्छाले विदेशमा कमाएर पठाएको पैसा र सुविधाले शौखिन र स्वार्थी रहेकीले पैसा र सुविधाले ऊ सामाजिक विकृति र विसङ्गतिमा लागेको पाइएको छ । साथै दिनानुदिन समाज परनिर्भर बन्दै गएको परिवेश प्रस्तुत गरिएको छ । पुछारे

कान्छाको बाबु रायो मुलाको बिउ बोकेर दार्जिलिङ गुम तिर गएको बेला विरामी भएर आएको, धामी झाँक्री लगाउँदा समेत निको नभई मृत्यु भएको परिवेश पाइन्छ । पुछारे कान्छाको जेठी र कान्छी श्रीमती दुवै जना पोइला गएका, नानीहरु अर्काकोमा गोठालो बसेका, पुछारे कान्छा जति पटक विदेश गएपनि गरीबीले नछोडेको परिवेश पाइन्छ ।

## ४.४.६ साउदी रियल उपन्यासको भाषाशैली

निम्न वर्गीय सामाजिक यथार्थ प्रस्तुत गरिएको उपन्यास हो । पात्रले बोल्ने भाषा गुरुङ जातिका समुदायले बोल्ने झरो नेपाली शब्दहरु यस उपन्यासमा रहेको पाइन्छ । बूढी, राँडी, वेश्या शब्दको प्रयोग भएको पाइन्छ । ट्याकटर , डाइभर, आन्टी, होटल, मोबाइल, डिजाइन, आइ, एम इ. सेभ, एजेन्ट, व्यूटीपार्लर, एयरपोर्ट जस्ता अङ्ग्रेजी शब्दको प्रयोगले बोलीचालीमा सहयोग पुऱ्याएको पाइन्छ । यस उपन्यासमा स्थानीय ठेट शब्दहरु जस्तै मैना, ख्वाको, ऐले, ब्वारी, बेउली, स्यारी, व्यान, पुलिस, नआको पैला, खाऔं कनिकुथी आदि जस्ता स्थानीय भाषाले उपन्यासमा रोचकता थपेको छ ।

एक भाषामा संरचित यो उपन्यासको कथावस्तु रैखिक ढाँचामा तयार पारिएको छ । आवश्यकता अनुसार वर्णनात्मक, व्याख्यात्मक, संवादात्मक शैलीको प्रयोग गरेका छन् । उपन्यासका पात्र निम्न वर्गका छन । उपन्यासमा स्थानीय स्तरमा बोल्ने ठेट नेपाली शब्द र भाषिक लवजको समेत प्रयोग भएकाले पाठकलाई अलिक असहज अनुभव हुन्छ । यसरी विभिन्न स्थानीय स्तरको भाषा र शैलीको प्रयोगले साउदी रियल उपन्यास सफल भएको मान्न सकिन्छ । जति जना सँग पोइला गएपनि जति जना केटाहरु खेलाएपनि थपघट नहुने र नाप्न नमिल्ने महिलाहरुको भन्थे, खुट्टा पो नपाउनु जुत्ता मुला छानी छानी, उमेरमा स्याल पनि घोर्ले हुन्छ, जस्ता उखान टुक्काको प्रयोगले यपो उपन्यास भाषाशैली उत्कृष्ट किसिमको बनेको छ ।

## ४.४.७ साउदी रियाल उपन्यासको दृष्टिबिन्दु

मुख्यतः साउदी रियल उपन्यासमा आर्थिक पक्ष अर्थात पैसाको कथावस्तु प्रस्तुत गरिएको छ । यसको कथयिता उपन्यासमा अप्रत्यक्ष रुपमा देखिएको पाइन्छ । यस उपन्यासमा तृतीय पुरुष दुष्टिबिन्दुको प्रयोग गरिएको छ ।

## ४.४.८ साउदी रियल उपन्यासको कौतुहलता

साउदी रियल उपन्यासमा उपन्यासकारले धेरै नै कौतुहल देखाएका छन् । कथाको बीचमा आउने उपकथा र द्वन्द्वले गर्दा यसपछि के होला ? कस्तो होला भन्ने जस्ता अनेक जिज्ञासा उत्पन्न हुन्छ । उपन्यासको सुरुदेखि अन्त्य सम्म पाठकलाई कौतुहल लागिरहन्छ । मैया, कविता, शान्ति, तारा, मिना, करुणा र प्रेमा एकैचोटी धारामा पुगेर के कुरा गर्लान ? गाउँलेहरुले के भनेर जिस्काएका होलान ? पुछारे कान्छाको बाबुलाई थाङ्ने लागपछि के भयो होला ? , अर्काकी छोरी ल्याएर के दिएर पाल्नु होला ?,

पुछारे कान्छाले विदेश गएर के के पठायो होला ? पुछारे कान्छाको जेठी श्रीमती कार्जेसँग लागेर के के गरे होलान ?, बूढाले पठाएको पैसा लिएर कता भागे होलान ?, बूढी पोइला गएपछि पुछारे कान्छाले के गऱ्यो होला ? दोस्रो बिहे गरेपछि फेरि के गऱ्यो होला ?, आइ. एम. इ.बाट निकालेको पैसाले झापा गएर के गरे होलान ?, दुईचोटी बिहे र दुईपटक विदेश गएर पनि हात लाग्यो शुन्य भएपछि पुछारे कान्छोले एक्लो भएपछि के गऱ्यो होला जस्ता अनेकौ कौतहलता उपन्यासमा भइरहन्छ । उपन्यास अन्त्यमा कसरी टङ्गिने हो जस्ता अनेकौ कौतुहलले उपन्यास रोचक बन्न पुगेको छ ।

## ४.४.९ साउदी रियल उपन्यासको संवाद

उपन्यासमा प्रत्यक्ष र नाटकीय दुवै विधिबाट चरित्र चित्रण गरिने उपयुक्त हुन्छ । यी दुईको समायोजनमा नै उपन्यासको उत्कृष्टता देखिन्छ (बराल र एटम्, २०६६, ३२) । उनीहरु र गाउँले हरु बीचको कुराकानीलाई यसरी प्रस्तुत गरिएको छ : “तिमेरु त पछि एउटे बूढासँग पोइल जान्छौ होला ?” उनीहरुले गाउँलेहरुलाई भनेको कुरा “हामी त सबै एउटै बूढासँग बिहे गर्छौ अनि बूढालाई राम्रोसँगले पाल्छौं पनि काम पनि गर्न लाउदैनौ । हामीलाई भेट्ने केटा त साह्रै भाग्यमानी हुनेछ (समथिङ २०७४ : ५)” ।

प्रेमा र विनाबीच संवाद “जेठी काकी पोइला जाँदा त यस्तो हल्ला नै भाको थेन । कान्छी काकी पोइला जाँदा चाँहि निक्कै हल्ला भयो । पछि हामी पनि आफै भागेर गयौ भने त यस्तै हल्ला हुन्छ होला (समथिङ, २०७४ : १९)”। लाहुरे कान्छा र गाउँका बूढाहरु बीचको कुराकानी : “हैन, गाउँले बूढा हो, बेहुली त नानी जन्माउँदा  चुसाउने नै पलाको देखिदैन त, मोराहरुले सानै पो उठाएर ल्याएछन कि क्या हो मेला बाट” “हावा, लाहुरे कान्छा केटा मान्छेले मसार्न थाले पछि मकैमा युरिया मल लाउँदा हल्लक बढे जस्तो केटीहरुका पनि बढी हाल्छ नि” (समथिङ, २०७४ : २०) । पुछारे कान्छा र साथीहरु बीचको संवाद : “हौ साथी हो अब कति दिन अर्काको बनी गरेर बाँच्नु । मत विदेश जान पऱ्यो” “हुन्छ अब त, नानीहरु र बूढी सासु पाल्दै बुहारी यहाँ बस्छे, तँ पैसा कमाएर ऋण तिर्नु अनि घरमा खर्च पठाउदा भइहाल्छ नि”(समथिङ, २०७४ : २१) । चन्द्रा र पुछारे कान्छा बीचको संवादः “तपाई कैले आउन रे ? अब आएर चाँहि नजानू है ल । छिटो आउनु न यहाँ मलाई कस्तो भइसक्यो । खै के के हो के के हो सिकाइ राखेर जानु भो । सम्झिदा दुई अढाई वर्ष वितिसक्यो । बेलुका तपाईलाई सम्झेपछि सिरकलाई समाउनु पर्छ” (समथिङ, २०७४ : ३१–३२) । गर्जे विक र सिर्जनाको भेट “सदरमुकाममा नै जाँदा मन परे पछि के लाग्छ र ? नत छोराछोरी, नत इज्जतसँगको सरोकार हुन्छ, । नत धनसम्पतिको नै”(समथिङ, २०७४ : ५३–५४) । लाहुरे कान्छा र पुछारे बजुको कुराकानी : “किन हाव बजु ? यो चिठी कान्छीले पठाएको रे । पैले जेठी ब्वारी पोइला जाँदा पनि यस्तै कागजको टुक्रा आकोथ्यो । बा कान्छी पनि । होइन होला बजु । यस्तो शंका गरिहाल्नु हुदैन” (समथिङ, २०७४ : ५५) । यी माथिका केही संवादका उदाहरण हुन् । यस किसिमका संवादहरु उपन्यासमा पात्र अनुसार प्रयोग गरेकाले उपन्यास रोचक बनेको छ ।

### ४.४.१० साउदी रियल उपन्यासको उद्देश्य

उद्देश्य उपन्यासकारको समाज र इतिहासप्रति आ–आफ्नो दृष्टिकोण र धारणाको कलात्मक प्रस्तुति हो । उपन्यासको समष्टि निष्कर्षबाट प्राप्त हुने दिशा निर्देश नै विचारपक्ष  हो । यो बाहेक उपनयासको सिर्जना नै अर्थहीन हुन्छ (सुवेदी, २०६४ : २६) ।

समाजमा रहेका अन्याय, अत्याचार, दमन, शोषण, उत्पीडन, कुसंस्कार, गरीबीलाई अन्त्य गरी समता मुलक समाजको निर्माण तर्फ संकेत गर्नु यस कृतिको लक्ष्य हो । उक्त लक्ष्य पूरा गर्न सम्पूर्ण मानव समुदायका लागि पर्नु पर्ने देखिन्छ । यस्ता सामाजिक समस्याहरुलाई जरा देखि नै उखेलेर फाल्नु पर्ने मुख्य आशय यस उपन्यासले दर्शाएको छ । उपन्यासमा पुछारे कान्छा जस्ता पुरुषलाई सम्मान गर्नुपर्ने, उसका दुवै श्रीमतीहरु जस्ता व्यक्तिलाई सुधार गरी समाजलाई नमुना बनाउनुपर्ने यस उपन्यासको मुख्य उद्देश्य रहेको छ । समाजमा घटेका सत्य तथ्य घटनालाई कथावस्तु बनाएर समाजका निम्न वर्गको मानिसलाई आर्थिक अभावले सिर्जना गर्ने वातावरण र परिस्थितिलाई प्रस्तुत गरेका छन् । गाउँले परिवेश, सोही अनुसारका पात्रको र भाषाको प्रयोगले उपन्यास यथार्थ निकट पुगेको छ ।

### ४.४.११ निष्कर्ष

यसरी लामो समयदेखि विभिन्न संघसंस्थामा रहेर समाजका समस्यालाई नजिकबाट नियाल्दै तिनलाई साहित्य मार्फत बाहिर ल्याउन सफल भएका छन् । कथावस्तु खोज्न एकान्तमा बस्नु पर्दैन, काही टाढा जानु पर्दैन (शोधपत्र २०७४)। समाजमा घटेका तत्कालीन घटना नै उपन्यासका विषयवस्तु बनाइएका छन् । यस्ता व्यक्तिलाई साहित्य लेखनमा प्रेरणा र प्रोत्साहन दिन आवश्यक छ । उनले ग्रामीण समाजमा भएका आर्थिक अवस्था अति नै कमजोर भएकाले अरुको घरमा बनी गर्न जानुपर्ने, यतिमात्र होइन, साउदी सम्म पनि पुग्नुपर्ने र गरीबलाई जे गरेपनि नहुने, साउदी गएर पनि बनी गर्नुपर्ने, साउदीबाट फर्केर पनि बनी नै गर्नुपर्ने अवस्था देखाइएको छ । पुछारे कान्छा जस्तो गरीब मेहनती व्यक्तिको रुपमा उभिएको, सामन्ती वर्गको विरोध गरेर यस्ता बनी गर्नेलाई राज्यले र समाजले सम्मान गर्नुपर्ने कुरा साउदी रियल उपन्यासमा प्रस्तुत भएको छ । यसरी बाध्यता र अभावमा पिल्सिएका पात्रको विश्लेषण गर्दै सभ्य समाजको निर्माणमा सबै जुट्नु पर्ने विचार राख्नु उनको उद्देश्य हो । गरीबीको कारणले हातमुख जोड्न धाउधाउ पर्ने, आफ्नो जग्गा जमिनमा उब्जिएको अन्नले ३ महिना पनि खान नपुग्ने भएपछि ऋण खोजेर साउदी अरब पुगेको गाउँको पुछारे कान्छा पटक पटक अरब गएपनि दुईवटा श्रीमती पोइला गएर सबै सम्पति लिएर गएपछि विजोग अवस्थामा पुगेको कुरा उल्लेख गर्दै बाध्यता र अभावमा पिल्सिएका पात्रको विश्लेषण गरेको पाइन्छ । साथै यस्ता कुराहरुको विश्लेषण गर्दै सभ्य समाजको निर्माणमा सबै जुट्नु पर्ने विचार राख्नु उनको उद्देश्य हो ।

## ४.५ साहित्यकार उपन्यासको सामाजिक पक्ष

प्रकाश घले घले जेठाको चौधौं सन्तानको रुपमा पृथ्वीमा पाइला टेकेको पाइन्छ । उनको आमाले चौधौं सन्तन जन्माउदा सम्म कुनै अस्पताल नै देखिन नत बच्चा जन्माउन साह्रो नै परेको छ । अम्बक खाएर दिसा गर्न गाह्रो परे जस्तो हो, बच्चा जन्माउन त, अलिक साह्रो कन्नुपर्छ भुँडीबाट फुत्त निस्किहाल्छ नि ? प्रकाशको आमाले भनेकी गाउँमा जेठी मुखिनी भनेर चिन्ने गरेको पाइन्छ (समथिङ, २०७४ : ३) । प्रकाशका बाबुले सन्तान्त भगवानसँग माग्ने तर पैसा माग्न विर्सेछ । गाउँका गरीबमा सबैभन्दा गरीब तर सन्तानको भने सबैभन्दा धनी भनेर चिन्ने गरेका पाइन्छ । गरीब भएका कारणले पढ्न नपाएका घले दम्पतीको अशंमा पाएको जग्गामा लगाएको अन्नले १६ जना परिवारलाई तीन महिना सम्म पनि खान नपुग्ने हुँदा बाह्रै महिना खेताला गएर कमाएर ल्याउनुपर्ने बाध्यता छ । बाँसको चित्राले वरिपरि बारेको लामो आकारको घरमा १६ जनाको परिवार मुश्किलले बसेका छन् । वर्षायाममा पानी घरभित्र पस्ने हुँदा कैयौ दिन नसुति रात विताउन बाध्य घलेका परिवारमा जेठा घले भने प्राय घर बाहिर सिकुवामा सुत्ने गरेको पाइन्छ । उसका दौतरीले जिस्काउँदै "हैन तेरो सुताई बाहिर, भाउजुको सुताई भित्र । पैले भगवानको पालामा पो सम्भिmसक्दा सन्तान हुन्थे रे, कुश छुँदा खेरी मान्छे हुन्थे रे भन्ने सुनेको थ्यो । तेरो पनि त्यस्तै पो हो कि क्या हो ?" भनेर जिस्काएको पाइन्छ (समथिङ, २०७४ : ५) । घले दम्पती दुवैले सुर्ती खाने गरेको पाइन्छ भने उनीहरुसँग पुरै शरीर ढाक्ने कपडा समेत नभएको पाइन्छ ।

जेठा घलेको घरदेखि जिल्लाको सदरमुकाम बिहान गएर बेलुका फिर्न सकिने गरी गाउँमा छ । कहिलेकाँही सदरमुकामबाट सामान बोकेर ल्याउने काम छोरीहरु, आम,बाबु लाम लागेर गएको पाइन्छ । छोरीहरु बिहे गर्ने उमेर हुँदासम्म स्कुल नटेकेको तर छोराहरु भने गाउँकै स्कुलमा पढ्न जाने गरेको पाइन्छ । प्रकाश पनि घलेको एउता सन्तान हो । उसका दश जना दिदीहरु सबैले आफै बिहे गरेर गएका छन् । १५ वर्षको भैसकेको प्रकाश घलेका बाबु आमा निकै बूढाबूढी उमेरका भइसकेकाले घरमा काम गरेर खान नपुग्ने भएपछि प्रकाश पनि दिदीहरुसँगै मेलापात गर्न गएको पाइन्छ । गरीबीको कारणले धेरै पढ्न नसकेको प्रकाशले ५ कक्षा सम्म एकदम राम्ररी पढेको र ऊ एकदम क्षमता भएको केटो मा गनिन्थ्यो । धेरै धनीका छोराछोरीहरु पढ्न लेख्न त्यति नजान्ने तर गरीबका छोराछोरीहरु गरीबीका कारण तिक्ष्ण दिमाग भएर पनि पढ्न नपाउने परिस्थिति थियो । प्रकाश घले पनि यहि परिस्थितिबाट गुर्जिरहेको थियो । सानै देखि खेताला जाँदा ऊ आफ्ना साथीभाइहरुलाई मुक्तक तथा कथा कविता सुनाएर दंग पार्ने गर्दथ्यो ।

गाउँमा प्रकाशले सानो हुँदा देखिने कविता, मुक्तकहरु लेखेर सुनाएको पाइन्छ । विशेष गरी गरीबीको पीडा सम्बन्धी कुराहरुलाई कविता, मुक्तकमा लेखेर स्कुलमा हुने अतिरिक्त क्रियाकलापमा प्रस्तुत गर्ने र पुरस्कार समेत जितेर ल्याउने गरेको पाइन्छ । प्रत्येक शुक्रबार हुने स्कुलको अतिरिक्त क्रियाकलापहरु जस्तै खेलकुद, कविता, गजल प्रतियोगितामा भाग लिएर कापी किताब, पेन्सिल पुरस्कार

जित्ने गर्दथ्यो । प्रा.वि. स्तरको कविता प्रतियोगितामा गरीबी सम्बन्धी कविता लेखेर प्रथम भएको थियो । जिल्ला स्तरीय कविता प्रतियोगितामा सूर्य सरसँग प्रतियोगितामा भाग लिन गएर उसले लेखेको “के मेरो रहर हो” शीर्षकको कविता जिल्ला प्रथम भएको घोषणा गरिएको पाइन्छ (समथिङ,२०७४ : १२)। प्रथम भए बापत दुई हजार नगर र प्रमाण पत्र पाएको उसको कविता यस्तो रहेको पाइन्छ :

**के मेरो रहर हो!**

पशुको जस्तो व्यवहार सहेर भएता पनि
मान्छे भई बाँच्नु,
हरेक समस्याहरुलाई मुटुमा गाठो पारी
ओठमा हाँसोको मुस्कान छोड्नु
लाउनु, खाने र मनोरञ्जनलाई
मन भित्र भित्रै गुमस्याउँदै
आखिर मान्छे मान्छे जस्तै नभएर पनि जिउनु
के मेरो रहर हो (समथिङ, २०७४ : १३) ।

सूर्य सर र प्रकाश रातारात सदरमुकाममा नबसी घर फर्केको र प्रकाशले सो जितेको पैसाले घरमा चामल नुन तेल र बाबुआमालाई कपडा समेत ल्याइदिएको पाइन्छ । जिल्लामा प्रथम भएको प्रकाशको कविता उसले घरका सबै सदस्यलाई समेत पढेर सुनाएको, उसका बाबुआमाले सूर्य सरलाई धन्यवाद दिएको पाइन्छ । जेठा घलेले कविता मन परेर दोहोऱ्याएर सुनेको हरप यस प्रकार छ :

अर्काको थोरै ज्यालामा
ढाकर र तोक्माको सहारा लिनु,
अर्काको चार माना बनीमा
सिंगो जीवन गुजारा चलाउनु
सत्र ठाउँ टालेर भएपनि
शरीरको गोप्य अङ्गहरु ढाक्दै
मानवताको इज्जत जोगाउनु
के मेरो रहर हो ?

मनमा आफैले भोगेको जिन्दगीका व्यथा जस्तो महसुस भएको जेठा घलेले आफ्नो छोराको कविता सुनेर स्याबास दिएको र भोलिका दिनहरुमा पनि यसरी नै गरीब र गरीबीको बारेमा आवाज उठाउँदै जानु, गरीबीको पीडा सबैलाई सुनाउनु, कलम चलाउनु भन्दै हौसला दिएको पाइन्छ । प्रकाशले पठाइको अन्त्यसँगै बाबु आमाको पालनपोषणको जिम्मेवारी पनि उसको काँधमा भएको पाइन्छ । गाउँमा अर्काको घरमा काम गर्दै भएपनि साथीभाइहरुसँग बसेर कविता, मुक्तक, गजल, कथा आदिको उत्थान

गर्न खेताला गएर कमाएको एकदिनको ज्याला सबैले जम्मा गरेर “मिलेमतो साहित्यिक क्लब” नामको क्ल्ब पनि खोलेको पाइन्छ (समथिङ, २०७४ : २०) ।

प्रकाशको साहित्य प्रतिको झुकाव गाउँदेखि जिल्लासम्म चर्चा हुन थालेको, तर गरीबीको कारणले गर्दा बनी गर्न जानै पर्ने बाध्यताले उसलाई अति नै पिरोलेको पाइन्छ । बिहे गरिसकेपछि पनि कार्यक्रममा जाँदा भोक भोकै फर्किनु परेको अवस्था छ । घरमा श्रीमतीले पनि घरमा खानेकुरा नहुदा धेरै कुरा भनेको मनमुटाव भएको पाइन्छ । राति ओछ्यानमा सुतेर यसो मर्सान खोज्यो, उतै भ्याएर आको होला नि, किन छुनु पर्‍यो ? भन्दै भित्ता तिर फर्केको पाइन्छ (समथिङ, २०७४ : २१) । प्रकाशले आफ्नो नजिकैको पल्लो गाउँमा भएको कार्यक्रममा कविता सुनाउन जाँदा चिनजान भएको प्रकृति नामको केटीसँग छोटो समयको चिनजानमा बिबाह गरेको पाइन्छ । “तपाई त बेजोड तरिकाले कविता लेख्नु हुँदो रहेछ नि, मलाई पनि सिकाइदिनु है भन्दै नजिकिएकी प्रकृतिको मायाजालमा परेर प्रकाशले बिहे गरेको पाइन्छ (समथिङ, २०७४ : २३–२४) । बानी व्यहोरा, शिलस्वभाव कस्तो छ भनेर सोधी खाजी नगरी र चालचलन केही थाहा नभएको केटीलाई घर भित्र्याएको केही महिनापछि नै प्रकृतिको छुच्चो स्वभाव, मुखाले प्रवृतिले प्रकाश पिरोलिएको पाइन्छ । आफू भने आँखामा हाल्दा पनि नबिजाउने स्वभावको प्रकाशको श्रीमती भने शुरुमा त राम्रै तर पछि घरको काम पनि नगर्ने, सासू ससुरासँग पनि झर्कने, समयमा खान नदिने गरेको पाइन्छ । बिहे गरेको १४ महिना पछि छोरी जन्माएका छन् । उसका बाबुआमाले पहिला छोरा जन्माउने लालचमा धेरै छोरीहरु भएको पाइन्छ । छोरीको नाम जसु राखेका छन् । प्रकाशको छोरी जन्मिए पछि ६ महिनाको फरकमा उसका आमा बुबाको मृत्यु भएको पाइन्छ । आमाबाबुको काजकिरिया र मृत्युसंस्कार गर्नका लागि एक सुक्का नभएको बेला गाउँलेहरुले प्रकाशले पहिला लगाएको गुण सम्झेर सबैले सर सहयोग गरेर खर्चपर्च जुटाइदिएको पाइन्छ । गरीबीको चरम सिमामा पुगेको उसको परिवारमा दिन भरी अर्काकोमा काम गरेर ल्याएको पैसाले खान सम्म पनि पुगेको छैन । तर पनि बेलुका सुत्नु भन्दा पहिला प्रकाशले कथा कविता लेख्ने गरेको पाइन्छ । तर कविता लेख्न के बसेको मात्र हुन्छ केटाकेटीको होहल्ला र श्रीमतीको कचकचले उसलाई साथ दिदैन । “यस्तो मूला एक छाक भात ख्वाउन पनि नसक्नेले के बिहे गरेर अर्काकी छोरीको जिन्दगी बर्बाद पार्नु (समथिङ, २०७४ : ३०) । त्यस्तो पनि साहित्यकार रे ! कागज आगोमा डढाइदिन्छु अनि थाहा पाउँछौ । के कविता लेखेर एक किलो चालम पाएको छौं ।

प्रकाशका पनि बर्सेनीका नानीहरु जसु, जयन्ती, जमुना, जसुदा र एक छोरा दीपक गरी पाँच जना जन्मिएका छन् । आफुले पढ्न नपाएको ठूलो पश्चाताप भएकोले उसले आफ्नो छोरालाई चाँहि राम्ररी पढाउने सोचले स्कुल भर्ना गरेको पाइन्छ । छोरीहरुले घरका सानातिना काम सघाउने गर्छन् । यता बनी गरेर खाने प्रकाशले समय निकालेर विभिन्न साहित्यिक कार्यक्रममा भाग लिएर विभिन्न सम्मानहरु प्राप्त गरेको पाइन्छ । यता घरमा खान लाउनको अभाव भने उत्तिकै छ । श्रीमती अलिक रिसाहा र शंकालु स्वभावको भएकोले यस्ता सम्मान पत्र र सामुहिक फोटोहरु देखेर त्यसमा भएका महिलाहरु प्रति शंका गर्दै सम्मान पत्र र फोटाहरु च्यातिदिएको पाइन्छ (समथिङ, २०७४ : ३३) ।

घरको श्रीमतीको लगातार किचकिच र गनगन देखि व्वाक्क भएर प्रकाशले पनि रक्सी पिउन थालेको पाइन्छ । ठूला कवि, महाकवि, राष्ट्रकवि आदि भन्दै गाली गर्ने उसकी श्रीमती कहिले काही प्रकाशले साहित्यिक कार्यक्रमको प्रतियोगिता जितेर पुरस्कार पाएको पैसाले घरमा सरसामान र श्रीमतीलाई कपडा ल्याइदिएको बेला भने खुशी हुँदै लेख्न पढ्न बसिहाल्नु भनेर भनेको पनि पाइन्छ । प्रकाशले कथा कविताको किताबहरु पनि प्रकाशित गरेको छ तर सोचे जसरी नबिकेकाले भएपरको पैसा सकेको र अब यी कागजले खान नदिने, बरु यस्ता किताब छाप्नुभन्दा मलाई गरगहना किनिदिनु नि । साहित्यकार भएर सम्मानित भएर घर आउँने तर खान नपाएर भोकै सुत्नुपर्ने जस्ता बाध्यताले गर्दा पनि घरिघरि प्रकाशलाई उसकी श्रीमतीले गरेको किचकिच र गन गन ठीकै हो कि जस्तो लाग्दथ्यो (समथिङ, २०७४ : ३७) ।

समय वित्न केही बेर लाग्दैन । प्रकाशका दिदीहरु पनि बिहे गर्न थालेका छन् । प्रकाश र प्रकृति पनि चालिस नाघेका छन् । उनीहरुको जिन्दगी खुशीमा भन्दा पनि अहिले के खाने भरे के खाने भन्ने कुराको पीर र अभावैअभावमा वितेको छ । घरमा श्रीमतीको जतिसुकै गनगन भएपनि लेख्न भने कहिल्यै नविसाउने प्रकाश साहित्य लेखनमा लाग्ने जति सबै साथीभाइहरुको घरको हालत उस्तै र श्रीमतीको कचकच उस्तै भएको थाहा पाएर किन होला साहित्यकारहरुको घरपरिवारले साथ नदिएको भनी यसै सन्दर्भमा "कवि पीडा" भन्ने शिर्षक दिएर कविता पनि लेखेको पाइन्छ । सो कविता जिल्ला कविता प्रतियोगितामा प्रथम भएको र सबै साहित्यकारले अत्याधिक मनपराएर तालिको गढगढाहटले उसलाई हौसला दिएको पाइन्छ । पुराना साहित्यकारहरुका आँखा भने यो कविता सुनेर रसाएको र कुनैबेला उनीहरुले पनि प्रकाशले जस्तै घरपरिवारबाट पछि मर्दा यही कागजले बेरेर आगो सल्काएर डढाइदिन्छु भन्ने चुसुक्क मुटु घोच्ने बचन पाएका थिए होलान (समथिङ, २०७४ : ४६) । यता प्रकाशको छोरा दीपक पनि ठूलो भइसकेको र एस.एल.सी परिक्षा दिएर बसेको पाइन्छ । त्यहीबेला सदरमुकाममा लाग्ने मेलाबाट एस.एल.सी. दिदा चिनजान भएकी दिपीका नाम गरेकी केटीलाई लिएर घरमा आउछ । दीपिका पनि एस.एल.सी. दिएर बसेकी हुन्छे । दीपकले राम्रो नम्बर ल्याएर एस.एल.सी. पास गर्दछ भने दीपिकाले पनि पास गरेकी छिन् । एकै घरका दुवै जनाले एकैचोटी एस.एल सी. पास गरेकाले अब घरका सबै सदस्य खुशी देखिन्छन् । अब घले परिवारका सन्तानले पनि जागिर खाने भए भनेर मख्ख परेका प्रकाश र प्रकृति आफ्ना छोराबुहारीले कतै जागिर पाउन नसकेकोमा निरास देखिन्छन् ।

एक दिन सबैजना घरमा खाना खाएर बसिरहेको बेला प्रकाशकी श्रीमती पेट दुखेको छ भनेर बिरामी परेपछि गाउँबाट डाँडा घरे जेठा धामी लगाएर जोखाना हेर्दा बोक्सी लागेको छ भेद निकाल्नुपर्छ भनेपछि रातभर चिन्ता बसेको देखिन्छ । तर बिहानको चार बजे अचानक उनको मृत्यु भएको छ । प्रकाशकी श्रीमतीको मृत्यु भएपछि प्रकाशले विल्कुल एक्लो भएको महसुस गरेका छन् । यता छोरा, छोरी बुहारी भएता पनि एक्लो महसुस गर्ने प्रकाश दिनदिनै ख्याउटे र दुब्लो हुँदै गएको छ । सायद खानपान र श्रीमती हुँदाको जस्तो स्याहार नपुगेको कारणले होला साठी वर्ष नाघेको प्रकाश आँखा कमजोर भएर चश्मा लगाउने भएको, दाँतहरु झर्न थालेको र शरीर निक्कै कमजोर भएको देखिन्छ ।

पहिला प्रकाश विना कुनै बेला गाउँदेखि शहर सम्म साहित्यिक कार्यक्रमको आयोजना हुदैन थियो तर आजभोलि उनको कतै खोजी छैन । छोरा बुहारीले उनलाई पालनपोषण गरेको पाइन्छ । दीपकका पनि एक छोरा र एक छोरी भएको पाइन्छ ।

सत्तरी वर्ष पार गरिसकको प्रकाश माघको जाडोमा घाम ताप्न भन्दै घरको पेटीमा बसेर कल्पना गर्दै गरेको पाइनछ । कति छिटो सत्तरी वर्ष पुगिएछ (समथिङ, २०७४ : ५१–५२) भन्दै आफ्नै जिन्दगीको इतिहास कोट्याइरहेको छ । एकदिन आफुले लेखेर प्रकाशित गरेका पुराना पुस्तकहरु ऱ्याकबाट निकाल्दै झुत्रै झुत्रा परेका जस्तो , धुलै धुलो थुप्रिएको देखेर निरास भई आखाँभरी आसु पारेर रोएको पाइन्छ (समथिङ, २०७४ : ५२) । लामो समय साहित्य क्षेत्रमा लागेर योगदान दिएका यस्ता साहित्यकार एक्कासी हराएको र ओझेलमा परेर निस्कृय भएको कुरा शहरमा साहित्य क्षेत्रमा कलम चलाउने केही युवा साहित्यकारको कानसम्म पुग्छ । उनीहरु प्रकाश घलेलाई खोज्दै उनको घरसम्म पुगेर उनले साहित्य क्षेत्रमा गरेको योगदानको कदर गरेको पाइन्छ । उनका छोरा बुहारी पढेलेखेका भएतापनि जागिर नपाएर घरगाउँमै मेलापात गरेर जिन्दगी विताइरहेको पाइन्छ । यता प्रकाशको पनि मृत्यु हुन्छ । उनको अन्तेष्टिमा गाउँदेखि शहरसम्मका व्यक्तिहरु जम्मा भएका र साहित्यिक क्लबले समेत उनलाई श्रद्धाञ्जली व्यक्त गरेको पाइन्छ । प्रकाशको मृत्युपछि उसका ऱ्याकमा राखिएका प्रकाशित कृतिहरु समेत सबै कता कता गएका र ऱ्याक पुरै खाली भएको पाइन्छ । उसले जिउदो छदा कसले जतन गरिदेला भनेर चिन्ता गरेको र यो काम उसको मृत्यु पछि अधुरै रहेको पाइन्छ (समथिङ, २०७४ : ६६) । यस उपन्यासमा यस्तौ खालको भनाई, उखानहरु थप कृतिलाई रोचक बनाएको पाइन्छ ।

### ४.५.१ साहित्यकार उपन्यासको पात्र वा चरित्र

रामप्रकाश समथिङको साहित्यकार उपन्यासका पात्र थुप्रै चरित्र वा पात्रको उपस्थिति भएको देखिन्छ । सामाजिक जनजीवनबाट छनौट गरिएको पात्रहरु उपन्यासमा कार्यका आधारमा प्रमुख, सहायक र गौण गरी सबै खाले पात्रहरुको उपस्थिति देखिन्छ । यस उपन्यासको प्रमुख पात्र प्रकाश घले हो भने, प्रकृति, दीपक, दीपिका, जेठा घले, जेठी मुखिनी, प्रकाशका दिदी बहिनीहरु सहायक पात्र हुन् । यस्तै प्रकाशको छोरीहरु जुसु, जयन्ती, जमुना, जुसुवा, डाँडाघरे जेठा वा धामी, बोक्सी यस उपन्यासका गौण पात्र हुन् । तिनीहरुको चरित्रचित्रण यस प्रकार गरिएको छ :

### ४.५.२ प्रमुख पात्र

#### क) प्रकाश घले

साहित्यकार उपन्यासमा प्रमुख पात्रको रुपमा प्रकाश घले रहेको छ । प्रकाश सुरुदेखि अन्तसम्म देखिएको र प्रकाशकै वरिपरि सम्पूर्ण उपन्यासका घटनाहरु केन्द्रित रहेको पाइन्छ । प्रकाश जेठा घले र मुखिनीको छोरा हो । पाँच कक्षा सम्म सरकारी स्कुलमा पढेको र गरीबीको कारणले त्यो भन्दा बढी पढ्न नसकेको तर उसमा साहित्य प्रति अत्याधिक रुचि भएको कारणले स्कुल पढ्दा देखिनै कविता, कथा, मुक्तक आदि लेखेर विभिन्न कार्यक्रममा भाग लिएर पुरस्कार पनि प्राप्त गरेको देखिन्छ । सानै देखि

खेताला जाँदा ऊ आफ्ना साथीभाइहरुलाई मुक्तक तथा कथा कविता सुनाएर दंग पार्ने गर्दथ्यो । गाउँमा प्रकाशले सानो हुँदा देखिने कविता, मुक्तकहरु लेखेर सुनाएको पाइन्छ । विशेष गरी गरीबीको पीडा सम्बन्धी कुराहरुलाई कविता, मुक्तकमा लेखेर स्कुलमा हुने अतिरिक्त क्रियाकलापमा प्रस्तुत गर्ने र पुरस्कार समेत जितेर ल्याउने गरेको पाइन्छ । प्रत्येक शुक्रबार हुने स्कुलको अतिरिक्त क्रियाकलापहरु जस्तै खेलकुद, कविता, गजल प्रतियोगितामा भाग लिएर कापी किताब, पेन्सिल पुरस्कार जित्ने गर्दथ्यो । प्रा.वि. स्तरको कविता प्रतियोगितामा गरीबी सम्बन्धी कविता लेखेर प्रथम भएको थियो । जिल्ला स्तरीय कविता प्रतियोगितामा सूर्य सरसँग प्रतियोगितामा भाग लिन गएर उसले लेखेको “के मेरो रहर हो” शीर्षकको कविता जिल्ला प्रथम भएको घोषणा गरिएको पाइन्छ (समथिङ,२०७४ : १२) । प्रथम भए बापत दुई हजार नगर र प्रमाण पत्र प्राप्त गरेको पाइन्छ । सूर्य सर र प्रकाश रातारात सदरमुकाममा नबसी घर फर्केको र प्रकाशले सो जितेको पैसाले घरमा चामल नुन तेल र बाबुआमालाई कपडा समेत ल्याइदिएको पाइन्छ । जिल्लामा प्रथम भएको प्रकाशको कविता उसले घरका सबै सदस्यलाई समेत पढेर सुनाएको, उसका बाबुआमाले सूर्य सरलाई धन्यवाद दिएको पाइन्छ । प्रकाशले बिबाह गरेपछि पनि आफ्नो साहित्य यात्रालाई निरन्तर राखेको पाइन्छ । यसबाट उसकी श्रीमती दिक्क भएर झर्को फर्को गर्ने गरेको पाइन्छ । “यस्तो मूला एक छाक भात ख्वाउन पनि नसक्नेले के बिहे गरेर अर्काकी छोरीको जिन्दगी बर्बाद पार्नु (समथिङ, २०७४ : ३०) । त्यस्तो पनि साहित्यकार रे ! कागज आगोमा डढाइदिन्छु अनि थाहा पाउँछौ । के कविता लेखेर एक किलो चामल पाएको छौं (समथिङ, २०७१ : ३१) भनेर गनगन गरेको पाइन्छ । यसरी नै अभाव नै अभावले सताएपनि साहित्य लेखनमा लागिरहने एक प्रमुख पात्रका रुपमा प्रकाश घलेलाई चित्रण गरिएको छ ।

### ४.५.३ सहायक पात्र

#### क) प्रकृति

साहित्यकार उपन्यासमा नारी प्रमुख पात्रका रुपमा देखापरेकी प्रकृति प्रकाश घलेकी श्रीमती तथा जेठा घले र जेठी मुखिनीको बुहारीको भूमिकामा देखिन्छ । प्रकाशको साहित्यिक व्यक्तित्वबाट नै प्रभावित भएर उसँग बिबाह गरेकी प्रकृति अलिक रिसाहा, मुखाले र छुच्ची स्वभावकी नारी पात्र हो । शुरुमा प्रकाशको साहित्य लेखनको प्रशंसा गरेकी उसले पछि उसले प्रकाश साहित्य क्षेत्रमा निरन्तर लागेकोमा किचकिच र गनगन गर्ने गरेको कतै साहित्यिक कार्यक्रममा जाँदा पनि अन्य महिला साहित्यकारहरुसँग फोटो खिचेको देखेर शंका गर्ने गरेको साहित्यमा लागेर केही पनि खान लाउन नदिएको भनेर गुनासो गरेको पाइन्छ । प्रकाश घलेले कमाएर ल्याउन नसकेको र रातदिन साहित्य लेखनमा मात्र ध्यान दिएकोमा प्रकृतिलाई चित्त नबुझेको पाइन्छ । सासु ससुरालाई पनि समयमा खान नदिएको, गाली गर्ने गरेको अनि साहित्य रचनालाई आगो लगाएर डढाइदिन्छु भनेको, आफू र नानीहरुले समेत पेटभरी खान नपाएको भोकै बस्नु परेको कुरा प्रकृतिले गरेको पाइन्छ (समथिङ,

२०७४ : ३१) । प्रकृति पहिला अनुकूल पात्रको रुपमा देखिए पनि अत्यमा गरीबीको कारणले उसलाई प्रतिकुल हुन परेको कुरा उसको चरित्रचित्रणद्वारा उपन्यासमा उल्लेख गरेको पाइन्छ ।

**ख) दीपक**

यस उपन्यासमा दीपक सहायक पात्र हो । प्रकाश र प्रकृतिको छोरा र घले जेठा र मुखिनीको नाती दीपक ४ जना दिदी मुनिको छोरो हो भने दीपिकाको श्रीमान हो । गरीब भएपनि एस.एल.सी सम्म पास गर्ने र एस एल सी नै पास गरेकी श्रीमती बिबाह गर्ने घले परिवारमा दीपक एक्लो पात्र हो । कृपावाद र नातावादको चपेटामा परेका कारण कतै जागीर खान नसकेको र गरीबको लागि कोही पनि आफ्ना नहुदा रेहेछन् भन्ने गरेको पाइन्छ । पढेलेखेको भएपनि गाउँमा नै बनी गरेर खानुपर्ने बाध्यताले सताएको दीपकका पनि एक छोरा र एक छोरी जन्मिएका र गाउँमै दु:ख गरेर बसेको पाइन्छ । दीपक अनुकूल र प्रतिकुल चरित्रका रुपमा देखा परेको छ ।

**ख) दीपिका**

यस उपन्यासमा सहायक नारी पात्र वा चरित्रका रुपमा दीपिकालाई चिनाइएको छ । प्रकाश र प्रकृतिको बुहारी र दीपकको श्रीमती दीपिकाको भेट एस.एल.सी दिने क्रमम दीपकसँग भएपछि उनीहरुले बिहे गरेको पाइन्छ । पढेलेखेको भएता पनि दीपिकाले पनि केही काम नपाएकी, नातावाद र कृपावादको कारणले आफुले पनि जागिर खान नसकेको गुनासो दीपिकाको पनि छ । गाउँमै मेलापाता, खेताला गरेर बूढालाई सघाउँदै जिवन यापन गर्दै आएको पाइन्छ । ससुरा प्रकाश घलेले लेखेका साहित्यका किताबहरु प्रति उसलाई खासै रुचि नभएको र केका लागि जतन गरेर राख्नु पर्छ र जलाइदिए हुदैन (समथिङ, २)७४:५३) भन्ने खालका कुरा गर्ने दीपिका अनुकूल र प्रतिकुल पात्र वा चरित्रको रुपमा देखा परेकी छिन् ।

**ग) जेठा घले**

प्रकाश घलेको बाबु र जेठी मुखीनीको श्रीमान हो । प्रकृतिको ससुरा, दीपक र दीपिकाको बाजे हो । चौध जना सन्तानको पिता जेठा घले सन्तानको धनी त छ तर भगवानले पैसामा चाहि ढगेका रहेछन् कि क्या हो ? भने झै अत्यन्तै गरीब छ (समथिङ, २०७४ : ३) । सानो बाँसको चित्राले छाएको र वरिपरि बाँसको भाटाले बनाएको घरमा १६ जनाको परिवार बस्न अति नै गाह्रो भएकोले जेठा घले रातमा सिकुवामा सुत्ने गरेको पाइन्छ । दिनभर बनी गरेर पनि खान नपुग्ने र जिउ ढाक्ने कपडासम्म लगाउन नसक्ने गरीब घले परिवारलाई खान लाउनको साह्रै धौ धौं पर्ने र वर्खायाममा पानी घर भित्र छिरेर रातभर सुत्न सम्म नसक्ने जस्ता पीडाले सताएको पाइन्छ । छोरो प्रकाश घले ठूलो भएर विद्यालयमा पढ्दै गर्दा विभिन्न कथा कविता लेखेर प्रतियोगितामा प्रथम भई पुरस्कार पाएर ल्याएको देख्दा जेठा घले खुशी भएको पाइन्छ । जेठा घलेले कविता मन परेर दोहोऱ्याएर सुनेको हरप यस प्रकार छ :

अर्काको थोरै ज्यालामा
ढाकर र तोक्माको सहारा लिनु,
अर्काको चार माना बनीमा
सिंगो जीवन गुजारा चलाउनु
सत्र ठाउँ टालेर भएपनि
शरीरको गोप्य अङ्गहरु ढाक्दै
मानवताको इज्जत जोगाउनु
के मेरो रहर हो ?

मनमा आफैले भोगेको जिन्दगीका व्यथा जस्तो महसुस भएको जेठा घलेले आफ्नो छोराको कविता सुनेर स्याबास दिएको र भोलिका दिनहरुमा पनि यसरी नै गरीब र गरीबीको बारेमा आवाज उठाउँदै जानु, गरीबीको पीडा सबैलाई सुनाउनु, कलम चलाउनु भन्दै हौसला दिएको पाइन्छ । जेठा घले यस उपन्यासमा अनुकूल पात्रका रुपमा देखिन्छ ।

**घ) जेठी मुखिनी**

घले जेठाको श्रीमती, प्रकाश र प्रकृतिको आमा अनि दीपक र दीपिकाको हजुरआमा जेठी मुखिनी चौध जना सन्तानकी आमा पनि हुन् । अम्बक खाएर दिसा गर्न गाह्रो परे जस्तो हो, बच्चा जन्माउन त, अलिक साह्रो कन्नुपर्छ भुँडीबाट फुत्त निस्किहाल्छ नि ? भनेर जेठी मुखिनीले भन्ने गरेको पाइन्छ (समथिङ, २०७४ : ३) । गरीब भएको कारणले एउटा ब्रा सम्म किन्न नसकेको र ब्रा किन्ने पैसाले त चोली किनेर लाउनु परेको बाध्यता यस उपन्यासमा दर्शाइएको छ । जेठी मुखिनी पहिला अनुकूल र प्रतिकुल पात्र वा चरित्र रहेको पाइन्छ ।

**ङ) दिदी बहिनीहरु**

घले जेठा र जेठी मुखिनीको छोरीहरु धेरै छन् । प्रकाशका १० जना दिदीबहिनीहरु सबैले पढ्न पाएका छैनन् । गरीबीको कारण सधैं बनी गर्न अर्काकोमा जानुपर्ने सबै दिदीबहिनीहरुको बाध्यता छ । आफू बनी गरेर भएपनि आफ्ना भाइहरुलाई पाँच कक्षासम्म पढ्न सहयोग गरेको सबै दिदीबहिनीहरुले उमेर अनुसार एकपछि अर्को गर्दै बिहे गरेको पाइन्छ । प्रकाशले कवितामा प्रथम भएर पाएको पुरस्कारको पैसाले बाबु आमालाई कपडा किनिदिएर ल्याउँदा आफूहरुलाई नल्याइदिएकोमा उसका दिदीबहिनीले गुनासो गरेको पाइन्छ ।

### ४.५.४ गौण पात्र

यस उपन्यासमा कथानकलाई गौण पात्रहरुले आफ्नै ठाउँमा रहेर सहयोग गरिहेका हुन्छन् । यहाँ देखिएको पात्रहरु अनुकूल र प्रतिकुल भूमिकामा देखिएका छन् । जसु, जयन्ती, जमुना, जसुदा, डाँडाघरे जेठा, धामी, बोक्सी रहेको पाइन्छ ।

जसु प्रकाश र प्रकृतिको जेठी छोरी हो । घरका आमाबाबु अरुको घरमा बनी गर्न गएको बेला साना साना भाइबहिनीहरुलाई घरमा हेरेर बसेको र घरको काम गरेर बसेको पाइन्छ । जयन्ती, जमुना र जसुदा पनि प्रकाश र प्रकृतिको माइली र साइली र कान्छी छोरीहरु हुन । उनीहरु पनि आमाबाबुसँगै अरुको घरमा बनी गर्न जाने गरेको पाइन्छ ।

डाडाँघरे जेठा धामी झाक्री काम गर्ने गाउँको एक मानिस हो । प्रकाशको श्रीमती बिरामी भएको बेला उसलाई बोलाएर चिन्ता राखिएको तर उसले बचाउन नसकेर प्रकाशकी श्रीमती प्रकृतिको मृत्यु भएको पाइन्छ ।

### ४.५.५ साहित्यकार उपन्यासको परिवेश

यस उपन्यासको परिवेश सदरमुकामको छेउमा रहेको गाउँ, मिलेमतो क्लब, स्कुलको कार्यक्रम वा प्रतियोगिता भएको ठाउँ, बिहेमा कार्यक्रम भएको ठाउँ, साहित्यकारहरु भेला भएर कविता प्रस्तुत गरेको ठाउँ, प्रकाशले किताब छपाउन वा निकाल्नका लागि दार्जिलिङ पुऱ्याएको आदि परिवेशहरु छन् । "खै कुन दशाले लेख्न थालिएछ ? साथीहरुसँग चिनजान भयो, त्यही लेखाइका कारणले साथीभाइहरुले पनि विभिन्न साहित्यिक पत्रपत्रिकाहरुमा साहित्यिक रचनाहरु माग्न थाले । शीर्षक जुदाएर लेख्न बस्यो, घरमा बूढीको कचकच शुरु हुन्थ्यो । अनेक प्रकारको नाम राख्न शुरु, खुब, ठूला कवि, महाकवि, महानकवि, राष्ट्रकवि आदि पदहरु वर्षायाममा आकाशबाट पानी बर्से झै बर्सन्थे । अर्कातिर छोराछोरीहरु हल्ला गर्थे, नकराओ न नानी हो भन्यो फेरि जवाफ आउँथ्यो, ओहो, अए नकराईदेओ, तिमीहरुको ठूला ठुटे कवि ज्यूलाई डिस्टर्व हुन्छ" (समथिङ, २०७४ : ५३–५४) ।

उपन्यासमा प्रकाश घलेका जीवन भोगाइ, गरीबी, अशिक्षा, सामाजिक, आर्थिक साँस्कृतिक, धार्मिक, रुढीवादी यहाँ परिवेशमा प्रस्तुत गरिएको पाइन्छ । प्रकाशको छोरा दीपकले जागिरका लागि ठाउँ ठाउँमा जागीरका लागि पेश गरिएको परिवेश प्रस्तुत भएको पाइन्छ । समाजमा भइरहेको नातावाद र कृपावादको कारणले गरीबका घरमा दुई–दुई जना एस.एल.सी. गरेको व्यक्तिहरुले जागीर नपाएको परिवेश प्रस्तुत गरिएको छ । त्यसकारण यस उपन्यासको देशकाल, वातावरण, सीमित घेराभित्र समेटिएको छैन । नायक, नायिकाको जीवनमा घटेको घटना गरीब पुस्ताको परिवेश प्रस्तुत गरिएको छ ।

### ४.५.६ साहित्यकार उपन्यासको भाषाशैली

यस उपन्यासमा सरल र सहज भाषाशैलीको प्रयोग गरिएको छ । ढेट नेपाली “बे” जस्ता शब्दहरुको प्रयोग गरिएको पाइन्छ । यस उपन्यासमा आवश्यकता अनुसार लेखकले वर्णनात्मक, व्याख्यात्मक र संवादात्मक शैलीको प्रयोग गरेका छन् । यस उपन्यासमा निम्न वर्गका पात्र र मंगोलियन समुदायका भएकाले स्थानीय स्तरको लवजको प्रयोग गरिएको पाइन्छ । समाजमा घटेका घटनालाई जस्ताको तस्तै राखेको पाइन्छ । यस उपन्यासमा अंग्रेजी शब्द डिस्टर्ब, प्यूटीपार्लर, एफ.एम, एस.एल सी, प्रयोगका साथै अश्लिल शब्दहरु साला कवाडी कवि, सालाका बूढीहरु जस्ता शब्दको प्रयोग भएको पाइन्छ । “स्याल पनि वैंशमा घोर्ले हुन्छ” (समथिङ, २०७४ : २२), “अगेनाका छेउमा घ्यु राखेपछि आफै पग्लन्छ । आगो बालेर कराइमा लाइरहनु पर्दैन । आफै राखेको ठाउँमा पग्लन्छ ( समथिङ २०७४ : २४) जस्ता उखान टुक्काहरुको प्रयोगले यस कृतिलाई अझ रोचन बनाउन सहयोग पुगेको पाइन्छ ।

### ४.५.७ साहित्यकार उपन्यासको दृष्टिबिन्दु

यस उपन्यासको प्रमुख पुरुष पात्र प्रकाश घलेको वरिपरि कथा व्यथा प्रस्तुत भएको छ । उपन्यासको सम्पूर्ण कथानकमा कथयिता स्वयम लेखक हुन् । लेखक यहाँ पात्रमा सिमित नरहेर सर्वज्ञ भई प्रस्तुत भएकोले बाह्य तृतीय दृष्टिबिन्दुको प्रयोग भएको छ ।

### ४.५.८ साहित्यकार उपन्यासको कौतुहल

साहित्यकार उपन्यासमा उपन्यासकारले धेरै नै कौतुहल देखाएका छन् । कथाको बीच बीचमा आउने उपकथा र द्वन्द्वले गर्दा यसपछि के होला ? कस्तो होला भन्ने जस्ता अनेक जिज्ञाशा उत्पन्न हुन्छन् । उपन्यासको शुरुदेखि अन्त्यसम्म पाठकलाई कौतुहल जागिरहन्छ । प्रकाशले कविता सुनाएपछि के होला? प्रकाशको कविताले कुन स्थान पाउँछ होला, प्रकाशको कविताले प्रथमस्थान पाएपछि के हुन्छ होला ? पुरस्कार पाएपछि के गर्छ होला ? साहित्यकारहरु भेला भएर के के गर्छन होला ? घरमा बूढीले किन कचकच गरेको होला ? प्रकाश बूढो भएपछि ऱ्याकमा भएको किताब समाउदै किन रोएको होला ? जस्ता कौतुहल उपन्यासमा भइरहन्छ । उपन्यासको अन्त्यमा के कसरी टुङ्गिने हो जस्ता कौतुहलले रोचक बन्न पुगेको छ ।

### ४.५.९ साहित्यकार उपन्यासको संवाद

पात्र पात्रहरु बीच आपसमा विचार विमर्श, संवाद र हर्ष, विस्माद, उल्लास, विस्मय, करुणा कोध आदि मनोरोगलाई व्यक्त गर्नका लागि हुने पारस्परिक वार्तालापलाई संवादका कथोपकथन भनिन्छ (खतिवडा, २०७५ : २८–२९) ।

प्रकाश घले र साथीहरु बीचको संवाद "सन्तान जन्माउनलाई बूढाबूढी टाँसिएर सुतिरहनु पर्छ र एक छ्यास हो साथी हो, एक छ्यास । मौका हेऱ्यो मिलाई हाल्यो । औषधी भन्ने कुरा एक थाल भात खाए जस्तो होइन । कुनै बेला खोकी लागेर रातभरी सुत्न पाइदैन । त्यतिबेला एक विर्को औषधिले कसरी निको पार्छ खोकी ? मौका चिन्नु पर्छ साथी हो मौका (समथिङ, २०७४ : ५)" । सूर्य सर र आयोजक बीचको कुराकानी "सहभागीले कुनै स्थान पनि हासिल गरेको हुनसक्छ" । जेठा घले र प्रकाश वीचको कुराकानी के को पैसाले किनेर ल्याइदिस हँ, प्रकाश यपो कपडा, "जिल्ला कविता प्रतियोगिता थ्यो । मलाई सूर्य सरले लिएर जानु भयो । मैले गरीब मान्छेहरुले भोग्नु परेको जिन्दगीको पिडाको बारेमा कविता लेखेको थिए (समथिङ, २०७४ : १७) । साहित्यकार र प्रकाश वीचको संवाद : "अब मेरो लेखनको घाउ ऐले थाकेको छ । त्यसैले म फेरि त्यो निको भएको घाउलाई बल्झाउन चाहन्न (समथिङ, २०७४ : ६२) । यसरी संवादको प्रयोगका दृष्टिले प्रस्तुत उपन्यासमा सरल र सहज स्वभाविक रहेको पाइन्छ । समथिङले उपन्यासमा पात्र अनुसारको संवाद प्रयोग गरेकाले उपन्यास निकै रोचक बनेको छ । हाम्रो समाजको वरिपरिका पात्रले बोल्ने सम्वादको प्रयोगले उपन्यासलाई जिवन्त तुल्याइदिएको छ ।

### ४.५.१० साहित्यकार उपन्यासको उद्देश्य

उपन्यास खास गरी सामाजिक समस्या र वैयक्तिक जीवनका विभिन्न पक्षको विस्तृत अध्ययन हुनाले त्यसमा चित्रित र समस्याहरु यथातथ्य वर्णन मात्र नभएर तिनीहरुको जीवनप्रति उपन्यासकारले कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिरहेका हुन्छन् । कुनै सामाजिक समस्या वा सैद्धानितक प्रतिपादन गर्नु नै उपन्यासको उद्देश्य हुन्छ (बराल र एटम्, २०६६ : ३८–३९) । समाजमा रहेको रुढीबादी, गरीबी, अन्याय, अत्याचार, दमन, शोषण, उत्पीडन, कुसंस्कार गरीबीको अन्त्य गरी समतामुलक समाजको निर्माण तर्फ यस कृतिको लक्ष्य रहेको पाइन्छ । "यो संसार विचित्र छ । घले जेठाले बाँसको खाटमा मकैको पातको गुन्द्री, दाउराको सिरानी र धुसा ओढेर रात कटाउनु उनको रहर भन्दा पनि बाध्यता थ्यो" (समथिङ, २०७४ : ४) । उक्त लक्ष्य पुरा गर्न मानव समुदायका लागिपर्नु पर्ने देखिएको छ । यस्ता समस्या जरादेखि नै उखेलेर फाल्नु यस उपन्यासको आशय रहेको पाइन्छ । उपन्यासमा प्रकाश घले जस्ता पुरुष वा साहित्यकारलाई सम्मान, उनकी श्रीमती जस्ता व्यक्तिलाई सुधार गरी समाजलाई नमुना बनाउनुपर्ने यस उपन्यासको उद्देश्य रहेको पाइन्छ ।

### ४.५.११ निष्कर्ष

यस परिच्छेदमा सेन्थेरेम, मृत्यु, साउदी रियल, साहित्यकार उपन्यासको सामाजिक पक्षको अध्ययन गरिएको छ । यी चार उपन्यास कस्ता रहेछन ? सामाजिक पक्ष, पात्र र चरित्र, परिवेश, भाषाशैली, संवाद, दृष्टिबिन्दु, कौतुहल, आदि कसरी प्रस्तुत भएको छ, ? साथै के कस्ता उद्देश्यहरु राखेर उपन्यास सिर्जना भएको छ ? भन्ने कुरा प्रस्तुत भएको छ । यसरी उनका चारै उपन्यासहरुमा आलोचनात्मक, मनोवैज्ञानिक, यौन मनोविश्लेषण प्रयोग भएता पनि मुख्य गरी सामाजिक यथार्थवाद

प्रस्तुत भएको पाइन्छ । एकातर्फ उनले वर्गीय पात्रको प्रयोग सफल रुपमा प्रस्तुत गर्दै समाजको आर्थिक, सामाजिक, साहित्यिक र मानसिक विकृतिलाई द्वन्द्वात्मक रुपमा प्रस्तुत गरेका छन् भने उक्त आर्थिक परिवेशले समाजमा पारेको प्रभाव र असर समेत सशक्त रुपमा प्रस्तुत गरेका छन् । समाजम पुरुषको स्थान, गरीब, मजदुरको स्थान, साहित्यिक क्षेत्रम कलम चलाउनेको स्थान, तिनीहरुले भोग्नु परेका कारुणिक अवस्था, बाध्यता, शोषण, पीडालाई विभिन्न पात्र र विषयवस्तुको माध्यमबाट सरल भाषा शैली , ढेट स्थानीय भाषा प्रस्तुत भएका छन् । गाउँले परिवेशलाई प्राथमिकता दिदै स्थानीय, आञ्चलिक उपन्यास समेत बन्न सफल भएकाले पनि उनी सामाजिक उपन्यासकार हुन भन्ने कुरा स्पष्ट हुन आउँछ । समस्या र चुनौतीका बाबजुद पनि जीवनको अन्त्य सम्म पनि संघर्ष गर्न नछाडेको कथा वस्तु प्रस्तुत गर्नुले लगनशीलता र परिश्रमले एक दिन समाज परिवर्तन अवश्य हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ । समाजका कुप्रथा, कुबाटो प्रति घोर विरोध गर्दै विसङ्गति पक्षको चित्रण गर्नु उनको प्रवृति भएकाले उनी समाजमा नै रहेर यिनै विषयवस्तुलाई उठान गर्दै सामाजिक उपन्यास मार्फत नै आफ्नो साहित्य यात्रा र आफूलाइ अगाडि बढाउन सफल रहेका छन् ।

अन्तत : यस परिच्छेद मार्फद कै निष्कर्षमा पुगिन्छ भने समथिङले समाजमा भएका तितामिठा, जल्दा बल्दा घटनालाई निम्न वर्गीय आञ्चलिक पात्रको प्रयोग गरी समाजको विसङ्गत पक्ष उद्घाटन उनका यी चार उपन्यासमा पाइएकाले उनी सामाजिक उपन्यासकार हुन भन्ने कुरामा दुई मत रहन्न ।

□□□

# परिच्छेद पाँच

# उपसंहार एवम् निष्कर्ष

## ५.१ उपसंहार र निष्कर्ष

रामप्रकाश समिथडका उपन्यासको अध्ययन शीर्षकको प्रस्तुत शोधपत्र जम्मा पाँच परिच्छेदमा संरचित छ । पहिलो परिच्छेदमा शोध परिचय प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा उपन्यासका सैद्धान्तिक पक्षको अध्ययन, तेस्रो परिच्छेदमा रामप्रकाश समथिङको औपन्यासिक परिचय, चौथो परिच्छेदमा सेन्थेरेम, मृत्यु, साउदी रियल र साहित्यकार उपन्यासको सामाजिक पक्षको अध्ययन र औपन्यासिक प्रवृति तथा पाँचौ परिच्छेदमा उपसंहार एवम् निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

वि.स. २०२८ साल बैशाख २९ गते स्व. बाबु असलबहादुर र आमा जसमाया गुरुङको कोखबाट पाँचथरको नाङ्गिनमा जन्मिएका रामप्रकाश समथिङको बाल्यकाल अभावमा नै बितेको थियो । ८ वर्षमा मात्र बोली फुटेको उनको औपचारिक शिक्षा करिब १० वर्षको उमेरबाट मात्र शुरु भएको पाइन्छ। समथिङले विभिन्न संघर्ष र आर्थिक अभावका कारणले स्नातकसम्म अध्ययन गरी अध्ययनलाई पूर्णविराम लगाएका छन् । उनी सामाजिक अभियन्ता, जातीय खोजमूलक लेखक साथै एकै पटक २२ ओटा उपन्यास नेपाली साहित्यको फाँटमा बराबर पृष्ठका कृतिहरु साथै उनी निबन्ध, कथा, कविता, संस्मरण जस्ता बहु विधामा कलम चलाएका छन् । विभिन्न संघसंस्थामा आवद्ध भएर गरीब र अप्ठेरामा परेका असक्षम व्यक्तिलाई सहयोग गर्ने "मान्छे मर्दा मलामी जानु चिन्नु पर्दैन" भन्ने सामाजिक अभियन्ता हुन् । २०४८ सालमा दाह्री शीर्षकमा मुक्तक लेखेर नेपाली साहित्यमा प्रवेश गरेका रामप्रकाश समथिङका ३२ साहित्यिक र १७ खोजमुलक गरी जम्मा ४९ कृतिहरुको साथ नेपाली साहित्यको धरातलमा आजसम्म पाइलाहरु अगाडि बढाइ रहदा एकै पटक २२ उपन्यास प्रकाशित गरी नेपाली भाषामा पी.एच.डी. गरेका प्राध्यापकबाट २०७४ बैशाख २९ गते विमोचन गराएर आफ्नो औपन्यासिक यात्रालाई दर्विलो बनाएका छन् । उक्त कृतिहरुलाई गिनिज बुकमा नाम लेखाउन प्रयासरत रहेका छन् ।

साहित्य यात्राको प्रथम चरणमा कविता विधाबाट शुरु भएतापनि अन्य विभिन्न विधामा समेत उनले कलम चलाएका छन् । यो उनको अभ्यासिक चरण भएतापनि उनको रचनामा तत्कालीन समय परिवेशको सामाजिक घटनालाई विषयवस्तु बनाएर सामाजिक विकृति, विसङ्गति प्रति तिखो व्यङ्ग्य प्रहार गर्न सफल देखिन्छन् । यस चरणमा पुस्तक भने प्रकाशन भएको पाइदैन । द्वितीय चरणमा समथिङले आफ्नो  साहितय यात्रालाई निकै अगाडि बढाएको पाइन्छ । खोजमूलक तथा साहित्यिक अन्य कृति सकेत प्रकाशन गरी आफ्नो साहित्य यात्रा दर्विलो बनाएका छन् । तेस्रो चरण भने उनको उर्वर समय मानिन्छ । यो काल समथिङ्को स्वर्ण काल हो । यस समयमा उनले ३२ कृति प्रकाशित गर्न सफल भएका छन् । २२ उपन्यास र १० अन्य कृति प्रकाशित गरेको पाइन्छ ।

आख्यान तत्व प्रवल भएको र जीवनमा सत्य बिम्बलाई ग्रहणीय, मननीय र अनुकरणीय बनाएर प्रस्तुत गरिने रचना विधालाई उपन्यास भनिन्छ । उपन्यासको सैद्धान्तिक पक्ष र विभिन्न विद्वानले दिएको परिभाषा उल्लेख गरिएको छ । उपन्यासको विकासक्रम, विभिन्न आधारमा उपन्यासको वर्गीकरण र अन्य विधाको तुलना प्रस्तुत गरिएको छ । गद्यमा लेखिएको निर्मित पात्र, घटना र परिवेश आदिको रचना उपन्यास हो । उपन्यास तत्वका आधारमा विद्वानहरुको भिन्न धारण भएता पनि उनीहरुले तत्वगत धारणाका आधारबाट हेर्दा उपन्यासका तत्वहरु सामाजिक पक्ष, पात्र वा चरित्र, परिवेश, भाषाशैली, संवाद, दृष्टिविन्दु कौतुहल, उद्देश्य हुन् । यिनै तत्वहरुलाई उपन्यासकार रामप्रकाश समथिङका उपन्यासहरुको विश्लेषण गर्ने मुख्य आधार बनाइएको छ ।

उपन्यासकार रामप्रकाश समथिङको "सेन्थेरेम" २०७४ बैशाखमा अरनिको अपसेट विराटनगरले प्रकाशन गरेको प्रथम संस्करण हो । "सेन्थेरेम" उपन्यासको जीवनमा आइपर्ने विभिन्न प्रकारका समस्या, कुरीति, विसङ्गति, अन्धपरम्परा, दमनको पात्रमा देखिएका सामाजिक र मानसिक चेतना र अवस्थाको चित्रण गर्न खोजीएको पाइन्छ। समय र परिस्थितिले मान्छेलाई अनेक मोडमा पुऱ्याउछ र समस्याको समाधान समस्याले बोकेर आएको हुन्छ तर त्यसको सारथी मान्छे बन्नुपर्ने रहेछ । मान्छेले पीडा र दुःखलाई विविध किसिमले सामना गर्नुपर्ने रहेछ । आँसु, रोदन, पीडा, व्यथा र कुलत र कुवाटोको प्रभावले गर्दा मान्छेले विवशता हाँसेर हिड्न बाध्य हुनुपरेको कुराहरु यहाँ प्रस्तुत गरिएको छ । मान्छेले समयलाई दास बनाउने होइन रहेछ समयले मान्छेलाई दास बनाउदो रहेछ भन्ने जस्ता आदि इत्यादि कुराको उजागर गर्ने यस "सेन्थेरेम" उपन्यासमा समाजका यथार्थ घटनालाई प्रस्तुत गरिएको हुनाले उपन्यास यथार्थवादी बनेको छ ।

वि.स. २०७४ मा नै अरनीको अपसेटले प्रकाशन गरेको समथिङको अर्को उपन्यास "मुत्यु"हो । यो उपन्यास पनि ६६ पृष्ठको छ । "मृत्यु" उपन्यासको जीवनमा आइपर्ने विभिन्न प्रकारका समस्या, कुरीति, विसङ्गति, अन्धपरम्परा, दमनको पात्रमा देखिएका सामाजिक र मानसिक चेतना र अवस्थाको चित्रण गर्न खोजीएको हो । समाजमा विभिन्न जातजाति, भेषभूषा समाज र संस्कृतिको अवस्था आदिका बारेमा हेर्दा उनी सामाजिक लेखक मान्न सकिन्छ । मान्छेको चाहना, आवश्यकता, मानवीय अस्मिता, पीडा, कुण्ठालाई उपन्यासमा प्रस्तुत गरिएको छ । असम्भवलाई सम्भव गराउन खोज्दा धेरै कुरा गुमाउनु पर्ने हुन्छ तर निरन्तर लागेमा सफल हुन सकिने अपेक्षा उनका कृतिका पाइन्छ । मान्छेलाई सबैभन्दा प्रभाव पार्ने वस्तु भनेको आर्थिक समस्या नै हो । आर्थिक रुपमा कमजोर हुँदा सबै कुरामा कमजोर भइन्छ । पुरुषका कतिपय सफलताका बाधक महिला हुन्छन् भन्ने जस्ता कुराको चित्रण माथिको विवरणमा उल्लेख छन् । मृत्यु उपन्यासमा वर्गीय शोषण र आर्थिक कान्ति, सामाजिक समस्या आदि हटाई समतामूलक समाज निर्माण गर्नुपर्ने उद्देश्य उल्लेख गरिएको पाइन्छ ।

वि.स. २०७४ मा नै प्रकाशित उनको अर्को उपन्यास "साउदी रियल" हो । अरु जस्तै ६६ पृष्ठमा संरचित यो उपन्यासले एउटा गरीब, श्रमजीवी, मेहनती, इमान्दार, मजदुरको कथावस्तु कारुणिक रुपमा प्रस्तुत

गरेको छ । आर्थिक अभावका कारण साहु माजनको सामान बोक्नु पर्ने, दिनभरी अर्काको घरमा काम गरेर पनि बिहान बेलुकाको छाक टार्न नसकेको विडम्बना भएकोले अन्त्यमा पुछारे कान्छाले विदेश जाने निर्णय गरेको छ । साउदी पहिलो पटक जाँदा श्रीमती पोइला जानु, दोस्रो पटक जादाँ पनि श्रीमती पोइला जानु दुई जना श्रीमती पोइला गएपनि घर परिवारका लागि संघर्ष गरेको पाइन्छ । सुरुमा पुछारे कान्छाले अरुको काम गर्नुपऱ्यो । साउदी गएर आएपछि पनि त्यहि काम गर्नुपऱ्यो । यस्तो एकातर्फ श्रीमतीहरुले दिएको पिडालाई सहेर पनि संघर्ष गर्न नछाड्नु, अर्को तर्फ विदेश गएर पनि उही अर्काको घरमा काम गरेर दुःखको जीवन व्यतित गर्नु, सुन्दर जीवनको परिकल्पना अधुरो रहनु जस्ता चुनौतिहरु उपन्यासमा दर्शाइएको पाइन्छ । आजको समाजमा जल्दो बल्दो समस्याको रुपमा रहेको आर्थिक अभावलाई सुधार गर्न युवाहरु विदेशीनु परेको र यसले गर्दा घरपरिवारमा भित्र्याएका समाजिक समस्या र परिवेशलाई कथाले प्रतिनिधित्व गरेको पाइन्छ । उपन्यासमा देखाउन खोजिएको मुख्य आशय समाजको आर्थिक अवस्था हो । ठेट स्थानीय भाषा बोल्ने पात्रहरुको प्रयोग गर्दै उपन्यासलाई जीवन्त बनाउने प्रयास गरिएको पाइन्छ ।

वि.स. २०७४ मा नै प्रकाशित उनको अर्को उपन्यास "साहित्यकार" हो । अरु जस्तै ६६ पृष्ठमा संरचित यो उपन्यासले एउटा गरीब, श्रमजिवी, मेहनती, गाउँले परिवेशको व्यक्तिले साहित्य क्षेत्रमा कलम चलाएको यस शिलशिलामा उसले भोग्नेपरेका समस्याहरुलाई जीवन्त बनाइ यस उपन्यासमा उल्लेख गरेका छन् । उपन्यासको परिवेश सदरमुकामको छेउमा रहेको गाउँ, मिलोमतो क्लब, स्कुलको कार्यक्रम वा प्रतियोगिता भएको ठाउँ, बिहेमा कार्यक्रम भएको ठाउँ, साहित्यकारहरु भेला भएर कविता प्रस्तुत गरेको ठाउँ, प्रकाशले किताब छपाउन वा निकाल्नको लागि दार्जिलिङ पुऱ्याएको आदि परिवेशहरु छन् । उपन्यासमा प्रकाश घलेको जीवन भोगाइ, गरीबी, अशिक्षा, सामाजिक, आर्थिक साँस्कृतिक, धार्मिक, रुढीवादी यहाँ परिवेशमा प्रस्तुत गरिएको पाइन्छ । यौन मनोविज्ञान र विभिन्न मनोविज्ञानलाई समेत विषयवस्तु बनाउँदै विरामी भएको बेलामा अस्पताल लैजाने पैसा समेत नभएको देखाउँदै नेपाली समाज विसङ्गति र आर्थिक अभावमा डुबुल्की मारिरहेको पाउँन सकिन्छ । ठेट स्थानीय भाषा बोल्ने पात्रको प्रयोग गरिएको पाइन्छ ।

उपन्यासकार समथिङका सेन्थेरेम, २०७४, मृत्यु २०७४, साउदी रियल २०७४, साहित्यकार २०७४, औपन्यासिक कृतिहरुका आधारमा उनका सामाजिक यथार्थवादी, आलोचनात्मक यथार्थवादी, मनोवैज्ञानिक यथार्थवादी, विसङ्गतिवादी, आञ्चलिकता, वर्गीयवादको प्रयोग, प्रगतिशीलता, भय र त्रासको प्रस्तुति, भाषाशैली खादि जस्ता प्रवृतिहरु रहेका पाइन्छ । उनका यी प्रवृत्ति रहेतापनि मुख्य गरी सामाजिक, आलोचनात्मक, वर्गीय पात्रको प्रयोग मुख्य प्रवृत्ति रहेको ढहर्छन ।

यसप्रकार समाजमा विभिन्न प्रकारका जातजाति भेषभूषा, समाज, संस्कृतिको अवस्था आदिबारे हेर्दा उनी समाजवादी लेखक मान्न सकिन्छ । मान्छेको चाहना, आवश्यकता, मानवीय अस्मिता, पीडा, कुण्ठालाई उपन्यासमा प्रस्तुत गरिएको छ । असम्भवलाई सम्भव गराउन खोज्दा धेरै कुरा गुमाउनु

पर्ने हुन्छ तर निरन्तर लागेमा सफल हुन सकिने अपेक्षा उनका कृतिका पाइन्छ । मान्छेलाई सबैभन्दा प्रभाव पार्ने वस्तु भनेको आर्थिक समस्या नै हो । आर्थिक रुपमा कमजोर हुदा सबै कुरामा कमजोर भइन्छ । पुरुषका कतिपय सफलताका बाधक महिला हुन्छन् भन्ने जस्ता कुराको चित्रण माथिको विवरणमा उल्लेख छन् । वर्गीय शोषण र आर्थिक कान्ति, सामाजिक समस्या आदि तर्फ कृति उन्मुख रहेको पाइन्छ भन्ने निष्कर्ष निस्कन्छ ।

स्थानीय स्तरमा बसेर भएपनि उपन्यास लेखनमा निरन्तर रुपमा समथिङ तल्लीन छन् । यस्ता लेखक समथिङका उपन्यासको अध्ययन विश्लेषण मूल्याङ्कन गर्न, आवश्यक छ । यसरी सामाजिक समस्या र विकृतिलाई विषयवस्तु बनाएर समाज परिवर्तनको चाहना राख्ने यस्ता साहित्यिक व्यक्तित्व समथिङका सामाजिक उपन्यासहरुको अध्ययन विश्लेषण र मूल्याङ्कन गरी कृतिभित्र रहेका विविध कुराहरुलाई बाहिर ल्याएर लेखकलाई हौसला र पाठकलाई प्रेरणा प्राप्त गराउदै सकारात्मक सोच विकास गर्न सहयोग पुऱ्याउने छ । यसका साथै अबका दिनहरुमा पनि साहित्यिक कृतिको सिर्जनाका साथै विश्व साहित्यिक मैदानमा समथिङका यस्ता कृतिले महत्व राख्दै जाने छन भन्ने विश्वास लिन सकिन्छ ।

यसरी उनको परिचयदेखि लिएर निष्कर्ष सम्म आइपुग्दा उनका उपन्यासमा वर्गीय पात्रको प्रयोग, आञ्चलिक पात्रको प्रयोग, समाजका विसङ्गतिको उद्घाटन, विशेष गरी पुरुष पात्रको मनोदशाको उदघाट्न, साहित्य क्षेत्रमा कलमा चलाउने पात्र, स्थानीय स्तरको ठेट भाषाशैली, समाजमा हुने भय र त्रासमा बाँच्नु पर्ने आर्थिक अभावले निम्त्याउने विभिन्न भयानक अवस्था, सभ्रान्त वर्गले निम्न वर्गलाई गर्ने दमन, शोषण जस्ता सामाजिक यथार्थवादी घारका प्रवृति उनका उपन्यासमा प्रशस्तै प्रस्तुत भएको कुरामाथि उल्लेख भएकाले उनी सामाजिक उपन्यासकार हुन भन्ने कुरा स्पष्ट हुन्छ । उपन्यास लेखनमा निरन्तर रुपमा समथिङ तल्लिन छन र यस्ता हस्ती समथिङका उपन्यासको अध्ययन विश्लेषण गर्नु आवश्यक छ । यसरी सामाजिक समस्या र विकृतिलाई विषयवस्तु बनाएर समाज परिवर्तनको चाहना राख्ने यस्ता साहित्यिक हस्ती समथिङका समाजिक उपन्यासहरुको अध्ययन विश्लेषण र मुल्यान्कन गरी कृतिभित्र रहेका विविध कुराहरुलाई बाहिर ल्यपाएर लेखकलाई हौसला र पाठकलाई प्रेरणा प्राप्त गराउँदै सकरात्मक सोच विकास गर्न सहयोग पुऱ्याउनै पर्छ । साथै अबका दिनहरुमा पनि नेपाली साहित्यको बगैंचामा गुलाब जस्तै खुबी भित्र अन्य पुरुष रुपी साहित्य कृतिको सृजना र नेपाली साहित्यको श्रीवृद्धिका साथै विश्व साहित्यकै मैदानमा समथिङका यस्ता कृतिहरुले महत्व राख्दै जाने छन् भन्ने विश्वास लिएकी छु ।

□□□

# सन्दर्भग्रन्थ सूची


- अधिकारी, रेणुकृष्ण (२०६६), *रामप्रकाश समथिङको जीवनी, व्यक्तित्व र कृतित्व,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न बहुमुखी क्याम्पस नेपाली विभाग धरान ।
- एकैपटक २२ उपन्यास लेखेका गुरु सम्मानित *एच.के. नेपाल डटकम* (२०७४, वैशाख २९) ।
- खतिवडा, लिला (२०७५), *"डढेलोले खाएको बस्ती उपन्यासको तत्वगत आधारमा अध्ययन"* , अप्रकाशित स्नातकोत्तर शोधपत्र, इलाम : नेपाली विभाग, त्रि.वि. ।
- गौरी, तमु, मोफसलमा चम्किरहेका नक्षत्र गुरुङ्ग, रामप्रकाश समथिङ, *तमु संसार* (२०७३–७४ फाल्गुण बैशाख)
- चौलागाई नरेन्द्र प्रसाद, (२०७१), *"साहित्यकार रामप्रकाश समथिङको मान्छेको पीडा" कथा संग्रह अध्ययन तथा विश्लेषण",* अप्रकाशित स्नातकोत्तर सोधपत्र महेन्द्ररत्न बुहमुखी क्याम्पस, नेपाली विभाग इलाम ।
- *"तमु संसार (२०७४),"* जेठ–साउन, गुरुङ्ग रोशनी, साहित्यिक कृतिमार्फत अमर रहने समथिङको चाहना ।
- बराल, ऋषिराज ( २०५६), *"उपन्यासको सौन्दर्य शास्त्र"* काठमाडौं : साभ्का प्रकाशन ।
- बराल, कृष्णबहादुर, एटम, नेत्र (२०६६), *"नेपाली उपन्यास सिद्धान्त र नेपाली उपन्यास",* ( दोस्रो संस्करण) साभ्का प्रकाशन ।
- बराल, कृष्णबहादुर, एटम, नेत्र (२०५५), *"उपन्यासको विश्लेषण",* (प्रथम संस्करण), काठमाडौं : नवीन प्रकाशन ।
- प्रधान, कृष्णचन्द्रसिंह ( २०५२), *"नेपाली उपन्यास र उपन्यासकार",* (तेस्रो संस्करण) साभ्का प्रकाशन, ललितपुर, नेपाल ।
- बस्नेत, कृष्णबहादुर (२०५९), *"आधुनिक नेपाली उपन्यास",* दिक्षान्त भण्डार, त्रि.वि. कीर्तिपुर, काठमाडौं ।
- भण्डारी, पारसमणी र अन्य (२०७१), *"नेपाली गद्य र नाटक"* (चौथो संस्करण), काठमाडौं : साभ्का पुस्तक भण्डार ।

o संग्रौला, सम्झना (२०७४), *तत्वगत आधारमा रामप्रकाश समथिङका तीन सामाजिक उपन्यासहरु साहसी आमा, बेसहारा, जित्याको अध्ययन* अप्रकाशित स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न बहुमुखी क्याम्पस नेपाली विभाग इलाम ।

o शर्मा, मोहनराज र लुईटेल, खगेन्द्र (वि.स. २०६८, पाचौं सं.) *शोध विधि,* ललितपुर : साझा प्रकाशन ।

o समथिङ, रामप्रकाश (२०७४), "*सेन्थेरेम*" प्रथम संस्करण, विराटनगर : गुरुङ तारा सुदर्शन र प्रदर्शन ।

o समथिङ, रामप्रकाश (२०७४), *मृत्यु* प्रथम संस्करण, विराटनगर : गुरुङ तारा सुदर्शन र प्रदर्शन ।

o समथिङ, रामप्रकाश (२०७४), *साउदी रियल* प्रथम संस्करण, विराटनगर : गुरुङ तारा सुदर्शन र प्रदर्शन ।

o समथिङ, रामप्रकाश (२०७४), *साहित्यकार* प्रथम संस्करण, विराटनगर : गुरुङ तारा सुदर्शन र प्रदर्शन ।

o सुवेदी, राजेन्द्र,(२०६४), *"नेपाली उपन्यास परम्परा र प्रवृत्ति",* (दोस्रो संस्करण), काठमाडौं : साझा प्रकाशन ।

## सम्भावित शोध शीर्षकहरु

रामप्रकाश समथिङका विभिन्न कृतिहरुका सन्दर्भमा आगामी समय अध्ययन गर्न चाहने शोधार्थीहरुको लागि निम्न सम्भावित शोध शीर्षक प्रस्तुत गरिन्छ ।

१) नारीवादी दृष्टिकोणबाट समथिङका उपन्यासहरुको अध्ययन

२. समथिङका खोजमूलक कृतिहरुको अध्ययन

३. समथिङका कथाकारिताको अध्ययन

४. समाजपरक दृष्टिकोणबाट समथिङ उपन्यासको अध्ययन

५. समथिङ प्रतिनिधि आख्यानहरु याक्सा भित्रका कथाहरु, विचरा जंगे कमरेड र टुटेको सपनाको अध्ययन ।

□□□